CC-0. In Public Domain. Digitization by eGangotri

जि ज्ञा सा

(नेपाली सन्त विशेषांक)

४

२०४३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुणराज स्मारक व्याख्यान
(१–११)

महाकवि गुणराजका रचनाका विविध पक्षमा नेपाली भाषा, साहित्य र ज्ञा का क्षेत्रमा ख्याति प्राप्त ११ जना विद्वानहरूले दिनु भएको स्मारक व्याखयान नेपाल साहित्य र संस्कृतिको एक महत्वपूर्ण अभिलेख हो। विद्यार्थी, शिक्षक, शोधार्थी लेख सबैका लागि उपयोगी पुस्तक प्रकाशित भयो।

पं. गुणराजका महाकाव्यहरू

श्रीकृष्ण सन्देश

भगवान श्रीकृष्णको चरित्रलाई रोचक ढङ्गले वार्णिक छन्दमा प्रस्तुत गरिए सुन्दर ग्रन्थ।

भरत मिलन

भगवान रामको आदर्श चरित्रलाई विभिन्न वार्णिक छन्दमा रोचक ढं सरल र सरस रूपमा वर्णन गरिएको मूल्यवान् विशाल ग्रन्थ भक्तिप्रवा ओतप्रोत।

शाहवंश

शाहवंशीय राज परंपराबारे लेखिएको रोचक ग्रन्थ

यी पुस्तकहरू साझा प्रकाशनका शाखाहरूमा सुपथ मूल्यमा पाउन सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिज्ञासा

(गुणराज स्मारक समितिको मुखपत्र)

(नेपाली सन्त विशेषाङ्क)

पूर्णाङ्कः– ४ (दुर्गापूजा २०४३)

सम्पादक मण्डल (प्रबन्ध समिति)

प्रा० श्री शिवगोपाल रिसाल
प्रा० श्री अम्बिकाप्रसाद अधिकारी
प्रा० श्री चूडानाथ भट्टराय
डा० श्री वासुदेव त्रिपाठी
श्री किशोरकुमार खनाल
प्रा० श्री घटराज भट्टराई

प्रधान सम्पादक
घटराज भट्टराई

प्रबन्ध सम्पादक
पवनकुमार खनाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक:-

गुणराज स्मारक समिति

मूल्य रु. १२।-

ठेगाना:- पो. ब. नं. महाँकालस्थान
काठमाडौं, नेपाल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिज्ञासा

(नेपाली सन्त विशेषाङ्क)

विषय सूची

क्रम			पेज
१.	हाम्रो भनाइ		क
२.	शिवपुरी बाबा	यज्ञविक्रम राणा	१
३.	औलिया बाबा	राजेश्वर देवकोटा/जनकलाल शर्मा	६
४.	सिद्ध सिलवाल	शिवगोपाल रिसाल	८
५.	गोरखनाथ र उनको योगमार्ग	जनकलाल शर्मा	१३
६.	बालागुरू श्रीषडानन्द अधिकारी	दैवज्ञराज न्यौपाने	२६
७.	सन्त शशिधर र वीरशाली पन्त	शरद्चन्द्र शर्मा भट्टराई	३८
८.	स्वामी प्रेमचैतन्य ब्रह्मचारी	पूर्णप्रकाश नेपाल 'यात्री'	४७
९.	मखनचोर बाबा	राजाराम सुवेदी	५६
१०.	मगर महात्मा	डमरूवल्लभ पौडयाल	६२
११.	मत्स्येन्द्रनाथ	प. चक्रपाणि चालिसे	६५
१२.	दण्डी बाबा	विश्वनाथ रिसाल	६८
१३.	स्वर्गद्वारी महाप्रभु	पं. जयप्रसाद भट्टराई	७१
१४.	सिद्ध भगवन्तनाथ	रमेश ढुंगेल	७५
१५.	श्री जीवन्मुक्त महात्मा खप्तड स्वामी	प्रा. चूडानाथ भट्टराय	८४
१६.	सन्त कवयित्री शक्तिमाता योगमाया	ज्ञानमणि नेपाल	८८
१७.	दुर्गाप्रसादको चमत्कारपूर्ण साधना—	कमलमणि पन्थी	१०३
१८.	अवधूत गलेश्वर बाबा	शैलेन्दुप्रकाश नेपाल	१०९
१९.	बाबा श्रीधर गोखले	केशव भट्टराई	११३
२०.	ब्रह्मचारी बाबा र अन्यकेही सिद्ध...	प्रयागराज 'वाशिष्ठ'	११५
२१.	सन्त गुणराज	पवनकुमार खनाल	१३२
२२.	सिद्ध ज्योतिषी प. श्रीउदयानन्द काफ्ले	भुवनेश्वरी उपाध्याय	१४७
२३.	सन्तकवि गुणराजप्रति (कविता)	हेमचन्द्र पोखरेल	१५०
२४.	आर्थिक प्रतिवेदन	किशोरकुमार खनाल	१५१
२५.	देवघाटमा पुरस्कार लिएपछि...	पं. सोमनाथ घिमिरे व्यास	१५३
२६.	गुणराज स्मारक समितिको गतिविधि		१५७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो भनाइ

गुणराज स्मारक समितिले आफ्नो मुखपत्र 'जिज्ञासा' को चारौं अंक नेपाली सन्त अङ्क को रूपमा निकाल्ने निश्चय गरी लेखकहरूलाई तदनुकूल रचना दिन समयमै अनुरोध गरेको थियो । हामीलाई कतिले पत्याए कतिले पत्याएनन्, हाम्रो लक्ष्यप्रति कतिको समर्थन रह्यो कतिको रहेन – सबैको रूचि र चाहना एकै नहुनु कुनै आश्चर्यको कुरा होइन ।

प्राचीन हिन्दू ग्रन्थमा महर्षिहरूको शक्तिसामर्थ्यबारे पढ्न पाइन्छ। उनीहरू रिसाए सर्वस्व गुम्ने र खुसाए चाहेको वरदान पाइने हुन्थ्यो । त्यस्ता महर्षिहरू देखि कुनै पनि व्यक्ति त्रस्तरहन्थे र आफूले सकेको श्रद्धा-भक्ति र आदर अर्पण गर्थे । फलत. जीवनमा सुख, आनन्द र हर्ष प्राप्त गर्थे । त्यस्ता तपस्वीहरूको अनादर गर्नेहरूले त्यसको नराम्रो परिणाम भोग्नु पर्थ्यो – यो सब थियो तपोबलको प्रभाव ।

सत्य, त्रेता, द्वापर युगसम्म पनि त्यस्ता महर्षिहरूको कमी नभएको कथा पुराणादिमा पाइन्छ । के कलियुगमा पनि त्यस्ता तपोनिष्टहरू छन् त ? प्रश्न चिन्ह उपस्थित हुन्छ । विशाल पृथिवी र अनन्त समयको प्रवाहमा को कहाँ कसरी रहेको छ ? कसको सामर्थ्य कति छ ? लेखाजोखा गर्न सजिलो छैन । नेपाली माटोमा रहेर आफ्नो तपोबल र साधनाद्वारा सिद्धि प्राप्त गरेका केही साधु सन्तहरूलाई जे जसरी हामीले पायौं त्यसै गरी प्रकाशित गरेका छौं । उहाँहरूको लामो जीवन र तपसाधनाका सम्पूर्ण प्रसंग यी साना चिनारी लेखमा नअटेका हुन सक्छन् र हेराइमा पनि भिन्नता देखिन सक्छ । यो तप साधकहरूको अपमान गर्न खोजेको होइन, बरू उहाँहरूको शक्तिसामर्थ्य श्रदालु भक्तजनमा पुगोस् भन्ने मात्र समितिको चाहना हो । यसलाई पाठकवर्गले रूचाएमा यस्तै अरू प्रयास तर्फ समिति लाग्ने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवपुरी बाबा

—यज्ञविक्रम राणा



दक्षिण भारतको केरलामा एक ब्राह्मण परिवारमा वि. सं. १८८२ मा एउटा बालक एउटी बालिका साथै लिएर जुम्ल्याहा बालकको रूपमा जन्मेको थियो । बालक जन्मेको केही दिनमा आमाबाबु दुवैमरे, यसरी आमाबाबुबाट वियुक्त भएको त्यो बालकको लालन पालन बाजे अच्युतम्बाट भएको थियो । ज्यौतिषाचार्य, आचारनिष्ठ अच्युतम्बाट नै चारवेद सहित धनुर्वेद, आयुर्वेद र अन्य हिन्दू शास्त्रको विस्तृत र गहन अध्ययन त्यस बालकले १४ वर्षकै उमेरमा गरि सकेको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसार सारहीन छ, यसमा भुलेर बस्नु निरर्थक छ भन्ने बुझिसकेको त्यस बालकले आफ्नो पैतृक सम्पत्ति भोग गर्ने बहिनीलाई अधिकार दियो। बहिनीले पनि आफूले पाएको धनसम्पत्ति गरीब, दुःखीहरूलाई बाँडी दिइन् र बहिनी पनि बेपत्ता भइन्।

बाजे अच्युतम्ले नाति अवश्य ठूलो सन्यासी हुन्छ भन्ने कुरा उनको ग्रहदशा हेरेर बुझि सकेका थिए र भविष्यवाणी पनि गरेका थिए।

बाजे अच्युतम् वानप्रस्थाश्रम लिएर जङ्गलतिर जाँदा त्यो बालक पनि संगै गयो। बाजेको हेरविचार गरेर रहन लाग्यो। यसबेला सप्तम एडवर्ड ३ वर्षका थिए र रामकृष्ण परमहंस १० वर्षका थिए। जङ्गलमा पनि नातिलाई बाजेले मनु, गौतम र वशिष्ठले बनाएका नीति नियम र शास्त्रहरूको शिक्षा दिन्थे। बाजेले परमधाम हुने समयमा "जबसम्म ईश्वरको साक्षात्कार हुँदैन तबसम्म हीरा मोती आदि बहुमूल्य पदार्थको रक्षा गर्नु" भनेर नातिलाई अह्राए।

बाजेको काज क्रिया सकेर शङ्करमठमा गएर दीक्षित भई गोविन्दानन्द भारती नाम त्यो बालकले युवावस्थामा लियो।

त्यसपछि १४ दिनसम्म पैदल हिंडी नर्मदाको घनाजङ्गलमा तपस्या गर्दै ईश्वरको खोजमा क्रण्डै उनले पच्चीस वर्ष बिताए। त्यसबेला कुनै मानिससंग भेटघाट थिएन। जङ्गली पशुपन्छी साथी थिए। फलफूल र कन्दमूल खाद्य थिए। चिन्तन, अध्ययन र एकाग्रताले गर्दा उनले ईश्वरलाई चिने र देखेपछि अब संसारका विभिन्नधर्म, मानिस र स्थितिको अध्ययन गर्दै विश्व भ्रमणमा लागे। विश्वका धर्म, प्रमुखनेता र प्रमुख मानिस-संग भेट्तै आफ्ना अनुभव, चिन्तनको शिक्षा दीक्षा दिंदै हिंडे। विश्वका अधिकांश देशहरूको भ्रमण गरेपछि चन्द्रसमशेरको समय वि. सं. १९८२ मा शविरात्रिको अवसरमा उनी नेपाल आए। त्यसबेला ७ दिन सम्म मात्र साधुहरूलाई बस्न दिईन्थ्यो त्यसपछि उनीहरूले फर्कनु पर्थ्यो। नेपालको शान्तिप्रियता, स्वच्छ वातावरण र हिन्दू आदर्श देखेर नेपालमा नै बस्ने र बाँकी जीवन बिताउने इच्छा बाबाको थियो तर कानून अनुसार फर्कनु पर्थ्यो। पशुपति नजीक बसीरहेका बाबामा रथमा हिंडी रहेको एक व्यक्तिको दृष्टि पऱ्यो त्यो व्यक्ति बृटिश रेजिडेन्ट विल् किन्सन थियो उससंग बेलायतमा रहदा चिनाजानी भएको थियो। उसले गोविन्दानन्द हौ भनेर सोध्यो र परिचय भएपछि बाबाको नेपाल बस्ने इच्छा पूरा भयो। शिवपुरी शिखरमा बाबाका लागि कुटी तयार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो र बाबा उहीं रहनथाले । ३० वर्ष शिवपुरीमा नै बाबा रहे र शिवपुरी बाबाकै नामबाट उनी चिनिन लागे ।

विश्वभ्रमणका क्रममा उनका विचार र चिन्तनले सर्वत्र स्वागत पाए । पैसा, तक्मा, विभूषणको उनी उपर वैरो लाग्यो तर उनलाई केही पर्वाह भएन । बनारस हिन्दू–विश्व विद्यालयका लागि ५००००।– उनले चन्दा दिए । हिन्दू विश्व विद्यालयको कुलपति बन्न उनलाई आह्वान गरियो तर उनले अस्वीकार गरे । उनको विश्व भ्रमणको समय ४० वर्ष जति रह्यो । विश्वभ्रमणका क्रममा संसारका लागि नीति, नियम, आदर्श षड्यन्त्र, आदि जे खोजेपनि रामायण र महाभारतमा पाइन्छ । यी दुईग्रन्थ संसारकै शिक्षाका लागि बनेका हुन् भन्ने बाबाको विचार थियो ।

जर्ज बर्नाड्शाले कुराको सिलसिलामा एकपटक बाबालाई भने "तिमीहरू भारतीय हौ, समयको ख्याल गर्दैनौ र बेकम्मा बन्छौ" जवाफमा बाबाले भने–"तिमीहरू युरोपीय हौ समयका दास छौ, र समयमा बाँधिन्छौ तर हामी समयमा बाँधिन्नौं र अनन्ततामा रमाउछौं"

शिवपुरीमा बस्ता नेपालका राजनीतिक, धार्मिक नैष्ठिक, न्यायिक, व्यापारिक अनेक क्षेत्रका मानिस बाबाको संगत गर्न जान्थे । ईश्वर कहाँ छ देखाइ दिनोस् भन्दा बाल्टिनमा पानी हल्लाएर राखी दिन्थे र आफ्नो छाँया देख्नुभयो भन्थे । छाँया देखिदैन । पानी नहल्लेको अवस्थामा छाँया देखिन्छ । बाबा संझाउँदै भन्थे– "ईश्वरको दर्शनका लागि स्वस्थ मनस्थिति र शान्त वातावरण चाहिन्छ" । महम्मद, ईशा, आदि अन्य धर्मका प्रवर्तक त ईश्वरका सेवक हुन् ईश्वर होइनन् – ईश्वर त एउटै छ बाबाका विचार मा ।

चिसो, टाढा र बुढ्याईंले गर्दा पशुपतिकै नजीकमा बाँकी जीवन बिताउने इच्छा बाबाको भयो । ध्रुवस्थली गौचर र गुह्येश्वरीका बीचमा एक शिवपुरी आश्रम बन्यो । बाबा त्यही रहन थाल्नु भयो । त्यहाँ रहदा पनि भक्त र जिज्ञासुहरूको घुइँचो लाग्थ्यो । आफ्ना अनुभव चिन्तन र विचारको शिक्षा उहाँ दिनु हुन्थ्यो ।

नेपालभ्रमणका लागि भारतका राष्ट्रपति डा. राधाकृष्णन् विमान घाटमा उत्रने बित्तिकै स्वागत हुन थाल्यो तर स्वागतग्रहणमा भन्दा सर्वप्रथम शिवपुरी बाबासंग भेटघाट गरेर संगत गर्ने विचार उनले प्रकट गरे । शिवपुरी बाबाकहाँ पुऱ्याइयो । पुग्ने बित्तिकै बाबाको दर्शन गरेपछि राधाकृष्णन्ले सोधे तपाईको शिक्षा के हो बाबाले भन्नुभयो प्रत्येक मानिसका तीन अवस्था हुन्छन्--एक भौतिक, दुई नैतिक र तीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आध्यात्मिक यी अवस्था क्रमशः पार गर्दै जाने चेष्टा मानिसले गर्नुपर्छ । यी अवस्था पार गरेपछि मात्र ईश्वर साक्षात्कार गर्न सकिन्छ । बाबासंगको भेटघाटमा डा.राधाकृष्णन् पनि निकै प्रभावित भएका थिए ।

जे. जि. विनेटले शिवपुरी बाबाका विचार अँगालेर एक ग्रन्थ लेख्ने विचार गर्दा बाबाले भने - "मेरो बारेमा लेख्नुपर्दैन, मेरो चिन्तन कस्तो छ त्यसबारे लेखन सक्छौं ।

हवाइअड्डा विमान घाट नजीक एक फिल्ड कम्पनी बस्थ्यो । त्यस कम्पनीको एक अधिकृत म थिएँ । नजीक भएकाले केही वर्ष समय समयमा गएर बाबाको संगत गर्ने मौका मिल्न गयो । त्यहाँ जाँदा सधैं जसो भक्त र जिज्ञासुहरूको भीड हुन्थ्यो । सबैका जिज्ञासा बाबाले एकएक गरेर पुरागरि दिनु हुन्थ्यो । मैले देखेका केही जिज्ञासा र बाबाका उत्तर यस्ता थिए:-

१. एकदिन म गएर बाबाको दर्शन गरें । मनमा लाग्यो बाबाको एक तस्वीर पाए घरमा राख्थे यी त साँच्चै महात्मा हुन् । मैले मुखले केही भनिन तर बाबा आत्म ज्ञानी हुनुहुँदो रहेछ, यसो भित्र पसेर आफ्नो एक तस्वीर ल्याएर दिनुभयो त्यही तस्वीरको चित्र यसैसाथ अंकित छ ।

२. हरिप्रसाद न्यायाधीश गएर एउटा मुद्दा छिन्न अपठ्यारो पऱ्यो कसरी छिनौ बाबा ! भने । मुद्दाको विवरण यसरी पेश गरे । छोरो १८ वर्षको शिकारी प्रकृति, उजण्ड स्वभावको । बाबु ७० वर्षको भलादमी शान्त प्रकृति । गोली लागेर गाउँको एक मानिस मऱ्यो । बन्दुक तिनै बाबु छोराकै ठहऱ्यो । सरजमीन, प्रमाण, बयान र बकपत्र आदिबाट ७० वर्षे बाबुले मारेको ठहर्छ तर ज्यान चाँहि बाबुले होइन छोराले नै मारेको आत्मा ले देख्छ । छोरोलाई बचाउन बाबु जेल जान चाहन्छ के गरूँ भनेर भन्दा बाबाले भने– "ऐन कानून प्रमाण त मान्छेले बनाएका हुन् विवेक त ईश्वर निर्मित हो, विवेकलाई महत्व दिनुपर्छ । दश दोषी उम्कून् एक निर्दोषी दण्डको भागी नबनोस् यसको ध्यान दिनुपर्छ । विवेक र ब्रह्मले देखेको कुरालाई प्राथमिकता दिनुपर्छ" ।

३. म र मेरा मित्र प्रकाशचन्द्र ठाकुर जो शिष्टाचार महापाल थिए – बाबाकहाँ गयौं – ठाकुरले जिज्ञासा राखे "म परराष्ट्र मंत्रालयमा काम गर्छु, विदेशीहरूले उपहार दिन्छन्, सरकारी नीति उपहार न लिनु भन्ने छ त्यो लिनु हुन्छ कि हुँदैन ?" यस जिज्ञासामा जवाफ दिँदै बाबाले भन्नुभयो– "कुनै उपहार दिएर त्यसको बदला अरू फाइदा लिन खोजेको छ भने त्यो घूस हो लिनु हुँदैन । अरू फाइदा लिन नखोजी अरू सहभावनाले कसैले उपहार दिन्छ भने लिनुहुन्छ घूस हुंदैन"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४– बाबासंग कुरा गरिरहेका बेला लाम्खुट्टे आएर मेरो गोडामा टोक्यो, धपाउन खोज्दा मर्‍यो यो देखेर बाबाले भन्नुभयो – "जसले जन्मायो उही प्रकृतिले नाश गर्छ तिमी नमार"

५. मैले एकपटक बाबासंग सोधे "रसायन शास्त्रमा पारसमणिले सुन बनाउँछ भन्ने उल्लेख छ के यो सत्य हो ? बाबाले जवाफ दिदै भन्नुभयो – "विभिन्न पदार्थको मिलन प्रक्रियाबाट सुन बन्छ, बनाउन सकिन्छ । एक घटना सुनाउँदै भन्नुभयो – म शिवपुरीमा रहदा वसन्त समशेर, हर्षनाथ जोशी, आयुर्वेदाचार्य वासुकी, थापा समेत् ४ जना सुन कसरी बनाउने ? सुन बनाउने बुटी कस्तो कस्तो हुन्छ ? आदि जिज्ञासा लिएर गएका थिए । मैलेपनि यथार्थ बताइ दिएँ । बुटीको हुलिया पनि दिए । उनीहरूले त मैले कुटी नजीक रोपेर हुर्काई राखेको बुटी चोरेर लगेछन् । फेरि उनीहरू मकहाँ गएनन् । मलाई पनि त्यति चासो भएन । तर पछि यहाँ आएपछि थाह भयो उनीहरूको त ठूलो दुर्दशाभएछ । बुटी लिएर आएपछि उनीहरू सुन बनाउन लागेछन् । सुन बनाउन पुट लगाउँदा सो बुटी पनि पुटमा हालेछन् । सुन बन्यो कि बनेन भनेर छोपेको बिर्को फिक्ता त्यसको ग्याँसको प्रभावले वासुकी ब्रह्मचारीका दुवै आँखा बन्द भएछन् । वासुकी आश्रममा ब्रह्मचारी बनेर बसेकाछन् । थापाको मृत्यु नै भएछ । हर्षनाथको एउटा गोडा काम नलाग्ने भइ काट्नु परेछ र वसन्त समशेरलाई चाँहि सुकेनासले समातेछ र सधै शिशुखुट्टे बनेछन् । अर्काको बुटी चोर्दा र पूर्ण ज्ञान बिनाको प्रयोग खतरापूर्ण हुन्छ भन्ने कुरा प्रत्यक्ष नै यस घटनाले देखायो । भन्नु हुन्थ्यो ।

मानिसको आयु, ब्रह्मचर्य, आहार विहारमा निर्भर हुन्छ भन्ने उहाँको विचार थियो । मानिस एकसय वर्ष पुगेपछि बाच्न भन्दा उच्च विचार राखेर मुक्तिको चाहना तिर लालायित हुन्छ भन्ने उहाँको विचार थियो ।

उहाँको अन्तिम सन्देश थियो – "समाजको भलाइ गरेर ठीकसंग बाँच र ईश्वरको पूजा गर" प्राण छोडनु ८/१० दिन अगाडि देखि नै अब म जान्छु भन्ने विचार प्रकट गर्नु हुन्थ्यो । प्राण छोड्ने बेलामा उठेर गाईको दूध पिए र भने 'म गएँ' यसरी शिवपुरी बाबा आफ्नो लीला समाप्त गरी समाधिस्थ हुनु भयो । अहिले २०१९ मा बाबा समाधिस्थ भएपनि भक्तजनलाई प्रेरणा दिदै समाधिस्थल बाबाको शिक्षा र आदर्शलाई संझाउँदैछ ।

卐

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

औलिया बाबा

—राजेश्वर देवकोटा

—जनकलाल शर्मा

सुनसरी जिल्लाको उत्तर पश्चिममा औलिया बाबाको प्रसिद्ध मठ चतरा छ। धार्मिक स्थल भएकाले यो यसै प्रसिद्ध छ उसमाथि एक ऐतिहासिक किंवदन्ती प छ।

मकवानपुरे कुनै सेन राजा छोरो नभएका पीरले साधु सन्तको संगत गर्ने प्रसंगम घुम्दै वराहक्षेत्र पुगेछन्। त्यस बेला मकवानपुरदेखि टिष्टासम्म सेनहरूको राज्य थियो। वराहक्षेत्र नजीक रहेको औलियाबाबाको आश्रममा उनी पुगे। सेन दिकदार थिए। आश्रममा बाबाले राजाको स्वागत गरे। तर बाबाको नजीकै एक आश्चर्य लाग्दो कु राजाले देखे- "कपडाको एउटा कुत्रो आफै हल्लिरहेको थियो। राजाले संझे यो जो वडो बाबा बनेर चराचुरूङ्गी खाँदो रहेछ क्यार। राजा त्यो कुत्रो उठाउन गए। बाबा नछोउ भन्दा भन्दै पनि राजाले छोए तर त्यहाँ केही थिएन। कुत्रो लुगा कामिरहे थियो। राजाले छुने बित्तिकै कुत्रो हल्लन छाड्यो र राजा पो काम्न लागे।

बाबाले भने "मैले भनेको त हो नि नछोऊ तर तिमीले छोयौ। मलाई औ जरो (कामजरो) आएको थियो। झारफुक गरी आफ्नो जरो त्यो कुत्रो लुगामा सा दिएको थिएँ अब त्यो जरो तिमीलाई सर्‍यो।

राजाले भने "माफ पाऊ बिराएँ"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बावाले फेरि झारफुक गरेर राजाबाट औलो हटाइ दिएँ। बावाले राजालाई यसरी आउनाको कारण सोधे। राजाले छोरा नभएकाले यसरी तीर्थ गर्न हिंडेको भनी जवाफ दिए।

आफ्नो जरो हटेकोमा खुशी भएर अनि बाबाको प्रताप देखेर राजाले आफूले लगाएको हीराको हार बावालाई लगाइदिए। जोगीलाई हारको के प्रयोजन ? जोगीले कोशीनदीमा सो हार फ्याकी दिए।

राजाले भने ' तिमिलाई लगाउन पो दिएको, कोशीमा फ्याँक्न हीराको हार दिएको होइन''

बावाले कोशीलाई भने ''राजाको माला देऊ'' कोशीले एक मालाको सट्टा उस्तै अरू चार माला दिइन्। राजाले आफ्नो एउटा मात्रै हो भनेर एउटा माला लिए।

बाबाले भने – ''अरू माला पनि लिएको भए तिम्रा पाँच छोरा हुन्थे लिएनौ, तिम्रा चार छोरा हुनेछन्। घर जाऊ, राजकाज गर, राजाले छोरा नभएर चिन्ता मानी हिड्न हुँदैनथ्यो हिंडेछौ। तर अब जन्मने पहिलो छोरो मलाई ल्याएर बुझाउनू।

कालान्तरमा राजाका छोरा जन्मे। जेठो छोरो ल्याएर राजाले बावालाई टक्र्याए।

त्यही सेन राजकुमारलाई एकदिन राजगद्दी दिई औलिया बावा देशाटनमा गए। जाँदा जाँदा पुर्णिया शहरमा पुगे। पुर्णियामा मुशलमान नबावको राज्य थियो। राती कुनै पनि हिन्दूलाई त्यहाँ बस्ने अनुमति दिइन्नथ्यो। औलिया बाबा त्यही बसेका भेटिए। सिपाहीले पक्रेर नबाबकहाँ लैजान खोजे उनी मानेनन्। नमाने बापत कुल्च्याउन हात्ती पठाइयो। तर हात्ती जोगीको सामुन्ने पुग्ने बित्तिकै जोगीले हात्तीको दाह्रा थुतेर धुनीमा गाडी दिए। हात्ती बहुलाएर शहरमा कुद्न थाल्यो। नवावकहाँ खबर पुग्यो। नवावले भन्यो – ''यो साँच्चैको जोगी रहेछ'' नवाबले जोगीलाई चौरासी व्यञ्जनको भोग पठाइदिए। भोजन छोपेर पठाएको थियो। जोगीले हेर्दै नहेरी लौ खाएँ पाएँ भनि लैजाउ भनी फर्काइ दिए। नवाबकहाँ खाना फिर्ता गयो। नवाबले छोपेको लुगा उघारेर खाना हेरे, आफूले पठाएको गाईको जिउरीको सट्टा त बदेलको बाथ पो रहेछ। अरू व्यञ्जन जस्ताको तस्तै छ। नवाबले खुशी भएर जोगीकहाँ आफै गई कुनै चीज माग्न आग्रह गरे। जोगीले त्यहाँ एक कालीको मन्दिर स्थापना गर्न मागे। नवाबले पनि कालीको मन्दिर बनाईदिए। त्यस कालीको मन्दिरमा हात्तीको दाह्रो कालीको रूपमा थान पनि छदैछ। त्यस कालीको मन्दिरमा हिन्दू र मुशलमान समान रूपले पूजा प्रार्थना आज पनि उत्तिकै भक्तिपूर्वक गर्छन्।

मुशलमानहरू उनलाई अल्ला बाबा भन्छन् र हिन्दूहरू औलिया बावा भन्छन्। अल्लाबाट औलिया वा औलियाबाट अल्ला भएको हुनसक्छ। जेहोस् औलिया बाबालाई हिन्दूहरू सधै संझन्छन् र आदर गर्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध सिलवाल

– शिवगोपाल रिसाल

१. सिद्ध महात्माहरू साधारणतः सिल्ली जस्ता पनि देखिदा रहेछनरे; न
संसारी लम्पटहरू हैरान पारिदिन्छन् रे। कहिले कहीं आवश्यक परेका खण्डमा बौला
जस्तो भएर नाटक गरिदिनु पर्दोरहेछ। आफू आफ्ना स्वभावमा (ब्रह्मरूपमा) हद भए
बसिसकेका जीवनमुक्त ज्ञानवान् सिद्ध महात्माहरू अनेक प्रकारका लीला गर्दछन् लोक
कल्याणका निमित्त – कहीं साधारण भएर त कहीं असाधारण भएर। यही प्रसंग
नेपाल आमाका अमर सन्तान ज्ञानवान जीवन्मुक्त सिद्ध महापुरूष मानिएका सिलवा
पण्डितको आफूले विभिन्न विद्वान्, अनुभवी सज्जनहरूबाट सुनेक आधारमा सामा
चिनारी दिने प्रचेष्टा गरिंदैछ। लेखकले देख्ने सौभाग्य नपाएको हुनाले र उहाँ
विषयमा खासरूपमा कही लेखेको पनि नदेखिएको हुनाले सुनेको कुरालाई नै यहाँ प्रमु
प्रमाण मानिएको छ।

२. आफ्ना समयमा सिलवाल पण्डित, पशुपतिका सिद्ध, वेदान्ती सिलवा
कालु पण्डित, कालो बोके आदि विभिन्न नामले ठूलो ख्याति कमाएका सिद्ध महात्मा
नाम हो मनोरथ सिलवाल। विक्रम संवत् १९४० तिर पूर्व ४ नं. खोटाङ, सा
लिच्कीमा हीरादेवीका गर्भवाट कुसुमाकर सिलवालका पुत्रका रूपमा जन्मेका मनोर
मातृपितृ ऋण त तिरे तिरे नेपाल अधिराज्यकै एक सौभाग्य र विभूतिका रूपमा चम
अमर बने ज्ञानका आलोकले, सिद्धिका प्रतापले। हुन त ज्ञानका लागि – ब्र
साक्षात्कारक लागि अणिमा, लघिमा आदि आठै सिद्धि पनि ठूला वाधकका रूपमा लिई
छन्, तथापि सिलवाल पण्डित सिद्धिको पछि दौडेका वा सिद्धिको पसल थापेर ब
सामान्य चमत्कारी, चटकी सिद्ध नभएर स्वरूपको साक्षात्कार गरिसकेका सिद्ध थिए भ
जनश्रुति छ। यो त स्वसंवेद्य कुरो भएको हुनाले यसै हो भन्न अवश्य पनि बडो कठिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानीका स्वसंवेद्य र परसंवेद्य लक्षणहरू शास्त्रमा बताइएका छन् । यिनै परसंवेद्य लक्षणहरूका आधारआ विश्लेषण गर्ने हो भने नित्य निरन्तर श्रीमदभागवतको चिन्तन गरिरहने, समाधिको राम्रो अभ्यास भएका, कसैदेखि नडराउने, लोभ पटक्कै नभएका, अत्यन्त परोपकारी, श्रुतिसिद्धान्त राम्रो बुझेका वेदान्ती पण्डित सिलवालमा सिद्धि त थियो भनीं तत्कालीन पारखी व्यक्तिहरूको आम भनाइ छ। वाक्सिद्धि भएका धेरै घटनाको उल्लेख धेरैजनाबाट सुनिएको छ । "तँ त चलाख रहिछस् शास्त्री हुन्छस्" भनी आफ्ना दाइका छोरा (भतिजा) युवानन्द सिलवाललाई भनेको हुनाले 'म कहिल्यै आचार्यमा उत्तीर्ण हुन सकिनँ' भनी भन्नुहुन्थ्यो त कतिलाई रोगबाट मुक्त, कतिलाई मुद्दाबाट मुक्त बनाइदिएका कथाहरू जनताका मन र मस्तिष्कमा अझै ताजाछन् । परमात्माका पूर्ण निर्भरतामा रहेका पण्डित सिलवालको शरीरमा पनि अध्यास थिएन (आफू बुद्धि थिएन) । भोलिका लागि साँच्दैनथे भन्ने भनाइ प्रसिद्ध छ ।

३. घरैमा अध्ययन गरे तापनि व्याकरणको राम्रो ज्ञान भएका सिद्ध सिलवाल बालककालदेखि नै अत्यन्त तीक्ष्ण बुद्धिका थिए रे। आफूले पाठ गर्ने गरेको वेदको राम्रै अर्थ ज्ञान थियो रे। यतातिर त्यसबेला प्रचलित ऐन कानूनको पनि राम्रो आधिकारिक ज्ञान भएकै होला अदालतमा जागिर खान पुगे। हाकिम त थिएनन् तर मुद्दाका फैसला पनि आफैं लेख्थे । ओड्ने ओडेर गम्म परेर बसेका सिद्ध त भित्रभित्रै फैसलाको खेस्रा गरिसक्थे। हाकिमले विदा लिएर अदालतमा हाजीर नभएका दिन हाकिमका आसनमा गई बसेछन्। पछि हाकिमलाई थाहा भएर हप्काइएपछि हाकिम जत्तिकै कम होइन बरू बढी नै योग्यता हुँदा पनि, हाकिम, नआएका वेला हाकिमका आसनमा बस्न पाइँदैन भने यस्ता जागिर के खानु भनी राजिनामा दिएर पशुपतिको सत्तलमा गई बस्न थाले रे।

४. एकजना दाज्यू गोपीलाल (कुवेर) का भाइ र एउटी बहिनीका दाज्यू माहिला बाजे मनोरथको पारिवारिक जीवनको पहिलो पूर्वार्द्ध त रमाइलैसंग बित्यो होला । तर यस्ता महान्‌सिद्धको पनि दाम्पत्य जीवन भने त्यति आदर्श र व्यावहारिक दृष्टिले सुखमय बनेन। आफ्नी जेठी ब्राह्मणी विष्णुकुमारीबाट सन्तान भएनन् र सन्तानको इच्छा गर्ने मनोरथको कान्छी ब्राह्मणी रेवतीसंग पाणीग्रहण सम्पन्न भयो। एउटी छोरी जन्मेकी थिइन् तर सानैमा परलोक भइन । भविष्यमा यत्रो प्रसिद्ध सिद्ध महात्मा हुने पण्डितज्यूलाई पारिवारिक दाम्पत्य सुखले अलमल्याउन सकेन । सम्भवतः पारिवारिक वा दाम्पत्य जीवन रमाइलो, सुखमय, सबै कुरो ठीकठाक भएको भए त्यसैमा लुटपुटिएर बस्ने थिए होलान् भनेर होला दैवले नै बाङ्गो बाटो लिइदियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन पनि हो अध्यात्म साधकहरूको परीक्षामा दैवले नै कसैको पतिको हरण गरिदिन्छन् त कसैको पत्नी, अनि कसैको पुत्र त कसैको सम्पत्ति, कसैको राज्य त कसैको केही इत्यादि। एकातिर आफ्नो जागिरवाट वाक्क भएका मनोरथ अर्कातिर वल्लवल्ल जन्मेकी छोरी समेत् परलोक भएपछि अनि भित्रदेखि नै वैराग्यको उदय भएर घरबार, परिवार सबैलाई संधैका लागि छोडेर पशुपति आर्यघाटमा जोगी जस्ता सिल्ली जस्ता, सिद्ध जस्ता अनि कस्ता कस्ता आफै जस्ता भएर बस्न थाले। तर संन्यास चाहिं लिएका थिएनन्। यसरी घरबार परिवार समाज, जागिर, मान, सम्पत्तिवाट विरक्तिएर हिंडेका अर्थात् पशुपतिमा बसेका मनोरथका जीवनमा एउटा अनौठो दुर्घटना घट्यो। मुद्दा लाग्यो। त्यो मुद्दा के थियो भने उनकी कान्छी ब्राह्मणीले एउटी छोरी जन्माइन्। सिद्ध सिलवालले नवजात बालिकालाई आफ्नी पुत्री भनी स्वीकार गरेनन्। मुद्दा चल्दै गयो। रेवती भन्थिन् यी वालिका मनोरथकै हुन्। मुद्दाले नौ सिङ हाल्दै गयो- शत्रुहरूले मौका पाए, सिद्धका सिद्धिमा सामाजिक आक्रमण पऱ्यो। २३ वर्ष सम्म मुद्दा चल्यो। नवजात बालिका पद्मावती अब २३ वर्ष वर्षकी तरूनीभन्दा पनि परकी भइन्। मुद्दा छिनियो। श्री ३ जुद्ध शमशेरका पालामा–उनैले सिद्धलाई मुद्दा हराइदिए- छोरी सिद्धकै ठहरियो। भत्याहाहरूलाई कानूनले भात खुवाइयो। पद्मावतीको थपलियाज्यूसंग विवाह भयो। तर तिनका पनि सन्तान भएनन् र पद्मावती पनि सं. २०४२ साल श्रावण २९ गते परलोक भइन् पशुपतिमा।

५. पूर्व ४ नं. खोटाङमा जन्मेका मनोरथ वि. सं. १९७० सालमा काभ्रे पलान्चोक (पूर्व १ नं.) मा आएर बसे- आफ्ना पितामातादि सहित। जागिर खाएका वेला काठमाडौंमा डेरा गरी बसे भने जागिर छोडेपछि पशुपतिनाथको आश्रयमा यिनी रातमा पशुपतिमा नै बास बस्न पुगे पनि दिउँसोतिर बराबर श्रद्धालु भक्त हरूका आग्रहरूमा काठमाडौंका बजारहरूमा यताउता हिंडिरहन्थे, घुमिरहन्थे शूरशमशेर कहाँ बराबर आउने जाने गर्दथे। हुन त उनको जीवन निर्वाह यसै उनी चल्दथ्यो तापनि शूरशमशेरले सिद्धप्रति श्रद्धा राखी प्रतिमहिना रू. ३०।– दिने गरेका थिए। प्रत्येक संक्रान्तिका दिन पैसा लिन जान्थे सिद्धज्यू। पैसा लिएर फर्कदा बाटोमा रानीपोखरी पर्दथ्यो। मासिक दक्षिणाको आधा जति रकम रानीपोखरीमा फालिदिन्थे वा चढाइदिन्थे। पैसा माग्थे तर राख्दैनथे; कि त बागमतीमा फालिदिन्थे कि त बाँडिदिन्थे– गरीव, ब्राह्मण आदिलाई।

६. कालो वर्णका, अल्का मनोरथ बाजेलाई पशुपति आउने जाने, ठूलासाना धनी गरीब, दाता याचक, जोगी संन्यासी सबका सब सिलवाल पण्डित वा सिद्धबाबा भनी चिन्दथे। पशुपतिका बानरले ससेत सिद्धलाई चिनेका थिए। कारण सिद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छरेका मकै खूब खाएका थिए यिनीहरूले । गरीबहरूले चाहि यिनले छरेका, बाँडेका पैसा पाएका थिए । केटाकेटीले पेडा पाएका थिए भने ब्राह्मणहरूले बरावर रूद्री गरेर दक्षिणाको लक्कु पाएका थिए । दहीचिउरा खूब मन पराउने सदासर्वदा शालिग्राम साथमा बोकेर हिंड्ने, भागवतको गुटिकालाई कहिल्यै नछोड्ने भागवत पाठ गरिरहने अति नै उदार, निर्लोभी, असंग्रही सिद्ध सिलवाल पशुपतिनाथको दर्शन गर्न आउने प्रायः सबैजसोसंग पैसा माग्दथे- यति पैसा (२/४/५/१०/२०/१००/१०००/१०००००।- रू.) ले भन्थे । नहुनेसंग, नभएका वेला माग्दैनथे । दिने जति सबैको फलिफाप भयो- कति त पुस्तौंसम्म सप्रिए । पाएको पैसा सबै नै बाँडिदिन्थे । एक पटक स्वर्गीय श्री ५ त्रिभुवनसंग लाख रूपैयाँ मागे । श्री ३ जुद्धले रू. १०,०००।- मात्र दिए- त्यो पनि बाँडेर, रूद्री लगाएर भागवत लगाएर सके रे- सिद्धले ।

७. शारदा (मासिक) पत्रिका (वर्ष १ अङ्क ९) मा छापिएको वेदान्त-विवादको मिसिललाई सयपत्री (२०१३) ले पनि सिलवाल पण्डितका नामबाट छपाएको छ । उनका प्रकाशित कृतिका रूपमा यही एउटा मिसिल हो। वेदान्तको मार्मिक रूपले प्रतिपादन गरेको अनुभवले पूर्ण यो लघु कृतिले पनि वेदान्ती सिलवालको राम्रो परिचय दिएको छ । सोही कृतिमा थुप्रै थपघट गरी 'जिज्ञासा' (गुणराज स्मारक समितिको मुखपत्र) पूर्णाङ्क २-२०४१ ले फैसला-पत्र शीर्षक दिएर सिलवालका नामबाट प्रकाशित गरेको छ ।

प्रस्तुत पंक्तिका लेखकले खोजी गरी मुद्दाको आरम्भदेखि अन्त्यसम्मका समग्र सामग्री संकलन गरी, सम्पादन समेत गरेको छ र शीर्षक दिएको छ-

'जीवका मुद्दामा ईश्वरको फैसला ।' लेखकको नाम प्रसिद्ध पण्डित मनोरथ सिलवाल नै उपयुक्त ठानियो । यसमा विद्वानहरूको परामर्शको अपेक्षा गरिन्छ । त्यस वेलाका अनुभवी देखी सुनी जान्ने थुप्रै सज्जन, भक्तहरू, लेखकहरू अझै हुनुहुन्छ, उहाँहरूबाट सुझावहरू, तथ्य घटनाहरू, देखेका कुराहरू आए भने यसलाई संशोधन गर्न सकिन्छ । यो त सिद्ध महात्माहरू प्रति श्रद्धा सुमनका २/४ थुँगा अर्पण गर्ने धृष्टता मात्र गरिएको हो ।

८. वि. सं. २००२ तिर हुनुपर्छ सिद्ध पण्डित सिलवालज्यूलाई आराम भएन । घाटे वैद्य चापागाईं आए उपचार गर्नका निमित्त 'भोलि बिहान ६ बजे आइज, अहिलेलाई जा' भनेर सिद्धले पठाए । सिद्ध महात्मा उल्टो आग्लो लगाई रातभर भागवतको पाठ गरी बसे । भोलिपल्ट बिहान ६ बजे चापागाईं वैद्य औषधि गर्न गए । तर ढोकाबन्द । पुलिस र हकवालाहरू लिएर गई ढोका फोरी भित्र पस्दा त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध बाबा शिवलिङ्गका आडमा पद्मासन कसी वसेको वस्यै अखण्ड आनन्दरूप महा-समाधिरूप परमधाममा पुगिसकेको भव्य आकृति देखियो । सिद्ध पण्डित सिलवालको लीला समाप्त भइसकेछ । पशुपति आर्यघाटको पश्चिम–उत्तरतिरको डाँडामा आज पनि एउटा पाटी जस्तो घर छ– त्यही घरमा सिद्ध बाबाको समाधि (चिर समाधि) भयो। आज सिलवाल पण्डित पार्थिव रूपमा नभए पनि त्यस बेलाका प्रायः धेरै भक्त सज्जन-हरूका मुखबाट उहाँका विषयमा थुप्रै थुप्रै रमाइला, मीठा कुरा सुनिँदै छन् ।

— हरिॐ तत्सत् —

– शिवमस्तु –

शिव–मन्दिर'
शान्तिकुना, जाउलाखेल
ललितपुर–५

२०४३/४।१७/६
(कामिनी एकादशी)

[अरू सज्जन, विद्वानहरूको अतिरिक्त सिद्ध सिलवालकै भतिजा श्रीयुवानन्द सिद्धवालले दिनुभएको सूचनाका आधारमा प्रस्तुत जीवनीपरक लेख तयार पारिएको हो । —लेखक]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखनाथ र उनको योगमार्ग

—जनकलाल शर्मा

गोरखनाथ भन्नासाथ नेपालीहरू स्वतः परिचित छन् र त्यसको कुनै व्याख्या नै गर्नु परोइन जस्तो लाग्दछ। हो नेपालीहरू गोरखनाथसित परिचित छन्। शाह राजाहरूका मुद्रामा गोरखनाथको नाम देखेकाछन्। पृथ्वीनारायणशाहले गोरखनाथबाट वरदान पाएर नेपाल एकीकरणको अभियानमा सफलता प्राप्त गरेको कथा सुनेकाछन् भने कुनै समय गोरखनाथ काठमाडौं उपत्यकामा आउँदा उनको राम्रो स्वागत-सत्कार वा आथित्य नहुँदा रिसाएर मेघरूपी नागलाई आसनमुनि थिचेर राख्ता अनावृष्ठि भएर हाहाकार भएको र त्यसै समय उनका गुरू मछिन्द्रनाथ आइपुगेपछि गोरखनाथ गुरूको स्वागत गर्न उठ्ता मेघरूपी नाग मुक्त भएकोले घनघोर वर्षा भई जनताले त्राण पाएको आदि अनेक रोचक कथा सुनेकाछन्। त्यतिमात्र होइन गोरखा, पोखरा, दाङ, सल्यान, जुम्ला आदि ठाउँमै गएर कतिले गोरखनाथका मन्दिरमा रहेको धुनि र पाऊको दर्शन गरेकाछन् भने पशुपतिनाथको छेउ मृगस्थलीमा भएको गोरखनाथ मठलाई त कसैले ज्यादै निकटबाट पनि हेरेर अध्ययन मनन गरेका होलान् त्यो आर्कै कुरा हो। गोरखनाथलाई हामी जुन रूपमा प्रस्तुत गर्दछौं वा जान्दछौं वास्तवमा त्यो रूप किवदन्तीको रूप हो। उनको ऐतिहासिकरूपलाई चमत्कारका अनेक किवदन्तीले यसरी ढाकिदिएकाछन् जसबाट हामी वास्तविक रूप सम्म पुग्नै पाउँदैनौं। हिजो आजका भानुभक्तमा त घाँसीको जालो लागेको छ भने कुन्नै सहस्त्राब्दी पहिलेका गोरखनाथमा त्यो कुरा हुनु बिलकुलै स्वाभाविक हो। गोरखनाथको बाहिरी ऐतिहासिक पक्षलाई जतिसुकै अन्धकारको कठोर आवरणले ढाके तापनि नेपाली जनजीवनमा गोरखनाथप्रतिको विश्वास भने नरिवलको गुदी जस्तै कोमल र सुस्वादु भएर रहेकोछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथ सम्प्रदायका अन्वेषक विद्वानका अनुसार गुरू गोरखनाथको आविर्भाव विक्रमको दशौं शताब्दीमा भएको हो[१]। शंकराचार्यपछि यति प्रभावशाली र यति महिमान्वित महापुरूष हाम्रो यस प्रायःद्वीपमा अर्को जन्मनै सकेन। यस प्रायःद्वीपका कुनाकुनामा आज पनि उनका अनुयायीहरू विद्यमान छन्। भक्तिवादको आन्दोलन शुरू हुनु भन्दा पहिले सबभन्दा शक्तिशाली धार्मिक आन्दोलन कुनै थियो भने त्यो गोरखनाथद्वारा प्रचारित योगमार्ग नै थियो। हाम्रो प्रायःद्वीपमा कुनै यस्ता भाषा वा बोली छैनन् जसमा कुनै न कुनै रूपले गुरू गोरखनाथका विषयमा कथा-कहानी जोडिएको नहोस्। यस्ता कथा-कहानी वा किंवदन्तीमा ऐतिहासिक विरोधाभास त अवश्य रहन्छ त्यसमा कुनै सन्देह छैन। तर यसका आधारमा यति त अवश्य भन्न सकिन्छ – गोरखनाथ आफ्ना युगका सबभन्दा ठूला धार्मिक नेता थिए। उनलाई धार्मिक क्षेत्रका पारसमणि भने पनि हुन्छ जुन मणिमा जुनसुकै धातु छुवाए पनि त्यसलाई सुवर्णमा परिणत गराउने क्षमता हुन्छ भन्ने विश्वास गरिन्छ। हो उनी पारसमणि जस्तै थिए जुन धातुलाई छोए पनि सुन बनाउँथे। कति वज्रयानी बौद्धहरू उनको सम्पर्कमा आएर शैव भए भने कति मुसलमानहरू गोरखनाथको संपर्कमा आएर नाथ सम्प्रदायका अनुयायी भएका छन्[२]। काँचा माटाका मूर्त्ति जस्ता अन्य हिन्दू सम्प्रदायका मानिस त उनको शैव सम्प्रदायरूपी नदीको तीव्र प्रवाहमा सहजैसित विलीन नहुने कुरै छैन। हाम्रोलागि एउटा दुःखको विषय के छ भने यस्ता महापुरूष गोरखनाथका विषयमा कुनै ऐतिहासिक प्रमाण भने आजसम्म उपलब्ध हुन सकेको छैन। अहिले सम्म जति पनि सामग्री उपलब्ध भएका छन् ती सबै किंवदन्तीका रूपमा प्राप्त भएका हुन् र तिनले केवल गोरखनाथद्वारा प्रचारित योगमार्गको पुष्टि हुनु बाहेक अन्य ऐतिहासिक गरिमा बढाउने कुनै सूचना हामीलाई दिन सक्तैनन्

अरूकुरा त परै जाओस् गोरखनाथको जन्म कहाँ भएको थियो त्यो पनि टुंगो लागेको छैन। उपलब्ध परम्परा, मान्यता, सम्प्रदायगत साहित्य र किंवदन्ती आदि सामग्रीले अनेक प्रकारका अनुमानको बाटो फराकिलो पार्दै लान्छन् जसले गर्दा अन्वेषकहरूले आफ्नै अनुकूलको जन्मस्थान गोरखनाथकालागि प्रस्तुत गरेकाछन्। एकजना विद्वान्ले गोदावरीका किनारको कुनै चन्द्रगिरि नामक स्थानमा गोरखनाथको जन्म भएको थियो भनेका छन्[३]। नेपालको राष्ट्रिय अभिलेखालय (पहिलेको वीर पुस्तकाल

१– डा० हजारीप्रसाद द्विवेदी–नाथ सम्प्रदाय, इलाहावाद–१९५० ईसवी पृष्ठ–९६

२– जर्ज वेस्टोन ब्रिग्गस–गोरखनाथ एण्ड दि कनफट्टा योगीज, दिल्ली १९७३ ईसवी पृष्ठ–५

३– योगी चन्द्रनाथ–योगि सम्प्रदायाविस्कृति, अहमदावाद १९२४ ईसवी पृष्ठ २३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वा दरबार पुस्तकालय) मा अर्वाचीनकालको गोरक्षसहस्रनामस्तोत्र नामको एउटा सानो पुस्तक प्राप्त भएको छ[४]। त्यसमा एउटा श्लोकले दक्षिण दिशामा कुनै बडव नामक देश छ त्यहीं महामन्त्रको प्रसादबाट महाबुद्धिशाली गोरखनाथ प्रादुर्भूत भएका थिए भनेको छ।

अस्ति याम्यांदिशिकश्चिद्देश:वडव संज्ञक: ।
तत्राजनि महाबुद्धिर्महामन्त्र प्रसादत: ॥

संभवत: यस उक्तिले पनि यसभन्दा लगत्तै पहिले चर्चा गरेको कुरालाई नै पुष्टि गर्दछ। गोरक्षसहस्रनामस्तोत्रको श्लोकमा उल्लेख भएको बडव संभवत: गोदावरीको किनारको कुनै ठाउँको नाम हवस। एउटा रमाइलो परम्पराको वर्णन विलियम क्रुक्स नामक विद्वानले आफ्नू रचनामा[५] गरेका छन् र त्यसको उल्लेख जर्ज ग्रिअर्सन महोदयले पनि गरेका छन्[६]। अहिले जुन विद्वान् द्वयको चर्चा गरियो उनीहरूले पेश गरेका परम्परा अनुसार गोरखनाथ सत्ययुगमा पञ्जाबको पेशावर, त्रेतामा गोरखपुर, द्वापरमा द्वारका भन्दा पनि अझै पर दुरमुज र कलियुगमा काठियावाडको गोरखमढीमा अवतरित भएका थिए। बंगालीहरूको विश्वास अनुसार गोरखनाथ बंगालमै उत्पन्न भएका थिए। नेपाली परम्परा अनुसार भन्ने हो भने गोरखनाथ पञ्जाबबाट नेपाल आएका हुन्। यस प्रसंगमा गोरखपुरको गोरखनाथमठको महन्तले 'गोरखनाथ एण्ड दि कनफट्टा योगीज' का लेखक 'जर्ज वेस्टोन ब्रिग्ग्स्' लाई दिएको सूचनाको एउटा उदाहरण यहाँ प्रस्तुत गर्नु उचित हुनेछ। ब्रिग्गस्ले प्राप्त गरेको सूचना अनुसार गुरू गोरखनाथ गोरखनाथ टिला अर्थात् फेलम पञ्जाबबाट गोरखपुर आएका थिए। नासिकका योगीहरूको विश्वास अनुसार गोरखनाथ पहिले नेपालबाट पञ्जाब आएका र त्यसपछि नासिकतिर लागेका हुन्। गोरखनाथ टिलाको प्राधान्य देखेर ब्रिग्ग्स् महोदयले गोरखनाथ पञ्जाबकै निवासी हुन् कि भन्ने अनुमान गरेका छन्[७]। कच्छमा प्रचलित मान्यता अनुसार गोरखनाथका चेला धर्मनाथ पेशावरबाट कच्छ गएका थिए। जर्ज ग्रिअर्सनले यिनलाई गोरखनाथका सह-

---

४– डा. प्रबोधचन्द्र वाग्ची द्वारा सम्पादित – कौलज्ञान निर्णय, कलकत्ता, १९३४ ईसवीको भूमिका पृष्ठ – ६४

५– विलियम क्रुक्स – ट्राइब्स् एण्ड कास्टस् अफ दि नर्थ वेस्टर्न प्रोभिन्सेज एण्ड अवध, कलकत्ता १८६९ ई० पृष्ठ १५३–४

६– इन साइक्लोपेडिया अफ रिलिजन एण्ड इथिक्स् पृष्ठ ३२८

७– जर्ज वेस्टोन ब्रिग्ग्स् – गोरखनाथ एण्ड दि कनफट्टा योगीज, दिल्ली १९७ ईसवी पृष्ठ २२९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाठी भनेकाछन्[८] । परन्तु विचार योग्य प्रश्न के छ भने धर्मनाथ गोरखनाथका समसामयिक नभएर धेरै नै पछिका हुन् । ग्रिअर्सन महोदयले गोरखनाथ पश्चिमी हिमालयका निवासी थिए कि भन्ने पनि अनुमान गरेकाछन् र उनले जुन गोरखनाथले नेपाललाई आर्यावलोकितेश्वरको प्रभावबाट उकासेर शैव बनाएका थिए पनि भनेकाछन् । ब्रिग्स्को अनुमान अनुसार गोरखनाथ पहिले वज्रयानी साधक थिए र पछि शैव भएका हुन् । उनी कुन वंश वा कुलका हुन् त्यसको पनि अहिले सम्म टुंगो लागेको छैन । कुनै कुनै विद्वान्का अनुसार गोरखनाथ ब्राह्मण कुलमा जन्म लिएका व्यक्ति हुन् र त्यही वातावरणमा हुर्केका पनि हुन्[९] । गोरखनाथ आफ्नो युगका महान् व्यक्ति थिए भन्ने कुरा नाथ सम्प्रदाय र सम्प्रदायका अनुयायीहरूले उनको नाम चौरासी सिद्धको सूचीमा समावेश गराएको हुनाले पनि प्रमाणित हुन्छ[१०] ।

भनिन्छ गोरखनाथले आफ्नु सम्प्रदायगत सिद्धान्तको प्रतिपादनकालागि अनेक ग्रन्थको रचना गरेका थिए । उनले आफ्नु सिद्धान्त प्रतिपादनकालागि अनेक ग्रन्थ लेखे होलान मान्न सकिन्छ । तर ती रचना उनका अनेक पुस्ताका अनुयायी चेलाका हातमा परेर तिनमा धेरै फेर–बदल पनि भएका छन् । अन्वेषकलाई तिनमा कुन मूल रचना हो र कुन क्षेपक हो त्यो छुट्याउन निकै द्रविडप्राणायाम गर्नु पर्ने हुन्छ । जुन रचना गोरखनाथका नाममा दर्ता भएका छन् तिनमा केही गोरखनाथकै पनि हुन सक्तछन् । तर सबै रचना प्रामाणिक छैनन् भन्ने कुरा स्वतः सिद्धछ । गोरखनाथका नाममा पाइने रचनाका आधारमा अनेक विद्वान्ले गोरखनाथको काल निर्णय गर्ने प्रयत्न गरेकाछन् तर धेरै जसो प्रयत्न निष्फल रहेकाछन् । उदाहरणकालागि गोरखनाथको कुराकानी कबीर दाससित भएको वर्णन युक्त पुस्तक पनि गोरखनाथका नाममा पाइन्छ । यस्तै रचनाको आधार लिएर ग्रिअर्सन महोदयले पनि एकपटक गोरखनाथलाई ईसाको चौधौं शताब्दी तिरका हुने अनुमान गरेका थिए[११] । यस्ता रचनाको कुनै कुनै ठाउँमा गोरखनाथको

८– इनसाइक्लोपेडिया अफ रिलिजन एण्ड इथिक्स– पृष्ठ ३२८

९– डा. हजारीप्रसाद द्विवेदी, नाथ सम्प्रदाय इलाहाबाद १९५० ईसवी पृष्ठ ९७

१०– त्रिपिटकाचार्य राहुल सांकृत्यायन – मन्त्रयान, वज्रयान और चौरासी सिद्ध नामक लेख भित्र रहेको 'चौरासी सिद्धोंका वंशवृक्ष' नामक तालिका र अन्य अंश – गंगा– "पुरातत्त्वांक" प्रवाह ३, तरग १, पूर्णतरंग २५, जनवरी १९३३ प्रधान संपादक कृष्णानन्द सिंह, यस अंकका संपादक राहुल सांकृत्यायन तथा रामगोविन्द त्रिवेदी, पृश्ठ २२०–२२४

११– डा. हजारीप्रसाद द्विवेदी– नाथ – सम्प्रदाय, इलाहाबाद, १९५० ईसवी, पृष्ठ ९७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भेटघाट र कुराकानी गुरू नानकसित पनि भएको दृष्टि गोचर हुन्छ । त्यतिमात्र होइन सत्रौं शताब्दीका जैन दिगम्वर सन्त वनारसीदाससित गोरखनाथको शास्त्रार्थ भएको कुरा उल्लेख भएको ग्रन्थ पनि यदाकदा उपलब्ध हुन आउँछन् जो गोरखनाथकै रचनामा दर्ता भएका देखिन्छन्[१२] । हामीले गोरखनाथका नाउँमा दर्ता भएका कुनै रचनाको चर्चा यहाँ गर्‍यौं । । यिनको ऐतिहासिक मूल्य केही छैन भनेमा अत्युक्ति नहोला । तर त्यसले गोरखनाथको अन्य सम्प्रदायगत प्रचारमा भने कुनै बाधा देला जस्तो अनुभव हुँदैन । यस्ता कुरा गोरखनाथमा मात्र सीमित छैनन् र अन्य महापुरूषकासाथ पनि जोडिएका हुन्छन् । कवीरदासको कुराकानी मोहमद साहेवसित भएको रचना कवीरदासका अनुयायीसित कवीरदासकै नाममा दर्ता भएको पाइयो भन्दैमा कवीर र मोहमद एकै समयका हुन सक्तैनन् । यो त उनका अनुयायीको अन्धभक्ति वा अन्धश्रद्धा वा अन्धविश्वास हो। त्यसले सम्प्रदायगत कुरालाई पुष्टि मिले पनि इतिहासलाई सघाउ पुन्याउन सक्तैन । भनाइको तात्पर्य हो जर्ज ग्रिअर्सन महोदयले गोरखनाथलाई जुन प्रमाणको आधारमा ईसाको चौधौं शताब्दीतिरका हुने अनुमान गरेकाछन् त्यो सत्य नभएर विक्रमको दशौं शताब्दी हुनु धेरै सम्भव छ ।

गोरखनाथका विषयमा अनेक किंवदन्ती पाइन्छन् र ती यदाकदा अध्ययन-क्रममा मनोरञ्जक पनि हुन्छन् । उदाहरणका लागि उनको नामका सम्वन्धमा प्रचलित एउटा किंवदन्तीलाई नै लिन सकिन्छ –

"एउटा जोगीको रूपमा विचरण गर्ने महादेवले कुनै पुत्राभिलाषिणी नारीलाई 'बिघुत' मन्त्रेर खान दिएका थिए । त्यस नारीलाई जोगीले खानदिएको बिघुत खानाले छोरो होला भन्ने पटक्कै विश्वास भएन र गाईको गोठ राख्ने खर्कमा फ्याँकिदिई । बाह्रवर्षपछि जोगी पुनः घुम्दै फिर्दै त्यहीं आए र त्यस नारीलाई छोराका विषयमा सोधे । छोरो नभएको कुरा थाहा भएपछि बिघुत खान दिएको स्मरण गराउँदा त्यो बिघुत उसले गोठ राख्ने खर्कमा फ्याँकेको कुरा स्वीकार गरी । गोठ राख्ने खर्कमा गएर हेर्दा एउटा बाह्रवर्षको सुन्दर बालक गोवरको थुप्रोमा खेलीरहेको देखियो । गाईको गोठमा सुरक्षित हुर्केको हुँदा उसको नाम 'गोरक्ष' रहन गयो । आफ्नै बिघुतबाट उत्पन्न भएको हुँदा शिवले गोरक्षलाई आफ्नो चेलो बनाएर सनाथ गराए । अतः बालकको पुरानाम गोरक्षनाथ रहन गयो र त्यसैलाई पछि गोरखनाथ पनि भनिन थालियो । भनिन्छ शिवको रूपमा आएका जोगी मत्स्येन्द्रनाथ थिए । मत्स्येन्द्रनाथरूपी शिवको बिघुतबाट उत्पन्न भएका चेला गोरखनाथ थिए[१३] ।

१२– इनसाइक्लोपेडिया अफ रिलिजन एण्ड इथिक्स् भोल्यूम १२ पृष्ठ ८३४
१३– डा. हजारीप्रसाद द्विवेदी – नाथसम्प्रदाय, इलाहावाद, १९५० ईसवी, पृष्ठ ४८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ विचारयोग्य प्रश्न के छ भने शिव हिन्दू परम्पराका ख्यातिप्राप्त दे हुन् भने मत्स्येन्द्रनाथ वज्रयान बौद्ध परम्पराका प्रसिद्ध सिद्ध देवता हुन् । शिव मत्स्येन्द्रनाथका चेला मानिने गोरखनाथ भने हिन्दू र बौद्ध दुवै सम्प्रदायबाट आदर प्र गरेका एवं देवताकै रूपमा पूजिने चौरासी सिद्धको सूचीमा परेका गुरू मत्स्येन्द्रनाथ उनी पनि त्यसै सूचीका प्रमुख सिद्ध मध्ये एक हुन्[१४] ।

गोरखनाथका विषयमा यति लामो चर्चा गर्नाले समाजलाई के उपलब्धि भन्ने प्रश्न पनि कसैले गर्न सक्तछ । हो आजको सन्दर्भमा गोरखनाथको त्यति म नहोला त्यो आर्कै कुरा हो । तर बितेका इतिहासले गोरखनाथका विषयमा सोच्न कर लगाउँछ । हामीले पहिले नै प्रसंगवश भनेका थियौं — भक्तिवादको आन्दोलन हुनु भन्दा पहिले जनताको मनोवल उच्चपार्ने यदि कुनै सशक्त आन्दोलन थियो भने गोरखनाथद्वारा प्रचारित वा उपदिस्ट योगमार्ग नै थियो । गोरखनाथद्वारा उपदि योग मार्गलाई 'हठयोग' भनिन्छ । उनले जुन हठयोगको उपदेश दिए त्यो प्रा परम्परा भन्दा ज्यादै भिन्न भन्न सक्दिन । प्राचीन शास्त्रमा साधारणतया प्राणनि प्रधान साधनालाई नै हठयोग भनेको हामी पाउँछौं । सिद्धसिद्धान्त पद्धतिमा 'ह' अर्थ सूर्य र 'ठ' को अर्थ चन्द्र भनिएकोछ । यसप्रकार सूर्य र चन्द्रको योगला हठयोग भनिएको । —

हकार: कथित: सूर्यष्ठकारश्चन्द्र उच्यते ।
सूर्याचन्द्रमसोर्योगात् हठयोगो निगद्यते[१५] ॥

यस श्लोकको व्याख्या अनेक प्रकारले गरेको पाइन्छ । कसैले सूर्यको प्राणवायु र चन्द्रको अर्थ अपानवायु भन्ने गरेकाछन् र यी दुवैको योग अ प्राणायामद्वारा वायु निरोध गर्नु वा वायु रोक्नु नै हठयोग हो भनेका छन्[१६] । यस श्लोकलाई आर्कै किसिमले व्याख्या गरेको पनि पाइन्छ । यस व्याख्याअनु सूर्यको तात्पर्य इडा नाडी र चन्द्रको तात्पर्य पिंगलानाडी हुन्छ[१७] । यसैकारण इ पिंगलानाडीलाई रोकेर सुषुम्णामार्गद्वारा प्राणवायुलाई संचारित गराउने कार्यलाई

१४– राहुल सांकृत्यायन, – पुरातत्त्व निबन्धावली, वज्रयान और चौरासी सि वज्रयानकी उत्पत्ति, इण्डियन प्रेस लिमिटेड, प्रयाग, १९३७ ईसवी–पृष्ठ १ १५९

१५– डा. हजारीप्रसाद द्विवेदी, नाथसम्प्रदाय, हिन्दुस्तानी एकेडेमी, इलाहाबा १९५० ईसवी, पृष्ठ १२२

१६– डा. हजारीप्रसाद द्विवेदी, नाथसम्प्रदाय, इलाहाबाद १९५० ई० पृष्ठ १२२

१७– हठयोग प्रदीपिका, पाणिनि अफिस, इलाहावाद १९१५ ईसवी, पृष्ठ ३–१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हठयोग भनिन्छ। हठात् अर्थात् अप्रत्यासित रूपमा सिद्धि दिने हुँदा यस योगलाई 'हठयोग' भनिएको हो। वस्तुत: हठयोगको मूल अर्थ पनि यै हुन सक्तछ। कुनै यस्तो प्रकारले साधना गरिन्थ्यो होला जसबाट हठात् वा अनायास नै अर्थात् एकाएक सिद्धिको आशा गरिन्थ्यो र त्यस प्रकारका साधनाको नाम नै 'हठयोग' रहन गयो।–

हठाज्ज्योतिर्मयोभूत्वाह्यन्तरेण शिवोभवेत्।
अतोऽयंहठयोगस्यात् सिद्धिदः सिद्ध सेवितः[१८]।।

हठयोग शब्दको सबभन्दा पुरानो उल्लेख 'गुह्यसमाज' मा पाइन्छ जहाँ बोधि-प्राप्तिको विधिको उपदेश दिइसकेपछि आचार्य भन्दछन् – यदि यस विधिबाट बोधि-प्राप्त हुन नसकेमा 'हठयोग' को आश्रय लिनु पर्दछ।

दर्शने तु कृतेऽप्येयं साधकस्य नजायते।
यदा न सिद्धचते बोधिर्हठयोगेन साधयेत्[१९]।।

हठयोग पनि दुई प्रकारका हुन्छन् भन्ने मानिएको छ। एउटा गोरखनाथका पूर्ववर्त्ती मृकण्डपुत्र अर्थात् मार्कण्डेय आदिले प्रचारमा ल्याएको र अर्को गोरखनाथले प्रचार गरेको। यसकुरालाई निम्न लिखित आर्षवाक्यले पनि पुष्टि गर्दछ।

द्विधा हठस्यादेकस्तु गोरक्षादि सुसाधितः।
अन्योमृकण्डपुत्राद्यैः साधितो हठसंज्ञकः॥

मार्कण्डेय आदिले प्रचार गरेको हठयोगमा पतञ्जलिद्वारा प्रतिपादित अष्टांग योग अर्थात् यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिलाई नै आधार बनाइएको छ भने गोरखनाथद्वारा प्रचारित हठयोगमा षडंगयोगलाई मात्र महत्व दिइएकोछ। षडंगयोगमा प्रत्याहार ध्यान, प्राणायाम, धारणा, अनुस्मृति तथा समाधिलाई लिइएकोछ। प्रसंगवश हठयोगमा षडंगयोगलाई मात्र लिइन्छ भनिए तापनि अनेक ठाउँमा हठयोगका प्रसंगमा अष्टांग योगमार्गलाई पनि समाविष्ट गरिएको पाइने हुँदा यसलाई ठोकुवा सिद्धान्त भने मान्न सकिंदैन।

पातञ्जल योग सूत्रका अनुसार मानवशरीरमा रहेको चित्तवृत्तिलाई निरोध गर्नु नै योग हो।

योगश्चित्तवृत्ति निरोधः।
–पतञ्जलि।

१८– द्विवेदी, नाथसम्प्रदाय, उही पृष्ठ १२३
१९– उही पृष्ठ १२३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर हठयोगीहरू त्यसलाई केही विशेष व्याखया साथ आफ्नै प्रकारले व देखाउँछन् । उनीहरूका अनुसार मानवशरीरमा तीन यस्ता शक्तिशाली वस्तु हुन्छ जो ज्यादै चञ्चल हुनाको कारण तिनलाई नियन्त्रण गरेर काम लिन कठिन छ। तीनवस्तु हुन् विन्दु वा शुक्र वा रज-वीर्य, पायु अर्थात् गुदा र मन । यिनमध्ये वा रज-वीर्य अर्थात् विन्दु सबभन्दा महत्वपूर्ण वस्तु हो र यसलाई नियन्त्रण गरेर मा उठाउन सके वा ऊर्ध्वरेत हुन सकेमा बाँकी दुई पायु र मन स्वतः वशमा आउँछन् हठयोगीहरूका अनुसार यी तीन वस्तु विन्दु, पायु र मन मध्ये कुनै एकलाई नियन्त्र गर्नासाथ अन्य दुई स्वतः नियन्त्रित हुन्छन् । यदाकदा हठयोगका उपासकहरू चौ वस्तुको पनि चर्चा गर्दछन् र त्यो हो वाक् वा वाणी ।

हठयोगमा प्रवेश गर्न इच्छुक व्यक्तिलाई मानवशरीरको रचनासित पनि के मात्रामा परिचित हुनु आवश्यक मानिन्छ । मानवशरीरमा मेरूदण्ड हुन्छ भन्ने कु सर्वविदित छ । मेरूदण्ड जहाँ सिधै गएर पायु अर्थात् गुदद्वार र उपस्थ अर्थात् लिंग योनिको मध्यभागमा टुंगिन्छ र त्यहीं साधकहरूले स्वयंभूलिंग हुन्छ भन्ने कल्पना गरे पाइन्छ । स्वयंभूलिंग त्रिकोण चक्रमा अवस्थित हुन्छ । यसठाउँलाई वस्तिगह्वर त्रिकोणचक्रलाई अग्निचक्र भनिन्छ । यसै त्रिकोण वा अग्निचक्रमा रहेको स्वयंभूलिंगल साढे तीन फन्को वेह्रेर सर्पिणी जस्तै कुण्डलिनी बसेको हुन्छ । कतै-कतै आठ फन्क वेह्रिएको पनि चर्चा पाइन्छ[२०] । यो ब्रह्माण्डमा व्याप्त महाकुण्डलिनी रूपी शक्तिको व्यष्टिमा व्यक्त रूप हो । यसै शक्तिले ब्रह्मद्वारलाई छेकेर वा रोकेर सुतेको हुन्छ ।

येन द्वारेण गन्तव्यं ब्रह्मद्वार मनोमयय् ।
मुखेनाच्छाद्य तद्वारं सुसुप्ता परमेश्वरी[२१] ॥

यसै कुण्डलिनीलाई जगाएर शिवसित समरस गराउनु हठयोगका साधक चरमलक्ष्य हो । मनुष्यले मोक्षलाभ गर्ने अनेक विधि वा उपायछन् र तिनको सहा लिए पनि नहुने त होइन । तर साँचोले ताल्चा खोलेर जसरी सजिलै सित ढोका उघ सकिन्छ त्यसैगरी कुण्डलिनी जगाएर हठात् अर्थात् एक्कासी वा अनायास नै मोक्ष द्वार खोल्न सकिन्छ भने त्यसरी अरू उपाय वा साधनाद्वारा संभव हुँदैन ।

उद्घाटयेत् कपाटं तु यथा कुञ्चिकया हठात् ।
कुण्डलिन्या ततो योगी मोक्षद्वारंप्रभेदयेत्[२२] ॥

२०- महीधर शर्माको अनुवाद सहित - गोरक्षपद्धति, बम्बई वि. सं. १९९० - १,

२१- गोरक्षशतक - १,४८

२२- गोरक्षशतक - १,५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसप्रकार हठात् अर्थात् एक्कासी मुक्ति दिलाउने भएको हुनाले पनि यस योगलाई 'हठयोग' भन्ने नामकरण गरिएको हो। स्वयंभूलिगमा वेह्रिएर बसेकी सर्परूपी कुण्डलिनीलाई उँभो लैजाने पनि मार्ग निश्चित गरिएका छन्। हामीले पहिले नै प्रसंगवण भनेका थियौं हठयोगमा रूचिलिने साधकलाई मानवशरीरको रचना संबन्धी ज्ञानहुनु नितान्त आवश्यक छ। मानवशरीरको कुमेरूदेखि सुमेरू हुँदै ब्रह्मरन्ध्र सम्म अनेक चक्रको कल्पना गरिएकोछ। जसलाई क्रमशः मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध, आज्ञा र सहस्त्रदलकमल भनिन्छ। यी प्रत्येक चक्र हुँदै ध्यानद्वारा कुण्डलिनीलाई क्रमशः माथि उठाइन्छ। यसको ध्यान गर्ने क्रम यस प्रकार निश्चित गरिएको छ।

मूलाधारे लिंगदेशे नाभ्यां हृदि च कण्ठगे।
भ्रुवोर्मध्ये ब्रह्मरन्ध्रे क्रमाच्चक्रेषु चिन्तयेय्[२३] ॥

अर्थात् जननेन्द्रियको निम्न प्रदेशको मेरूकेन्द्रमा रहेको मूलाधार, जननेन्द्रियको उर्ध्वप्रदेशको मेरूकेन्द्रमा रहेको स्वाधिष्ठान, मेरूमध्यस्थ नाभिमा रहेको मणिपुर, मेरूमध्यस्थ हृदयमा रहेको अनाहत, मेरूमध्यस्थ कण्ठमा रहेको विशुद्ध, भ्रूमध्यमा रहेको आज्ञा र ब्रह्मरन्ध्रमा रहेका चक्र वा कमललाई क्रमशः ध्यान गर्नु भनिएक छ। यसरी ध्यानगर्दा सुमेरूको अन्त्यमा भएको अग्निचक्र वा त्रिकोणमा रहेको स्वयंभूलिगमा वेह्रिएको सर्परूपी कुण्डलिनीबाट प्रारंभ गरेर मूलाधारलाई चतुर्दल, स्वाधिष्ठानलाई षड्दल, मणिपूरलाई दशदल, अनाहतलाई द्वादशदल, विशुद्धलाई षोडशदल, आज्ञालाई द्विदल र सहस्त्रदललाई असंख्य कमलपुष्पका पत्रको रूपमा चिन्तन गर्ने व्यवस्था छ। यतिमात्र होइन एउटा स्वस्थ मानवले एक अहोरात्र वा साठी घडी वा चौबीसघण्टा वा एक दिनमा एक्काईसहजार छ सय पल्ट सासफेर्दछ र ती सबै श्वास प्रश्वासलाई हठयोगका साधकले भाग लगाएर प्रत्येक चक्रमा आफ्ना श्वास–प्रश्वास समर्पित गर्नु पर्दछ। त्यसरी भाग लगाउने पनि नियम छ। मूलाधारलाई छ सय, स्वाधिष्ठानलाई छ हजार, मणिपूरलाई छ हजार, अनाहतलाई छ हजार, विशुद्धलाई एक हजार, आज्ञालाई एक हजार र सहस्त्रदललाई एक हजारको दरले भागलगाइन्छ। यी सबैको योग अर्थात् जोड एक्काईसहजार छ सय हुन्छ। यसरी आफ्ना श्वास–प्रश्वासलाई समर्पित गर्ने जुन कार्य हुन्छ त्यसलाई 'अजपाजप' भनिन्छ। नजपे पनि स्वतः जप हुने हुँदा यसको त्यस्तो नाम रहन गएको हो। कतै कतै यसलाई अजपागायत्री पनि भनिन्छ। अजपाका बीज मन्त्र 'हंस' वा 'सोऽहं' हो। मानवको श्वास–प्रश्वास क्रममा जुन सूक्ष्म आवाज आउँछ त्यो 'सोऽहं' वा 'हंस' को रूपमा

२३– गरूडपुराण (प्रेतकल्प) – निर्णयसागर प्रेस बम्बई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुनिने वा अनुभव गरिने हुँदा अजपा गायत्रीको वीजमन्त्रलाई 'सोऽहं' वा 'हंस' भन्ने नामकरण गरिएको हो[२४] ।

कुण्डलिनीलाई जगाएर सहस्त्रदलसम्म पुऱ्याउँदा विश्राम लिने स्थलको व्याख्या अहिले हामीले गर्‍यौं । त्यसरी मास्तिर जाँदा कुनमार्गद्वारा जाने भन्ने विषयमा पनि हठयोगका प्रवर्तकहरूले विचार गरेका छन् । मूलाधार चक्र भन्दा तल एउटा केन्द्र छ र त्यहाँबाट बहत्तर हजार नाडीहरूको उद्गम हुन्छ । यी नाडीहरूको शाखा-उपशाखाको जम्मा संख्या साढे तीनलाख मानिएको छ । हठयोगको साधनामा कुण्डलिनी जगाउन यी सबै नाडीको ज्ञान हुनु उत्ति आवश्यक हुन्न । खास-खास आवश्यक पर्ने नाडीको संख्या जम्मा दश छ र तिनका नाम यस प्रकार छन्— इडा, पिंगला, सुषुम्णा, गान्धारी गजजिव्हा, पुष्पा, यशश्विनी, अलम्बुशा, कुहू र शंखिनी । यीनमा पनि कुण्डलिनी जगाएर मास्तिर लैजानका लागि तीन नाडी अति महत्त्व पूर्ण छन् र ती हुन्—इडा, पिंगला र सुषुम्णा । यी तीनै नाडीको उद्गमस्थल मूलाधार चक्रको आधार विन्दु हो र यीं तीन नाडीको गति भने फरक फरक छ । इडा नाडी मूलाधारवाट निस्केर मेरूदण्डको देब्रे भागको वाटो हुँदै सबै चक्र भेदन गर्दै आज्ञा चक्रको दाहिने पछिबाट अरू नाडीमित भेट गरी देब्रे नासारन्ध्रमा पस्तछ । पिंगलानाडी उसै मूलाधार चक्रवाट निस्केर इडाको ठीक उल्टो गति लिन्छ । मेरुदण्डको दक्षिण भागवाट सबै चक्र भेदन गर्दै आज्ञाचक्रको देब्रे पट्टिवाट ब्रह्मरन्ध्रमा अन्य नाडीहरूसित भेट गरी दक्षिण नासारन्ध्र मार्गमा प्रवेश गर्दछ । सुषुम्णा नाडीको गति इडा र पिंगलाका वीचमा हुन्छ । ऊ मूलाधारको केन्द्रबाट निस्केर मेरुदण्डको माझवाट सबै चक्र भेदन गर्दै नासिकामाथि ब्रह्मरन्ध्रमा पुग्दछ । ब्रह्मरन्ध्रमा सुषुम्णाको गतिलाई इडा र पिंगलाले रोकेर राख्तछन् । यसप्रकार सुषुम्णाको उद्गमस्थानमा कुण्डलिनीद्वारा र अन्त्यमा इडा र पिंगलाद्वारा अवरूद्ध हुने भएकोले सुषुम्णामा शुद्धवायुको सञ्चार हुन पाउँदैन । सुषुम्णामा शुद्ध वायुको सञ्चार गराउने आसन, प्राणायाम र मुद्राको अभ्यास गर्नु पर्दछ । यी माध्यमको अभ्यासद्वारा हठयोगका साधकले कुण्डलिनी वशमा पारी सुषुम्णामार्गद्वारा कुण्डलिनीलाई सहस्रदल कमलमा पुऱ्याएर त्यसैमा अन्तर्ध्यान गराउँछ[२५] ।

योग साधनाका लागि प्राणायाम अत्यावश्यक प्रक्रिया मानिन्छ । प्राणायामद्वारा नै साधकले शरीरस्थ वायुलाई नियन्त्रण गर्न सक्तछ र चञ्चल मनलाई बाँध्न

---

२४ जनकलाल शर्मा—जोसमनी सन्तपरम्परा र साहित्य, रायल नेपाल एकेडेमी, काठमाण्डू—२०२० वि पृष्ठ ४३–५०

२५ जनकलाल शर्मा—उही पृष्ठ ३३–४३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्थ हुन्छ । प्राणायामका तीन अवस्था हुन्छन् जसलाई पूरक, कुम्भक र रेचक भनिन्छ । पूरकको काम हो सासलितु वा सासलाई खिच्नु । कुम्भकको काम हो सासरोकेर राख्नु र रेचकको काम हो सास बाहिर फ्याँक्नु । तर हठयोगका साधकको सिद्धान्तअनुसार प्राणायामको अर्थ हुन्छ अपानवायुलाई आज्ञाचक्रमा लगेर स्थिर पार्नु र त्यसलाई प्राणवायुमा परिवर्त्तित गर्नु । हामीले प्रसंगवश पहिले नै भनेका थियौं हठयोगको साधना गर्दा कुण्डलिनी जगाएर मूलाधारचक्रदेखि प्रारम्भ गरेर अनेक चक्रको भेदन गर्दै मास्तिर लाग्नु पर्दछ । ती चक्र कमलपुष्पपत्रका आकारका हुन्छन् जसको स्थान मेरु दण्डको मिलन विन्दुमा हुन्छ । चक्र भेदनको गतिको उपमा पानीमा थोप्टचाएको गाग्रोसित दिइन्छ जो तलतिर धकेले पनि पानीमा डुब्दैन । हठयोगको प्रसंगमा आउने अनेक चक्रमध्ये आज्ञाचक्रको विशेष स्थान छ। कारण यसै चक्रले शरीरका दुई प्रमुख भाग पिण्ड र ब्रह्माण्डलाई छुटचाउँछ । अर्थात् आज्ञाचक्र पिण्ड र ब्रह्माण्डको सगम स्थल हो । पिण्ड अर्थात् मनुष्यशरीरका निम्न प्रदेशमा नौं द्वार हुन्छन् र ती हुन्-दुई आँखा, दुई कान, दुई नाक, मुख, पायु अर्थात् गुदामार्ग र जननेन्द्रिय । दशौं द्वार ब्रह्माण्डमा हुन्छ र यसको साँचो आज्ञाचक्रले लिएको हुन्छ । ब्रह्माण्ड तर्फ जान आज्ञा दिने मुख्य पहरेदार भएको हुनाले यसचक्रलाई 'आज्ञाचक्र' भन्ने नामकरण गरिएको हो[२६] ।

ब्रह्मरन्ध्रमा इडा, पिंगला र सुषुम्णा अर्थात् गंगा, जमुना र सरस्वतीको संगमस्थल हुन्छ. जसलाई त्रिवेणी, त्रिकुटी, अथवा भृकुटी पनि भनिन्छ । ब्रह्मरन्ध्र मै अर्थात् तालुमूलमा शून्यगगन अथवा 'नभपुर' छ, जहाँ सहस्त्रदल कमल सहस्त्रदल सहित विकसित हुन्छ । यस कमलको आभा अत्यन्त उज्ज्वल र अवर्णनीय मानिएको छ । हठयोगका साधकहरूले मनुष्यशरीरको अन्तिम भागमा दशम द्वारको कल्पना गरेका छन् । उनीहरूका अनुसार दशमद्वार बन्दराख्नु नितान्त आवश्यक हुन्छ । कारण यसै द्वारबाट आत्मा शरीरको निम्नभाग अर्थात् पिण्डमा ओर्लिन्छ र तलका कुनै चक्रमा आफ्नो स्थान बढाउँछ । यसै द्वारबाट प्रकाश छिरेर तलका बाँकी नवद्वारमा पुग्दछ । यी नै नवद्वारले मनुष्यलाई बाहिरी जगत्का वस्तुसित सम्पर्क गराएर बन्धन र मृत्युको अधीन तुल्याउँछन् यसैकारण भनिन्छ—हठयोगको माध्यम द्वारा मुक्तिलाभ गर्न इच्छा हुने व्यक्तिले आत्मा अर्थात् प्राणवायु अथवा वीर्यशक्तिको यस निम्न प्रवाहलाई रोक्नु नितान्त आवश्यक छ[२७] ।

---

२६ सर जोहन वूडरूफ—दि सर्पेण्ट पावर, गणेश एण्ड को० मद्रास–१७, टेन्थ एडिशन १९७४ ईसवी पृष्ठ—१०३–१८० र, जनकलाल शर्मा—जोसमनी सन्तपम्परा र साहित्य पृष्ठ ३३—५० पनि हेर्नु होस् ।

२७ सरजोहन वूडरूफ—दि सर्पेण्ट पावर—पृष्ठ २५७--३१५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसभन्दा पहिले प्रसंगवश मूलाधारदेखि आज्ञासम्मका षड्चक्र र सहस्रदल कमलको समेत् अनेकबार चर्चा गर्दै आयौं। तर हठयोगका साधकका लागि आर्को पनि एउटा महत्त्वपूर्ण वस्तु छ र त्यो हो– अष्टदल कमल। प्रत्येक मानवका शरीरमा हुने आँखाका जुन चार खण्ड हुन्छन् तिनको जोडलाई अष्टदल कमल भन्ने संज्ञा दिइएको छ। चारखण्ड यसप्रकार छन्:—

१—आखाको उज्ज्वल भाग
२—त्यसकाबीचमा नाच्ने अपेक्षाकृत कमकालो पुतली,
३—पुतलीका बीचको नानी
४—नानीका बीचको सूक्ष्मविन्दु। (यसको उपमा सियाको टुप्पाले पारेको छिद्रसित दिन सकिन्छ।

यसरी दुवै आँखा मिलाएर हिसाब गर्दा जम्मा आठ भए। यसैको नाम अष्टदल कमल हो[२८]।

हठयोगलाई यदाकदा कुण्डलिनी योग, पिपीलकयोग र विहंगम योग पनि भनेको पाइन्छ। कुण्डलिनी योग नामकरणको तात्पर्य यस योगमा कुण्डलिनी जगाउनु नै प्रमुख कारण भएको हुँदा यसलाई कुण्डलिनी योग नामकरण गरिएको हो। पिपीलक योग भन्नाको प्रमुख तात्पर्य यस योगको साधना प्रक्रिया पिपीलक अर्थात् कमिलाको जस्तो पनि हुन जाने हुँदा यसलाई पिपीलक योग भनिएको हो। कमिलो जसरी भुईंबाट विस्तार–विस्तार रूखमा चढी माथि फलसम्म पुग्दछ र फलको मधुर स्वाद लिन्छ। त्यसैगरी हठयोगको साधक कुण्डलिनीदेखि अर्थात् अग्निचक्रदेखि सहस्त्रदलकमलसम्म अनेक चक्रको भेदनगर्दै एक–एक गरी माथि पुग्दछ र परमानन्द पाउँछ। तर योग विरहित भएको योगी पुन: त्यस परमानन्दबाट वञ्चित हुन्छ जसरी कमिलो बृक्षको फेदमा झरेपछि फलको मधुरस्वादबाट बञ्चित हुन्छ। विहंगम योगको अर्थ हो पक्षिको जस्तो योग। पक्षि सदा आकाशमा उड्दछ र रूखमा वास बस्तछ। ऊ धरतीमा कहिल्यै नओर्लिकन पनि आकाशमा नै आनन्दका साथ विचरण गर्न सक्तछ। विहंगमयोगका अनुसार योगीको दृष्टि आँखामा रहेको अष्टदल कमलको सूचीद्वारको बाटो ब्रह्माण्डमा प्रवेश गरेर त्रिवेणीमा मज्जनगर्दै सहस्त्रदल कमलमा विचरण गर्दै माथि चढ्दछ र 'भँवरगुफा' मा प्रवेश गर्दछ। यस गुफामा शब्द गुञ्जायमान रहन्छ। यसमा अनौठो दृश्य र अनौठो सुगन्ध भरपूर रहन्छ। योगका अभ्यास कर्त्तासि जब अनुपम दिव्य दृष्टिलाभ गर्दछ त्यस बेलामात्र यस अनुपम दृश्यलाई हेर्दै अनुपम गन्धको उपयोग गर्न समर्थ

२८ जनकलाल शर्मा जोसमनी सन्तपरम्परा र साहित्य पृष्ठ—५४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । यसै गुफाबाट त्यस प्रदेशको बाटो छ जसलाई योगीहरू 'सत्यराज्य' अथवा 'सत्यलोकधाम' भन्दछन् । यही ईश्वरको वासस्थान हो । सत्यराज्यबाट दृष्टि विजुली-को वेगले त्यस अवर्णनीय लोकतिर दौडन्छ जहाँबाट अमरलोक पुगिन्छ । यही अमरलोक परमानन्दको विचित्र नगर अथवा अद्भुतलोक हो । यसै लोकलाई प्राप्त गर्ने हठयोग-का साधको परमलक्ष्य हो[२९] ।

यसप्रकार हठयोगको प्रक्रिया ज्यादै सरल भएको र यसमा विश्वास हुने जोसुकैले पनि अपनाउन सक्ने हुँदा सबै वर्गका मानिस यस मार्गमा आकृष्ट हुनु स्वाभा-विक हो । त्यसै कारण त हठयोगको प्रचार हाम्रो प्रायः द्वीपमा मात्र प्रचारित नभएर करीब समस्त एशिया महादेशमै फैलिन पुग्यो ।

यति हुँदा हुँदै पनि खास गोरखनाथकै विषयमा ऐतिहासिक सामग्री पाउन दुर्लभ छ । तर गोरखनाथ सम्प्रदायका विषयमा भने केही सामग्री उपलब्धहुने सम्भावना देखिन्छ । सिद्ध चन्दननाथ काशमीरबाट नेपाल आएर जुम्लामा नाथ सम्प्रदायको प्रचार गरेको साक्षी जुम्लास्थित चन्दननाथ मठले दिन्छ । त्यसै प्रकार सिद्ध रतननाथ सित सम्वद्ध मठ दाङ्गको घोराहीको छेउ चौघरामा अवस्थित छ । दाङ्ग–देउखुरी र सल्यान नाथ सम्प्रदायको प्रभावमा थियो भन्ने कुरा काठमाडौंबाट दाङ्ग–सल्यानका महन्त भगवन्तनाथलाई पृथ्वीनारायणशाहले लेखेको पत्रबाट पनि स्पष्ट हुन्छ । पृथ्वीनारायणशाहले आफ्नू पत्रमा—

"स्वस्ति श्रीपरमहंस परिव्राजक सकलचक्रचक्राधीश्वर श्रीमन् महाराजाधिराज श्री श्री श्री श्री श्री श्री मद्भगवन्तनाथ देवेषु सदा समर विजयिषु"

भनी लेखेकाछन्[३०] । त्यसबाहेक पनि दुल्लु–दैलेख, सुर्खेत, पोखरा, गोरखा, काठमाडौं आदि अनेक ठाउँमा नाथ सम्प्रदायसित सम्बद्ध ऐतिहासिक सामग्री प्राप्त हुने सम्भावना छ । वास्तवमा भन्ने हो भने नाथसम्प्रदायका विषयमा नेपालको सामग्रीलाई अधिसारे र अनुसन्धान भएकै छैन र यस विषयमा विद्वद्वर्गको ध्यान जाला भन्ने आशा लिएर आफ्नु मन्तव्य यहीं टुँग्याउन चाहन्छु । अस्तु ।

२९ जनकलाल शर्मा–कुण्डलिनी योग–हाम्रो संस्कृति, संस्कृति विभाग काठमाडौं फागुन सात गते २०२३ साल, पृष्ठ–२७–३१

३० जनकलाल शर्मा–जोसमनी सन्तपरम्परा र साहित्य, रायल नेपाल एकेडेमी, काठमाडौं–२००२ साल, पृष्ठ ४२८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बालगुरु श्रीषडानन्द अधिकारी

–दैवज्ञराज न्यौपाने

१. जन्म र बाल्यकाल

आबालब्रह्मचारी षडानन्द अधिकारीको जन्म वि. सं. १८९२ साल मार्ग शुक्ल पञ्चमीका दिन भएको थियो। शुक्ल यजुर्वेदको माध्यन्दिनीय शाखाध्यायी ब्राह्मण परिवारमा उनी जन्मेका थिए। उनका बाबुको नाम लक्ष्मीनारायण उपाध्याय अधिकारी थियो। लक्ष्मीनारायणको विवाहिता ब्राह्मणी रुक्मिणी देवीका ३ बहिनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरी र ४ भाइ छोरा पछिका ८ औं सन्तानकारूपमा षडानन्द जन्मिएका थिए। तर उनी गर्भैमा हुँदा उनका बाबुको निधन भएकाले षडानन्द गर्भे टुहुरा थिए। नेपालको कोशी अञ्चल भोजपुर दिङ्ला गडीगाउँ भन्ने ठाउँमा उनको जन्म भएको थियो। हाल गडीगाउँ भोजपुर जिल्लाको केउरेनीपानी गाउँ पञ्चायतभित्र पर्दछ।

गर्भे टुहुरा षडानन्द जन्मे पछि उनकी बाल बिधवा दिदीले उनको साल – नाल लिएर घर मास्तिर गडीगाउँको धौराली डाँडामा रहेको पीपलका फेदमा गाडेकी थिइन् रे। पछि गएर षडानन्द महापुरुष बनेकाले आजसम्म पनि दिङ्लाका अधिकारी परिवारमा जन्मेका नवजात शिशुको साल नाल लगेर त्यही पीपलका फेदमा गाड्ने चलन छँदैछ। धेरै समयको अन्तरालले गर्दा त्यो पीपलको रूख भने आजकाल धराशायी भइसकेको छ। पुरानो रूख ढले पछि त्यस ठाउँमा अर्को पीपल लगाएर यो परम्पराको संरक्षण गर्दै गए महापुरुषको सम्झना स्रोत ताजै रहने थियो। यता-तिर पनि कसैले ध्यान देला कि ?

बाला गुरू सानैदेखि तेज बुद्धिका थिए। आफूलाई पढ्न दिएको कुरा राम्ररी बुझेर पढ्ने र त्यसको वास्तविक रहस्य के हो ? बुझ्न खोज्ने बानी उनमा थियो। एकपल्ट सुनेको कुरा नबिर्सने बानीले गर्दा बाल्य कालमा सुनेका पुराण कथा आदिले उनको जीवनमा विशेष परिवर्तन ल्याएको अनुभव हुन्छ। यसैले गर्दा आफूले सुनेका पुराण आदिका कथालाई अरू केटाकेटी जम्मा गरी उनले पनि उस्तै गरी सुनाउने गरेका थिए।

ब्राह्मण कुमारको ८ वर्षको उमेरमा ब्रतबन्ध गरिदिने चलन अनुसार उनको पनि आठै वर्षको उमेरमा उपनयन संस्कार गरिएको थियो। ब्रतबन्धका समयमा सुनेको देशान्तरले बालक षडानन्दका जीवनमा ठूलो परिवर्तन ल्यायो। पुराणमा सुनेका ध्रुव र प्रल्हादको आँट र विश्वास त उनमा छँदै थियो झन् देशान्तर सुन्दा परेको प्रभावले गर्दा उनले जसरी पनि पढ्नुपर्ने रहेछ भन्ने कुरा बुझ्न थाले। त्यतिखेर विद्याध्ययन गर्ने केन्द्र त्यतातिर नभएको र गर्भे टुहुरा षडानन्द-लाई आमा, दाजु र दिदीहरूले विदा नदिएबाट उनले टाढा गएर पढ्ने मौका पाएका थिएनन्। उनलाई भने कसरी पढूँ र जान्ने बनूँ भन्ने सक्‌सकी लागिरहेको थियो। यस्तै समयमा गाउँका केही व्यक्तिहरू तीर्थ यात्राका लागि जनकपुर जाँदै छन् भन्ने सुइको उनले पनि पाए। यही मौका छोपेर आफूले पनि आँट नगरे पछि बित्यास पर्ला भन्ने सोचेर घरका कसैलाई पनि पत्तो नदिईकन उनी पनि तीर्थ यात्रीका पछाडि लागे। त्यतिखेर यातायातका अन्य साधनहरू केही नहुँदा खालि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पैदल हिंडेर जानुपर्दथ्यो । यसरी ८ वर्षका बालक षडानन्द पढ्न भनेर हिंडेका थिए ।

२. विद्याध्ययनको खोजी र सत्संग

घरमा सामान्य अक्षर चिनेका षडानन्दले जनकपुर पुगेपछि त्यहाँका महात्मा र विद्वान्हरूका साथ लागी मिहिनेतसाथ पढ्न थालेका थिए । त्यहाँ उनलाई सिकाउने मान्छेहरूको कमी भएन । केही वर्ष जनकपुरमा अध्ययन गरेपछि झन् झन् उनलाई ज्ञानको भोक बढ्दै गएको हुँदा जनकपुरमा मात्र उनी सीमित रहन सकेनन् । त्यो भन्दा अझै पर पुगेर झन बढी विद्याध्ययन गर्ने लोभले त्यहाँबाट पनि उनी बनारसतिर लागेका थिए । त्यतिखेर यातायातका अन्य साधनहरूको विकास नभइसकेको हुँदा खालि पैदल हिंडेर उनलाई बनारस पुग्न निकै समय लाग्ने भए पनि उनले त्यसको पर्वाह गरेनन् । बाटाका सारा दुर्गमताहरू उनको उत्साहले सुगम बन्दै गएका थिए ।

बनारस पुगेपछि षडानन्दलाई अध्ययन गर्न विशेष सुविधा भयो । विविध धर्म ग्रन्थ र शास्त्रहरूका साथै योगशास्त्रका विषयमा उनको झुकाव गएको थियो । त्यहाँको विद्वत् समाज र कर्मयोगी सन्तहरूका आदर्श चरित्रबाट उनले प्रेरणा पाएका थिए । उनलाई पनि आफू कर्मयोगी बन्नुपर्छ भन्ने कुरामा विश्वास बढ्न थालेको थियो । अब त उनमा विद्या विनय आदि आन्तरिक शीलका साथसाथै यौवनको पूर्णता पनि आइसकेको थियो । विद्याध्ययन पछि गृहस्थ जीवनमा प्रवेश गर्ने हाम्रो प्राचीन परम्परा भए पनि आफूचाहिं आजीवन ब्रह्मचर्यमा बसी आध्यात्मिक उन्नतिका साथै देश र समाजको विकासमा तत्पररहने प्रण उनले गरिसकेका थिए । यसै कारण विद्या र संस्कृतिको धार्मिक नगरी काशीबाट कुनै सन्यास सम्प्रदायका स्वामी नबने पनि आबाल ब्रह्मचारीकै रूपमा हाम्रो हिन्दू संस्कृतिले सँधै पूज्य मानेको उत्तराखण्डको पवित्र भूमि नेपालमा फर्की आए ।

३. साधना र सिद्धि

आबाल ब्रह्मचारीले काशी छोडेपछि नेपाल आएर बागमती नदीकातिरमा तपस्या गरे भनिएको छ । उनले तपस्या गरेको स्थानका बारेमा पूर्णतः किटान गर्न नसकिएता पनि उनले पछि आश्रम बनाएर बसेको र अन्तिम समयमा देह विर्सजित गरेको काठमाडौंको बागमती किनारमा अवस्थित प्रसिद्ध पचली आश्रम नै संभवतः उनले तपस्या गरेको तपस्थली पनि हुन सक्छ । जे होस् उनले बागमतीको किनारमा बसेर ठूलो तपस्या गरेका थिए भन्ने कुराचाहिं साँचो हो । गायत्रीका परंभक्त आबाल ब्रह्मचारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पडानन्दले चौबीसलाख गायत्री मन्त्रको एक पुरश्चरण मानिने अनुष्टान यज्ञका २४ पुरश्चरणहरू सम्पन्न गरेका थिए। उनलाई यो कार्य सम्पन्न गर्न १२ वर्ष भन्दा बढीको समय लागेको थियो। गायत्री मन्त्रजापको तपस्यामा तल्लीन रहँदा प्रायजसो पद्मासन बाँधेर बस्ने पडानन्दको देब्रे गोडो केही सुकेको थियो तापनि उनको गोरो वर्ण, उच्चललाटयुक्त भव्य आकृतिले गर्दा व्यक्तित्वको महिमा घटेको थिएन। अष्टाङ्गयोगका ज्ञाता आबाल ब्रह्मचारीलाई सम्पूर्ण अष्टसिद्धिहरू (अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व) प्राप्त थिए भन्ने गरिन्छ। उनका जीवनमा घटेका अलौकिक क्रियाहरू देख्ता उनलाई साच्चै नै अष्टसिद्धि प्राप्त भएको कुरामा प्रायः सबैले विश्वास गरेका थिए।

४. तीर्थाटन

आबाल ब्रह्मचारी पडानन्दज्यूले काशीको अध्ययन कालमै पनि भारतका केही तीर्थहरूको भ्रमण गरिसकेका थिए। गायत्री उपासना यज्ञका २४ पुरश्चरण यज्ञ गरि सके पछि फेरि यात्रा गर्ने उद्देश्यले उनी निस्किएका थिए। यस क्रममा काशी विश्वनाथ बद्री, केदार, जगन्नाथ, रामेश्वर आदि विविध प्रसिद्ध तीर्थहरूको भ्रमण उनले गरेका थिए। यही भ्रमणको सिलसिलामा विभिन्न शङ्कराचार्यमठहरूदेखि लिएर अन्य प्रसिद्ध साधु सन्तहरूसग पनि उनले भेट्ने मौका पाएका थिए। लामो समय लगाएर गरिएको यस तीर्थाटनपछि उनी बागमती किनारमा रहेको पचली आश्रममा रहन लागेका थिए। त्यतिखेर पचली आश्रमको निकै विकास भएको थियो। तात्कालीन जर्नेल यक्षविक्रम राणा उनका चेला बनेका थिए। यिनैका माध्यमद्वारा तात्कालीन दरवारहरूमा समेत् ब्रह्मचारीको प्रतिष्ठा पुगेको थियो। उनका आश्रममा उपासक र भक्तहरूको भीड लागि रहन्थ्यो। भक्तहरूको जतिसुकै भीड लागे पनि ब्रह्मचारी आफ्नो नित्यकर्मलाई कहिल्यै खण्डित हुन दिदैनथे। दैनिक योगासन र गायत्री उपासनामा तल्लीन रहने ब्रह्मचारीबाट भक्तहरूले ज्यादै थोरै समय पाउने गर्थे। तर त्यही थोरै समय पनि उनीहरूका लागि पर्याप्त बन्ने गरेको थियो। ब्रह्मचारीले दिएका दिव्य सन्देश र सत्ज्ञानको प्रभाव उनीहरूका लागि मार्ग दर्शक बनेर रहेको हुन्थ्यो।

पचली भैरवदेखि दक्षिणतिर बागमतीका किनारमा रहेको ब्रह्मचारी आश्रमका निर्माणकार्यहरू प्रायशः जनरल यक्षविक्रम राणाकै मातहतमा भएका थिए। धेरै कालको अन्तरालपछि आश्रमको राम्रो रेखदेख हुन नसक्ता एवं ब्रह्मचारीज्यूका तत्स्थानीय चेलाहरूको समेत् निधन भई सकेको हुँदा यतिखेर ब्रह्मचारी आश्रमका अवशेषहरू थोरै मात्र रहेका देखिन्छन्। श्री ५ को सरकारका तर्फबाट हुन लागेका अन्य निर्माण कार्यहरूले गर्दा पनि ब्रह्मचारी आश्रमका धेरै भागहरू निर्माण क्षेत्र भित्र परेकाले हाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारी बसेको आश्रमको भवन र सानो मन्दिर मात्र अवशेष रहन गएको छ। यसै क्रम रहने हो भने त्यो पनि अब कतिन्जेल रहला र ? वर्तमानलाई विश्वास गर्न नसके पनि भूतकालीन वैभवहरू लिएर हामी कतिदिन रहने छौं अहिले केही भन्न सकिन्न।

५. आमाको अन्तिम दर्शन र सेवा प्रवेश

पचली आश्रममा बसेर तपस्या गर्दा गर्दै एकदिन ब्रह्मचारीज्यूलाई आफ्नी आमाको अन्तिम अवस्था आइपुगेको कुरा बोध हुन आयो। छोरो भएर जन्मिए पछि मैले मेरी आमाको दर्शन गर्न जानुपर्छ भन्ने सोचेर तत्काल ब्रह्मचारीज्यू आफ्नो जन्मस्थान भोजपुर दिङला जान तत्पर भए। ८ वर्षको उमेरमा घर छोडेर हिंडेका ब्रह्मचारी घर छोडेको ३१ वर्ष पछि आफ्नो ३९ वर्षको उमेरमा वि. सं. १९३१ सालको कार्तिक महिनामा फेरि दिङला फर्किएर आएका थिए। धेरै समय पछि आफ्नो छोरो फर्किएर आएकोमा आमाले सन्तोष व्यक्त गरेपनि उनी घर पुगेको तेस्रो दिनका दिन उनकी आमा रूक्मिणीदेवीको देहान्त भएको थियो। आफ्नो मृत्यु हुनुभन्दा अगाडि रूक्मिणीदेवीले छोरालाई संझाउंदै भनेकी थिइन् 'तिमी गृहस्थ नबनी आबाल ब्रह्मचारी योगी बनेर रहे पनि यो जन्मभूमिको उद्धारको लागि यही बसेर देश सेवा गर्ने छौ।' आमाको यो अन्तिम वचनलाई षडानन्दले स्वीकार गरेका थिए। यसै कारण आमाको देहान्तपछि उनको दशाहादि क्रिया गरेर वरखीबारी आबाल ब्रह्मचारी पनि अब देखि दिङलामा नै रहने भए। उनको अध्यातमयोग अब कर्मयोगका रूपमा पनि विकसित बन्दै जाने भयो।

आमाकै इच्छाअनुसार बसेका षडानन्दले सबैसंग सल्लाह गरी यस ठाउँमा शिक्षा र संस्कृतिको ज्योति छर्ने निश्चय गरेकाले दिङ्ला भञ्ज्याङ भन्दा केही नजिकको कैलास डाढाँमा नर्वदेश्वर महादेवको स्थापना गरी मन्दिर बनाएर वि. सं. १९३२ सालको चैत्र शुक्ल नवमी (रामनवमी) का दिन एउटा संस्कृत पाठशालाको स्थापना गरेका थिए। यो विद्यालय हाम्रो राष्ट्रमा खुलेका विद्यालयहरू मध्ये श्री ३ महाराज जङ्गवहादुर राणाका दरबारमा खुलेको दरवार स्कूल भन्दा पछिको जनस्तरमा खुलेको पहिलो संस्कृत विद्यालय थियो। यसमा वेद, व्याकरण, साहित्य, कर्मकाण्ड र ज्योतिष जस्ता विषयहरूको पढाइ हुन्थ्यो। अधिराज्यको शैक्षिक इतिहासमा यो विद्यालयको ठूलो भूमिका रहेको छ। हाल यो विद्यालय षडानन्द संस्कृत माध्यमिक विद्यालयका रूपमा रहेको छ।

विद्यालय खोले पछित्यसमा पढ्ने विद्यार्थी र पढाउने शिक्षकको पनि आवश्यकता थियो। पढ्ने विद्यार्थीहरूको संख्या दिन प्रतिदिन बढ्दै गएकाले योग्य शिक्षकको आवश्यकता बढ्दै गएको बेला ब्रह्मचारी आफैले पनि पढाउने गरेका थिए। आबाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारी भएका नाताले उनलाई बाल ब्रह्मचारी समेत् भन्ने चलन त छँदै थियो अब पढाउन पनि थाल्दा उनलाई बालगुरू र बालागुरू समेत् भन्न थालियो। यसरी उनका शिष्य प्रशिष्यहरूको परम्परा चल्दा उनी आबाल ब्रह्मचारी भन्दा बढी बालागुरू नामले त्यो भेगतिर चिनिन थाल्ने भए। पछि पछि गएर त उनी गुरू महाराज र बालागुरू यिनै नामबाट बढी प्रचलित हुन थालेका थिए।

यो विद्यालयको यश फैलिदै जांदा पूर्वी नेपालका मात्र नभएर नेपाल अधिराज्यका प्राय सबै क्षेत्रबाट र भारतको आसाम, सिक्किम, दार्जिलिङ्ग तथा भुटान राष्ट्रका विद्यार्थीहरू समेत् यहाँ आएर विद्याध्ययन गर्ने गर्थे।

आबाल ब्रह्मचारीले अध्ययनन गर्दा शुरूका दिनहरूमा जनकपुर रहेका र अध्ययन पछिको साधना कालमा काठमाडौंमा रहेकाले जनकपुर र काठमाडौंका सांस्कृतिक गतिविधिबाट उनी बढी प्रभावित भएका थिए। सोही अनुरुप दिङललाई पनि शिक्षा र संस्कृतिको केन्द्र बनाउने उद्देश्यले दिङलामा शिक्षा विकासका साथसाथै सांस्कृतिक पुनर्जागरणको लहर पनि चलाएका थिए। विद्यालयको उन्नति हुँदै जांदा कैलास डाँडामा रहेको विद्यालय क्षेत्र सानो भएको महसूस गरी कैलास भन्दा दक्षिणतिर रहेको विशाल क्षेत्रमा सार्ने उद्देश्यले त्यो ठाउँमा विद्यालयका लागि आवश्यक भवनहरू बन्दै गए। विद्यालय क्षेत्रभित्रै सीतारामको र षडेश्वर शिवजीको विशाल मन्दिर त्यस भन्दा केही परको ठाउँमा राधाकृष्णको मन्दिर र अन्य पाटी पौंवाहरू पनि त्यहाँ तयार गरिएका थिए। यसरी सबै प्रकारको चाँजो मिलाई देवताहरूको प्राण प्रतिष्ठा गर्ने काम र विद्यालय सार्ने काम वि. सं. १९५६ सालको फागुन महिनामा सम्पन्न भएको थियो।

बालागुरु आफ्नो घरमा नबसी विद्यालयकै छेउमा आश्रम बनाएर बस्ने गर्दथे। विद्यालय हाताभित्र बस्न अप्ठारो पर्दा पछि गएर दिङला भञ्ज्याङमा रहेको विशाल पाटीमा बस्ने गरेका थिए। विद्यालय र देवालयहरूको निर्माणको अतिरिक्त पनि गौरीकुण्ड नाउँको विशाल पोखरी, हनुमानकुण्ड नामको अर्को अलिक सानो पोखरी, सीताकुण्ड नामको जलासय (कुवा) रामधारो र लक्ष्मण धारो नाम गरेका धाराहरू, विशाल गिर्दा भएको बगैंचा आदिको निर्माण पनि त्यहाँ गरिएको थियो।

विद्यालयभित्र पनि वेदभवन पुस्तकालय भवन, पुराण र अन्य यज्ञ यज्ञादिका लागिको मण्डप, माल सामान राख्ने जगेडा कोठो, विद्यालय, छात्रावास, धर्मशाला आदि सबै कुराहरूको त्यहाँ व्यवस्था मिलाइएको थियो। यी मन्दिर र भवन-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरू बनाउन उनले काठमाडौंबाट दक्ष कर्मीहरू झिकाएका थिए। विशाल बगैंचा लाई ठूलो पक्की पर्खालले घेरी त्यसभित्र अनेक फलफूल र धार्मिक वनस्पतिहरू लगाइएका थिए। विद्यालयको वरिपरि जगेडाको विशाल वन थियो। त्यसभित्र विभिन्न वनस्पति र रुद्राक्षको घनाजङ्गल थियो।

विद्यालय सञ्चालन गर्न र देव पूजनका निम्ति गुठीको व्यवस्था गरिएको थियो। सीताराम गुठीका नामले प्रख्यात रहेको उक्त गुठीमा ५।६ सय मुरीसम्म आयस्था आउने खेत पाखोबारी वनजङ्गल र पर्ती जग्गा समेत् प्रसस्तै जग्गा जोडिएको थियो। उक्त जग्गाको आयस्थाबाट विद्यालय र देवालयमा काम गर्ने शिक्षक – कर्मचारी, पूजा गर्ने पुजाहारी, पुराण भन्ने पण्डित, विद्यालयको रेखदेख गर्ने र परीक्षा सञ्चालन गर्ने पण्डित, बाजा बजाउने नगर्ची, छात्रवृत्ति पाउने विद्यार्थी, सरसफाई गर्ने झाडू, बगैंचाको रेखदेख गर्ने माली आदि सबैलाई जिन्सी पारिश्रमिकको रूपमा खाद्यान्न धान दिने व्यवस्था थियो।

यस प्रकारको प्रबन्धका लागि उनले अनेकदाता महानुभावहरूबाट गुठीका लागि जग्गा-जमीन र अन्य आर्थिक सहयोग लिने गरेका थिए। उठेको रकमबाट पनि गुठीको लागि उनी जमीन नै किन्ने गर्थे। गुठीको व्यवस्था गरी त्यसको आयस्थाबाट विविध कार्य सञ्चालन गर्नका लागि कार्यक्रम र त्यसको फाँटबारी तोकिएका शिलापत्र, ताम्रपत्र र अन्य धर्म पत्रहरू अद्यापि सुरक्षित रहेका छन्।

उनले बाला चतुर्दशीका दिन मेला लगाउने मन्दिर वरिपरि सतबीज (सद्‌बी) छर्ने, राम नवमी र अन्य धार्मिक तिथि पर्वहरूमा मेला लगाउने विधि पूर्वकका धार्मिक अनुष्ठानहरू गर्ने, पुराण कथा वाचन गर्ने, चतुर्मासाभरी चतुर्मास पुराण र अन्य तिथि पर्वमा सम्बन्धित तिथि पर्व सम्बन्धी महात्म्यहरू भन्ने, ब्रा पूजा, दान-धर्म, यज्ञ यज्ञादिहरू गर्ने परम्पराको विकास गराएका थिए।

६. काठमाडौंको अन्तिम यात्रा र देह विसर्जन

गुठी राख्न पाउने प्रमाणित स्वीकृति लिन वि. सं. १९५९ मा पनि काठ माडौं आई सरकारी स्वीकृति लिएर गएका बालागुरुले गुठीको राम्रो व्यवस्थ गरिसके पछि त्यसलाई सरकारी संरक्षकत्व प्रदान गराउनका लागि वि. सं. १९७ सालमा पुन काठमाडौं आएका थिए। आफ्नो प्रसिद्ध पचली आश्रममा बसी व्यवस्थ मिलाउँदा मिलाउँदै वि. सं. १९७३ सालको श्रेष्ठ शुक्ल त्रयोदशीका दि ८१ वर्षको उमेरमा उनको देहान्त भएको थियो। उनको अन्तिम संस्कार प

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौंमै गरिएको थियो। उनको मृत्युपछि सरकारी व्यवस्थाअनुसार उनको आर्थिक संपत्ति उनका भतिजाहरूलाई बोलाई जिम्मा लगाइएको थियो। उनको भौतिक संपत्तिमध्ये पचली आश्रमका केही अवशेषहरू आजसम्म पनि देखिदै छन्। उनले लगाएको रूद्राक्षको मुकुट माला र अन्य सामाग्रीहरू भने आजकाल पचलीआश्रमबाट गायब भएका छन्। उनले स्थापना गरेको दिङलाको गुठी, विद्यालय, मन्दिर आदिको अस्तित्व र शिक्षा विकासको ज्योति भने आज पनि प्रकाश छर्दै बालागुरूको यशोगान गर्न अग्रसर रहेको देखिन्छ।

७. सामाजिक सुधारका अन्य पक्षहरू

शिक्षा संस्कृतिको विकासका साथसाथै समाजसुधारका अन्य कर्महरू पनि बालागुरूले प्रसस्तै गरेका थिए। बढ्दै गएको समाजमा पर्न आउने आर्थिक भारलाई देखेर १०८ बटुहरू जम्मागरी तिनीहरूको सामूहिक व्रतबन्ध उनले गराएका थिए। यसरी सामूहिक व्रतबन्ध प्रथाको आरम्भ भयो भने विवाह आदि कर्ममा कर्म राम्रो हुनु पर्छ, अनावश्यक ढर्राकारूपमा बढी खर्च गर्न हुन्न भन्ने उनको धारणा थियो। त्यस्तै अनेक चाड-पर्व र अन्य व्यवहारमा चल्दै आएका नराम्रा कुरालाई हटाउन उनले निक्कै प्रयास गरेका थिए। त्यतिखेर-सम्म धारो कुवा आदि पानीपधेरामामात्र तुलसी रोप्ने चलन चल्दै आएकोमा घरकै नजीक आगन फूलबारी आदिमा मठ बनाई तुलसी रोप्ने चलन यिनैले चलाएका थिए। सप्ताह पुराण आदि लगाउँदा आवश्यकता र औकात हेरी बाहिर मात्र नभई घरदलान आदिमै पनि मण्डप बनाई प्रयोग गर्न सकिन्छ भन्ने जस्ता चालचलन र रीति रिवाजका कुराकानीदेखि लिएर र ब्राह्मण क्षेत्री समाजका अतिरिक्त पनि राई, लिम्बू, गुरूङ, मगर, तामाङ आदि विभिन्न जात र वर्गका व्यक्तिहरूमा पनि शिक्षाको विकास हुनुपर्दछ भन्ने उनको धारणा रहेको पाइन्छ।

उनी आफू पनि श्रद्धालु भक्तहरूका अनुरोधमा टाढाटाढासम्म गई पुराण वाचन र अन्य धार्मिक क्रियाकलापहरूमा सरिक हुने गर्दथे। प्रवासी नेपालीहरूका आग्रहमा भारत आसामको सिलाङसम्म गई गई चतुर्मास भरी पुराण भन्नुका साथै अन्य धार्मिक क्रियाकलापहरूमा महत्वपूर्ण सुझावहरू दिई उनले प्रवासी नेपाली समाजलाई बाटो देखाउन प्रयत्न गरेका थिए। यसरी आफूले कमाइ गरेको र दान दातव्यमा आएको संपूर्ण संपत्ति उनले आफूले स्थापना गरेको विद्यालयको विकासका लागि लगाउने गरेका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. सिद्धि प्राप्तित्वका केही प्रसङ्गहरू

वालागुरू षडानन्दका विषयमा चर्चा गर्दा उनी सिद्ध महापुरुष भएका अनेक किम्वदन्तीहरू सुन्न पाईन्छ। गायत्रीका परं उपासक योग निष्ठ ब्रह्मचारीज्यूमा सबै अष्टसिद्धिहरू प्राप्त थिए भन्ने कुरामा धेरैको विश्वास रहेको पाइन्छ। उदाहरणका लागि दिइने प्रसङ्गहरूमा निम्न लेखिएका केही उदाहरणहरू यहाँ पनि समावेश गरिएका छन्। जस्तैः– जब बालागुरूले १०८ बटुहरूको सामूहिक व्रतवन्ध गराउन थालेका थिए। त्यतिबेर वर्षायाम शुरू हुन थालेकाले चारैतिर कालो मैलो भएर आँधी बेहरी आयो र वर्षा हुन थाल्यो। यस्तो स्थितिमा विशाल समूहको व्रतबन्ध यज्ञ र भोजन आदि व्यवस्थामा बाधा पर्ने देखेर सबैले हाहाकार गर्न लागेको बेला बालागुरूले सबैलाई शान्त रहन आह्वान गर्दै भनेका थिए रे "तपाईहरू कोही पनि नआत्तिनु होस् सबैतिर हुरी र वर्षा भए पनि यहाँ केही हुँदैन।" नभन्दै चारैतिर वर्षा भयो, हुरी चल्यो, रूखहरू ढले, बाढी आयो तर गुरू महाराजले आयोजना गरेको यज्ञस्थलको एरियामा केही भएन। यो अद्भूत लीला देखेर त्यतिखेर चकित नहुने कोही भएन। यत्तिमात्र होइन उनी खराउ लगाएर पानी माथि माथि हिंडेर अरूण तर्थे। रूमाल ओछयाएर त्यसमाथि पद्मासन बाँधेर बसी बसी अरूण तर्थे। सामान्य रूपमा नदेखेका र नसुनेका टाढा टाढाका कुराहरू पनि उनी यथार्थ रूपमा बताउन सक्थे।

एक दिनको कुरा हो उनी पुराण भन्दै थिए। एकाएक उनका शरीरमा पसीना देखिन थाले छन्। त्यतिखेर उनले काँधमा राखेको रूमाल पनि पानीले पुरै बिजेको देखिए छ र उनले पढ्दै गरेको पत्र पनि भिजेको देखिएछ। त्यतिखेर ब्रह्मचारीले पुराण भन्दा भन्दै टक्क अडेर राम राम भन्दै पुराणको पत्र खटियामा राखेर भने छन्। "समुन्द्रमा जहाज डुब्यो, धेरै धन जनको नोक्सान भयो।" त्यतिखेर बालागुरूका कुरा सुनेर सारा श्रोतागण आश्चर्य चकित भए छन्। पछि थाहा भयो उनले भनेकै दिन ठीक उही समयमा बंगालको खाडीमा जहाज डुबी धेरै धन जनको नोक्सानी भएको रहेछ।

यस्तै अर्को घटना–एक दिन बालागुरू आफ्नो पचली आश्रममा प्रातः कृत्य सकेर उठ्तै थिए त्यतिखेर उनैकहाँ एकजना योगी आइपुगेछन्। योगीलाई देख्ने साथ उनी ज्यादै गद्‌गद् भएछन् र भने छन् "म यहाँलाई के चढाऊ?" ब्रह्मचारीका कुरा सुनेर योगीले भने "तिमीले पूजागरिरहेका शालिग्राम अब मलाई देऊ" ब्रह्मचारीले त्यतिखेरै आफूले पूजा गरिरहेका शालिग्राम ल्याएर योगीलाई अर्पण गरेपछि योगी विदा भएर गए छन्। यत्रा ब्रह्मचारीले पनि यस्तो आदर गरिने यी योगी को रहेछन् भनेर अरू व्यक्तिहरूले योगीको खोजी गर्दा फेरि योगी भेटिएन छन्। ब्रह्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चारीको भने यसको केही दिन पछि नै मृत्यु भएको देख्ता सबैले आश्चर्य प्रकट गरेछन् ।

ब्रह्मचारीज्यू थोरै सामानबाट पनि धेरै जनालाई पर्याप्त भोजन गराउन सक्थे । उनले छोए पछि अभाव रहँदैनथ्यो । जुनसुकै रोगका विरामी आए पनि उनले दिएका औषधिले निको हुन्थ्यो । कसैको कुनै धनमाल चोरी भएकोमा उनलाई आइ निवेदन गर्दा फलानाले यसरी झिकी फलानु ठाउँमा लगेर यसरी राखेकोछ भनि-दिन्थे । जो सुकै व्यक्ति पनि उनीकहाँ आउँदा उसले नभनीकनै तिम्रो यो काम यस्तो हो र यसको नतिजा यस्तो हुन्छ भन्ने गर्थे ।

आमाको देहान्त हुने समय यही हो भनी दर्शनका लागि घर जानु । आफ्ना भक्त र शिष्यहरूलाई तिमीलाई यस्तो हुनेछ, तिमी यो बन्ने छौ भन्नु र यो विषयका विद्वान् बन्ने छौ भन्ने जस्ता वरदान दिनासाथ उसले त्यो विषयमाथि दक्षता प्राप्त गर्नु जस्ता कुराले उनी सच्चा सिद्ध महापुरूष भएको प्रमाण मिल्दछ । भनिन्छ विद्यालय निर्माणका अनेक प्रसङ्गहरूमा जब जब पैसाको अभाव हुन्थ्यो त्यतिखेर उनी मन्दिरभित्र पसी पैसा लिएर आउँथे । आफू आफ्नै आश्रममा रहेका वेला पैसाको आवश्यकता गायत्री माताको ध्यान गरेर आफ्नो सिरान मन्तिरबाट पैसा झिक्ने गर्थे । यस्ता अनेक घटनाहरू उनका जीवनसँग सम्बधित भएको सुन्दा उनलाई सिद्ध महापुरूष नभनी रहन सकिदैन ।

आज बालागुरू हाम्रो समाजबाट विदा भइसकेको पनि धेरै समय भइ-सकेको छ । उनका ज्ञानयोग र कर्मयोगका महिमाहरू हाम्रो सामाजिक जीवनका धरातलभित्र सँधै जीवन्त बनेर रहेकाछन् । जहाँसम्म मैले बुझेको छु मेरो दृष्टिमा नेपालका कर्मयोगी सन्तहरू मध्ये बालागुरू (आबाल ब्रह्मचारी षडानन्द अधिकारी) र र बालयोगी (स्वर्गद्वारी महाप्रभु) बराबर अर्को कोही हुन सकेन । साधु सन्तकै कुरा गर्ने हो नेपालमा प्रसस्तै सन्तहरू जन्मेकाछन् । कतिपय सन्तहरूको जन्मभूमि, तपोभूमि र कर्मभूमि बन्ने सौभाग्य पनि यो राष्ट्रले पाएको छ । आधुनिक नेपालका सन्दर्भमा भन्न खोज्दा बालगुरू षडानन्द र बालयोगी स्वर्गद्वारी महाप्रभुका कर्म योगका अगाडि अन्य सन्तहरूको योग साधना केही फिका भएको अनुभव हुन्छ । बालागुरू र बाल योगीका कर्मयोगकै जस्तो कर्म योगमा विश्वास गर्ने गोपाल ब्रह्मचारीलाई केहीहद-सम्म मैले उनीहरू संग तुलना गरिने व्यक्तिको रूपमा पाएको छु । विशेष अनुसन्धानका अभावमा गोपाल ब्रह्मचारीका बारेमा हाल म केही भन्न सक्तिन ।

बालागुरू षडानन्दकै बारेमा पनि विशेष अनुसन्धान हुनु आवश्यक छ । संस्कृत विश्वविद्यालयको गठन हुन लागेको यस सन्दर्भमा भविष्यमा गएर उनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धमा विशेष अध्ययन नभई रहला भन्न सकिन्न। संस्कृत विश्वविद्यालयको गठन हुनु भन्दा पहिले नै पनि हाम्रो त्रिभुवन विश्व विद्यालयले समाजमा शिक्षाको प्रथम प्रकाश छर्ने बालागुरू आबाल ब्रह्मचारी षडानन्द अधिकारीका बारेमा अनुसन्धान गराउंदै जानु पर्ने हो। काम ढिलो हुनाको कारण शायद कसैको दृष्टि यतातिर नपर्नाले हो कि ! अझ पनि उनकाबारेमा अनुसन्धान हुन सकेन भने उनका सम्बन्धमा देखिन आउने यस प्रकारका भ्रमहरूको निवारण कहाँबाट हुन सक्छ ? म विद्वत् समाजमा प्रश्न राख्न चाहन्छु।

१. षडानन्दले कैलाश डाँडामा स्थापना गरेका नर्वदेश्वर महादेवका सम्बन्धमा केही विद्वानहरू भन्ने गर्छन् – बालागुरूका सानै उमेरमा मरेका माहिला दाजुको नाम नर्वदानन्द भएकाले उनकै संझनामा स्थापना गरेका हुन् भने अर्का थरी विद्वानहरूको भनाइ छ "उनकी बाल विधवा दिदीको नाम पो नर्बदा हो त। बाल्यकालमा हेरचाह गर्ने र माइतैमा आफ्नो जीवन बिताउने यिनै दिदीको नाममा उनले नर्वदेश्वरको स्थापना गरेका हुन्। यस प्रकारका विवादको समाधान कसरी हुने ?

२. केही विद्वानहरू जगत्‌गुरू शङ्कराचार्यले स्थापना गरेको ज्योतिर्मठका तर्फबाट आबाल ब्रह्मचारी षडानन्दलाई 'श्री १०८ गुरू महाराज' भन्ने उपाधि प्राप्त भएको थियो भन्छन् भने केही विद्वानहरू उनलाई बालागुरू भन्दा भन्दै गुरू महाराज भन्न थालिएको हो भन्ने गर्छन्, यसको समाधान कसरी हुने ?

३. केही विद्वानहरूका मतमा हिन्दूधर्मका साथसाथै इसाई र इस्लाम धर्मको पनि यिनले अध्ययन गरेका थिए भन्ने छ भने केही विद्वानहरू उनलाई केवल हिन्दू धर्मका ज्ञाता मात्र मान्दछन्, यसको समाधान कसरी हुने ?

४. केही विद्वानहरू श्री ३ महाराज जङ्गबहादुर राणा आफै पचली घाट गई आश्रम बनाउन लगाएका हुन्, उनका भाइ कमाण्डर इन चिफ बमबहादुर राणा षडानन्दका भक्त थिए भन्दछन् भने केही विद्वानहरू जर्नेल यक्षविक्रम राणा ब्रह्मचारीका चेला भएकाले उनैमार्फत सबै काम भएका हुन् भन्ने गर्छन, यसको समाधान कसरी हुने ?

५. केही विद्वानहरू बालागुरू सिद्ध साधक हुन् परन्तु त्यत्रो विद्वान भने होइनन् भन्ने गर्छन् भने केही विद्वानहरू उनलाई सुन्दर लिपि लेख्ने ठूला विद्वान र शास्त्र मर्मज्ञ पनि भएको मान्ने गर्छन्, यसको समाधान कसरी हुने ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. मैले भेटेसम्म आवाल ब्रह्मचारीका बारेमा लेखिएका पं. नन्दिकेश्वर अधिकारी, खरिदार यज्ञनिधि चापागाई, हेमराम शर्मा अधिकारीका पुस्तकहरू र महानन्द सापकोटा, महेन्द्रमाला कक्षा ८, कविराज नरपति पोखरेल, छविलाल पोखरेल विश्व चापागाईका लेखहरू र प्रभुनाथ अधिकारीका कविता पढेको छु। परन्तु यी पुस्तक र लेख कविताले बालागुरुका सम्बन्धमा पूर्ण जानकारी दिन सके जस्तो मलाई लागेन। त्यस्तै यो मेरो छोटो लेखले पनि पूर्ण जानकारी दिन सक्ने छैन भन्ने सत्यलाई मैले स्वीकार गरेको छु। यमभन्दा पर पं. हरिहर चापागाई पं. दुर्गाप्रसाद लंसाल, र ज्ञानमणि नेपालले पनि ब्रह्मचारीका विषयमा केही लेख्नु भएको कुरा सुनेको छु। प्रकाशनका अभावमा तिनीहरूलाई पढ्न नपाएको र वर्तमान परिप्रेक्ष्यमा ज्ञानराज सुवेदी, दुर्गाप्रसाद अधिकारी र पं. भोग्यप्रसाद भण्डारी पनि बालागुरुका विषयमा केही खोज मेल गर्दै हुनुहुन्छ भन्ने सुनेको छु। उहाँहरूलाई पनि गहन अनुसन्धानका अभावमा धुप्रै समस्याहरू परेका होलान्, तिनीहरूको समाधान कसरी हुने ?

७. बालागुरुका सम्बन्धमा देखापर्ने यस्ता अनेक समस्याहरूको समाधानका लागि अनुसन्धानविना ठोस प्रमाणका अभावमा कसको भनाइ मान्ने ?

आज उनका विषयमा जान्न चाहने सबै जिज्ञासुलाई अप्ठेरो हुन थालेकोछ। अतः उनका विषयमा गहन अध्ययन हुनु नितान्त आवश्यक देखिन्छ।

यसरी हाम्रो राष्ट्रका एउटा सिद्ध कर्मयोगी महापुरुषको इहलीला समाप्त भएता पनि उनले गरेका सत्कार्यको फल भविष्यका सन्तान दरसन्तानहरूले उपभोग गर्दै रहनेछन्। उनको कीर्ति कथा अमर भएर रहनेछ। आज पनि यो राष्ट्रका लागि बालागुरु जस्तै कर्मयोगीहरूको खाँचो छ। उनका पवित्र आत्माले हाम्रो राष्ट्र निर्माणका लागि सँधै प्रेरणा देओस्। हामी ईश्वरसंग यही प्रार्थना गर्दछौं। अस्तु।

प्रस्तुत लेख तयार गर्दाका आधारहरू:–

१) प्रस्तुत लेखमा उल्लेख गरिएका लेखकहरूका प्रकाशित पुस्तकहरू 'सदाचार ज्ञानादर्शकम्', 'आबाल ब्रह्मचारी जीवन चरित्रम्', आबाल ब्रह्मचारी षडानन्द अधिकारीको जीवन कथा' र अन्य प्रकाशित लेखहरू।

२) भोजपुर दिङला र काठमाडौं पचली आदिका अन्य सान्दर्भिक स्रोतहरू।

३) आफूले जाने सुनेका र सम्बन्धित व्यक्ति विशेषसंग सोध खोज गर्दा पाइएका सान्दर्भिक प्रमाणहरू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोज

सन्त शशिधर र वीरशाली पन्त

–शरद्चन्द्र शर्मा भट्टराई

समय अत्यन्त बलवान् तत्त्व हो। यसले कुनै बेला कसैलाई प्रसिद्धिको धूरीमा चढाउंछ भने यसैले कुनै बेला उसैलाई बिस्मृतिको तुंवालो खडा गरेर ओझेलमा पार्न खोज्दछ, अनि फेरि यसैले नामशेष व्यक्तिवारे पुनः सोध-खोज गर्न लगाएर पुनर्स्थापित पनि गराइदिन्छ। यो कुरा आफ्नो समयमा आफ्ना विशिष्टताका निम्ति जत्ति नै प्रख्यात भए पनि समयको अन्तराल शशिधर र वीरशाली जस्ता स्वनामधन्य व्यक्तिहरूलाई पनि झण्डै झण्डै विर्सन सकिने स्थितिमा पुऱ्याएर हाल फेरि उनीहरूका बारे सोधखोजको लहर चलाएर उनीहरूलाई अतीतको गर्भबाट वर्तमानमा पुनर्जीवित गराउन खोजिरहेको चेष्टा दृष्टान्तबाट पनि स्पष्ट हुन्छ।

धार्मिक क्षेत्रमा जोसमनी मतको आदि प्रवर्तक मानिएका शशिधर स्वामी र हरिभक्तको रूपमा चिनिने वैष्णव सन्त वीरशाली पन्त नेपाली भाषा साहित्यका पनि ठूला उपासक थिए भन्ने कुराले उनीहरूको महत्त्व झन बढ्न गएको हो। अधिका कुरा विर्सिए पनि उनीहरूका वारेमा माध्यमिक कालमै पनि धेरथोर चर्चा भएकै रहेछ भन्ने कुराको पुष्टि वीरशाली पन्तवारे कृष्णचन्द्र अर्ज्याल र बैजनाथ सेढाईंको 'गोरखा शिक्षा' (१९७४) मा[१] र शशिधर स्वामीबारे रूक्मागद पन्थीको 'श्रृङ्गय महात्म्य' (१९८४) तथा टीकाराम धनञ्जयको 'भास्वतीको टीका' (१९८८) मा गरिएका चर्चाबाट[२] पनि स्पष्ट हुन्छ। तर विगतमा छापिएका अथवा

१– प्रो.·पं. वीरेन्द्रकेसरी अर्यालले पं. वीरशाली पन्त कृत श्री कृष्णचरित्र (भक्तिरस भण्डार) गोरखा एजेन्सी – ग्रन्थमाला अन्तर्गत प्रकाशित गर्न लेखकलाई दि[ने] भनी अभिवचन दी–शक्नु भएको छ कालक्रमानुसार ग्रन्थमालामा प्रकाशित भ[ए] जो-शक्तो समाजको सेवा गर्नें छन् भन्ने बारे दिइएको जानकारी।

२– सन्त शशिधरको वाणोपनिषद् पृष्ठ २६, २७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिएका कुरातर्फ हाम्रो दृष्टि पुग्न नसकेर होला शशिधर एवं वीरशालीबारे सामान्य कुरा पनि अज्ञात हुन गए। परिणामस्वरूप हाम्रो युगमा बाबुराम आचार्यले सुब्बा वीरेन्द्रकेशरी अर्ज्यालबाट प्राप्त जानकारीकै आधारमा 'पुराना कवि र कविता' (२००३) मा वीरशाली पन्तबारे गरेको सानो चर्चा पनि नौलो जस्तो हुन गयो। यस्तै सूर्यविक्रम ज्ञवालीले 'वीरशाली पन्तलाई वैष्णव साधु थिए र उनी वृन्दावनतिर बस्तथे' भनी चिनाएको कुरा पनि हाम्रा लागि थप सूचनाप्रद कुरा भयो।

खोजीको क्रमलाई अगाडि बढाउने सिलसिलामा वीरशाली पन्त र उनको नयाँ प्राप्त रचना 'विमलबोधानुभव' बारे नयाँ सूचना थप्ने काम अन्वेषक बालकृष्ण पोखरेलबाट 'नेपाली भाषा र साहित्य' (२०२१) मार्फत् भयो। 'सन्त शशिधरको बाणोपनिषद्' (रचना वा प्रतिलिपि समय १८८९ साल, प्रकाशन साल २०३३) को परिचय दिने क्रममा डा. टीकाराम पन्थी र शशि पन्थीले दधिराम मरासिनी (१९३९ २०४०, शशिधरका माहिला भाइ प्रेमनारायणका पनाति) ले वीरशाली पन्तको एउटा श्लोकबद्ध रचना (पाण्डुलिपि) को अन्त्यमा जनाएको कुराको आधार लिएर वीरशाली पन्तलाई शशिधरको कर्म निरपेक्षतताट प्रभावित भएर उनको जूठो खाएको र चेला बनेको कुरा लेखेका छन्। वीरशाली पन्तको जीवनीपक्षबारे अन्वेषणका नयाँ उन्मेष थप्ने काम काजी रोशनको 'मानसरोवरमा डुबुल्की मार्दा (२०३५) भित्रको 'वीरशाली पन्त' शीर्षक लेखले गरेको छ भने राजाम सुवेदीको 'पं. वीरशाली पन्तको जीवनीमा नयाँ प्रकाश' शीर्षक लेख ('प्रज्ञा' – ४५, २०४०) ले वीरशाली पन्त १९९६ सालसम्म बागलुङमै थिए भन्ने नयाँ साक्ष्य प्रस्तुत गरेको छ।

स्वामी शशिधरबारे केही प्रकाश पार्नेमा नारायणप्रसाद श्रेष्ठको नाम पनि उल्लेख्य बन्दछ। 'कल्याण' को सन्ताङ्क (खण्ड २ वर्ष १२) मा प्रकाशित लेखको उद्देश्य अभयानन्द प्रथम (रणवीरसिंह थापा) को जीवनी दर्शाउनु रहेको भए पनि त्यसमा उनका दीक्षागुरु शशिधरबारे पनि प्रसङ्गले प्रकाश पारेको छ। यस्तै शमशेरबहादुर थापाको 'रणवीरसिंह थापा' (२०२३) मा शशिधर स्वामीले समय समयमा रणवीर थापा कहाँ आउजाउ गरेको र जोगीको संगतले भाइ बिग्रन थालेको हुँदा भीमसेन थापाले सं. १८८३ को अन्त्यतिर शशिधरलाई उपत्यकाबाट बाहिर पूर्वतिर निकालेको कुरा सोही लेखको हवाला दिएर लेखिएको छ।

स्वामी शशिधर र उनको जोसमनी मार्गका अनुयायीहरूबारे विशेष सोध खोज गरी निर्माण गरिएको जनकलाल शर्माको 'जोसमनी सन्त परम्परा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र साहित्य' (२०२०) शीर्षकको बृहद् ग्रन्थमा त्यस वेलासम्म लेखकले पाएका सामग्री समावेश गर्ने चेष्टा भएको छ। जोसमनी सन्त परम्पराबारे जान्न खोज्ने सन्दर्भ ग्रन्थको रूपमा प्रयोग गर्दै आएको सो ग्रन्थमा सन्त ज्ञानदिलदासकी बुहारी (रविदिलकी पत्नी) हीराकुमारी माईबाट प्राप्त जानकारीमाथि आधारित कतिपय कुरा जस्तै, - शशिधरको पुर्ख्यौली, थर, जन्मथान, गुरू, सन्तानबारेका कुरा सत्य होइनन्, बरू शशिधरकै पनाति पर्ने विद्वान् दधिराम मरासिनीबाट प्राप्त जानकारी अनुसारका कुरा सत्य हुन्, जसअनुसार शशिधर विष्णु उपाध्यायका छोरा नभएर लालमणिका नाति र दिशै शर्माका छोरा हुन्। उनको थर पौडेल नभएर धनञ्जय गोत्रीय रिजाल किम्वा मरासिनी हो। उनी जन्मेको ठाउँ त्रिशूली गंगापारिको अज्ञात 'प्रसूतपुरी' नभएर अर्घाखाँची जिल्लाको अर्घा 'मैदान गाउँ' हो। उनका गुरू अज्ञात कुलशीलका 'हरिभक्त द्वितीय' नभएर भारद्वाज गोत्रीय धनेश्वर पोखरेल हुन् अनि उनका छोरा लक्ष्मीनारायण स्वामी बालब्रह्मचारी भएका हुँदा उनका सन्तान थिएनन् भन्ने जस्ता कुरा गरेर 'सन्त शशिधरको वाणोपनिषद् (२०३३) मा टीकाराम पन्थी र शशि पन्थीले शशिधरको भिन्दै रूपमा परिचय दिएपछि स्थापित पूर्व परिचय धराशायी हुन गयो र सत्यासत्यको पुनः निर्कउल गर्नु पर्ने कुरामा एउटा ठूलै हाँक पनि खडा भयो।

सत्यासत्यको टुंगो नलागेको स्थितिमा ठीक कुरो यही हो भन्न गाह्रै पर्छ। यसैले होला 'बुंइगल'को तेस्रो संस्करण (२०३४) मा पनि कमल दीक्षितले शशिधरलाई पूर्व मान्यता अनुसार नै पौडेल मान्न छोडेको देखिंदैन भने उनकै पनाति पर्ने (नाति होइन) दधिरामलाई मरासिनी उनकै वंशका टीकाराम (एकदेवका छोरा)[३] लाई धनञ्जय भनेकै देखिन्छ। एउटै वंशका कसैलाई 'मरासिनी' अथवा 'धनञ्जय' मान्नु पर्ने स्थिति रहिरहनु अन्यौलकै परिचायक कुरा हो।

दधिराम मरासिनी जस्ता आप्तजनको भनाइमा शंका कसरी गर्नु, त्यसमा पनि आफ्नै पूर्वज र उनीहरूका घर-थर विषयमा उनले नभएको कुरा किन लेख्ता हुन्। यही कुरा टीकाराम धनञ्जयका भनाइबारे पनि लागु हुन्छ। उनीहरूले लेखेका कुरा 'जोसमनी सन्तपरम्परा र साहित्य' (२०२०) लेख्ता थाहा पाएको भए जनकलाल शर्माबाट पनि सो कुराको उल्लेख अवश्य हुँदो हो, अथवा भनूं शशिधरको परिचयको हुलिया सोही अनुरूप हुँदो हो तर चार पुस्ता पछिका दधिराम मरासिनीले उनका छोरा लक्ष्मीनारायणका बारेमा

३– 'सन्त शशिधरको वाणोपनिषद्' मा दिइएको वंश वृक्षमा एकदेवको नाम छुटेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घर-थरबाहेकका जे जति कुरा लेखे सबै कुरा अक्षरशः ठीकै हुनुपर्छ भनी मान्नु पनि अन्धविश्वासकै पछि लाग्नु हुनसक्तछ। श्रुतिपरम्पराबाट आएका कतिपय कुरा बेठीक पनि हुन सक्तछन्। प्रधानमन्त्री जङ्गबहादुर राणाले स्वामी शशिधरसंग भेटे भन्ने कुरा नभएर लक्ष्मीनारायण स्वामीसंग भेटे भन्ने कुरा ठीक हुनुपर्छ भनी डा. टीकाराम पन्थीले पेश गरेको संशोधनबाट पनि यो कुरा स्पष्ट हुन्छ। यस्तै वीरशाली पन्तले स्वमीजीको जूठो खाएको, उनको चेला बनेको कुरा के कसो हो यसै भन्न सकिदैंन। दधिराम मरासिनीले उल्लेख गरेको 'बागलुङका एकजना ब्राह्मण 'पन्त', जो कट्टर कर्मकाण्डी थिए,' वीरशाली नभएर अर्कै कुनै व्यक्ति (वीरशालीका छोरा शिवशाली) पनि हुन सक्तछ। यस्तो कुरा सोच्न सकिने आधारबारे पछि चर्चा गरिने छ।

शशिधरको थर, घर र पितापुर्खाबारे 'बादविवाद वा अनुसन्धान गर्नु पर्दैन। शशिधरको इतिहासको त्यति पुरानो र दुरनुसन्धेय छैन।.. .. उनी रणबहादुर शाह र भीमसेन थापाको शासन कालका हुन्।' भनी डा. टीकाराम पन्थीले भनेको कुरामा सन्तोष गरे पनि शशिधरको खास समय, ज्ञानप्राप्ति स्थान, दीक्षागुरू. चेला, प्रभावक्षेत्र आदि अनेकौं सवालमा अन्योलका गाँठा-फूकिसकेका छन् भन्न मिल्दैन। अनुसन्धान धर्मले खोजीको निरन्तरतालाई पछ्याएकै हुनाले शशिधरबारेको जानकारी 'जोसमनी सन्त परम्परा र साहित्य' (२०२०) मै अडिएर बसेन। डा. टीकाराम पन्थीको 'केही जनश्रुतिहरू' (२०४२) सम्म पनि बढेर आइपुग्यो। यस्तै वीरशाली पन्तबारेको हाम्रो ज्ञान पनि फराकिलो हुँदै जाँदो छ। जानुपर्छ।

यहाँ, यस लेखमा शशिधर र वीरशालीबारे आफ्नो तर्फबाट खास कुनै कुरा प्रस्तुत गर्नु छैन। उनीहरूका बारे अहिलेसम्म जानिएका र मानिएका तथ्यका विपरीत अथवा भनौं भिन्न वेहोराका के हो कुरा माध्यमिक कालका एक प्रतिभामा गनिएका गिरीशवल्लभ जोशी (१९२४–१९८०) को एउटा औपन्यासिक रचना ('प्रारब्ध दर्पण') को कथावस्तुभित्र र त्यसको उपसंहारस्वरूप रहेको 'ग्रन्थकर्ताको वक्तव्य' मा प्रारब्धको शक्ति सोदाहरण दर्शाउने प्रयत्नमा नेपाली सन्तहरूका बारेमा पनि चर्चा गरिएको देखिन्छ। पाण्डुलिपिकै रूपमा रहेको यो उपन्यासको एक प्रति लेखककै कान्छा छोरा देविकानाथ जोशीबाट यस पंक्तिको लेखकले ४।५ वर्ष अघि पाएको हो। यसको अर्को प्रति मदन पुरस्कार गुठी पुस्तकालयमा पनि छ। यस उपन्यासको कथावस्तु, उपादेयता अनि रचना समयबारेको विवेचना पारिजात (पूर्णाङ्क १३, २०३८) मा 'प्रारब्ध दर्पणको प्रतिबिम्ब' शीर्षकले र ग्रन्थान्तमा रहेको 'ग्रन्थ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्ताको वक्तव्य' चाहिं 'गिरीशवल्लभ र प्रारब्ध दर्पण' शीर्षकले 'जिज्ञासा' (अ ३, २०४२) मा प्रकाशित भइसकेको छ । उल्लिखित सामग्रीकै आधारमा शशिधर स्वा र वीरशाली पन्तबारे देखिएका केही नौला कुराको चर्चा गर्नु नै यहाँ अभीष्ठ बन्दछ

'प्रारब्ध दर्पण' खास उद्देश्य राखि लेखिएको कथा (कथाहा[४]) हो । य रचनाको लेखन १९६३ सालमा बटुको मूल घर छोडेर पुर्खा-निर्मित ज्ञानेश्वरस्थि शिवालयमा बस्न थालेपछि भएको अनुमान गरिएको छ । धन, भोग र पौरूष भन्द मानिसको कर्मगति (प्रारब्ध) बढी बलवान हुन्छ भन्ने कुरा दृष्टान्त रूपमा देखाए ईश्वरभक्ति तर्फ मानव मनलाई प्रवृत्त गराउने उद्देश्य राख्ने यस आख्यान रूप उपन्यासको मूल कथामा वीरशाली पन्तका छोरा शिवशालीलाई चरित्र नाय बनाइएको छ । अहिलेसम्म वीरशालीका विषयमा लेख्नेले उनका छोरा शिवशालीक कतै उल्लेख गरेका छैनन् । यसैले उनी ऐतिहासिक वा काल्पनिक कस्ता पात्र हुन् यसै भन्न गाह्रो छ । उपन्यासमा कतिपय काल्पनिक, अलौकिक र दन्त्यकथा कै लाग कुरा भए पनि केही ऐतिहासिक कुरा पनि अँगालिएका छन् भन्ने देखिन्छ । य कुरामा यस उपन्यासको महत्त्व छ ।

उपन्यासले दर्शाए अनुसार घरमै आफ्ना पिता विद्वान् हुँदा हुँदै पनि उन परमार्थपट्टि झुकेका र घर व्यवहारका काममा निस्पृह भए भन्ने कुराले विभिण्डि का वीरशालीका छोरा शिवशाली ज्ञानार्जनको हेतु पोखराका पण्डित छविलाल कह जाने आफ्नो निश्चय सुनाउछन् । 'पिताको उपेक्षा गर्ने पुत्रलाई विद्याको सि हुँदैन, तर पनि 'आपत् परेका बखत मलाई सम्झेस्, म आई उद्धार गरूँला भनी वीर शालीले छोरालाई विदा दिन्छन् ।

पं. छविलाल पोखरेलबाट ज्ञान-गुन सिके पनि अभिमानलाई छोड्न नसके का शिवशालीको ज्ञान एक प्रकारले निस्फल प्रायः हुन्छ । मनकामनाको कृपा पाए पनि कर्ममा नहुँदा र भोग, धन र पौरूष मध्ये कुनलाई प्राथमिकता दिने हो भन् नजान्दा कुनै कुरा पाउन सक्तैनन् । देवीकै सल्लाहअनुसार उनी व्यवहारिक ज्ञा प्राप्तिका लागि पाल्पाका योगबहादुर माझी, बुटौलका धन बहादुर साहू र देवीघाटम तपस्यारत राजा मुकुन्द सेन कहाँ पुग्दछन् । प्रारब्ध सर्वोपरि रहेछ भन्ने कुरा बुझे फर्केका शिवशालीले आफ्नो कर्ममा नहुँदा देवीघाटमा कुनै कुरा पाउन नसकेक

४ "हुनु हुन्या जो नहुनु नहुन्या वैचित्र रूप कर्मफलै त मिलन्या । प्रारब्ध निर्देश स बाट मीलाई लेष्छु म आजै कथाहा बनाई ।" (पृ. १)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझ्दछन् र त्यही प्रारब्ध सुधारको उपाय जान्न उनी रेमुङ्गाका स्वामी शशिधर कहाँ आउँछन् ।

शशिधरले "वीरशाली पण्डित भनेका मेरा दोस्ती हुन्, उनका तिमी छोरा रहेछौं धन-मान-दान तिम्रो के इच्छा छ भन" भन्दा शिवशाली "प्रारब्ध सुधार्ने जुक्ति क्या हो, सोही उपदेश बक्सनु होस्" भनी बिन्ती गर्दछन् । "देह शुद्ध नभै अन्तस्करण शुद्ध हुँदैन, अन्तस्करण शुद्ध नभै ज्ञान पाइँदैन । ज्ञानले पूर्ण नभै महात्मा सिद्ध होइदैन, महात्मा सिद्ध नभै प्रारब्ध सुद्रदैन । तसअर्थ रिडीमा गै तपस्या गरी पहिले देह शुद्ध तुल्याउनु ।" भनी शशिधरले सल्लाह दिए पछि शिवशाली तप त गर्दछन्, तर क्रोध र अभिमानलाई त्याग्न नसक्ता थनथापका तीर्थराज अग्नि होतृकी पतिव्रता ब्राह्मणीबाट फटकार पाउछन् । ती ब्राह्मणीको परोक्षज्ञानबाट प्रभावित शिवशाली सो ज्ञान पाउने आशाले विभिन्न हण्डर खाँदै बाह्र वर्ष गुजार्दछन् । यही उपक्रममा उनी जुम्लाका सिद्ध रामे दमाई र अछामका सिद्ध मन्ते कामी कहाँ पनि पुग्छन् । प्रारब्ध कत्तिको बलवान हुने रहेछ भन्ने कुराको अनुभव शिवशालीलाई त्यतिखेर प्रत्यक्ष हुन्छ, जतिखेर आफू जत्ति नै शतर्क भएर भागे पनि जतिखेर 'राजखत' लागेर उनी क्रण्डै कुण्डचाइने स्थितिमा पुग्छन् । संकटले घेरिएर रहेको स्थितिमा आसन्न मृत्युबाट बच्न पिताको स्मरण गर्नु नै एकमात्र उपाय हुन सक्तछ भन्ने सुझाव मन्ते कामीले दिए पछि पश्चात्ताप गर्दै शिवशाली आफ्ना बाबुलाई सम्झन्छन् । तक्षण प्रकट भएका वीरशालीले छोराको उद्धार गर्दछन् र हरिभक्तिमा लाग्न सल्लाह दिन्छन् ।

उपन्यासले दर्शाएको मूल कथा यही हो । मंते कामीसित पिताको कहाँ र कसरी चिनाजानी भयो भन्ने कुरा जान्न उत्सुक छोरालाई वीरशालीले जे जस्ता कुरा बताए, तिनै कुराको यहाँ चर्चा गरिदैछ । वीरशालीले बताए अनुसार मन्ते कामीसंग उसको पूर्व जन्ममै चिनापर्ची भएको हो, जतिखेर उनी गिरनारको जंगलमा गुरू भुरे बाबाका चेला भईरहन्थे । त्यतिखेर शशिधर पनि जेठो चेलाको रूपमा साथमै थिए । गुरुकै कृपाबाट शशिधरले 'जोसमणी पन्थ' को प्रचारको अख्त्यारी पाए भने वीरशालीले हरिभक्ति गरेर निस्पृह जीवन बिताउने प्रेरणा पाए ।

मन्ते कामी र रामे दमाईको सिद्धत्व कत्तिको ऐतिहासिक कुरो हो, थाहा छैन । जातले सिद्धत्वमा बाधा दिंदैन भन्ने कुरा देखिएकै छ । २००० सालमा देखिएका एक 'दमै महात्मा' बारेको प्रेमराज शर्माको संस्मरण 'मधुपर्क' को पहिलो अङ्क (२०२५) मा छापिएको छ, यस्तै 'जोसमनी सन्त-परम्परा र साहित्य (पृष्ठ १७) मा जनकलाल शर्माले एउटा साधु कामी बारे चर्चा गरेको भेटिन्छ । मन्ते कामी र रामे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दमाइँ बारे खोजी हुँदै गर्ला। गिरनारका भुरे बावाको ऐतिहासिकता सिद्ध भए धेरै कुरा खुल्ले छन्। शशिधरको नाशगुन स्थल पश्चिमतिर नै हुनु सम्भव देखि चाहे त्यो ठाउँ बदरिकाश्रमतिर होस्, अथवा गिरनारको जंगल (काठियावाड़ जुनागढ नजीकैको ठाउँ ?) होस्। उनको प्रारम्भिक कार्यस्थल पनि हरिद्वार आसपास थियो कि भन्ने अनुमानलाई पौडीमा उनले स्थापना गरेको 'क्यूँ कालेश्वर शिबलिङ्ग'[५] को उपस्थितिले बल दिन्छ।

वीरशालीको विवरणमा शशिधरलाई घोरासैनी (घोडासैनी) थरको भनियो, थाह छैन। शिखरनाथ सुवेदीको 'घर गोत्र प्रवरावली'ले दर्शाए अनुसार हो भने मोरासानी (मरासिनीं) थर कौडिन्य गोत्रमा पर्दछ भने रिजाल थर धनञ्जय गोत्रमा पर्दछ। शशिधर रिजाल थरका थिए भने उनी धनञ्जय गोत्रमा पर्नु ठी हो, तर मरासिनी धनञ्जय गोत्री कसरी भए थाहा छैन। हुन सक्तछ, मठासि (मठमा बस्ने) नै पछि मरासिनी भनिए। जे होस्; रेसुङ्गालाई आफ्नो आश्र बनाएपछि जोतमणी मतको प्रचार प्रसारका लागि शशिधरले आफ्ना कुन कुन चेला को प्रयोग गरे भन्ने कुरामा देखिएका ज्ञाननिधि, यज्ञप्रसाद, ज्योतिराम पाध्या गुणशाली जैसी बारे खोजी हुनुपर्छ। यस्तै बीरशालीको अन्तिम समय मथुरा–वृन्द वन (ब्रज) को वर्सानागढमा बितेको थियो भन्ने स्पष्ट उल्लेख हुनु पनि महत्त्व कुरा मान्नुपर्छ।

---

५ ''कवि के जन्मस्थान तथा जीवनकी महत्त्वपूर्ण घटनाओं के सम्वन्ध में कुछ विदित नहीं है। स्वामी जी ने गोरखाली राज्य के दस वर्ष पश्चात् सं. १८ में अपनी इह लीला समाप्त की थी। स्वामी जी की रचना ओं में 'दोहावली, 'ज्ञानदीप,' 'सच्चीदानन्द लहरी' तथा 'प्रेमावली' नामक ग्रन्थ प्राप्त हुये है, जि कि भाषा गढवाली से प्रभावित ब्रजभाषा है। इन में कोई भी ग्रन्थ अभीत प्रकाशित नही हुआ है। स्वामीजी की पहिचान पौडी में 'क्यूँ कालेश्वर शिवलि की स्थापना करने वाले शशिधर शर्मा मुनि से की जाती है (भक्त दर्शन, ' वाल की दीवंगत विभुतियाँ पृ. १७१)

''शशिधर मुनि ज्ञान और वैराग्य में निष्ठा रखने वाले सन्त थे। वे राज्य धिकारियों की चापलूमी से दूर रहते थे। फलतः गोरखाली राज्य काल (स १८४७-१८७२) में, उनके द्वारा स्थापित मन्दिरको कोई गूँठ नही मिली। ...., शिवप्रसाद डबराल गढवालका इतिहास (२) (पृ. २१७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ उल्लेख गरिए बाहेक पनि उपन्यासमा अरू कुरा छन्, सो जान्न त उपन्यासै पढ्नु पर्छ। शशिधर र वीरशालीका प्रसङ्गमाथि प्रकाश पार्ने संवद्ध अंश उद्धृत गर्दै अहिलेलाई यस चर्चालाई यहीं तुर्रौं ।

उद्धरणहरू:–

१. शिवशाली–'ई कामी दाइको र हजुरको कहाँ भेट् भै दोस्ती भयो आजतक हाम्रा घरमा त इ कामी दाइ आउदैनथे, इनका र हजुरको दोस्ती हुनु मलाई बडो ताजुप लागिरहेछ।'

वीरशाली (हाँसेर भन्छन्) 'विक्रमादित्यको १८०० सम्बत् गुज्रेपछि गिरनारका जंगलमा भुरे बाबा ब्रह्मचारी कुटी जमाई बस्नु भयाको थियो। उहाँका चेला म १ स्वामी शशिधर पाध्या घोरासैंनी २ मनसारी ब्रह्मचारी सुकुल ३ रामदास बैरागी ४. हरिप्रिया जोगिनी ५. हामीहरू उहाँहरू उहाँका मन परेका चेला ५ र अरू आउने जाने फकीर फकेटा १००।२०० कैले पनि खाली हुँदैनथे। तर उहांका कुटीमा बसी सदासर्वदा सेवा गरि विद्या सिक्ने हामी पाँचै हौं। उहाँ ब्रह्मचारी गुरू परोक्षज्ञान, पशु वाक्य बुझ्ने, रसायन विद्या, तन्त्रमन्त्रको प्रयोग अरू पनि धेरै विद्या जान्नु हुन्थ्यो। उही गुरुका आशीर्वादले हामी पनि जान्ने भएका हौं। हामी सबैमा जेठा चेला शशिधर स्वामी हुनाले गुरु भुरे बाबाले तरजुमा गरिबक्सनु भएको मत 'जोतमणी' पंथ चलाउनाको अख्तियारी दिनु भएको हुनाले रेसुङ्गामा आई मठ बनाई ज्ञाननिधि १ यज्ञप्रसाद २ ज्योतिराम पाध्या ३ गुणशाली जैसी ४ चेला बनाई देश प्रदेशमा जोतमणी पंथको मत चलाउन पठाई आफ्ना आशनमा यही देहले मुक्त भएपछि आफ्नु छोरा लक्ष्मी नारायण स्वामीलाई मत चलाउन छोडी जानु हुनेछ। शशिधर स्वामीका शेषपछि लक्ष्मी नारायण स्वामी पनि ठुला महात्मा भै विक्रम सम्बत् १९४० सालमा मुक्त हुनु हुनेछ। मैले पनि गुरुका उपदेशले श्रीकृष्णको भक्ति गरी ब्रजको बर्साना गढमा केही दिन कुटी बनाई तपस्या गरी यही देहले मुक्त हुनु परनेछ।'

मनसारी ब्रह्मचारीले पूर्वजन्ममा घोर पाप गरेका हुनाले अछाममा ई मन्ते कामी भै जन्मेका छन्। अरू १ जन्म फेरि इनले कामी भै विक्रम सम्बत् २००० भित्र मुक्त हुने छन्। रामदास बैरागीले गुरुको वचन केही नमानी गुरुलाई कोप गराएका हुनाले जुमलामा रामे दमाई भै जन्मेका छन्। फेरि तिनले दमाईको जुनी फेरी क्षत्रीका कोखमा जन्म लिई दत्तात्रयका उपेदेशले सन्यासी भै सखीका लेखमा तपस् गरी स्वर्गद्वारीमा ठूलो अनुष्ठान गरी विक्रम सम्बत् २००० भित्रमा मुक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेछन् ।...........हे बाबैं, ई कामीको र मेरो पूर्व जन्मको मुलाकात हो। कस्तै महानुभाव भए पनि कर्ममा लेखेको कुरो भोग नगरी मेटिँदैन, सोही जानी काम गरेस् धेरै तलाइँ कति भनूँ ।"

२. "........त्यो देखि पछिका भीमसेन थापाका पालामा झगरा हारी डन्ड तिर्न नमकी भागी गिरिनारमा गै भुरे बाबासंग ज्ञान सिकी आई रेसुङ्गामा तपस्या गरी सिद्ध भयाको जोसमनी पंथ मतका आचार्य गुरु शशिधर स्वामी, उनका छोरा लक्ष्मीनारायणकुमार स्वामी रेसुङ्गाका सिद्ध अरू रणवीर थापा जरनेलका पाला-मा भात मुद्दाको झगरा हारीविरक्ति भयाका बागलुङ बसने वीरशाली पंथ मथुरा बृन्दावनका वर्सानागढमा गै कृष्णको तपस्या गरि सिद्ध भयाका.........।"

सिद्धहरूको वचनलाई समय र भाग्यको विधानले पनि नाघ्न सक्तैन । —नाटककार – भास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संक्षिप्त अध्ययन

स्वामी प्रेमचैतन्य ब्रह्मचारी

–पूर्णप्रकाश नेपाल 'यात्री

नेपालको धार्मिक, आर्थिक, सामाजिक तथा राजनीतिकपक्षमा साधुसन्तको समयोचित योगदान रहेको ज्ञान गर्न सकिन्छ इतिहासको अध्ययनबाट । दृष्टान्तका लागि केही नाम लिन सकिन्छ सिद्धार्थ गौतमबुद्ध, स्वामी शङ्कराचार्य, सिद्ध मष्टचा, सिद्ध लटीनाथ, सिद्ध चन्दननाथ, सिद्ध गोरखनाथ, सिद्ध मत्स्येन्द्रनाथ सिद्ध रतननाथ, सन्त भगवन्तनाथ आदि । यी सन्तहरू समयसमयमा कतिपय नेपाली धर्तीमै अवतरित भई मानव–कल्याणखातिर समर्पित भावले लागिपरेथे भने कतिपय नेपालबाहिरबाट आएर पनि विश्ववन्द्य नेपालका चतुःश्रेय साधन-यज्ञका होता- प्रणेता बनेर ज्ञानयज्ञको सञ्चालन गरेथे । त्यस्ता साधक कर्मयोगीका सम्बन्धमा राष्ट्रले पाएसम्म चासो राखी उपलब्ध कीर्तिगाथा इतिहासका पानामा लेखन गरेर हुनेसम्म गरी प्रयत्न आएकै छ । त्यसमा पनि राष्ट्रिय संस्कृति र परम्पराले साधुसन्तको गुणानुवाद गर्दै भन्दछ 'वीरपूजा स्वीकार गर्नुपर्छ ।' चाहे ती कर्मका वीर हुन् चाहे ज्ञान र बुद्धिका वीर हुन् ईश्वरेच्छाबमोजिम यस धर्तीमा उदाएर आ–आफ्ना मनोयोगले भ्याएसम्म नेपाल आमाको चौमुखी विकासमा यथाशक्य देन दिएर योगदान पुऱ्याएर अमरत्त्व· प्राप्त गरेका छन् । प्रस्तुत सन्दर्भमा गुणराजस्मारकगुठी मुखपत्र 'जिज्ञासा' ले त्यस्तै साधुसन्तका कीर्ति-गाथा र महत्त्वमाथि प्रकाश पार्ने उद्देष्य राखेर ज्ञानयज्ञको आयोजना गरेकोमा सिन्धुमा विन्दु उक्ति चरितार्थ गराउँदै त्यस्तै एक सन्त योगदाताका सम्बन्धमा जिज्ञासा गर्ने प्रयत्न गरिंदैछ ।

एक्काईसौं शताब्दीका आरम्भतिर नेपालमा गौंडागौंडा र मुहुटीमुहुटीमा कतिपय सन्तहरू जनजागरणको शङ्खघोष गर्न समुद्यत् थिए र आफ्नो व्यस्तता मानव–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्याणखातिर ज्ञानयज्ञमा लगानी गरिरहेथे। ती सन्तहरू जनताका नजिकसम्म पुग्ने प्रकृतिमा निश्चय नै भिन्नता थियो जो स्वाभाविक पनि हो। कतिपयले धर्मप्रचारको बाटो रोजेका थिए होलान् जस्तो जोशमनि संप्रदायका सन्तहरू। कतिपयले शिक्षाप्रचारको माध्यम अपनाएका थिए होलान् जस्तो आबाल ब्रह्मचारी षडानन्द, त कतिपयले शिक्षाप्रकारका साथै धार्मिक अनुष्ठान समेत् अँगालेका थिए होलान्। यस्तै योगदाता सन्तको स्मरण गर्दा ब्रह्मचारी दामोदरका मूल्य र मान्यताहरू सामु पर्न आउँछन् किनभने उनले नैतिक आचार विचार सिकाउने र नेपाली समाजमा संस्कृतमूलक सहशिक्षालय संचालन गर्न गरेका प्रयत्नहरू कदापि कम महत्त्वका नहोलान्। अतएव जेहोस् नेपाली जाति र समाजको शैक्षिक तथा बौद्धिक उत्थानमा अन्तस्करणदेखि लागिपरेर दर्शाएका उत्कण्ठा तथा त्यागमय जीवनका जीवन्त योगदानहरू वर्तमान पुस्ताकालागि ज्ञानबर्द्धक साथै मार्गदर्शक नहोलान् भन्न सकिने कुनै कारण छैन। अतएव त्यस कुराको ख्याल-राखेर एक सन्त योगदातालाई छलफलको विषय बनाउने प्रयन्त गरिँदैछ –

पूर्व इलामतर्फ सोमेश्वरानन्द, स्वामी फल्गुनन्द, ब्रह्मचारी दामोदर, ब्रह्मचारी षदानन्दका उत्तराधिकारी सन्तहरू नेपाली समाजमा शिक्षाप्रचारका साथै बौद्धिक जागरण ल्याउने कार्यमा दत्तचित्त थिएभने पश्चिम ३ नं. पोखरामा बसेर मध्यपश्चिम नेपालका गाउँघरमा शिक्षारूपी ज्ञानको ज्योति जगाउने स्वामी प्रेमचैतन्य ब्रह्मचारी समर्पित भावले लागिपरेका थिए।

कास्की–पोखराको समाजमा केही पहिलेदेखि पूर्व धनकुटा नजिक चौबीसेमा जन्मी बढी घरगृहस्थी त्यागेका बालकृष्ण सुवेडीबाट नारायण ब्रह्मचारीमा प्रख्यात भएका एक सज्जन पोखरास्थित नारायणस्थानमा कार्यरत थिए। उनको कर्तव्य थियो समाजमा योगशिक्षाको महत्त्व बताउने र धार्मिक अनुष्ठानद्वारा सनातन धर्मको संरक्षणमा यथासक्य योगदान पुऱ्याउनु। यस्तै क्रममा टाढा नजीकबाट अध्ययन अध्यापनको आशा राखी आएका किशोरहरूलाई आश्रय दिनु। स्वामी प्रेमचैतन्यको पोखरा प्रवेश पनि यस्तै क्रमसित मिल्दछ। नारायणस्थानमा आश्रममा आउँनुअघिको उनको बास्तविकता स्थानीय जनमानसमा के कस्तो होला भन्ने जिज्ञासा गरी केही विज्ञस्त्रोतहरू छानेर अध्ययन गरिएको थियो। त्यसलाई यस लेखमा जस्ताको तस्तै राख्ने प्रयत्न गरिएको छ। त्यसअतिरिक्त यी पंक्तिका लेखकका जानकारीमा रहेका केही तथ्यहरू उपसंहार वाक्यमा दिइएको छ। यसबाट अपेक्षा राख्न सकिन्छ विवेच्य सन्दर्भ निस्सन्देह नेपाली समाजका मूल्य र मान्यतासंग सम्बन्धित हुन आउँने छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१. मुन्त्रा तोरणबहादुरः—

'प्रेमचैतन्य ब्रह्मचारी नारायणस्थानमा कुन दिन आए त्यसको ज्ञान ममा भएन तापनि एकसालतिरको कुरो हो। उनी चिसाखोलामा सरेर ज्ञानयज्ञको उठान गरेपछिको कुरोमात्र संझनामा रहेको छ। चिसाखोला त्यस्तो नाम चलेको रमाइलो ठाउँ थिएन। स-सानू पार्नाघाटका रूपमा लोकले जान्दथे, त्यसमा एक स-सानू पुरानु पाटी भनौं पौंवा थियो। ब्रह्मचारीले ब्रह्मचर्याश्रम चलाउँन थालेपछि चिसाखोलाको प्रसिद्धि देशभित्र मात्रै अटाएन कि जस्तो लाग्दछ। मैले जान्दा विद्यार्थी ६४ जना थिए। ती विद्यार्थीलाई वेद, व्याकरण, कर्मकाण्ड र योगशिक्षा दिइन्थ्यो। त्यसबाहेक अखण्ड हवन, कीर्तन, भजन, अनुष्ठान, कथा पुराण इत्यादि खूब चाखसित चल्दथे। भक्तजनको ओइरो लाग्दथ्यो।

गाउँघर ओरपरका मानिसले पनि खूब चाख राखेर आवश्यकता बुझी दिल खोलेर सहयोग गरे। चाहिएजति जग्गाजमीन, चाहिएका घर–छाप्रा, बान्नु (परखाल) फूलावारी, बगैंचा आदि टनाटन भएकोले घुम्दैफिर्दै त्यहाँ पुग्दा तपोवनमा पुगेको झल्को पाइन्थ्यो। ब्रह्मचारी खाली देखावटी जोगी होइन साँच्चैका अवतारी पुरूषझैं लाग्दथे। पहिलो झल्को देख्दा चालिस पैंतालीस वर्षका हुँदाहुन्। आहार व्यवहार, व्रत उपवासमा त्यति कट्टर, त्यति ठूलो विद्वान् भएर पनि त्यस्तो विनम्र, सतङ्गा, ज्ञानी मान्छे सितिमिति पाउन गाह्रो छ। हाम्रो दुर्भाग्यले होला २०१७ सालपछि ब्रह्मचारी कसरी अलप भए एकाएक चिसाखोला फेरि अघिझैं उजाड बन्यो। अब त्यसतर्फ जान त के संझन पनि मन लाग्दैन।'

२. शिक्षक इन्द्रप्रसाद पराजुली

'म उहाँको कुल गोत्र बताउन सक्तिन तापनि संस्कृतका पारङ्गत विद्वान्, अच्युत ब्रह्मचर्यका धनी, युगमनीषि भन्न सुहाउने साधनाकुशल, कर्तव्य-निष्ट तपस्वी हुनुहुन्थ्यो भन्नमा तिलभर शङ्का छैन। (कताबाट कुन प्रसङ्गमा आउनु भई यस पोखरामा स्थायीरूपले बस्न मनपराउनुभयो त्यस सम्बन्धमा म केही बताउन सक्तिन। बरू यस सम्बन्धमा साइँला नाउ (विष्णु ब्रह्मचारी) सँग भेट गर्दा बढी तथ्य जान्न पाइएला। २०१७ साल मङ्सिरमसान्तसम्म उहाँ माथिल्लो सदनमा (महासभा) पार्टीद्वारा मनोनीत सभासद् हुनुहुन्थ्यो। एक साधना तपस्वी, दयालु, निर्लोभी, साँच्चो ब्रह्मचारी व्यक्तित्व कहाँ जानुभयो के भयो त्यसपछि थाहा र जानकारी पाइएन।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. विष्णु ब्रह्मचारी

'स्वामी प्रेमचैतन्य ब्रह्मचारीले आफ्नो जन्मस्थल, कुल गोत्र त हामीलाई बताउनुभएन। उहाँ २००१ साल वैशाखमा कताबाट नारायणस्थानमा आउँनुभयो। त्यसवेला गुरू नारायण ब्रह्मचारी गुरूकुल चलाउँनुहुन्थ्यो। स्वामी प्रेमचैतन्यमा अपार विद्वत्ता रहेछ त्यो बुझेर गुरूले आश्रमका विद्यार्थीलाई शिक्षा दिन आग्रह गर्नुभयो। त्यस आग्रहको उहाँबाट स्वागत भयो। नियम निष्टा, आहार शुद्धि, व्यवहारशुद्धि, भावशुद्धि, क्रियाशुद्धि आदिका कट्टर पक्षपाती ब्रह्मचारीजीको चरित्र साँच्चै मनपर्दो थियो। भात-भान्सा स्वयं तयार पार्नुहुन्थ्यो। शाकाहारी मान्छे वाताहारमा समेत उस्तै साहस गर्नुहुन्थ्यो बी–बीचमा कति छ क त एक दुई मुठी भिजाएका चामल खाएर छाक टार्दा पनि उहाँको प्रसन्नतामा कमी देखिदैनथ्यो।

गुरूलाई राजनीतिक क्रियाकलाप पटक्कै मनपर्दैनथ्यो। ब्रह्मचारीजी भने राजनीति गर्नुहुँदो रहेछ। कतिपल्ट प. ३ नं. गोश्वाराका बडाहाकिमले आफ्ना निवासमा बोलाए। प्रत्येकपल्ट बोलाहट हुँदा गुरू मलाई पनि साथमा लिएर जानुहुन्थ्यो तर ब्रह्मचारीजी स्वाभिमानी हुनाले बडा हाकिमलाई भेट्न जानुभएन। पछि बडाहाकिम आफैं भेटघाट गरी उहाँको विद्वत्ता र योगनिष्टाको प्रशंसक बन्नुभएको थियो।

झण्डै एक वर्ष जति नारायणस्थानमा बसेपछि राजनीतिक कारणले गुरुसित ब्रह्मचारीजीको मन मिलेन। एकदिन कसैलाई थाहा नदिइकन सुटुक्क कतै लाग्नु भएछ। गुरुले खोजखबर गर्न मलाई खटाउँनुभयो। मैले तीन चार दिन खोजी पत्ता लगाउँन सकिन। त्यतिकैमा आश्रमका विद्यार्थी पनि हराए। पछि खबर आयो चिसाखोलाको पुरानु सत्तलमा गई बस्नुभएको रहेछ। विद्यार्थीहरू गुरुको खोजी गर्दै उहीं पुगेर रूखको फेदमा बसी पढ्दा रहेछन्। त्यो सुनेर गुरुले ६४ जना विद्यार्थी र गुरुलाई आवश्यक सिधा पुऱ्याउँन र अर्को व्यवस्था नभएसम्म यसै आश्रमबाट खर्च व्यहोर्नु भनेर मलाई अह्राउँनुभएकोले एक वर्षको खर्च भरेको हो।

ब्रह्मचारी राजनीति गर्ने मान्छे भनेर पहिले भनेको छु त्यो कुरा पछि स्पष्ट भएकै हो। २०१५ सालको आमचुनाव पछि पार्टीले उहाँलाई महासभासद्मा मनोनीत गऱ्यो। त्यसपछि दुई चारपल्ट ब्रह्मचर्याश्रममा रेखदेख गर्न आउँनुभएथ्यो। २०१७ साल पुसमा राजनीतिक पार्टीमाथि प्रतिबन्ध लागेपछि उहाँ कता गायब हुनुभयो कसैलाई थाहा भएन। धेरै समयपछि पोखरेलीहरू बद्रीनाथको दर्शन गर्न जाँदा ब्रह्मारीजीलाई कर्णप्रयागमा भेट्याँ तपस्या गर्नुहुँदो रहेछ, ब्रह्मचर्याश्रमको गतिविधि जान्न चाहँनुभएथ्यो भन्दथे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यता उहाँले त्यागेपछि ब्रह्मचर्याश्रम बन्दभयो। आश्रमको जो भएको चलअचल सम्पत्ति एकजना असामाजिक व्यक्तिले आफूखुशी भोगचलन गरिरहेको छ। सार्वजनिक सम्पत्तिको खोजी भएका वखत अरू जानकारी थपिन पनि सक्ला।

४. पोखरा विन्ध्यवासिनी संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापक जनार्दन तिवारी:

प्रेमचैतन्य ब्रह्मचारी मेरा गुरु हुनुहुन्छ। उहाँको गोत्र कौशिक हो। उहाँ आर्यसमाजी हुनुहुन्थ्यो। उहाँको जन्मस्थल कुमाऊँ-अलमोडाको भित्री गाउँमा वताउँनु भएथ्यो, गाउँको नाम सम्झना रहेन। उहाँ रेग्मी थरको ब्राह्मण हुनुहुन्थ्यो। नेपाली भाषाको कुशल वक्ता हुनाले नेपाली नै हुनुहुन्छ भन्ने लाग्दथ्यो। प्रत्येक सोमबार मौनव्रत धारण गर्नुहुन्थ्यो। कृष्णचैतन्य सम्प्रदायमा दीक्षित भएपछि प्रेमचैतन्य' नाम रहेको वताउँनु हुन्थ्यो। त्यस अघिको नाम के थियो त्यो भने वताउँनुभएन। त्यतिखेर वाल्यभावमा वगिएकोले सोध्ने ज्ञान भएन, अचेल पछुतो लाग्छ। अव पछुतो मानेर के लाग्दो रहेछ र!

उहाँ आउँनुभएपछि नारायणस्थानमा पढाउँने बन्दोवस्त भएको हो, पहिले देखि ब्रह्मचर्याश्रम चालु थियो भन्ने भनाइ साँच्चो होइन। नारायण ब्रह्मचारी र प्रेमचैतन्य ब्रह्मचारीको ठाडै वाझो भएन बरू शैक्षिक असमानताले गर्दा मन नमिलेको भन्न मिल्ला। हामी प्रेमचैतन्य गुरूसँग निर्लिप्त मिलेर पढ्न थाल्यौं। गुरूको हृदय विशाल थियो। नेपालीत्त्वप्रति ज्यादै अनुराग थियो। सदा प्रसन्न चित्त, शान्त स्वभाव, उदार मनोभावना तथा सर्वोपरि साधकमा अपेक्षा गरिने असल गुणका धनी युगद्रष्टा हुनुहुन्थ्यो। पाणिनीय व्याकरण प्राय: कण्ठस्थ सुनाउँनु हुन्थ्यो। नारायण ब्रह्मचारीमा त्यस्ता असल गुणको प्राय: अभाव थियो। यसै अन्तरले गर्दा उहाँहरू आपसमा एक ठाउँमा अटाउन सक्नुभएन भन्ने लाग्छ।

नारायणस्थान त्यागेर कतै एकान्त र मुक्तवातावरण भएको स्थानको खोजी गर्ने इच्छा हामीमध्येका विश्वासिला विद्यार्थीलाई एकसाता अगाडि प्रकट गर्नुभएको थियो। त्यसरी गुरू कतै जानुभएमा हामी पनि साथ लाग्ने कुरा गरेका थियौं। चिसाखोलामा एउटी थकाली भक्तिनीले वनाएर धर्मप्रीतय गरेको एक धर्मशाला थियो। गुरू एक्लै त्यस धर्मशालामा गएर बस्नुभएछ। तेस्रो दिन गुरू त्यहाँ हुनुहुन्छ भन्ने थाहा पाएर हामी विद्यार्थीहरू गुरूलाई भेट्न गयौं।

नारायणस्थान छाडेर जाँदा गुरू खाली हात जानुभएको थियो। चिसा-खोलामा रूखका फेदमनि बसेर विद्यार्थीलाई आफ्ना ओरिपरि राखेर पढाउँन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्नुभयो। उत्तरियाको छेउमा चामल बाँधेर भिजाई खानुहुन्थ्यो र पानी अँजुलीले पिउँनुहुन्थ्यो। पाल्पा घरमै अदालतका जागिरे विचारीले गुरूका लागि चाहिने एकसरा भाँडावर्तन अर्पण गरे। थाहा पाउने जति समाजसेवी श्रद्धालु जनले सिधाको, भाँडावर्तनको र सुत्ने बस्ने छाप्राहरूको वन्दोबस्त मिलाई चाँहिदो सहयोग पुऱ्याएका थिए। हेर्दाहेर्दै साता दश दिनभित्रै चिसाखोला-ब्रह्मचर्याश्रम प्रसिद्ध भयो। भक्तजनको, शिक्षाप्रेमीहरूको धारो लाग्नथाल्यो र गुरूले अखण्ड यज्ञको आरम्भ गर्नुभएको हो। नारायणस्थानले खर्च भऱ्यो भन्ने भनाइ साँच्चो होइन।

गुरू प्रेमचैतन्यमा वेदान्त, न्याय, तर्कशास्त्रको अद्भुत समागम थियो। आचार विचार, भेषभूषाको हिसाबबाट पुरानु विचारका लागेपनि उहाँमा परिष्कृत नवीन विचार तथा व्यवहार कायम थियो। धर्मान्धता तथा अन्धविश्वासदेखि नितान्त टाढा रहेका, मनोयोगी, अपरिग्रही, चिन्तक र साधकका हिसावले रचनात्मक आर्षगुणले परिपूर्ण तपस्वी हुनुहुन्थ्यो। सत्तरी जना छात्रको दैनिक खर्च चलाउँन र अखण्ड यज्ञ संचालन गर्न खर्चवर्चको लागि एकदिन जति आसन त्यागेर कतै जानुभएन। एकरूपले अध्यापन, जपतप, ईश्वर कीर्तन, भजन तथा ध्यान धारण आदि यज्ञका सबै अङ्गहरू चालू थिए। ठूला बडा मान्यजन विद्वान्हरू बराबर आउँनु जानु गरिरहन्थे। उहाँ ती सबैलाई सन्तोष दिलाउँनु हुन्थ्यो। काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य जस्ता अवगुणले उहाँलाई छुन सकेको थिएन।

मलाई एक घटनाको सम्झना आउँछ–भाद्रमा सरासर चार दिन अनध्याय पऱ्यो। यस अवसरमा प्राय: छात्रहरू घरजानेमा थिए तर गुरुले 'तिमी यहीं बस भन्नुभयो। अरू घर गए। भँडारेले पनि सबै घर गए भन्ने ठानेछन्। रातमा घनघोर वर्षा भएर सत्तरी हात लामु दुईतले छात्रावास ध्याप्प ढल्यो। म ११ नं. कोठामा सुतेको त्यहीं छोपिएंछु, कसैलाई थाहा भएन। उज्यालो भएपछि खलबल भयो। बडाहाकिम स्वयं उद्धारदल लिएर त्यहाँ पुगेछन्। समाल्न नसक्नु कच्चीघर वूढो भैंसी थला बसेझैं बसेकोले त्यसभित्रको के भयो जान्न सजिलो थिएन। आधा दिन वितिसक्ता वल्ल विद्यार्थीको लगत पढियो। त्यस वेला गुरूले मेरो सम्झना गर्नुभएछ। कहाँ सुतेको थियो त्यो जान्न नसक्ता गुरुजी तुरुन्त ध्यानमग्न भई स्वरोदय ज्ञानद्वारा ध्यानदृष्टिले पत्तालगाई भन्नुभएछ। 'ज्यान कुशल छ, यहाँनेरको भग्नावशेष हटाई उद्धार गर्नुपऱ्यो।' बडाहाकिम स्वयं पनि उद्धार कार्यमा लागी खोजी गर्दा मलाई निदाईरहेको अवस्थामा फेला पारिएछ। संयोगले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ममाथिका दलिन सहित तलाको भार पल्लो गाह्लोमा टांड पर्न जाँदा मेरो ज्यान कुशल रहेछ ।'

५. प्रा. मुकुन्दशरण उपाध्याय:

स्वामी प्रेमचैतन्य ब्रह्मचारीका सादगी पनको ममा पनि गहिरो छाप परेको छ। जहाँसम्म मलाई विश्वास छ। म उहाँका दृष्टिमा परेको मनपर्दो छात्र थिएँ। उहाँको निकटता पाउँदा मन फुरुक्क फुकिन्थ्यो। ब्रह्मचर्याश्रमबाट मैले उच्च अध्ययनमा जान गुरुको आज्ञा पाएँ २०१४ सालतिर। आज्ञा शिरोपर गरी मथुरा वृन्दावनतर्फ लागें। त्यसपछि गुरुको दर्शन पाउने अवसर मिलेन। उहीं रहँदा खबर पाएँ २०१५ सालको आम चुनावका क्रममा स्वामीजीलाई पार्टीले महासभासद्मा मनोनीत गरेछ। त्यो खुशीको खबर सुन्दा सेवाको उचित मूल्याङ्कन गरिएछ भन्ने लागेको थियो।

२०१७ सालको घटनापछि सदाको लागि पोखरा त्याग्नुभएछ। त्यसलाई कतिपयले राजनीतिक अर्थ पनि लगाए होलान् मलाई त्यस्तो लाग्दैन। यथार्थमा उहाँ सिद्ध तपस्वी निर्मुक्त परिब्राजक हुनुहुन्थ्यो भन्नमा शङ्का छैन। निर्विवाद उहाँको जीवन चरित्र 'मोक्षमार्गउदारधी' अनुकूल थियो। त्यसै कारणले उहाँको जीवनमुक्त प्रसङ्ग लोक कल्याणकै खातिर कतै एकान्तजीवी बनिन पुग्यो होला भन्नु उचित छ।

२०१७ साल माघमा घुम्दैफिर्दै वृन्दावनमा मेरो डेरामा पुग्नुभएछ। त्यस वेला कामविशेषले म बाहिर कतै गएको थिएँ त्यसैले दर्शन भेटको अवसरदेखि वञ्चित रहें। उहाँ डेरामा दुई रात बसेर चिनुस्वरूप एकप्रति तस्वीर र पत्रलेखी छाडेर जानुभएछ। पत्रमा आशीर्वाद सहित पूजा पाठमा बस्दाको लागि एक आसनी र जलपात्र-गिलास मैले लगें भन्ने मात्र लेख्नुभएको थियो, गन्तव्य बारेमा कुनै संकेत गर्नुभएको थिएन।

त्यसरी आफ्ना अभिभावक तुल्य ऋषिजीवनको दृष्टिबाट आफू वञ्चित रहनुपर्दा मनमा नरमाइलो लागेकोले मन बुझाउन उहाँको जीवन चरित्र चित्रण गरी महाकाव्य लेखेको थिएँ। महेन्द्रालङ्कार, प्राकृतपोखरा सँग त्यो महाकाव्यको पाण्डु-लिपि तयार थिए। एक सज्जनले उहाँको तस्वीर सहित त्यस महाकाव्यको पाण्डुलिपी प्रकाशन गराउँछु भनी लगेका पाण्डुलिपि नै हराईदिए।

मेरो अनुभवमा उहाँ पाणिनीय व्याकरणको त सरस्वती कण्ठाभरण नै हुनु हुन्थ्यो साथै शाङ्कर वेदान्त र तर्कशास्त्रमा समेत् दरबल प्राप्त विद्वान् हुनुहुन्थ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्ध शाकाहारी र ब्रह्मज्ञानी भए तापनि कृष्ण चैतन्यसम्प्रदाय समाश्रयी हुनुहुन्थ्यो जस्तो मलाई लाग्दैन। शायद आर्यसमाजी अथवा सन्यासी भएमा निकै कुरा मेल खान्छ। तथापि उपनीत ब्रह्मचारी, पञ्चकेशी हुनाले सन्यासी भन्न पनि सोच्नैपर्ने देखिन्छ। अन्तमा उहाँ जस्तो उच्च विचारक ऋषिजीवनदेखि वञ्चित रहनुपर्दा पोखरा र आसपासको क्षेत्रले नियाँस्लो मानेको हुनुपर्छ।'

राष्ट्रनिर्माणको योगदानमा समेटिएका दिव्य व्यक्तित्वका बारेमा जान्न जिज्ञासा राख्ने नेपाली जनमानसका लागि यो प्रसङ्ग ज्ञानबर्द्धक नहोला भन्नै सकिन्न। त्यसउसले अरूका जानकारीलाई प्राथमिकता दिनुभन्दा विविध प्रयोजनले उहाँको निकटता पाउनुभएका महानुभावका स्मृतिपुटलाई महत्त्व दिनु लाभलायक ठानेर यी पाँचजनालाई 'विज्ञस्रोत' बनाइएको हो। यीं विज्ञस्रोतहरू एकै आसपासका भए पनि निजी अनुभव र धारणा भिन्न भिन्न छन् भन्ने कुरा त लिखित पंक्तिहरूको अध्ययनबाटै बुझिने छ। त्यसमा पनि बुझक्कडका मनमा शङ्का उपशङ्का उठ्न सक्ला यी पाँचजना एकत्र भई सरसल्लाह मिलाएर यो बयान मिलाएका हुन् कि भन्ने। तर अध्येताले एक अर्कालाई थाहा नदिइकन छुट्टाछुट्टै भेटेर यो अध्ययन तयार पारेको छ। अध्ययन अवधि २०४२ चैत्र १७ गतेदेखि २०४३ श्रावण १० गतेका बीच पूरा भएको छ।

विज्ञस्रोतबाट पूरा हुन नसकेका केही तथ्यहरू यसप्रकार छन्–आचार्य सदाशिवशरण उपाध्यायबाट समाश्रित आर्यसमाजको सदस्य हुनुहुन्छ प्रेमचैतन्य ब्रह्मचारी। यी पंक्तिको लेखक पनि आचार्य सदाशिवकै दैवी सन्तति भएकोले भेटघाटमा 'गुरूभाइ' भन्नुहुन्थ्यो। २०१२ साल फागुपूर्णिका दिन वाराणसी रामघाटमा आचार्य श्यामचैतन्य ब्रह्मलीन हुनुभयो। उहाँको गोलोकोत्सव समारोह (अन्तिम संस्कार) मा एक गुरूवंशको नाताले प्रेमचैतन्य ब्रह्मचारी सामेल हुनुहुन्थ्यो। यहाँनेर स्पष्टताकोलागि आचार्य स्वामी श्यामचैतन्यका सम्बन्धमा केही शब्दपुष्प अर्पण गर्नु अप्रासङ्गिक मानिने छैन।

आचार्य स्वामी श्यामचैतन्य जन्मको बंगाली हुनुहुन्थ्यो परन्तु स्थलगत अध्ययन र अध्यवशायका कारणले नेपाल र नेपालीत्त्वका विशेषज्ञ नै मानिनुहुन्थ्यो। उहाँ नेपाली मानव वंश र संस्कृतिलाई उच्च सम्मानको दृष्टिले हेर्नुहुन्थ्यो। प्रशस्त धनरासी बैंकमा संचित रहेको र आफू निवृत्तिमार्गी हुनाले आफ्नो सम्पर्कमा आउने नेपाली विद्यार्थीलाई आवश्यक सहयोग दिएर सफल गराउने प्रयत्न गर्नुहुन्थ्यो। उहाँको उच्च आकांक्षा त्यत्ति बुझिन्थ्यो आफ्ना सहयोगबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाभान्वित बनेका नेपाली युवकहरू भविष्यमा नेपालबारे अध्ययन अन्वेषण गर्न सफल बनून्। त्यस आकांक्षा अनुकूल उहाँले नेपालका लागि गर्नुभएको लगानीको खोजी हुदैछ। मेचीदेखि महाकालीका बीचमा पुगेर नेपली जनजीवनको उत्थानमा प्राणपणले सेवा गर्ने प्रेमचैतन्य ब्रह्मचारी जस्ता अनेक व्यक्तित्व छन्। तिनीहरूका खोजीको माध्यमबाट आचार्य श्यामचैतन्यका योगदानको समग्रता यथासमय प्रकाशमा आउला भन्ने अपेक्षा राखन सकिन्छ।

सौभाग्यकै कुरा भनौं प्रेमचैतन्य ब्रह्मचारीको गुरूइच्छा पोखरामा क्रियान्वित हुँदैरहँदा यी पंक्तिको लेखक बागलुङमा सक्रिय थियो। २०१७ सालको घटना नघट्तासम्म गुरूभाइबीच वागलुङ र वलेवामा बराबर भेटघाट भएर विचारको आदान-प्रदान भएकै हो। त्यसपछिको विवरण विज्ञस्रोतसमक्ष विदित भएकै छ।

पोखरा त्यागेपछि निकैपछिसम्म उहाँ कर्णप्रयागनजीक देवकूलग्रामको तपोवनमा तपस्यारत हुनुहुन्थ्यो र आत्मसमाधिद्वारा नश्वर शरीर त्याग्ने प्रणमा रहनुभएको थियो। त्यसपछि के कसो भयो थाहा छैन।

अब अन्तमा पोखरातिर हेरौं– आजभोलि स्वामी प्रेमचैतन्य ब्रह्मचारीका सर्वतोमुखी योगदानको स्मरण गर्ने वूढापाका सज्जन, राजनीतिक कार्यकर्ता, समाजसेवी सज्जनहरू, धर्मपरायण भक्तजनहरू, शिक्षक तथा विद्वान् बुद्धिजीवीहरू 'प्रेमचैतन्य ब्रह्मचारी' नाम सुन्दासाथ 'लोभलाग्दो व्यक्तित्व' भनेर अभाव महशूस गर्दछन्। आशा छ उहाँका सर्वतोमुखी व्यक्तित्व र प्रतिभाको खोजीका लागि परिचर्चाले मूलद्वारको काम गरोस्। अस्तु।

पृथ्वीनारायण बहुमुखी क्याम्पस
पोखरा, गण्डकी अञ्चल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मखनचोर बाबा

– राजाराम सुवेदी

हालको रापती अञ्चल सल्यान जिल्लाको सदरमुकाम खलङ्गा बजार सल्यान क्याम्पस भवन निर्माण भएको लोहापिङ्ग भन्ने ठाउँको वीचमा एउटा पाथी भरेजस्तो ढिस्को छ, सो ढिस्कोलाई पहिलेदेखि मखन टाकुरी भनिन्छ।[१] त्यस टाकुरीमा पहिले एक प्रख्यात सिद्धले कुटि निर्माण गरी तपस्या गर्नें गरेका थिए। सल्यानतिर ती सिद्धलाई लोक भाषामा प्रेम एवं श्रद्धापूर्वक श्रीसिद्ध मखनचोर बाबा भन्ने चलन थियो। किनभने उनी साक्षात् श्री कृष्ण जस्तै लोकलाई मोहित पारी प्रत्येक घरबाट मखन वा नौनिघिउ फुत्काईहाल्थे। वास्तवमा उनलाई मखन चोरी गर्न पर्दैनथ्यो, केवल सुटुक्क मानिसको मन भने क्षणभरमै चोरी हाल्थे, अनि मखन मात्रैको के कुरा मैनखाँवो पनि चोर्न सक्तथे। त्यसैले उनलाई मखनचोर बाबा भनी सम्बोधन गर्ने चलन उठेको हो।

मखनचोर बावालाई सल्यानीले मात्र होइन, बाइसी चौवीसीले पनि चिन्दथे। बाइसी चौवीसीले मात्र होइन गोरखा र उपत्यकाकाले पनि चिन्दथे। केवल नेपालकाले मात्र पनि होइन लखनउका नवावले पनि राम्रै गरी चिन्दथे। तर उनी कुनै तडक भडक गर्ने, स्वाँगपार्ने, आडम्बरगर्ने बाबा नभई कानमा

१– सल्यान क्याम्पसका संस्थापक प्राचार्य श्री बलबहादुर रोकामगर हुनुहुन्छ। उहाँ सन्त साधुहरूका विषयमा गहिरो रूचि राख्नुहुन्छ। मखन टाकुरीका विषयमा उहाँले बताउनु भए अनुसार यहाँ उद्धित गरिएको हो। हाल सो मखन टाकुरीमा पञ्चायत रजतस्तंभ तयार गर्ने योजना भइरहेको कुरा पनि रोकाज्यूबाट थाहा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

च्वालपारी दर्शन लगाएका, जीउमा गेरूरङ्गको पेटेभोटो र कछाड, पाउमा कहिले-काँहीं मात्र एकहातमा कमण्डलु अर्काहातमा कापेलौरो कारको लिएका, अलि कुइरे आँखा, पहाडजस्तै पस्रो पर्दै झरेको नाक, गहूँगोरो डल्ले चेहरा, चौडा निधार, मझ्यौला कद, तेजिलो मुखमण्डल, चटक्क छिनेको कम्मर, मोटा र लामातरीकाका पिडौला, योगले फूर्ति परेको शरीर, जोगी हुनु अगाडि कुनै अन्यत्र क्षेत्रका नभई सल्यान राज्य रोल्पा गाउँका रोका थरका मगर थिए, ती मखन-चोर बाबा। बालकै दिनदेखि उनले गढवालतिर गई योगाभ्यास गरेका थिए।[२]

बाइसी राज्य सल्यानको कूल आवादी बाह्र हजार हुनाले "बाह्र हजार सल्यान राज्ये" भन्ने चलन अझै छ। सल्यान राज्यले दाङको चौघरा, घोडाही, तुलसीपुर र त्यसको उत्तरपूर्वी क्षेत्र पनि चर्चेका प्रमाणहरू प्राप्त भएका छन्। हाल दाङ अन्तर्गत पर्ने तुलसीपुर सल्यान राज्यको अमलमा थियो। अर्को तुलसीपुर जो हाल भारतमा पर्दछ, त्यहाँ बव्हाङ्गी रजपूत सिंहवंशीय राजाहरू थिए। दाङतर्फ थारूहरूको वस्ती हुनाले र सुकौराकोटको थारू राजा मासिएकोले उनीं-हरूले सल्यानी राजालाई आफ्ना राजा मान्दथे। ती थारूहरूले हिन्दू पानी नचल्ने जातिसंग छ्यासमिसभई जाँडपानी खाने गर्दा रहेछन् र सल्यानी राजाले त्यसमा प्रतिबन्ध लगाएका प्रमाणहरू पनि प्राप्त भएका र नेपाल एकीकरण पछि पनि त्यसै विषयका लिखतहरू प्राप्त भइरहेका छन्। दाङ छिल्लीकोटे राजा जाडोमा बाँसगढी, प्यूठान भित्रिकोटे राजा शिवराज, सल्यानी राजा चौघरा, माल्नेटी राजा कोइलाबास जस्ता ठाउँमा मौसमी राजधानी गराई बस्तथे। दाङका ठूला ठालूहरूले सल्यानी राजाको चाकरी गर्नलाई फलावाङमा साना चिटिक्कका घर बनाएका हुन्थे। सल्यानी राजा दाङ जाँदा र फर्कदा केही दिन फलावाङमा मुकाम गर्दथे। सल्यानी राजवंश साक्षा बाजे मलैबम्मका वंशज हुनाले हिन्दूमत, कर्म-काण्ड, आचारनिष्ठा, शुद्धाचार नैतिकता नियमहरू पालन गर्नुका साथै आफ्नो राज्यमा पनि त्यही वातावरण कायम गराउन चाहन्थे। हुन पनि त्यो राजकूल शिवभक्त हुनाले साधु, सन्त, योगी, धार्मिक, सज्जन एवं अघोरीहरूको आवत-जावत चलिरहन्थ्यो। दाङका राजा माणिक्यपरीक्षकका छोरा रत्नपरीक्षक गोरखनाथका चेलाभई रतननाथका नाउँले ख्याति पाए। उनैका संकनामा दाङ चौघरामा रतननाथपीठ तयार गरी गोरक्षयोग संप्रदायको केन्द्र बन्न गयो।[३]

२- सल्यान जिल्ला फलावाङ गा. पं. वार्ड नं. ५ का राजगुरू एवं उनै मखनचोर बाबाका खनाति शिष्य योगी नारायणनाथसंगको साक्षात्कारबाट प्राप्त जानकारी।

३- योगी नरहरिनाथ, 'योगी वंशावली' (काठमाण्डौ मृगस्थली गोरक्षपीठ २०१४), पृष्ठ, ७५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सल्यानी राजाहरू पनि सोही रतननाथपीठमा आश्रमवनाई वेला वेलामा योगाभ्यास गर्ने गर्दथे।

राजा मलैवम्मका सोह्रौं पुस्ताको सल्यानी हाँगोमा राजा श्रीकृष्णशाह भए। उनी धार्मिक, पराक्रमी एवं दूरदर्शी बाइसी राजा थिए। सल्यानको मखन टाकुरीमा कुटी रचाई बसेका मखनचोर बाबा प्रति श्रीकृष्णशाहको ठूलो श्रद्धा थियो। त्यसो हुनुमा ती बाबाको नीतिपटुता एवं सल्यान राज्यको कल्याण चाहनु नै मूल कारण थियो। किनभने मखनचोर बाबा सधैं सल्यानमात्र नबसी वेलावेलामा बाइसी चौबीसी राज्यको भ्रमण गरी गोप्यरूपमा त्यहाँको स्थिति बुझी सल्यानी राजालाई बताउने गर्दथे। राजा श्रीकृष्णशाहको राज्यकालमा गोरखामा पृथ्वीनारायण शाहको विस्तार अभियान चलेको थियो। बाइसी र चौबीसी राज्यले गोरखाको शक्ति बढेको रहस्यबारेमा चर्चा परिचर्चा गरिरहन्थे। गोरखालाई चौबीसीले देखिसहँदैनथे। यता सल्यानलाई पनि बाइसीले साह्रै खेदो गर्दथे। आफ्नो राज्यलाई बाइसी अतिक्रमण र गोरखाराज्य बढेका खण्डमा सल्यान राज्य स्वतन्त्रै राखीरहने जुक्ति के छ भनी मखनचोर बाबा र श्रीकृष्ण शाहकाबीचमा वेलावेलामा कथोपकथन भई नै रहन्थ्यो। एक पटकको कुरा हो, राजा श्रीकृष्णशाह र मखनचोर बाबाका बीचमा मन्त्रणा भई बाबा गोरखा तर्फ लागे। उनी गोरखा पुगेको मिति वि. सं. १८२१ तिर भएको कुरा बाबुराम आचार्यले लेखेका छन्।[४] त्यो वेला गोरखा कीर्तिपुरको पराजयबाट कुँडिएको थियो। मखनचोर बाबा केही दिन गोरखनाथका गुफामा, पशुपति, गोसाइकुण्ड र मृगस्थली बसी सल्यान तर्फ फर्के। सल्यानी राजालाई गोरखासंग मित्यारी गर्न एउटा सजिलो उपाय छ भनी बाबाले निर्देशन गरे। त्यो के थियो भने कीर्तिपुरको युद्धमा गोरखालाई सल्यानले सहयोग गर्नुपर्छ। त्यस कार्यमा सल्यान राज्यमा नामी धनुकाण चलाउने सेना गोरखा तर्फ पठाइहाल्नु पर्ने र राजा आफै पनि केहीदिन गोरखाको रसदमा बस्ने भन्ने निर्देशन पनि गरे।[५] गोरखालाई सल्यानी धनुर्धारी सेनाले सहयोग गरेकाले पृथ्वीनारायण शाह साह्रै प्रसन्न

४– बाबुराम आचार्य, 'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जीवनी, भाग ४' (काठमाण्डौः श्री ५ महाराजाधिराजको प्रमुख सम्वाद सचिवालय, राजदरबार, २०२५), पृष्ठ ४४७

५– सल्यान र गजूल राज्यको सेना बाँसका धनुकाण चलाउन सिपालु थिए। कीर्तिपुरमा त्यस्तो सेनाको आवश्यकता भएको कुरा बाबा मखनचोर र पृथ्वीनारायणका बीच कुरा चलेको लक्षित हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएका थिए । सल्यानको मौकाको उपकारवाट प्रशन्न भएका पृथ्वीनारायणले प्रत्युपकारको निम्ति मौका हेरिरहेका थिए। अभ्यन्तरमा पृथ्वीनारायण शाहले आफ्नी छोरीको विवाह सल्यानी राजकुमार रणभीमशाहसंग गरिदिई दुई राज्यका बीच बलियो सम्बन्ध स्थापना गरेका थिए ।[६]

गोरखा र सल्यान राज्यको वैबाहिक सम्बन्ध जुटाईदिने ती सिद्ध मखनचोर बाबा चमत्कारी थिए। एक पटकको कुरा हो, भेरीनदीको डुंगातर्ने ठाउँ भैरवीघाटमा दुईवटी सै-यालु (भैलो) खेल्नभनी डुंगातरी पारिजान लाग्दा नदीको बीचमा पुगेपछि डुंगा पल्टयो । त्यो कुरा मखनटाकुरीमा ध्यानगरी बसेका मखनचोर बाबालाई थाहा हुन जाँदा आफ्नो योगवलले अन्तर्ध्यान भई ती दुई युवती-हरूलाई चुल्ठोमा समाती पारि तारिदिए । उनी सोही मखनटाकुरीमा वस्तावस्तै लट्टाबाट पानी झरीरहेकोले अरू दर्शकले सोधेपछि त्यो कुरा थाहा भयो । राजा श्रीकृष्णशाहले भैरवीघाटमा मानिस पठाई बुझ्न लगाउँदा त्यो कुरा सत्य ठहरियो र राजाले बाबालाई झन् श्रद्धा गर्न थाले भन्ने सल्यानी किंवदन्ती प्रकाशनमा आएको छ ।[७] त्यतिमात्र होइन ती बाबाले गोरखालाई कीर्तिपुरमाथि अधिकार गराउन अभिचार पद्दतिको पनि प्रयोग गरिदिएका कुराहरू पनि प्रकाशमा आएका छन् । भनिन्छ, ती बाबाले एक तित्रालाई मन्त्र प्रयोग गरी कीर्तिपुरको किल्लाभित्र उडाईदिने र सो तित्रो बाघभैरवको मन्दिरमा बस्न गयो भने किर्तिपुर विजय हुन्छ भन्ने विश्वास पारी उडाउँदा पहिलो प्रयास सफल भएन र दोश्रो सायत सफल भएको कुरा पनि थाहा हुन आएको छ । त्यसैगरी ती बाबाले कीर्तिपुरका बाघभैरवको ध्यानगरी टेकूमा तपस्या गरी कीर्तिपुरको राजा र सेनालाई निश्तेज पारेको कुरा पनि प्रकाशनमा आएको छ ।[८]

एक पटकको कुरा हो, ती मखनचोर बाबालाई सल्यानमा बस्न मन परेनछ र पाएदेखि दाङ बस्ने मन उठेछ । त्यो ती बाबाले गोरखाका राजा श्री ५ पृथ्वीनारायणशाहलाई लेखी पठाएका रहेछन् । काठमाडौं उपत्यका र पूर्व किरात प्रदेश तर्फ बढ्दै गएको नेपालको भूभागको चर्चाका साथै ती बाबाले पठाएको एक खड्गसिद्धिको खड्ग प्राप्त भएको व्यहोराको जवाफ पृथ्वीनारायण शाहले

६– डि. आर. रेग्मी, 'मडर्न नेपाल' (कलकत्ता: फर्मा के. एल्. मुखोपाध्याय, १९७५ ई.), पृष्ठ, १०११

७– योगी, नरहरिनाथ, 'पूर्ववर्णित' टिप्पणी नं. ३, पृष्ठ ८५–८६

८– ऐजन पृष्ठ ८३–८४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मखनचोर बाबालाई पठाएका थिए। सोही पत्रमा बाबालाई सल्यानमा मर्यादा पुगेन भने दाङ तर्फ बस्ने सल्लाह दिदै आफ्नी छोरी विलासकुमारीले छोरो पाएकोमा हर्ष प्रकट गर्दै आशीर्वाद दिने अनुरोध समेत् गरेका थिए[९]। यसरी सर्सर्ती हेर्दा सल्यानको राजनीति श्रीकृष्ण शाहका हातमा भएपनि कूटनीति मखनचोर बाबाले सञ्चालन गरेको बुझिन्छ। त्यस्ता बाबालाई योगी वंशावलीमा अखण्ड हिमवत्खण्ड-मध्ये केदारखण्ड हण्डूर कहलूरका राजा राजपाट छोडी योगी भएका भनी नाम उल्लेख गरिऐको छैन। तर सल्यानमा प्राप्त श्रुति परम्परा अनुसार उनी मगरजातका भएका र योगसाधना गर्दै गढवालतर्फ गएका र सल्यानमा आई बसेका भन्ने कुरा माथि पनि वर्णन गरियो। ती बाबाको जन्म मिति थाहा भएको छैन। पहिले उनी मखन-ठाकुरामा तपस्यागरी बसेका र पृथ्वीनारायण शाहको सल्लाह अनुसार दाङ र फलवाङको बाटो पर्ने धुरिमा अर्को कुटी रचाई बस्न थालेपछि त्यस ठाउँको नाउ पनि मखनटाकुरीनै छ। ती बावाले समाधि लिनेवेला दाङको श्रीगाउँमा पुगी वि. सं. १८४३ मा प्राण त्यागी परलोकगामी भए। सो समाधि लिएको ठाउँमा उनको सम्झनामा वि. सं. १८४७ मा योगी भुवनेश्वरनाथले एक समाधि मन्दिर निर्माण गरे।[१०]

बाइसीमा सल्यान एक्लो, चौबीसीमा गोरखा एक्का परेको राजनीतिक स्थितिमा मखनचोर बाबाले दुद्धिमत्तापूर्ण भूमिका निर्वाह गरी दुवै राज्यलाई वैवाहिक सम्बन्धमा युगौंयुगसम्म आवद्ध गरिदिए। त्यो भूमिका दुवै देशका राज-परिवारबाट सम्भव थिएन। ती बाबा नाथ सम्प्रदायका हिमायती हुनाले गोरखाका गोरखनाथलाई उनी इष्टदेव मान्दथे। त्यही नाताले उनको गोरखामा प्रवेश गर्न निहुँ मिलेको थियो। गोरखाको शक्ति बढ्दै गएको देखी बाइसीले सल्यानलाई हेप्न सक्तैनथे। यसले गर्दा सल्यानलाई कुटनैतिक उपलब्धि भएको थियो। ती मखनचोर बाबालाई केवल सल्यानले मात्र होइन सारा बाइसी चौबीसी र भारतका नवावहरूले श्रद्धागर्दथे भन्ने प्रमाण पनि मिलेको छ। किनभने सल्यानले खर्काकोट र श्रीगाउँको आम्दानी बाबाका नाउमा राखी श्रद्धा देखाएको थियो। त्यसैगरी गोरखाले वर्षेनी अतिथि भोजन गराउने गुठी राखिदियो, छिल्लीले डाँडागाउँ, वडहरा चँगु-वामौजा गुठी चढाईदिएको थियो। ती ठाउँहरूमा पुरानो योग सम्प्रदाय कायमै छ।

---

९ ऐजन।

१० योगीहरू मरेपछि शव गाडिन्छ जलाइन्न। गाड्दा छिटो सडोस् भन्ने ध्येयले नूनको थुप्रामा शवलाई आशनमा बसालिन्छ। मखनचोर बाबाको समाधि पछि शवलाई पनि त्यही विधिले राखिएको थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यतिमात्र होइन ती बाबालाई लखनउका नवाबले अउलिया फकीर गुरू भनी श्रद्धा पूर्वक जिल्ला बहराइच तहसिल गोर्खापुर भन्ने तीन गाउँ बिर्तास्वरूप चढाएका थिए। त्यहाँ पनि उनको यशगान चलिरहेको छ । एवं रीतले काठमाण्डौ कीर्तिपुर स्थित बाघभैरवमन्दिरमा ती बाबाको पनि स्मरण एवं पूजा गर्ने चलन कायमै छ[११]।

मखनचोर बाबा गोरखनाथका शिष्य, पराक्रमी, पुरुषार्थी, आजीवन तपसी, फक्कडबाबा, कनफट्टा योगी, सल्यानका राजगुरू, मगरजातिको शिरताज, गोरखा र सल्यानको सम्बन्ध गराइदिने साधु, तत्कालीन युगसचेत व्यक्ति, राजनीतिज्ञ, गोरखाको श्रीबृद्धिमा सहयोग गर्ने सज्जन. नेपालको एकीकरणमा सहयोग पुऱ्याउने मानिस, राजयन्त्रका पक्षधर, ठकुरी र मगराँतको समष्टि राष्ट्र निर्माण गर्ने कार्यमा प्रेरणा दिने व्यक्ति, आफ्नो गृहस्थलाई कुनै मूल्य नठान्ने महान व्यक्ति, योगी साधु हरूको संगतबाट ज्ञानपुञ्ज आर्जन गर्ने बाबा अरू कोही थिएनन्, थिए एक नेपाली उनको नाउ एकै थियो श्रीसिद्ध भगवन्तनाथ तर उनका ठाउँ ठाउँमा औलियाबाबा लगायतका दर्जनौं नाउँ थिए । नेपाल एकीकरणको इतिहासमा स्वामी भगवन्तनाथ स्थान उल्लेखनीय छ। उनको गोरखाको सोचनीय घडीमा गरेको सघाउ अनमोलको हुनाले हामी राष्ट्रप्रेमी नेपालीले स्वामी भगवन्तनाथ योगीलाई जतिरास्छेर्पनि थोरै हुन्छ, इतिहासमा उनी अमर छन्। अस्तु:

श्रीकृष्णजन्माष्टमी २०४३।५।११।४

—

११ योगी नरहरिनाथ पूर्ववर्णित टिप्पणी नं. ३, पृष्ठ, ८९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मगर महात्मा

– डमरूवल्लभ पौडयाल

अनन्त असंख्य अप्रमेय जीवात्माले भरिएको यो संसार कोही सपना हो भन्दछन् । कोही मिथ्या अर्थात् झुट्टो र कोही माया वा परमेश्वरको लीला हो भन्दछन् र कति यही सत्य हो र अरू स्वर्ग नरक मोक्ष आदि कुराहरू कथित हुन् र आजीविकाको लागि अनेक प्रकारले बनाईएका मार्ग मात्र हुन् भन्दछन् जे होस् म जब सानै थिएँ त्यो समयमा मेरा मनमा यी दुवै हो र होईन सत्य वा मिथ्या अथवा यो के हो ? भन्ने कुरा त्यसै पत्याई हाल्न नसक्ने अवस्था हुन्थ्यो र जिज्ञासा प्रबल भएर उठ्थ्यो र लाग्थ्यो– यो दृश्यमान संसार के हो र म को हूँ........। अनि संस्कृतको अध्ययन गर्न थालें गुरुहरूद्वारा कोर्षका किताब पढाईन्थे तर मेरो मनको प्रश्न भने जस्ताको तस्तै रह्यो र म पढाइको साथै साधु, सन्त, महन्त, फकीर, जोगी, सन्यासी, फक्कड नाथ, अवधूत, गिरी, पुरी, भारती, योगी, साधक र भक्त संप्रदाय वादीहरूको अध्ययन तथा उनीहरूसंग सम्पर्क गर्न थालें तर चित्त बुझ्दो खालको न त उत्तर नै पाएँ न त मलाई यस विषयमा कसैले विश्वास नै दिलाउन सक्यो ।

एक दिन अर्घां अर्चलेकै घरमा एउटा जोगी साँझमा बास बस्न आए । उनी हिसावबाट नै योगको अनुसन्धान गर्दा रहेछन् नाम थियो संन्तोष ब्रह्मचारी उनी हिसावका मात्रै कुरा गर्थे र भन्थे बाबु यो संसार त हिसाव मात्र हो मैले भने कसरी हजूर, उनी भन्थे जोड्नु, गुणन गर्नु, भाग गर्नु र घटाउनु यहाँ भन्दा संसार मा आएको जीवात्माले अरू केही जान्दैन, हिसाव त गर्न जान्नु पर्दछ । साधारणतः यति सम्पत्ति छ भन्नु मूल (संकल्प) धन हो । अब यति यति गरें यति हुन्छ भन्नु गुणन हो, यो यति छोरा छोरीलाई भोग गर्न, दान गर्नको लागि यति भन्नु भाग र यसो गर्दा मूलबाट घट्तछ भन्नु घटाउ हो । हुन त पूर्णबाट पूर्ण नै निस्कँदा पनि पूर्ण त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्ण नै रहन्छ, पूर्णमा सम्पूर्ण लीन हुँदा पनि पूर्णमा कुनै वृद्धि हुँदैन, त्यो त जस्ताको तस्तै रहन्छ। तर यो हिसाव बाबुले अहिले जान्नु हुन्न हांला विचार गरे जानिन्छ। यसमा कुरा के छ भने भाग गर्दै जानु अन्त्यमा शेष रह्यो भने त्यसलाई लघुत्तम (आवागमन पुनर्जन्म) हो भन्नु पर्छ र जब निःशेष हुन्छ अनि त्यसलाई महत्तम (मोक्ष) हो भन्नु पर्छ आदि.........। अनि लाग्थ्यो श्रीमद्भगवद्गीतामा "इदमद्य मया लब्धं इमं प्राप्से मनोरथम् ॥ इदस्तीदमपि चमे भविष्यति पुनर्धनम् ॥ आदि पनि जीवन सम्बन्धी हिसाव नै त रहेछ।

कोही सबै त्यही हो भन्ने र कोही केही पनि छैन भन्ने त्यसको सही निर्णय लिन खोज्दै हिड्दा अनेक प्रकारका दिग्दारी वैरागी फेला परे। शिव पुरीबाट ध्रुवस्थलीमा आई वस्ने शिवपुरी बाबा, गलेश्वर (मुक्तिनाथ जाने बाटोमा काली गण्डकीको किनारमा पर्ने गाउँ) बाट अनेकौं ठाउँमा १२, १२ वर्ष वस्तै अन्त्यमा देवघाटमा आई चोला बिसाउने गलेश्वर बाबा, स्वर्गद्वारीका बालतपस्वी स्वर्गद्वारी प्रभु (यहाँ १ जना सिद्धले कहिल्यै पनि छोड्दैनन्) पोखरामा नारायण स्थानको सेतीको डण्डूरमा शंख खोज्ने शंखे बाबा, पोखरामा नै असख्य जनतालाई इच्छा भोजन गराउने अज्ञात बाबा, अद्यावधि नेपाल अधिराज्यमा यदाकदा फेला पर्ने श्री गोरखनाथ, श्री मत्स्येन्द्रनाथ, पद्मासन कसेर वस्ता पृथ्वी छोड्ने आवाल ब्रह्मचारी (आफ्नै आँखाले देखेको) राखुबाट स्वर्गद्वारीमा आई स्वर्गद्वारी प्रभुको चेला बनेका रखाल महाराज (स्वामी शंकर गिरी) आदि र आफ्नै ९ पुस्ता अघिका श्री सिद्ध प्रजापति गोसाईं आदि अन्य साधुको संगत र उनीहरूको उपदेश र प्रत्यक्ष अनुभूतिद्वारा र गोर्खामा फेला परेका मगर महात्माको अनुभवबाट पनि यो सृष्टिमा योग र योगेश्वर छन् र इश्वरीय सत्तामा आधारित जगत् हो भन्ने कुरामा मेरो हृदय अब शंकारहित् छ यस्ता अनेकौं साधु मध्ये कविशिरोमणि लेखानाथजीलाई हरेक गंङ्गाजीसँग वातचित गर्न सक्ने विद्या पनि छ दिन्छु भन्ने एउटा बूढा साधुको घटना पनि यहाँ स्मरणीय हुन आउँछ।

जे होस् हाम्रो अधिराज्यमा अझै धेरै महात्माहरू लेक लेकमा हिमका जराहरूमा, तीर्थ स्थलहरूमा छन्। कति बहुलाहा जस्तो हुँदा रहेछन् कति फोहोरी कुनै रोगी जस्ता भैं हिड्दा रहेछन्। कति अघोरी हुँदा रहेछन्। यिनीहरूको स्वभाव र चरित्र विचित्रको हुँदोरहेछ पानीबाट नरुझ्ने साधु र ४ पाथी दही, १ धार्नी चिनी, ६ माना पानी र १ धार्नी आलु खाने जोगी (यो आफैले खुवाएको) पनि हाम्रो अधिराज्यमा रहेछन्। यस्ता अनेकौं साधु मध्ये सबैसंग भएका घटना यो सानु लेखमा प्रकट गर्न सकिन्न। श्री घटराज भट्टराईज्यूले यो 'सन्त अङ्क'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निकाल्न लाग्नु भएकोमा साधुवाद दिँदै गोर्खाका मगरमहात्मासंगको सानू अंश यहाँ प्रस्तुत गर्दछु।

पृथ्वीराजमार्ग बनेको थिएन तापनि पोखराबाट गोर्खा आउने जाने कुरा थियो। एकपटक पोखराबाट देउराली सिसाघाट, कुन्छा मानेचौका तार्कुघाट चेपे चोरकाटे हुँदै दरौंदी तरेर उकालो लागेर गोर्खा जाँदा फेदीमा पुग्दा साँझ पऱ्यो र त्यहीं वास वस्नु पऱ्यो। राती त्यही घरको अर्को पिढीमा एकजना साधु पनि गोर्खा जान भनि त्यहीं वास वसेका रहेछन्। संयोग बस सबै सुते मलाई निद्रा लागेन साधु पनि सुतेका रहेनछन् केही समय पछि मैले सोधें "बाबा पनि निदाउनु भएको छैन?" उनले भने "म ननिदाएको धेरै भयो" उत्तर गहकिलो लाग्यो र मनले संझे "गलेश्वर बाबा पनि त निदाउनु हुन्नथ्यो।" अनि सोधें 'बाबाको जन्मस्थल?' उत्तर आयो— 'जन्मस्थल यही गोर्खा हो जातको मगर भन्दथे बाबु आमा सानैमा मरे भन्थे म जान्ने भएपछि भारततिर लागें। उज्जैनमा यौटा कानचिरा (नाथ) जोगी फेला पारें उनको अनुहारको तेजले मलाई मोहित पाऱ्यो उनैसंग केही महिना बसें र पछि उहाँकै चेलो बने। उहाँका गुरू श्री मत्स्येन्द्रनाथ हुनुहुंदो रहेछ मेरो गुरूको कृपाद्वारा मलाई अब केही प्राप्ति हुन बाँकी छैन।' हजुरको गुरू के श्री गोरखनाथ होईबक्सिन्छ? भन्दा उनले भने के मसंग जान्छौ र? मैले अनि केही पनि भन्न सकिन। उतिखेरै एउटा बडे बाघलाई जोगीले डाके उनी त्यसैमा चढेर हिंडिहाले, पछि उनका पछि लाग्न नसकेकोमा पश्चाताप लाग्यो। ओछ्यानमा गएर निदाउने चेष्टा गरें निद्रा पनि होईन तन्द्रा पनि होईन कतिमीठो अनुभव भयो, त्यही मीठो अनुभवमा लठ्ठिदा लठ्ठिदै कतिखेर निदाएँ थाहाभएन। अद्यावधि त्यो अवस्थामा पुग्न मनलाग्छ तर कता कता मधुरो स्मृति भन्दा अहिले अरू कुरा आउन सकेको छैन, हेरौं परमेश्वरको इच्छा। अस्तु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मत्स्येन्द्रनाथ

–प. चक्रपाणि चालिसे

कलियुग ३६७६ वर्ष वित्दा मत्स्येन्द्रनाथ ललितपुरमा आएका थिए । यिनी गोरखनाथका गुरू मानिन्छन् । यिनी नेपालमा आउनुपर्ने कारणमा किंवदन्तीका रूपमा निम्न कुराहरू सुनिन्छन् । गोरखनाथ काठमाडौं उपत्यकामा भिक्षा माग्न हिंड्दा एकदिन कसैले पनि भिक्षा दिएनछन् । यसबाट गोरखनाथ रिसाएर सम्पूर्ण नागहरू जम्मागरी मृगस्थलीमा त्यसमाथि योगासनमा उनी रहे । त्यसबेला नरेन्द्रमल्ल राजा राज्य गर्दथे । नागहरू चलदल गर्न नपाएकाले वर्षा भएन । पानी नपरेकाले राजालाई चिन्ता पऱ्यो । के उपायले पानी पर्ला र प्रजाहरूको पीर हट्ला भनेर उनी घुमी रहन्थे । कुनै उपाय सुल्झेको थिएन । घुम्दा एक बन्धुकले आफ्नी श्रीमतीसंग कुरा गरेको राजाले सुने । गोरखनाथले भिक्षा नपाएकाले सबै नागलाई मृगस्थलीमा राखी नागमाथि आसन कसेकाले पानी नपरेको हो ।

राजाले भोलिपल्ट बन्धुकलाई बोलाएर सोधे । गोरखनाथलाई नागासन बाट हटाउने उपाय केहो ? बन्धुकले भने गोरखनाथ योगी हुन् । योगमा उनी धेरै वर्ष रहन सक्छन् । यस्तै हो भने प्राणीहरू बाँच्तैनन् । उनलाई उठाउने एउटै उपाय छ – उनका गुरू मत्स्येन्द्रनाथ कामरूपीठमा रहन्छन् । उनलाई यहाँ ल्याउन सके गुरूलाई प्रमाण गर्न गोरखनाथ उठ्छन् र नागहरू फुत्कन्छन् फलतः पानी पर्छ ।

देवदानव मिलेर समुद्र मथन गर्दा गर्दा भगवान्ले मोहिनीरूप धारण गर्नु पऱ्यो । त्यो रूप देख्ता शिवको वीर्य पतन भयो । त्यसबाट अनेक सुन खानी पैदा भए । शिवको वीर्य विफल नहोस् भन्ने अभिप्रायले विष्णुले हातमा लिए । यसै वेला अञ्जनी शिवपुत्र पाउँ भनेर तपस्या गर्थिन् । यो बुझेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केशरी वानरलाई बोलाएर वायु मार्फत अञ्जनीका गर्भमा यो राखि दिने निर्देशन भएपछि सो अनुसार गर्दा अञ्जनी गर्भवती भइन् र बच्चा पैदा गरिन् ती वच्चा हनुमान हुन् । हरि, वायु, र वानर हनुमान्का वावु भए । सम्पर्क नभई जन्मेकाले हनुमान् वालब्रह्मचारी रहे । विष्णुका हातमा रहेको बाँकी वीर्य नदीमा गएर धोए । त्यो वीर्य एक मत्स्यीले खाई । माझीले जालमा पारी कामरू पीठका राजा समक्ष त्यो मत्स्यीलाई चढायो । मत्स्यीको मासु रानीले खाइन् र गर्भवती भइन् । रानीका गर्भबाट मत्स्येन्द्रनाथ जन्मे । हातमा रहेको वीर्य गोबर लगाएर धुंदा गोरखनाथको उत्पत्ति भयो । यसरी दाजु र गुरू पनि हुँदा गोरखनाथले मत्स्येन्द्रनाथको आदर गर्छन् ।

यसरी बन्धुकले बताएपछि मत्स्येन्द्रनाथलाई ल्याउन योगीरूप नरेन्द्र, ललित ज्यापू, बन्धुक र कर्कोटकनाग समेत् कामरू पीठतर्फ लागे । बन्धुकका सल्लाहले मत्स्येन्द्रनाथका वाबुका पेटमा कर्कोटकनाग पसी सख्त बिरामी पारे । राजाले कति औषधि गर्दा निको नभई दिकदार थिए । यतिकैमा तीनजना परदेशी राजाकहाँ पुगे । राजाले परदेशीहरूलाई यो रोग छुटायौ भने जे माग्छौ त्यही दिन्छु भने । बधुकले झारफुक गर्ने बित्तिकै नागले छाडिदियो र राजालाई आराम भयो । उनीहरूले मत्स्येन्द्र नाथलाई मागे । वाचा हारेकाले दिनु पर्‍यो दिए । मत्स्येन्द्रलाई बाटोमा यथार्थ बताए । यही रूपले जाँदा आमाले धेरै शोक गर्नु हुन्छ । भवँरोको रूपमा म नेपाल जान्छु भने । कटुवाल दहमा आएर बन्धुक आदिले सुनको कलश राखी त्यहाँ आएर भवँरो पस्ने बित्तिकै रूमालले ढाकी दिने कुरा राजालाई भन्दै वन्धुकले आसन जमाए । भवँरो आयो सुनका कलशमा छोपियो । त्यो कलश लिएर ललितपुर बुङमतीमा गए । तिनीहरूकाबीच झगडा पर्‍यो राजा भक्तपुर लैजान खोज्ने ललितज्यापू पाटनमै राख्न खोज्ने र बन्धुक कान्तिपुरमा लैजान चाहने, त्यो झगडा देखेर एउटा बूढाले भन्यो 'जहाँ सात ओखल गड्छन् प्रभुको वास त्यही हुन्छ ।' यसरी भक्तपुर कान्तिपुरमा ओखल गाड्न खोज्दा गडेनन् । पाटनको लगनखेलमा ओखल गडेकाले त्यही राख्ने निधो भयो । ती सात ओखल अहिले पनि छदैछन् । देशमा सहकाल भयो । मत्स्येन्द्रनाथ ललितपुरमा बसेको थाहा पाई गोरखनाथ ललितपुर गए । नागहरू गोखरनाथ उठेपछि उम्किहाले । पानी पर्‍यो समस्या समाधान भयो । मत्स्येन्द्रनाथको पूजा आजा यात्राका लागि राजाले गुठी राखिदिए ।

एकदिन बन्धुकले राजालाई भने 'भ्रमररूप लिएर मत्स्येन्द्र आउँदा तपाई तन्द्रामा परेकाले मैले तपाईलाई ब्यूझाउन हिर्काए । त्यो ठूलो अपराध भयो । त्यसको बदलालिन मलाई काटि दिनोस्' राजाले मानेनन् । पीठामा बन्धुक पसी पीठो काट्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी राजाबाट बन्धुक काटिए। त्यो चिन्ताले राजाले पनि प्राण छाडे। यसरी राजा बन्धुक, ललितज्यापू र कर्कोटक मिलेर मत्स्येन्द्रनाथलाई नेपालमा ल्याएर राखे।

एक दिन भक्तपुरको एकजना ज्यापू खेतमा काम गर्न निस्केको थियो। एउटा बूढो ब्राह्मणसंग भेटभयो। ब्राह्मणले भने 'ज्यापूदाइ तिमी आँखाको ओखति गर्छौं रे, मेरी श्रीमतीका आँखा बन्दभए, कृपापूर्वक मेरो उपकार गर म तिम्रो गुन मान्नेछु' ज्यापू-लाई लिएर टौदह पुगेपछि ब्राह्मणले म एक नाग हुँ मेरी पत्नी विरामी छन्। आँखा बन्दछन् हेरिदेउ भन्यो। ज्यापूले पनि औषधि लगाई आँखा खुलाइ दिएपछि नाग नागिनी खुसी भई असंख्य रत्नकासाथ हीरा मणि जडित एक भोटो पनि पैह्लाइ दिए।

भक्तपुरमा गएर ज्यापू यथावत् आफ्नो काम गर्दा भोटो फुकालेर खेतको आलीमा राखेछ। एउटा भूतले भोटो लिएर बेपत्ता भएछ। केही दिन पछि मत्स्येन्द्र नाथको यात्रामा भूत पनि भोटो लाएर आएछ। टौदहको नाग पनि मानिसको रूप लिएर आएको थियो। भक्तपुरको ज्यापू पनि थियो। ज्यापूले आफ्नो भोटो चिनेछ र भूतलाई पक्र्यो। कुस्ताकुस्ती हुँदै थियो। नागले गएर भूतलाई एक थप्पड लगायो। धेरै बेर पुरपक्ष भएपछि भोटो मत्स्येन्द्रनाथलाई नासोका रूपमा जिम्मा दिने निर्णय भयो। प्रत्येक वर्ष मत्स्येन्द्रनाथको यात्रा हुने र त्यस यात्राका दिन भोटो देखाउने चलन पनि त्यसपछि चलेको हो।

यसरी नेपाली जनजीवनमा युगानुयुगदेखि मत्स्येन्द्रनाथको कथा प्रचलित छ। नाथ सम्प्रदायकै विशिष्ट सिद्धका रूपमा मत्स्येन्द्रनाथको अस्तित्त्व छ। प्रत्येक वर्ष मत्स्येन्द्रनाथको यात्राहुने, मत्स्येन्द्रनाथको दर्शन गर्ने चलन पनि छ। नेपाली मात्रको सुख सुविधा, सहकाल र सन्तुष्टिका सिद्धका रूपमा मत्स्येन्द्रनाथलाई नेपालीहरू आदर गर्छन् गरिरहेछन्।

(प. चक्रपाणि चालिसेका पुस्तकका आधारमा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डी बाबा

–विश्वनाथ रिसाल

काठमाडौंदेखि पूर्व दापचामा एक जैसी ब्राह्मण परिवारमा एउटा बालक जन्मेको थियो । त्यो बालक घर व्यवहारका काममा त्यति ध्यान दिदैनथ्यो । उसका बाबु आमा पनि उसलाई छाडेर चाँडै परलोक गए । उ बालकै हुँदा उसको घर जग्गा पनि साहुले खाए । त्यो बालक काठमाडौं टेवहालको एक उपाध्याय ब्राह्मणका घरमा नोकरी गरी बस्न थाल्यो । त्यसबेला सिंहदरवार बन्दै थियो । विहान बेलुका घरको कामधन्दा सकेर सिंहदरवारको निर्माण काममा दिनभर काम गर्न त्यसले थाल्यो । त्यसबेला दिनको ४/५ पैसा ज्याला थियो । उसले ५/६ वर्ष काम गर्दा ३०० रूपिया जम्मा पारेछ । त्यसबेलाको तीनसय सानो कुरा थिएन । त्यो रूपिया लिएर त्यो ठिटो घर गयो र साहुको हिसाव किताव गर्दा अझ केही रकम पुगेन । तिर्न केही बाँकी नै रह्यो । यसबाट त्यो ठिटो वैरागी बन्यो । आफ्नो श्री सम्पत्ति, घरखेत, गाईवस्तु, भाँडाकुडा जो थिए त्यहाँका गुरु, पुरोहित, ब्राह्मणहरू बोलाएर दान दिई केही नराखी त्यसदिन देखि त्यो ठिटो बेपत्ता भयो । कहाँ गयो ? के भयो ? के गर्‍यो ? केही वर्ष अत्तोपत्तो भएन ।

केही वर्षपछि टंगाल हाँडी गाउँका सडकतिर एउटा पागल जस्तो व्यक्ति घुमिरहन्थ्यो । यो कसैले दिए खान्थ्यो नदिए मागेर खादैनथ्यो । राती पनि खुलाठाउँमा सडकमै सुत्ने गर्थ्यो । पहिले पहिले त एक पागल जस्तै देखिएको थियो । तर त्यो पागल नभएर संसारलाई परित्यक्त एक सिद्ध साधुका रूपमा चिनियो – दण्डी बाबा बनेर । प. दुर्गाप्रसाद भट्टराईले यी पागल होइनन् सिद्ध हुन् यिनको सेवा गर्नुपर्छ भनेर उनलाई महात्माका रूपमा चिनाउने गर्थे । उनी कसैको घरभित्र पस्तिन थन्थे । ३ धार्नी मासु त काँचै खाएर पचाउँथे कसैले दिए । गाउँनेर एउटा छाप्रो भीम समशेरले बनाईदिएका थिए । त्यही छाप्रोमा यी महात्मा बस्थे । रातमा देवीको स्तुति संस्कृतमा गाइरहन्थे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि मानिसहरूको आगमनमा चाँहि, नब्बे, एकान्नब्बे, बयान्नब्बे, त्रियान्नब्बेको आवाज आइरहन्थ्यो ।

एकदिन भीम समशेर राणाले पठाएको डस्ना, सिरक, खाने मिठाई, पैसा मोहर पतला असर्फी, लगाउने लुगा पनि ती महात्मा कहाँ पुग्यो । म त्यही थिएँ । घनचक्चीको बन्चरो लिएर सिरक डस्ना काटेर टुक्रा टुक्रा पारी बाहिर फ्याँकीदिए । लुगा वरिपरिका गरीब गुरूवालाई दिए । मिठाई एकदुई टुक्रा खाँदै मतिर हेरेर 'ए कान्छो गाइनेलाई कट्टै बोलाएर लिएर आइज भने । म अलमल्ल भएँ । त्यहीं बसेका एकजनाले कान्छा गाइनेको घर देउपाटनमा छ त्यही गएर सोधेपनि हुन्छ भनेपछि म कान्छा गाइनेको खोजमा गएँ । गाइनेलाई साथैमा लिएर आएँ । उनले गाइनेलाई लौ राम्रो गा भने । उसले केही गाएपछि लौ आफ्नो बन्दोवस्त गर भन्दै ४ असर्फी बाँकी राखेर सबै दिए । गाइने जान लागेपछि ए पख ! तैंले फोसा गाएको छैन भन्दै जंगबहादुरको गा न! भने । जंगबहादुरको देहान्त भएको दिनको एक गीत गाएपछि ला फोसा भनेर बाँकी ४ असर्फी पनि बाबाले दिए । यो मैले भोगेको र देखेको घटना हो ।

एकदिन वृहस्पतिवारको बेलुकाको कवाज छुटेपछि बाबाकहाँ गएँ । "ए त तँ आउँछस् मात्रै लौ आज तुरून्तै धनेश्वरको पेडा खुवाउने काम गर" बाबाले भने । म अलमल्ल भएँ । रात निकै गएकाले धनेश्वर पुगेर पेडा ल्याउन सकिन । अर्कोदिन छुट्टी लिएर धनेश्वरबाट पेडा ल्याई दिउँला भनेर सोच्तै थिए । प. दुर्गाप्रसादलाई भेटेर बाबाले भनेको कुरा गरें । दुर्गाप्रसादले धन खर्च गरेर पेडा लेउ भनेको धनेश्वर गएर पेडा ल्याउ भनेको होइन भन्ने अर्थ लगाइदिनु भयो ।

म पनि पेडा पसलमा गए । पेडाको भाउ सोधें एक धार्नी पेडाको रू.२ भन्यो । मसंग २ रूपैंया भएकाले किने र बाबालाई लगेर दिएँ । मेरो मुखमा हेरेर बाबाले भने "कुकुरखुट्टेले भनेछ र पो चाँडै ल्याइस् हो कि होइन भनेर ३ धार्नीको फलामे डण्डी उचालेर मलाई छोरी हाले, म भाग्न पाइन । तर मनाइ हिर्काएनन् । त्यसपछि 'ए सलाई ले भन्नुभयो' सलाई दिएँ । वत्ती बालेर सलाई फिर्ता दिएपछि त्यो पेडा वत्तीमा देखाउँदै खाँदै गर्न थाले । आधा जति खाएपछि "तँ घर जा अबदेखि यसरी न आइज" भनेर बाबाले भनेपछि म घर गएँ । भोलिपल्टै मेरो प्रमोशन अप्रत्याशित रूपमा भयो ।

त्यसपछि हिन्दूस्थान गइयो । २/४ वर्ष त्यतिकै भयो । पछि फर्केपछि बाबाको के हाल छ ? भनेर त्यहाँ जाँदा न त्यहाँ बाबा छन्, न त छाप्रो नै छ । केही छैन । त्यसबेलाका चर्चित सिद्ध मध्ये दण्डी बाबा पनि एक थिए । मैले पनि बाबासंगको सम्पर्कमा पाएका केही अनुभव यी हुन् । अरू अरूले पनि यस्ता अनुभव गरेका होलान् । अहिले यति नै ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थप जानकारी

वटुका विश्वनाथ मित्तलका अनुसार उक्त बाबाबारे केही जानकारी थप हुन आएको छ।

जुद्धसमशेरका हजुरियाले बाबालाई के पठाई दिनु भन्दा त्यसले के दिन सक्छ? १ माना मट्टितेल पठाई दे भन्थे रे। त्यस्तै उनको थेगो

हेरहेर बाबु फागुनको मेह्ला
यमराजले देखायो कालको ऐना

भन्थे। नभन्दै उनको निधन फागुन महिनामा नै भयो। बाबाका भक्त सुवेदार थिए। उनको घर नक्सालमा थियो। बाबाले म मरेपछि मेरो लाश चौबी सघण्टा नचलाउनु भनेका थिए। बाबा दिवंगत भएपछि उनको लाशचौवीस घण्टा राखियो शिकारमा जुद्धसमशेर गएका थिए। ठीक चौबीस घण्टामा बाबाको इच्छानुसार गरिदिनु भन्ने आदेश आइपुग्यो। लाशलाई नक्साल सुवेदारकै घरमा समाधिस्थ गरियो। उनको लाश चलाउँदा शंख बजाउँदा कति गरेपनि शंख बजेन। दण्डी स्वामी एकप्रकारका सिद्ध थिए। उनी लोभ गर्दैनथे। जे बोल्थे पुग्थ्यो। तसर्थ सबै डराउँथे। बाबाको भक्ति गर्थे। उनको निधन २००० साल अगाडि नै भयो।

❀

हामीले चाहेमा आफ्नु जीवनलाई दानु बनाउँन पनि सक्तछौं, मानु बनाउँन पनि सक्तछौं। त्याग, दानशीलता र दयाको भावनलाई जगाएर आफूभित्र सद्गुण, सदाचार र सद् व्यवहारको विकाश गर्दै गएमा प्रत्येक मानव देवता बन्न सक्तछ र यो धर्ती स्वर्ग बन्छद।

—एक चिन्तक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गद्वारी महाप्रभु

प. जयप्रसाद भट्टराई

रापती अञ्चलको शुरूको नाम स्वर्गद्वारी अञ्चल थियो। स्वर्गद्वारी महाप्रभु र आश्रमकै नामबाट स्वर्गद्वारी अञ्चल रहेपनि पछि रापती अञ्चल नै कायम भएको छ। नेपाली जनजीवनमा खास गरी त्यस क्षेत्रका बासिन्दामा स्वर्गद्वारी महाप्रभुको ठूलो प्रभाव छ। कवि शिरोमणि लेखनाथको काव्य रचना र जीवन दर्शनमा पनि महाप्रभुको ठूलो छाप परेको छ। यस दृष्टिले पनि महाप्रभुको गरिमा र महिमा नेपाली जन जीवनमा अरू प्रकाशित हुन गयो।

प्यूठान जिल्लामा ६६९० फीटको उचाइमा स्वर्गद्वारी आश्रम रहेको छ। जिल्ला सदर मुकाम खलङ्गादेखि १२ कोश पश्चिममा पर्ने यो आश्रममा सफा सुग्घर, लिपपोत गरिएका टीन, ढुङ्गा र माटोका छाना भएका घरहरू देखा पर्छन्। यही पवित्र स्थान नै स्वर्गद्वारी आश्रम हो।

प्राचीन कालमा चतुर्भुज खुंग्री भन्ने ठाउँमा १६ जना ऋषिहरूले स्वर्ग प्राप्त गर्ने चाहना राखी यसै स्थानमा आई अखण्ड यज्ञ गरेकाले यस ठाउँको नाम स्वर्गद्वारी रहन गएको हो भन्ने जनधारणा छ। यस स्थानलाई विशेष पावन क्षेत्रको रूपमा विकसित बनाउने काममा एक जना महात्माको महत्वपूर्ण भूमिका छ। ती महात्माको नाम हो महाप्रभु पद्मगिरी।

रोलपा जिल्लाको रूम्टी गाउँमा वि. सं. १९१६ मा जन्मेर बालक कालमै कुष्ठ रोगले सताइएको एउटा बालकको नाम हो पद्म गिरी। संसारको माया, मोह, ऐश्वर्य, सुखलाई तुच्छ ठानेर यो बालक घुम्दै स्वर्गद्वारीमा आइपुग्यो। यहाँ आएपछि उसको कुष्ठ रोग हट्यो। हिन्दू विधिविधान र शास्त्रहरूको अध्ययन गर्दै यहीं त्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बालक तपस्या गर्न थाल्यो। वि. सं. १९५४ सालमा महाप्रभुले यस निर्जन स्थानमा अखण्ड यज्ञको आरम्भ गरी स्वर्गद्वारी आश्रमको स्थापना गर्न सफल भए। महाप्रभुले जुन रूखमनि बसी तपस्या गर्नु भयो- त्यो रूख अहिले पनि सुरक्षित छँदैछ। आश्रमको स्थापना र तपस्यापूर्ण भएपछि महाप्रभु गुफामा रहन थाल्नु भयो, त्यो गुफा पनि छदैछ। महाप्रभु योगलाई महत्व दिनुहुन्थ्यो, आध्यात्मिक चिन्तनमा रमाउनु हुन्थ्यो। महाप्रभुको शक्ति देखेका भोगेका मानिसहरू अझ पनि छँदैछन्। उनीहरूका अनुसार त्यहाँ जाने प्रत्येकका मनमा के छ? कुन चाहनाले त्यहाँ पुगेको छ? त्यो महाप्रभु जान्नुहुन्थ्यो र भनिदिनुहुन्थ्यो। महाप्रभुले आशीर्वाद दिएपछि त्यो अकाट्य हुन्थ्यो। त्यसअनुसार भक्तहरूले फल पाउँथे। सबैलाई सन्यासी बनाउन महाप्रभु चाहनु हुन्नथ्यो। उदाहरणका लागि "लेखनाथलाई नै तिमीले गर्नु धेरै छ, अहिले सन्यास लिएर काम छैन। गएर बिहा गर" भनी महाप्रभुले फिर्ता पठाउनु भएको थियो। गाईगोरू समेत् प्रभुले बोलाउँदा आउने, फलाना ठाउँमा गएर चर्नू भनेर प्रभुले भने पछि गाईगोरू त्यही गएर चर्ने कतै झगडा परे महाप्रभुले ईशारा गर्ने बित्तिकै साम्य हुने जस्ता अनेक प्रसंग स्थानीय बासिन्दाले देखे भोगेका थिए। स्थानीय बासिन्दाहरूमा प्रभुप्रति अनन्य आस्था छ स्थानीय किंवदन्ती अनेक रूपमा पाइए पनि आज पनि महाप्रभुको समाधि दर्शनका लागि आउने भक्तहरूको घुइचोबाट महाप्रभुका स्थानीय जनताको के कस्तो धारणा रहेछ बुझन सकिन्छ। विलक्षण शक्ति भएका महाप्रभुको देहान्त ८१ वर्षको उमेरमा वि. सं. १९९७ मा मार्ग १४ गते भयो। त्यहां पूजा-पाठ र अर्चना नित्य हुने व्यवस्था छ। शिवका मन्दिर, यज्ञशाला प्रभुको समाधिमन्दिर, पुस्तकालय भवन, वेदाश्रम, गौशाला, कुटीहरू र अतिथिगृह (धर्मशाला) पनि यहाँ रहेका छन्। स्वर्गद्वारी नजीकै एक सँस्कृत माध्यमिक विद्यालय पनि छ। जसको खर्च यसै आश्रमले बिहोर्दै आएको छ।

यो आश्रममा २४ जना ब्राह्मणहरूले दैनिक पूजापाठ गर्छन्। यसभन्दा घटी बढी पार्नुहुँदैन। ब्राह्मणहरू निस्कन चाहेमा कार्तिक वा वैशाख पूर्णिमामा मात्र निस्कन सक्छन् अघिपछि फेरबदल गर्न पाइँदैन। चण्डी, रूद्री, देवी भागवत, श्रीमद्भागवत एक एक कोठामा पाठ हुन्छ सबै कोठामा वेदपाठ बिहानदेखि बेलुकासम्म चल्छ। स्नान, जप, मन्दिर परिक्रमा, आ-आफ्ना स्थानमा बसी पूजा गर्नु, वेदोच्चारण सहित सामूहिक हवन, पूर्व पुष्पाञ्जलि वेदोच्चारण सहित घृतधारा, सबै कोठामा वेदपाठ, अखण्ड रूद्री, उत्तर हवन, उत्तर पुष्पाञ्जलि, आरती, अभिषेक, तिलकप्रसाद वितरण, अग्नि प्रार्थना, विसर्जन, ब्राह्मण भोजन जस्ता कार्यहरू नियमित रूपमा हुने कार्यक्रम हुन्। यसरी यस आश्रममा निकै ठूलो धनराशी खर्च हुन्छ। यो सब व्यवस्था महाप्रभुको इच्छाबाट भएको छ। त्यहाँका बासिन्दा साधुसन्त, भक्तिनी, त्यहाँ पुग्ने अतिथि एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यरत ब्राह्मणहरूलाई खानपीनको व्यवस्था आश्रमबाटै हुनेगर्छ । झन्डै ३० पाथा चामल र त्यस अनुसारको दाल तरकारी अचार आदिको दैनिक आवश्यकता पर्छ ।

वैशाख पूर्णिमामा यहाँ ठूलो मेला लाग्छ नेपाल र भारतका विभिन्न भागबाट भक्तहरू मेला भर्न र प्रभुको समाधिको दर्शन गर्न आउँछन् । यो आश्रम सञ्चालनका लागि करीव ९०० विघा जमीन दाङमा छ । गाईवस्तुहरू पनि छन् । भक्तजनहरूले चढाएका भेटीहरूबाट आम्दानी हुन्छ । यो सब व्यवस्था उनै महाप्रभुको प्रयास, लगन र चाहनाले तयार भएको हो । हाम्रा कविशिरोमणि लेखनाथले महाप्रभुको सत्संग पाएर आध्यात्मिक भावमा डुबुल्की मार्न सके । बालतपसी महाप्रभुको बारेमा लेखनाथले लेखेको एक कविता उध्दृत गर्दै प्रस्तुत प्रसंगलाई यही विश्राम दिन चाहन्छु ।

बाल तपसी

अहा ! त्यस्तो राम्रो सरल कलिलो बाल वयमा
पिता माता छोडी नभुली ममताको विषयमा
तपस्याको ज्योति जगमग जगाई वन पसी
वसेको मुक्तात्मा प्रभु अब कहाँ बालतपसी ! ।। १ ।।

बुझी स्वर्गद्वारी गिरि शिखरको शान्ति महिमा
चढी उस्मा फेरी मधुर जल हेरी नजीकमा
खडा पारी सामू सुगम कुटिया आसन कसी
बसेको मुक्तात्मा प्रभु अब कहाँ बालतपसी ! ।। २ ।।

धमीलो वा मैलो कलिकलुषले व्याप्त भवमा
दिंदै भिक्षा धर्म स्थिति नियमको शुद्ध सबमा
स्वयं योगाभ्यासी बनी अटल योगासन कसी
बनेको यज्ञार्थी प्रभु अब कहाँ बालतपसी ।। ३ ।।

कुटी भन्दा केही पर हवन शाला र उसमा
फराकिलो वेदी सहित गहिरो कुण्ड बीचमा
बनाई त्यस्माथी धृतजलहरी सुन्दर कसी
वनेको यज्ञार्थी प्रभु अब कहाँ बाल तपसी ! ।। ४ ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्रती वेदज्ञाता द्विज वटु जुटाई हवनमा
सदा स्वाहा स्वाहा ध्वनि मधुर भर्दै गगनमा
सबै द्यौ द्यौताको हृदयकन पार्ने अति खुशी
उदारात्मा त्यस्तो प्रभु अब कहाँ बाल तपसी ! ॥ ५ ॥

लिई गाई ग्वालाहरू सकलवंशीधर सरी
पुगी टाढा टाढा गहन बनको मङ्गल गरी
सदा घुम्ने फिर्ने सुखमय हँसीलो समरसी
स्वयं गोपालात्मा प्रभु अब कहाँ बाल तपसी ! ॥ ६ ॥

जती जस्ता आऊन् अतिथि उनको स्वागत गरी
सबैमा बर्साई वचनमय माधुर्य लहरी
उदाएको अग्लो गिरिशिखरमा शीतल शशी
सभा नै शुद्धात्मा प्रभु अब कहाँ बाल तपसी ! ॥ ७ ॥

सबै ग्वाला योगी द्विज अतिथिले सामल सिधा
लिउन् खाउन् भन्ने हृदय बिच राखीकन सदा
व्यवस्था त्यो बाँधी फल विषयमा किन्तु नफसी
बसेको आनन्दी प्रभु अब कहाँ बाल तपसी ! ॥ ८ ॥

लगाई योगार्थीहरूकन सदा योग सुखमा
बगाई भोगार्थीहरूकन बढी भोग सुषमा
दुवै देखी आफू परपर हुँदै बेगल बसी
अगं लीला गर्ने प्रभु अब कहाँ बाल तपसी ! ॥ ९ ॥

यस कविताका आधारमा पनि महाप्रभुको विचार, चिन्तन र सेवा बारे स्पष्ट बुझ्न सकिन्छ ।

सन्दर्भ–

१. डा. बासुदेव त्रिपाठीको लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र तथ्य मूल्याङ्कन २०३४

२. गणेशमान गुरूङ्गको स्वर्गद्वारी आश्रम सम्बन्धी लेख मधुपर्क वर्ष १४ अङ्क २

*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध भगवन्तनाथ

– रमेश ढुङ्गेल

कुनैपनि महानकाम गर्ने महापुरूषहरूले आफ्नो अभियानमा सफलता प्राप्त गर्न अनेकौं उपाय अपनाउने गर्दछन् । नेपालको एकीकरणको अभियानमा पनि बडा महाराजाधिराज पृथ्वीनारायणशाहले राजनीतिका साम, दान, भेद र दण्ड जस्ता सबै उपाय प्रयोग गरेका थिए । यसै सिल–सिलामा त्यसकालको धर्मप्रिय समाजलाई प्रभावपार्ने उद्देश्यले उनले अनेकौं योगी सिद्ध, तान्त्रिकसिद्ध लामा भिक्षुहरू जस्ता समेत्‌लाई हात लिएका थिए । अगास्ति सिद्ध र 'खड्गसिद्धि', ह्लोपालामा, मनकामनाका सिद्ध आदिसंगका सम्बन्ध जस्ता जस्ता कुरा पनि यस सन्दर्भमा भुल्न सकिंदैन । गोरखनाथको विषय त सर्वविदितै घटना हो । त्यस्तै जोसमनी मतका सन्त शशिधरको पनि बडामहाराजासंग उत्तिकै निकट संबन्ध थियो । (शर्मा वि. सं. २०२८: ८–१२) यसैगरी धेरै नजीकको सम्बन्ध सिद्ध–सन्त भगवन्तनाथसंग रहेको कुरा धेरै ऐतिहासिक स्रोतले स्पष्टयाएको छ ।

भगवन्तनाथ सल्यानतर्फका सिद्ध थिए भन्ने विषयमा ऐतिहासिक कागज पत्रले संकेत गरेको पाइन्छ । किनकि सल्यानी राजा कृष्ण शाहले उनलाई जग्गादान दिई आश्रम तथा गुठीको प्रबन्ध गरिदिएका प्रमाणहरू पाइएका छन् । बडामहाराजासंग यी सिद्धको वि. सं. १८२० मा पहिलो पल्ट भेट-घाट भएको बुझिन्छ । किनकि वि. सं. १८२०मा चौविसीहरूको आक्रमणमा प्रत्याक्रमण गरी विजय प्राप्त गरी आउने शूरप्रताप शाहसंगै सन्त भगवन्तनाथ पृथ्वीनारायण शाह कहाँ आएका थिए भन्ने कुरा वंशावलीमा लेखिएको छ । यसैबेला ठूला र प्रभावशाली सिद्ध भन्ने कुरा थाहा पाएपछि बडामहाराजाले भगवन्तनाथलाई सम्मानपूर्वक पालकीको सवारी दिएका थिए भन्ने कुरा गोरखा वंशावलीमा उल्लिखित छ । पन्त र अरू बि. सं. २०२५: ८५४, १०७०)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीनारायण शाहको समयताका र केही पछि सम्म पनि यस्ता योगी सिद्धहरूलाई गोसाईं भनिन्थ्यो। यस्ता गोसाईंहरू पूर्वदेखि पश्चिमसम्मका राज्य-रजौटाहरूमा यत्र-तत्र फैलिएर रहेका थिए। गाउँ–गाउँमा एक ठाउँबाट अर्को ठाउँ गर्ने पनि गोसाईंहरूको एक किसिमले व्यवसाय जस्तो नै हुन्थ्यो। यसरी हिंडडूल गर्दा जोगीहरू एक राज्यबाट अर्को राज्यमा आवत–जावत गरिररहन्थे। त्यसैले यिनीहरूबाट धेरै राजनैतिक फाइदा लिन सकिने कुरामा बडामहाराजालाई विश्वास थियो। तिन-ताका चौविसीराज्यहरूलाई कज्याउन बाइसीलाई आफू पक्षमा मिलाउने कुटनीतिमा पृथ्वीनारायण शाह लागेका थिए। यही कामको चाँजो–पाँजो मिलाउन सल्यान क्षेत्रका यी सिद्ध भगवन्तनाथलाई बडामहाराजाले विशेष आदर गरी अनेकौं सुविधा दिलाई दिएका थिए। सिद्ध भगवन्तनाथले पनि बडामहाराजाले राखेको अपेक्षा अनुरूप सो कामको जिम्मेवारी पूरा गरेका थिए। पृथ्वीनारायण शाह र भगवन्तनाथका बीचमा भएका चिठ्ठी – पत्रहरूमा थोरैमात्र कुशल मङ्गल, शिष्टाचार विषयमा चर्चा परेको र चिठ्ठीको अधिकाँश भागमा राज–काज अर्थात् विजय अभियान विषयमा नै चर्चा गरिएको देखिन्छ। यो कुरा विशेष गरेर वि.सं. १८३० र १८३१मा पृथ्वीनारायण शाहले भगवन्तनाथलाई लेखेका २ पत्रबाट स्पष्ट हुन्छ। (नयराज पन्त र अरू (संपा.) वि. सं. २०२५: ११८५–११८९) यसरी पृथ्वीनारायण शाहका निकटतम सल्लाहकारका रूपमा सिद्ध भगवन्तनाथले काम गरेका थिए भन्नुमा अत्युक्ति हुन्न। यसै हुनाले भगवन्तनाथको महत्व राम्रोसंग बुझेका पृथ्वीनारायण शाहले उनलाई हुनेसम्म सम्मान बढाउँदै लगेको देखिन्छ। माथि वि. सं. १८२० ताका सिद्धसंगको बडामहाराजाको पहिलो भेट-घाट, चिनारी र उनलाई दिएको पाल्की सवारीको सम्मान विषयमा चर्चा गरियो यसपछि पनि क्रमशः सिध्द भगवन्तनाथसंग बडामहाराजाको सम्बन्ध बढ्दै गएको देखिन्छ। वि. सं. १८२७ मा भगवन्तनाथलाई अधिराज्यभरका जोगीहरूको प्रमुख बनाई मण्डल्याई दिइयो। (हेर्नु परिशिष्टको वि. सं. १८२७ को पत्र) यस पत्रमा पृथ्वीनारायण शाहले भगवन्तनाथलाई "........गोसाजी श्री भगवन्तनाथजी" भनि सम्बोधन गरि "जोगी-हरूको मण्डलाई चह्लाना" जस्ता आदरपूर्वक संबोधन तथा आदरार्थी शब्द प्रयोग गरेको देखिन्छ। यसपछि वि. सं. १८३० को पत्रमा अझ बढीं सम्मानपूर्वक सम्बोधन गरेको देखिन्छ। यस पत्रदेखि बडामहाराजाको प्रशस्ति र नाम पछाडि, र सिध्द भगवन्तनाथको नाम र प्रशस्ति अगाडि लेख्न थालेको देखिन्छ। १८३० को यस पत्रमा भगवन्तनाथलाई "स्वस्तिश्री परमहंस परिव्राजकसकल चक्र चक्रधीश्वर श्री श्री श्री श्री श्री श्रीमद्भगवन्तनाथदेवदेवेषु सदा समर विजयिपुलि." भनि सम्बोधन गरिएको छ। अर्को वि. सं. १८३१ को पत्रमा "..... चक्रचक्राधीश्वर श्रीमन्महाराजाधिराज श्री श्री श्री श्री श्री श्रीमद्भगवन्तनाथ देवदेवेषु......" भनेर श्रीमन्महाराजाधिराज समेत् थप सम्बोधन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिको छ । (पन्त र अरू वि. सं. २०२५: पृ. ११८५; ११८७ यस भन्दा पहिले वि. सं. १८२५ मा सल्यानीराजा कृष्ण शाहले गरिदिएको श्याहा मोहरमा "............श्री गोसाईज्यु भगवन्तले पाउनुभो............." भन्ने जस्ता वाक्य परेका छन् । यस पत्रमा भने पहिले राजाको नै नाम र प्रशस्ति परेको छ। त्यस्तै १८२७ को पृथ्वीनारायण शाहले गरिदिएको पत्रमा पनि यस्तै नै लेखिएको छ र राजाको प्रशस्ति र नाम नै पहिले उल्लिखित छ । तर पछिका पत्रमा भने त्यत्रो लामो प्रशस्ति जोडिन थालेको र बडामहाराजाको अन्तिम पत्रमा त 'श्रीमन्महाराजाधिराज' भन्ने समेत् भगवन्तनाथको प्रशस्तिमा जोडिएको छ। फेरि पछिका यी २ पत्रमा राजाको नामसंग ३ वटा श्री र भगवन्तनाथको नाममा ६ वटा श्री जोएिको छ । अन्तिम पत्रमा त श्रीमन्महाराजको 'श्री' समेत् जोड्दा ७ वटा श्री जोडिएको देखिन्छ । दोलखाको भीमेश्वर मन्दिरको भण्डारमा पनि भगवन्तनाथको नामोल्लेख भएको एउटा ताम्रपत्र पाइएको छ। वि. सं. १८३१ को यस ताम्रपत्रमा "...........श्री ३ प(रमह) स परिव्राजक सकल चक्राधीश्वर महाराजाधिराज जोगेश्वर भगबन्तनाथ जि" भनि भगवन्तनाथको प्रशस्ति कुँदिएको छ । यसमा पनि राजा र राजकुमार नाम र प्रशस्ति भगवन्तनाथ भन्दा पछाडि (तल) कुँदिएको छ र सिध्द भगवन्तनाथको भन्दा कम आदरार्थी प्रशस्तिमात्र राजा र राजकुमारको सदन्र्भमा उल्लेख गरिएको छ। जस्तो यस ताम्रपत्रमा '......भगवन्त नाथ जि 'भन्दा पछाडि "श्री ३ पृथि श्री ३दलजित काजि साहाय श्रीमदलिसुनाथ श्री पथाई सित्तापनाथका प्रजावमा हो......" भन्ने उल्लिखित छ। (वज्राचार्य र श्रेष्ठ वि. २०३१ :५९) यो ताम्रपत्र श्रीत्तनाथ जोगिका पत्नीहरू ज्ञानेश्वरी जोगिनी, गङ्गा जोगिनी र उनका सन्तानहरूले राखेको हो, यस ताम्रपत्रमा उपर्युक्त सिध्द भगवन्तनाथ, बडामहाराजा पृथ्वीनारायण, र दलजित शाहहरूको नाम शासकहरूको सम्मान गर्ने अर्थात् उनीहरूको शासनकालमा गरिएको दान धर्म भन्ने बुझाउने हेतुले राखिएको देखिन्छ । त्यसैले योगी जगत्मा त भगवन्तनाथ राजाभन्दा माथि नै थिए र हुनु स्वाभाविकै पनि भएको थियो त्यसवेला । तर बडामहाराजा आफूले नै समेत् राजाभन्दा ठूलो सम्मान भगवन्तनाथलाई गरेको देखिन्छ। यही सम्मानगर्ने सिल– सिलामा कीर्तिपुर विजय भैसकेपछि कीर्तिपुरका स्थानीय सामन्त राजाका कमारा-कमारी, सर-सामान, वन्दुक-नाल-निशाना र सवालाख रूपैयाँ नगद आदि साथै उक्त राजाकी मैयाँ जमुना समेत् चढाएर राजाको जस्तै गद्दीको समेत् व्यवस्था बडामहा-राजाले यी सिध्द भगवन्तनाथलाई गरिदिएको थियो भन्ने कुराको उल्लेख वि. सं. १९५५ मा सल्यानका महन्त हीरानाथको नाममा वीर शमशेरबाट भएको एउटा सनद-पत्रमा परेको छ (हेनुं तल परिशिष्ट: वीरशमशेरको वि. सं. १९५५ को सनद)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवन्तलाई यस किसिमको सम्मान गर्नुमा अवश्य पनि विशेष कारण थियो भन्ने विषयमा केही चर्चा माथि नै पनि गरिसकियो। यस विषयमा बाँकी थोरै चर्चा यस प्रसंगमा पनि गर्नु सान्दर्भिक हुनेछ। भरखरै माथि उल्लेख गरिएको वि. सं. १९५५ को सनद पत्रमा यस विषयमा भगवन्तनाथले आशीर्वाद दिएपछि मात्र कीर्तिपुर लगायत अरू विभिन्न राज्यहरूमाथि विजय प्राप्त गरेको र त्यसैको रीझ वापत माथि उल्लिखित सम्मान भगवन्तनाथलाई दिएको हो भन्ने विषयको चर्चा परेको छ। (हेर्नु- परिशिष्ट: वीर शमशेरको सनद) यस्तै भगवन्तनाथका आशीर्वादले सबै काम फत्य भएथ्यो भन्ने चर्चा रणबहादुर शाहले वि. सं. १८४४ मा भुवनेश्वरनाथलाई पठाएको पत्रमा पनि परेको छ। (योगी वि.सं. २०२२:४५९) तर आशीर्वादको कुरा मात्र नभएर भगवन्तनाथको माध्यमबाट बडामहाराजाले धेरै राजनीतिक फाइदा लिएका थिए भन्ने कुरा प्रष्ट नै छ। धर्म, योगी, सन्त-महन्त सन्यासी आदिमा उनी प्रशस्त विश्वास राख्थे। सल्यानी राजा कृष्ण शाहका छोरा रणभीमलाई बडामहाराजा पृथ्वीनारायणकी छोरी विलासकुमारी दिलाई सल्यानसंग वैवाहिक सम्बन्धको सूत्र बाँधेर बाइसीहरूलाई गोर्खातर्फ बढाउने र चौबिसीलाई दबाउने चालवाजीको सबै प्रवन्ध भगवन्तनाथ मार्फत भएको बुझिन्छ। यस्तै भगवन्तनाथले राजनैतिक सल्लाहकारको रूपमा नै काम गरेका थिए भन्ने कुरामाथि नै उल्लेख गरि सकियो। तिनताका यस्ता सिद्ध, योगी, ज्योतिष (जोइशी), भिक्षु, गाइने जस्ता गाउँ गाउँ, घर-घर डुल्ने डुलन्ते तथा अनेकौं मानिससंग भेटघाट कुराकानी गरी रहने मानिसहरूलाई हातलिई उनीहरूबाट जासूसी, गुप्तचर, षडयन्त्र गर्ने जस्ता राजनैतिक, कुटनैतिक काम लिने परम्परा नै चलेको थियो। यसले गर्दा एकातिर सर्वसाधारणमा आफ्नु प्रभाव पर्दथ्यो भने, अर्को तर्फ शत्रुपक्षका खबरहरू प्राप्तगर्न सजिलो हुन्थ्यो। त्यस्तै कहिले काही ठूलै षडयन्त्रका लागि पनि। जस्तो क्याँगल गुरुङले गाइनेको भेष धारणा गरि बाइसी चौबीसीलाई उठाएर गोरखा विरूद्ध षड्यन्त्रमा लागेका परशुराम थापाका भाइलाई मार्ने काम गरेका थिए। (पन्त-र-अरू वि. स. २०२५:२४-२५)

यस किसिमले सम्मानित भएका सिद्ध भगवन्तनाथको सल्यानमा उनकै नामको ठूलो मठ मन्दिर अर्कै पनि छदैछ। त्यस्तै गरेर दाङको श्रीगाउमा पनि भगवन्तनाथको एउटा मन्दिर अर्कै छ। पश्चिम नेपालका सल्यानमात्र नभएर दाङ जुम्ला र अन्यत्र स्थानमा समेत् सिद्धभगवन्तनाथका साथै नाथ सम्प्रदायको नै ठूलो प्रभाव रहेको छ। सल्यानको भगवन्तनाथ मठका मठाधीशमा पछि उनका चेला तथा सन्ततिहरू बस्दै आएका धेरै प्रमाण पाइएका छन्। (योगी वि. सं. २०२२ : ४५८-४६७) सिद्ध भगवन्तनाथलाई मात्र नभएर उनीपछिका उनका चेला मठाधीशहरूलाई पनि विशेष आदर र सम्मान गर्ने परम्परा शाहराजाहरूमा पछि सम्म नै कायम रह्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. १८४४ मा रणवहादुर शाहबाट भएको एक लालमोहरमा पनि रणवहादुर शाह भन्दा अगाडि माथि नै भगवन्तनाथ मठका मठाधीश भुवनेश्वरनाथको नाम र प्रशस्ति लेखिएकको छ । यस पत्रमा रणवहादुर र भुवनेश्वरनाथ दुवैको नाम अगाडि ३/३ वटा मात्र श्रीको प्रयोग भएको देखिन्छ । श्री ५ गिर्वाणबाट भएको वि. सं. १८६७ को लालमोहरामा पनि भगवन्तनाथ ठूला तपस्वी थिए जस्ता गुणको बयान गरिएको छ । (हेर्नु परिशिष्ट: वि. सं. १८६७ को लालमोहर) भगवन्तनाथ मात्र नभएर उनका गुण र देनले गर्दा उनका चेला र सन्ततिहरूमाथि पनि पछिसम्म शाहराजाहरूले विशेष सम्मान र सुप्रवन्ध गरिदिएका उदाहरणहरू पाइएका छन् । वि. सं. १८५१ को एक पत्रमा भगवन्तनाथका एक वृद्ध चेला पृथ्वीनाथलाई मठाधीश भुवनेश्वरनाथले हेला गरी दुःख दिएर राजाकहाँ विन्ति गर्न आएको र सबै चेलाले भगवन्तनाथको कमाइ, पौरखबाट आफ्नो जीविका चलाएको र पृथ्वीनाथलाई मात्र किन दुःख दिएको, दुःख नदिनू जस्ता वाक्य परेका छन् । यस आधारबाट उनका चेला-चपेटाले समेत भगवन्तनाथकै देनको आधारमा सम्मान आदर पाएका थिए भन्न सकिन्छ ।

भगवन्तनाथ पछिका गोसाईं भुवनेश्वरनाथ, गोसाईं रूपनाथ, गोसाईं लोकनाथ, महन्त जगतेश्वरनाथ, महन्त हीरानाथ आदिका नाममा पछि–पछिका महाराजाधिराज तथा श्री ५ महाराजाहरूबाट पनि सिद्ध भगवन्तनाथका पौरख, गुठी, मठ आदिको विषयमा पहिलेको व्यवस्था कायम गरिदिने भनि भएका लालमोहरहरू सनद सवालहरू प्राप्त भएकाछन् ।

अब अन्त्यमा थोरै नाथ योगीहरूको विषयमा यसै सान्दर्भमा चर्चा गर्नु उचित हुनेछ। वास्तवमा सन्यासधारण गरेका जुनसुकै सम्प्रदायका जुनसुकै व्यक्तिलाई पनि योगी - जोगी भन्ने चलन छ । नाथसंप्रदायका जोगीहरूलाई शैवधर्मको कापालिक मतालम्बीको रूपमा परिचय गराउन सकिन्छ । नेवार समुदायका 'कुसले' हरू पनि पहिले यस्तै कापालिक सम्प्रदायका जोगी थिए । अहिले पनि 'जोगी' कै रूपमा उनीहरूलाई सम्बोधन गरिन्छ । (बज्राचार्य र श्रेष्ठ २०३७:११९) माथि उल्लिखित दोलखा भीमेश्वर मन्दिरको भण्डारको ताम्रपत्र पनि दोलखाका कुसले जोगीका परिवारले कुँदाएका हुन् । सिद्ध भगवन्तनाथ पनि यसै कापालिक नाथ सम्प्रदायका पहिले सल्यानमा बसोबास गरिआएका कनफट्टा जोगी थिए । तर पनि बडामहाराजा उनीदेखि ज्यादै प्रभावित भएको कारणबाट राज्यभरिका सबैथरी जोगिका मालिक 'जोगेश्वर' बनाइएका थिए । यसै आधारबाट उनले राज्यका विभिन्न जोगीवर्गबाट केही रकम कर जस्तो रूपमा उठाउने सहुलियत पाएका थिए । त्यसैले यो जोगी समूहले त उनलाई राजा सरह सम्मान गर्नुपर्ने अवस्था सिर्जिएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट – १

[सल्यानीराजा कृष्ण शाहले सिद्ध (गोसाईं) भगवन्तनाथलाई गरिदिएको) शाके १६९० = वि.सं. १८२५) को धर्मपत्र]

+ + +

स्वस्तिश्रीसाके १६९०आषाड्सुदि ५ रोज १ स्वस्तिश्री मन्महाराजधिराज श्री श्री श्री माहाराजकृष्णसाहदेवानां सदा समरविजयिनां ज्यूकै लिषि दिनुभो धर्मपत्र श्री गोसाईज्यू भगवन्तले पाउनुभो, श्री गोसाइज्यू भगवन्तमाथी अनचितपाप हामिले हाम्रा सन्तानले नचिताउनु. पाप अनचित चिताया धर्मनास. हाम्रा सन्तानले हामिले गऱ्याको धर्म गोसाँईज्यू भगवन्तका सन्तान तक हाऱ्या भन्या हाम्रा कुल विषे जंम भयेन. गर्भ पतित भो भनि लेषिवक्सीउ. येस षतका साछि सल्ल्यनु वार हजार गोर्षालि. साछि मान्साही. कालु षत्रि. श्रीष्टापत्री. ससिधर उपाध्या. लिषक साछि धनपति जैसि. शुभम्—

योगी नरहरिनाथ (संपा. 'बृहत्सन्धिपत्र संग्रह, पृ. ४५८)

परिशिष्ट – २

श्री ५ पृथ्वीनारायण शाहले सिद्ध भगवन्तनाथलाई मुलुकभरका जोगीहरूको मण्डलाइ चढाएको वि. सं. १८२७ को पत्र

+ + ×

(वडामहाराजा श्री ५ पृथ्वीको प्रशस्ति)

आगे गोसावी श्रीभगवन्तनाथजीके हाम्रा मुलुक भरीको जोगीहरूको मण्डलाइ चह्लावा. माझी कुमाल दनुवार दरोई थारू पहरी कुसहरी कामी हायु सुनुवार चेपाङ जोलाहा कुसल्या नेवाऱ्या कुमाल यति जात्का घरही १/१ आना दस्तुर. दिनु सांझ विहान खान दिनु. जोगीका खत छित्को दण्ड कुण्ड मऱ्यो अपुताली महामण्डलीको खानु. मण्डलीले लिनु. दुवाऱ्या उमराउको खानु. द्वाऱ्या उमराउले लिनु. येस हिसाबले द्वाऱ्या उमराउले तिराइदिनु.

इतिसंबत् १८२७ कार्तिक शुदि १५ रोज ७ मुकाम कान्तिपुर
(नयराज पंतहरूद्वारा संपादित श्री पृथ्वीनारायण शाहको उपदेश पृ. १०६९)

 जिसाज्ञा-४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[श्री ५ रण बहादुर शाहले सिद्धभगवन्तनाथका चेला पृथ्वीनाथको विषयमा योगीं भुवनेश्वरनाथलाई वि. सं. १८५१ मा लेखेको पत्र]

श्री दुर्गा भवानि————श्री दुर्गा सहाय: १————श्री भगवन्तनाथ

(श्री ५ रणबहादुर शाहको प्रशस्ति)

स्वस्ति श्री परमहंस परिव्राजक श्री जोगेश्वर भुनेश्वरनाथले आदेस पूर्वक पत्रमिदं जाहा कुशल ताहा कुशल चाहिए आगे जाहाको समाचार भलो छ उप्रान्त–

......का चेला[1] पृथ्वीनाथलाई परसाऱ्याछौ र दुष पाउँदा रह्याछन् हाम्रा हजुर्मा आइकन विन्ति पनि गऱ्या सबै चेलाले उनिको कमाईमा जिविक् हुदा ई दुष पाउंन्या होइनन् तस अर्थ ताहा पठाइदियाकाछन् बृध्द भयाकाछन् मतोसित साथमा राषि जिउंज्यासम्म षानपिन देउ फेरी जाहा विन्ति गर्न न आउन् सो बुझि गर इती सम्वत् १८५१ साल आश्विन वदि १३ रोज १ मुकाम् कान्तिपुर शुभम्—

परिशिष्ट – ३

[श्री ५ गिर्वाणबाट १८६७ मा भगवन्तनाथको गुठ विर्ता थामि दिने विषयमा भएको लालमोहर]

श्री दुर्गा भवानि श्री दुर्गा सहाय: १ श्री जिज्यू बाज्या

स्वस्तिश्री मन्महाराजाधिराजकस्य रुक्का—

आगे. सुवा. रूद्रविरसाहि. जाँचकि ज्यूधनपत्री. रघुविर राना. प्रती भगवंतनाथलाइ हीजो....बाट तपस्वीछन् भनि. आदर गर्नु. भयाको हो. उन्लाई सल्यानि राजाहरूले. गुठ् विर्ता दियाका गाउ. षेत जीमि जो छ राजाहरूको दिंदाका. पत्र पात्र सहि साच हेरि पक्का ठहऱ्याको: जगा थामिदेउ टंटा नगर. इती सम्बत् १८६७ साल मार्ग सुदि ४ रोज ६ सुभम्—

परिशिष्ट – ४

[श्री ५ गीर्वाणबाट सिध्द भगवन्तनाथलाई सल्यानी राजाहरूले गुठी विर्ता दिएका जग्गा थाम्ने विषयमा भएको लालमोहर]

श्री दुर्गा भवानि श्री दुर्गासहाय: १ श्री जिज्यूबाज्या

स्वस्तिश्री मन्महाराजकस्य रुक्का–

आगे. सुवा. रूद्रविरसाहि. जाँचकि ज्यूधनपत्री. रघुविर राना. प्रती भगवंतनाथलाई. हीजो......बाट तपस्वीछन् भनि. आदरगर्नु भयाको हो. उनलाइ सल्यानि

१) भगवन्तका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरूले. गुठ विर्ता दियाका गाउ घेत जीमि जो छ राजाईरूले दियाका पत्र पात्र सहि साच हेरि पक्का ठहऱ्याको. जगा थामिदेउटंटा नगर. इती सम्वत् १८६७ साल मार्गसुदि ४ रोज ६ सुभम्—

[सल्यानीराजा काजी वीरवहादुर साहाले सिद्ध भगवन्तनाथलाई उनका वाजे सल्यानीराजा कृष्ण शाहले दिएको जगा मठादिमा अनुचित नचिताउने विषयको धर्मपत्र]

श्री पारेश्वरीदेवी ३ श्री रत्ननाथ श्री वाज्या भगवन्तनाथ १ श्री वाज्या कृस्न साहा

स्वस्तिश्री काजी वीरवहादुरसाहाकस्य पत्रम्—

आगे श्रीमहन्त गोसाञि लोकनाथजिके तिमरा...१...लाइ... ३.. बाट सिध्द वावाजि जानि चार हज्जारले[1] मान्नु भनि जगा दि मठ स्थापित गरि पुजन गऱ्याको धर्म्ममा र तिमिमा अनचित चिताया हाम्रो धर्म नास भनि धर्मपत्र लेषि दिज्यु यस वातका साक्षी...३...र...४...ईती सम्वत् १९०० साल मिती आषाड वदि रोज ३० शुभम्—

परिशिष्ट – ४

(श्री सिद्ध भगवन्तमठको व्यवस्थालाई प्रकाश पार्ने श्री ३ वीरको सनद पत्र)

श्रीसिद्ध भगवन्तनाथजी १ श्री ५ सर्कार पृथ्वीनारायण साह २

स्वस्तिश्री मद्दतीप्रचण्डभुजडंडेत्यादि श्री श्री श्री माहाराजवीरसम्मेरजङ्ग राणाबहादुरजीसियेस आई थोङ लिङ पीम्माका काङवाङ एया प्रि अगोद बाप्रि अगो प्राइममीनिष्टर याण्ड कम्यांडर इनचिफ कस्य रुक्का—

स्वस्तिश्री मद्राजकुमारकुमारात्मज श्रीकम्यांडर इनचिफ जनरल देव सम्सेरजङ्ग राणाबहारकस्य पत्रम् —

आगे महन्त हीरानाथके यथोचित उप्रान्त गोर्षा सर्कारले नेपाल सर गऱ्याका १२ वर्ष सम्म कीर्तिपुर सर भयेन र हाम्रा पुर्षा . १...ले आशीरबाद बक्सदा कीर्त्तिपुर अरू अरू मुलुक स्मेत सरभयेछ र सोही रीतमा...२...वाट हाम्रा पुर्षा.. १ लाइ गुरुघराना गरि कीर्त्तिपुरका राजाका नाल निसान आसा गुर्जा चौरिपंषा निज राजाकी मैना जमुना भडार्नि कमारा कमारि सवालाष रूपैञा भेटी चह्राई गद्दी स्थापना गरि सर्कारका वाली षाई सीपाहि मठका चौकी पहरा राषी बक्सदा मठ्का काम् कारोवार चलाई आयाका रहेछन्. आजकाल सो टुट्ना जादा मठ्का कामकारोवार गर्ने अर्दलीलाई

---

१. सल्यान।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काला पगरि नहुदा सर्कारमा जाहेर गऱ्याको छु अर्दली राषी मठैबाट वालीदर्माहा दी रह्याछन् सर्कार मठ्बाट वालीदर्माहा पुवाई सो काम चल्याउन्या जागीरदारलाई काला पगरि वधाई मठ्को कां कारोवार चलाउनु भन्या सनद गरी वस्क्या भीक्षुकले मठैबाट वालीदर्माहा खुवाइ सो जागीरदारहरूलाई कालापगरी वधाइ मठको कामकारवार चलाई सर्कारको जय मनाई वस्ता हुँ भनि मार्ग सुदी छ रोज २ मा महन्त हीरा नाथले चढायाका ६८६४ लम्बरका विन्तिपत्रमा यसमा यिनका सिपाहीहरूलाई पाली कालो पगरी बधाउन हुंछ. बधाउनु भनि यस्का नाउमा सनद् गरिदीनु भनि जैसी कोठामा दीनु भंन्या...३.. वाट मर्जिभयाकोछ भनि प्रमांगी कप्तान इन्द्रवहादुरसाहीले र लेफटेन लीलाराज गुरूघराना पंडीतज्यूले स्हीछाप गरेको कागज येस अडामाछ अैंनसवालको रीत पुऱ्याई प्रमांगीवमोजि गर्नु भनि मार्ग सुदी ६ रोज २ मा अदालत गोस्वाराबाट प्रमांगी गोस्वाराबाट प्रमांगीको पुर्जि नथी भै येस अडामा आयाको हुनाले सो प्रमांगी बमोजिम् तीम्रासिपाहीहरूलाई पाली पगरि वधाउन हुंछ. वधाउने कामगर भंन्ने निज महन्त हीरानाथका नाउंमा सनदगरि बक्सनु पर्ने ठहराञ्यू भनि जैसीकोठा अडाका नायेव सुब्बा पुष्पराज उपाध्यायले हाम्रा हजुरमा विन्तिपार्दा जाहेर भयो तसर्थ सो ठहराया बमोजिम् गर्ने काम गर. इती सम्वत् १९५५ साल मिती पौष वढी ७ रोज३ शुभम्—

सन्दर्भ ग्रन्थहरू:

१. पन्त, नयराज र अरू वि. सं. २०२५ । (संपा) श्री ५ पृथ्वीनारायणशाहको उपदेश तेस्रो भाग, ललितपुर: जगदम्बा-प्रकाशन ।

२. बज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ वि. सं. २०३१ । दोलखाको ऐतिहासिक रूपरेखा, काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान त्रि. वि. वि. ।

३. वि.सं. २०३७ । शाहकालका अभिलेख पहिलो भाग, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि. वि. ।

४. योगी, नरहरिनाथ, वि. सं. २०२२ । इतिहास प्रकाशमा सन्धि पत्र संग्रह भाग १, काष्ठमण्डप: गोरक्षनाथ पीठ । गोरक्षग्रन्थमाला ८५ पुष्प)

५. योगी, क्षिप्रनाथ, वि.सं. २००९ (संपा.) गोर्खा वंगाली, प्रथमावृत्ति काशी: गोरक्ष-टिल्ला योगप्रचारिणी ।

६. शर्मा जनकलाल वि. सं. २०२० । जोसनी सन्त-परम्परा र साहित्य, काठमाण्डू: रायल नेपाल एकेडमी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीजीवन्मुक्त महात्मा खड्प्त-स्वामी

–प्रा. चूडानाथ भट्टराय

जीवन्मुक्त ब्रह्मविद् महात्मा श्री१००८ सच्चिदानन्द सरस्वतीलाई नेपालीहरु खप्तडस्वामी अथवा खपूबाबाका नामले पुकारर्छन् । वहाँको शब्दचित्रबाट रूप परिचय गराउँदा विशाल भाल, दयाद्र दृष्टि, आर्यत्व प्रतिनिधित्व गर्ने नासिका प्रेमपूर्ण स्मित हास्य, सत्य अमृतमयी वाणी, शिव संकल्पित मन र आभिजात्यनुरूप सौन्दर्य र शरीरिक लावण्य देखिन्छ । उहाँमा दिव्य प्रभा मुखमण्डलमा मण्डलाकारमा रहेकोछ। उहाँ जस्ता महापुरुषलाई जन्मदिने जननी र जनकहरू अति पुण्यात्मा हुनुपर्छ । जहाँ जन्मेर उहाँले बाललीला गर्नुभयो त्यो पवित्रभूमि पनि तीर्थबन्न सक्तछ । शताधिक जीवन यापन गरेको शरीरको लावण्य र सौन्दर्य देख्ता विस्फारित नयनले उहाँको दर्शन गर्छन् उहाँ प्रति आकर्षित भएर जोपनि। नाम रूपको यत्ति हो मैले गर्ने परिभाषा। तर यो जगत्को भागमा पर्ने हुँदा बास्तवमा यी केही होइनन् ।

आत्म त सत् (अस्ति) चिद् (स्वप्रकाशित हुँदा भाति) र आनन्द (प्रियम् हुन्छ भनी शास्त्र भन्दछ र श्रीस्वामीजी साच्चै सच्चिदानन्दरूपमा नै मग्न हुनु हुन्छ। उहाँ महान् योगी, परमसिद्ध र आखिर ब्रह्मविद् हुनुहुन्छ । 'ब्रह्मविद् ब्रह्मैव भवति' भनेर भगवती श्रुतिले भनेकोछ । मैले जीवनका यतिका वर्ष बिताए । धेरै मनुष्यसित सम्पर्क गरें । तर मेरोमन उहाँ प्रति जति श्रद्धावनत भएर उहाँको चरण धूलिमा सर्मपित भएर गुरुदेवको रूपमा उहाँलाई मान्न निष्कम्प प्रवृत्त भएको छ त्यो मेरो स्वसंवेद्यतालाई अरुले प्रश्न गर्ने ठाउँ छैन । आफूलाई साह्रै भाग्यवान् संझन्छु जीवन कालमा मैले साक्षात् ब्रह्मज्ञानी महात्माको दर्शन मात्र पाइन गुरुदेवको कृपा कटाक्ष पनि पाएकोछु । मेरा दुःखका घडीमा मलाई उहाँबाट संरक्षण भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले अनुभव गरेकोछु करुणासागर भक्त वत्सल गुरुको महिमा अपार भएर नै ब्रह्मा, विष्णु र महेश्वर मात्र नभनेर साक्षात् परब्रह्म भनी गुरुलाई भनिन्छ। परब्रह्म नै भएको गुरु पाउनु यो सानो कुरो होइन।

मेरा परमपूज्य सन्यस्त गृहस्थ कान्छा वा वदरीनाथ भट्टराईबाट र उहाँका सुपुत्र आदित्यनाथ र अच्युतनाथ यी दुई भाइले उहाँको दर्शन पाएको र उहाँको वर्णन गरेको सुन्दा म उहाँको दर्शन गर्न अत्युत्कण्ठित भएँ। वझाङ्को ११००० फीटमा पर्ने खप्तडमा वस्ने महान् सिद्धलाई म कसरी भेट्न जाँऊ ? दुई दिन वरपर हुँदा पनि नब्बे वर्षकी आमालाई पर्नुपिर पर्छ। मैले सबै तीर्थ व्रत धर्मकर्म मातृसेवा संझेर रहेकोछु। कतै जाने घुम्ने कुरै भएन। यो घुमघाम तीर्थयात्राहरू जवानीमा नै नगरे पछि पछुतो पर्ने रहेछ। म मन मनमा कल्पिदै खप्तडबाबाको दर्शनार्थी भएँ। जो असंभव प्राय थियो। भाग्यमा नहुने त खप्तडगएर पनि दर्शन नपाइ फर्कदा रहेछन्।

म भित्रभित्रै श्रद्धाभक्ति गरेर चूपचाप वस्तथें। एक साँझ अत्युत्कट इच्छा भयो कसरी स्वामीजीको दर्शन पाउने भन्ने तर भोलिपल्ट अतर्कित घटना घट्यो मेरा प्रियमित्र उपप्राध्यापक विदुरजीले फोनबाट स्वामीजी काठमाडौं आएको खवर गर्नु भयो। मेरो हर्षको सीमा रहेन। म पुगें। दर्शन पाएँ। चिर सञ्चित कामना पूर्ण भएर कृतकृत्य भएँ। म लाटिएँ म अटोलाएँ म आफैंमा विलाएं मेरो मोहज्वर हरायो मैले आफूलाई साह्रै अजान पाएँ। श्रद्धा भक्तिले वहाँको चरण धूलिमा सर्वात्मना समर्पित भएँ। उहाँको निष्कपट व्यवहार, सत्यवाणी, उदार भाव र सांसारिक जीव प्रतिको अनुकम्पा देखेर चकित भएँ। शास्त्रले भनेको ब्रह्मज्ञानीस्थितप्रज्ञको सारा-लक्षण उहाँमा देखें म अन्धविश्वासी भएर उहाँ प्रति समर्पित भएको कदापि होइन म पाठकलाई विश्वास दिलाउँछु। उहाँका आश्रममा हिंस्रक जनावर पनि उहाँ प्रति-विश्वस्त हुन्छन्। भन्ने पनि सुनेकोछु। त्यतिले मात्रपनि यति आस्थानिष्ठ मलाई पार्न सक्ने होइन यो मेरो स्वभावसंग म परिचितछु। शिद्धि त ज्ञानको वाधक हुन्छ त्यतिमै अलमलिने माथि पुग्दैन। तर उहाँ त त्यसलाई पन्छाएर स्वस्वरूपमा अनवच्छिन्न निमग्न हुनुहुन्छ। उहाँको दर्शन गर्न आएका मान्छेको लुडो देख्ता म पक्क परें। धनीमानी देखिन् गरीव दुःखी सम्म, विद्वान् देखि पटमूर्खसम्म आएकाछन् गएकाछन् यो देखेर महामुनि उहाँलाई आगो लागेको गाउँ घरझैं कोलाहल भएकोछ। त्यहाँबाट माग्ने तरखरमा हुनुहुन्छ।

म प्रतिदिन जान्छु, त्यहाँ आफ्ना पाण्डित्य छाट्नेहरू प्रश्न गर्छन् उनीहरूमा शास्त्रीय ज्ञानको वृथाभिमान छ। अनुभूति भएको छैन यो स्पष्ट गरेका प्रश्न बाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाहा हुन्छ । यी कुरा सुन्दा कति आजित लाग्दो हो भन्ने मलाई त्यसो लाग्दथ्यो मलाई धेरै वेर हेरेर परमपूज्य श्री स्वामीजीले आज्ञा भो–'हुन्छ मैले पत्याएँ मेरो पुस्तक नेपालीमा अनुवाद गर'। कसरी मेरो परीक्षा भो म जान्दिन। म माथि यो महान् कार्यभार वक्सदा म हडबडाए अनि मैले भने मेरी छोरीमुक्तिलाई साथलिन पाऊँ। ती अनारका दाना जस्ता दन्तपङ्क्ति देखाएर हास्दै भन्नु भो हुन्छ त्यतिमात्र होइन तिमीले पत्याएका मान्छेलाई पनि अनुवाद गर्न दिनू तर तिमीले चाँहि सबै अनुवाद भएका कापीहरू सुन्नुपर्छ। म अनुगृहीत भए यत्रो महान् कार्यमा भगवान्ले मलाई निमित्त बनाएकोमा।

तपोमूक्ति ज्ञानस्वरूप महायोगीले हिमालका काखमा बसेर ध्यानयोगले विचार गरी हिन्दू-धर्मको वास्तविकता र वैज्ञानिकताको मर्म नबुझी अन्धोले डोऱ्याएको अन्धोझै समाज खाल्डोमा जाकिन आट्यो भन्ठानी करुणावशीभूत भएर एकान्त शान्त तपोवनमा वसी वाह्रौं.वर्ष लगाएर लेखिएको धर्म-विज्ञान नामक पुस्तक यस युगको ठूलो उपलब्धि भएकी मैले पाएँ। महाभारतको वारेमा भनिन्छ-यदिहास्ति तदन्यत्र यन्नेहास्ति नतदक्वचित्"। त्यही कुरा धर्म--विज्ञानमा दोहरिन्छ यो यस्तो पुस्तक छ यसमा वैदिक सनातन धर्मको सानो रेखा पनि ननाघेर त्यसलाई उदाहरण कथा तथा सैद्धान्तिक पक्षको साधिकार अनुभूत वर्णन गरिएको छ। जति पढ्दै जान्छु जति सुन्दै जान्छु त्यति नै त्यो श्रीस्वामीजीको ज्ञानराशिमा चकित हुन्छु। धर्मका हरेक पक्षमा एक एक रहस्य खोलेर सरल सुन्दर रूपमा प्रस्तुत गरेको छ केही कुरा छुट्न पाएको छैन। अगाध ज्ञान र पाएका अनन्त अनुभूतिको।संग्रह गरेर यो पुस्तक मानवको हातमा राखिदिनु हुने परमगुरु उहाँ, प्रति मानव जाति नै चिर ऋणी हुनुपर्छ। यो पुस्तक आद्योपान्त पढ्नुपछि पढ्नुपर्ने धार्मिक ग्रन्थ हुने छैनन्। यसले परमपुरुषार्थ मोक्षतिर उन्मुखपार्छ। त्यो पनि अद्वैतवाद शाङ्करसिद्धान्तमा विश्वासगर्नेहरू वढी लाभान्वित हुनेछन्।

त्रिकालदर्शी गुरुदेवसंग मैले प्रश्नगरें यो सकिएपछि छाप्ने व्यवस्थामा के गर्ने नि ? उहाँले आफ्नो काम सक त्यसको पिर गर्नु पर्दैन भनी बढ्ता कुरागरेको मन पराउनु भएन। विद्वान् श्रद्धालु उहाँको प्रभावमा बिश्वस्त महानुभावहरू यस अनुवाद कर्यमा जुट्नुभो। १ महीनाको म्यादमा भरपाई गरी अनुवाद फिती गर्ने भनी धेरैले लग्नुभो। तर अतिव्यस्तता भएका उच्चपदासीन कसैले भने अलिढिलो गरी कापी फिर्ता गर्नुभो। त्यही बीचमा छोरीमुक्ति बिरामीभई थलापरिन् भक्तवत्सल उहाँवाट छोरीले जीवन दानपाइन्। उनले रोगनिवृत भएर अर्को वाँकीकापी पनि अनुवादगरिन्। सबै अनुवाद हात परे अब प्रकाशन गर्ने स्थितिमा थिएँ। दैवी दिव्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेरणा अकस्मात् आधारातमा मैले सुनें । त्यहीमुताबिक कार्य गरें । त्यो सफल भयो । योगीको सत्यसंकल्प अन्यथा हुने कुरै भएन ।

यो पुस्तक प्रकाशन गर्न राजकीय प्रज्ञाप्रतिष्ठानले राखेको रकम प्राज्ञ-सभाबाट स्वीकृत भयो र यसलाई रूजु गरी प्रकाशनमा सहयोग कार्य म माथि सुम्पिएर मलाई संवद्ध निकायबाट अनुग्रह गरेकोमा म अति आभार व्यक्त गर्ने अनुमति माग्छु । यो प्रकाशन भएपछि खप्तडबाबाको हुन् र धर्म के रहेछ भन्ने सबै यथार्थ हुनेछ । अलिढिलो हुनमा म आफै दोषीछु । व्यावहारिक विवशताले बाध्य गराएर मलाई लज्जित पार्छ म चाहन्छु एकथोक भईदिन्छ अर्कै ।

अनन्तश्री स्वामीजी एक महान्‌सिद्ध. एक महायोगी र एक आजको विश्वमा जीवन्मुक्त महात्मा हुनुहुन्छ । म उहाँको एक परम भक्त कसरी बनें यसमा मैले उहाँकै कृपा बाहेक अरु फेला पारिन । कुराको प्रसंगमा माताजी दर्शनार्थी हुनुहुन्छ भनें उहाँ ताई बाहिर भेटेर । उहाँ ताईलिई घरमा आई पुऱ्याई तपाईको घरमा पनि त म आइदिएँ भन्नु भो । धन्य कृपा !! घरमा पाल्नु हुँदा भाइछोराले दर्शन पाएँ । मुक्ति माथि असाध्य स्नेह रहेको कुरा यसवर्ष हरिद्वारमा कान्छाबालाई भेटेर मुक्तिलाई कस्तो छ ? भनी सोधिवक्सेछ । मेरो श्रद्धाभक्ति दिनानुदिन बढ्दै जाओस् हजूर अन्तर्यामी हुनुहुन्छ मलाई थहा छ । हजूर ब्रह्मविद् भएकाले गुरुसाक्षात् परब्रह्म भनी वारम्वार नमस्कार गर्छु । जय गुरुदेव ।

ईश्वर पूजाका होइनन् प्रेमका भोका छन्

—स्वामी विवेकानन्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्त कवयित्री शक्तिमाता योगमाया

–ज्ञानमणि नेपाल

आमुख:

हामीले पुरानो अतीततर्फ नियाल्दा हाम्रा मनमा महामना मन्त्रद्रष्टा वैदिक ऋषिमुनिहरूप्रति श्रद्धा जागेर आउँछ। विद्यावंश र जन्मवंश चलाउने ती महर्षिहरूको ज्ञानविज्ञानले विद्यालाई अलोकित पारेको थियो। तिनको सूक्ष्मचिन्तन प्रगाढ अध्ययन अध्यापनले वेद उपदेत्र ब्राह्मण उपनिषद् वेदांग सूत्रग्रन्थ स्मृतिशास्त्र अर्थशास्त्र आदि वाङमय विस्तृत विशाल वनेको छ। प्राय: प्राचीनतम सो वाङमयले विश्वलाई शास्त्रमय सुखमय र समृद्धशाली बनाउने लक्ष्य राखेको हुनाले त्यस बखतको जीवन दर्शन ऐहिक लोकोपकारले अभिमुख भएको देखिन्छ।

त्यसपछि विस्तारै यो लक्ष्यबाट विरत हुँदै हुँदै गएर हिन्दू जीवनदर्शन पूरै पारलौकिक जीवन सुधार्ने ध्येयले आध्यात्मिक विधाभिमुख बनेर गयो। विशेष गरेर बौद्ध जैन धर्मको प्रचार प्रसारपछि यो परिपाटीले राम्रै जग जसायो। अत्र विद्याको अध्ययन अध्यापनको परम्परा गुरुकुल आश्रमबाट उठेर बौद्ध भिक्षु जैनसाधु र अरू वैरागी सन्यासीहरूका विहार मठमा सर्न आइपुग्यो। यी विहार मठहरू ठूलो धनी मानी राजा महाराजका आश्रयमा बने बढेका हुनाले त्यहाँ रहेका विद्वान् भिक्षु संन्यासीहरूलाई ऐह लौकिक जीवनको कुनै अपेक्षा रहेन र पार लौकिक जीवन सुधार्न पट्टि बढी चिन्तित हुन लागे अत: हाम्रो यस लोकोपयोगी विद्याको विस्तारै ह्रास हुँदै गयो र अध्यात्मविद्याको बढी प्रचार प्रसार विकास हुँदै आयो। यो क्षणिक तुच्छ असार संसारको चिन्ता किन गर्नु, कामचिन्ता अर्थचिन्तालाई त्यागेर परमार्थ सुधार्नु, कैवल्य निर्वाण अर्थात् मोक्ष प्राप्त गर्नु नै मनुष्यको जीवन सार्थक हुने कुरा हो भन्नेमा नै विद्याध्ययनको मोड ढल्कियो। यसरी व्यवहार नचल्ने हुँदा व्याख्यान एकापट्टि कार्यकलाप अर्कापट्टि हुन लागे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्यास आश्रमद्वारा धर्म, अर्थ, काम र मोक्षलाई विरोध नपारी सन्तुलन मिलाएर सेवन गर्नुपर्छ भन्ने सनातन नियममा नयाँ निस्किएका बौद्ध जैन वैष्णव संन्यास आदि सम्प्रदायले खडवड पारेर विषय बासना र अर्थचिन्तालाई सर्वथा त्याज्य माने पनि यी वस्तु लोकमा सर्वथा त्याज्य हुन सक्ने होइनन् । अतः पुनः यी नयाँ नयाँ धर्मसम्प्रदायहरूमा विकृति पैदा हुन आयो । अनि अर्थ संग्रह गर्दै काम विषयको सेवनबाट पनि कैवल्य मोक्षप्राप्त हुन्छ भन्ने खालको धर्मसम्प्रदायको प्रादुर्भाव भयो । तन्त्रमार्गको रूप यही हो । शैव र शक्ति, वैष्णव र बौद्ध, सबै धर्मसम्प्रदायमा पूर्व मध्यकालको शुरुदेखि नै तान्त्रिकपद्धतिको प्रवेश हुन थाल्यो तन्त्रमार्गमा पनि वाममार्ग सहजयानमा पञ्च मकारको सेवन उपयुक्त मानियो। विषयको यथेच्छ सेवनले कामवासनाको तृप्ति गरेर यो लोकका विषयको मुक्तिले पनि कैवल्य मुक्ति मिलन सक्तछ भन्ने यस दर्शनको मुख्य लक्ष्य भयो ।

ठूलठूला मठमा विहारमा यस किसिमका अद्भुत चमत्कारी सिद्ध महात्माहरू अनेकौं प्रादुर्भाव हुन थाले । यस किसिमका ठूला सिद्धहरूको संख्या चौरासीसम्म पुगेकाले चौरासी सिद्ध भन्ने प्रचलन रूढ हुन आयो [१]। यिनले भारत भोट नेपालमा आफ्नो ठूलो प्रभाव जमाएका थिए। यस्ता सिद्ध पछिपछि पनि पैदा हुँदै रहे। यी सिद्धहरूको जीवन चरित्र वा यिनको सिद्धयाइँका बारेमा वर्णन गर्नें अहिले हाम्रो साधन शक्तिले भ्याउने कुरा होइन, अहिले सो विषय होइन । हामीलाई यी सिद्धका वाणी गीत भजन भने अध्यापनका विषय बनेका छन् र चर्यागीत सिद्ध वाणीका रूपमा आज सम्म गाइँदै छन्।

सिद्धहरूको चर्चासंगै पछिल्लो मध्यकालमा पैदा भएका सन्तकविहरूको पनि यहाँ अलि कति कुरा कोट्याउनु परेकोछ। सम्पूर्ण भारतमा मुस्लीम र धर्मको बढोत्तरी भएपछि मुसलमान शासकको चर्तिकला चलेपछि बिरक्तिएको विक्षुब्ध बनेको हिन्दूहरूको आत्मालाई शान्ति दिने हेतुले अनेकौं सन्तहरूले अनेकौं धर्मसम्प्रदाय अपनाएर तिनको प्रचार प्रसारमा आफ्ना धार्मिक गीत भजनका ताँती लाए। कोही रामाश्रायी कोही कृष्णाश्रयी कोही निर्गुणोपासक बनी यी सन्त कविहरूले आफ्ना साश मधुर गीत भजन वाणीले लोकको मन आल्हादित पारेका छन् । ती सन्त कवि कवयित्रीहरूमा तुलसीदास, कवीरदास, रैदास, मीरा र नानकहरू धेरै प्रसिद्धिमा आएका छन् ।

हाम्रो नेपालमा पहिला सिद्ध मत्स्येन्द्रनाथ गोरखानाथहरूको नाम प्रख्यात थियो भने पछि सिद्ध तान्त्रिकमा लखनथापा र जामुना गोभाजु आदिको नाम सुनिन्छ[२] ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्त कविहरू भने पृथ्वीनारायणको विजयपछिमात्र देखापरेका छन् । तिनमा जोस् मनिसम्प्रदायका शशिधर स्वामीको नाम विशेष चर्चित छ । त्यसपछि उनका चेलाहरूमा केही सन्तकविहरूको नाम पनि हामीले सुन्न पाएका छौं । प्राय: यिनका वाणी वा भजन पक्की भाषामा वा सधुक्कडी बोलीमै पाइन्छन् भने विशुद्ध नेपालीमा त्यस्ता बोली प्रकट गर्नेहरूमा ज्ञानदिलदासकै नाम विशेष गरेर लिन सकिन्छ ।

ज्ञानदिलदासपछि आफ्नो तिखखर वाणीले विभिन्न विषयमा व्यङ्ग गर्न पुगेकी स्वत: स्फुर्त वाणी विशेष कार्यकलापले नेपाल अधिराज्यमा प्रसिद्ध हुन पुगेकी सन्त कवयित्री शक्तिमाता योगमायाको नाम सुन्नमा आउँछ । हाम्रो अहिलेको यो सानो लेख तिनैको केही परिचर्चामा सीमित गर्नु परेको छ ।

शक्तिमाताको कार्यक्षेत्र मेरै जिल्ला अन्तर्गतको दिग्लामकूवा व्यासी भएको हुनाले उनका कार्य विधिको सुईको मैले सानैमा पाएको थिएँ । पछि जोसमनि सन्त परम्परा र साहित्य भन्ने पुस्तकमा अलिकति उनको जीवन चरित्र परेको पाएँ[३] । उनको सत्यार्थवाणी भन्ने पुस्तक र उनका चेला हरेराम प्रभु प्रेमनाराणको सत्यार्थ स्वर्गारोहण भन्ने पुस्तक पनि प्रकाशित भएको देखे[४]पछि उनका बारेमा मलाई अझै विस्तृतसँग जान्ने जिज्ञासा जाग्यो । यसैले दिग्ला मकूवाव्यासी घुमेर उनका जीवनचरित्र र केही सामग्रीस्रोत पनि मैले देख्न सुन्न पाएँ । इर्खुवापारि गुफामा शक्तिमाताकै अनुसरण गर्दै बसेकी भक्तिबाट स्वामी प्रेमनारायणका पद्यमय जीवनचरित्र सार्न पाएँ, भने स्वामीकै भतिजा विष्णुप्रसादबाट शक्तिमाताका बारेमा धेरै कुरा बुझ्न पाएँ । शक्ति माता र उनका चेला स्वामीको प्रभाव त्यसबेला नेपाल अधिराज्य र नेपाल बाहिर दार्जिलिङ्ग आसामसम्म फैलिएको थियो । उनका चेलामा काठमाडौंमा पं. कविप्रसाद गौतम, लोचननिधि तिवारी र पं. यज्ञप्रसाद आदि धेरै पठित व्यक्ति र अरू धेरै अपठित स्त्रीपुरुषहरू पनि थिए । उनीहरूका कुटीमा ३/४ सयजति स्त्रीपुरुष जम्मा भई वाणी सुन्ने र भजन गाउने गर्दथे । खास गरी पं. कविप्रसाद गौतमलाई हरेरामको प्रचार प्रसार गर्ने प्रमुख प्रेरणा दिने योगमायाका प्रमुख चेला उनै हरेराम प्रभु प्रेमनारायण थिए ।

शक्तिमाता र उनका चेलाहरूबाट श्री ३ महाराजदेखि सारा प्रजाहरूमा समेत् हरेरमको प्रचार गर्न गीता पाठ गराउने, यज्ञयागादिको महत्त्व दर्शाउने, यज्ञ कुण्डमा हाम्फाली प्राणोत्सर्ग गर्ने, जलसमाधिद्वारा प्राणविसर्जन गर्ने जस्ता चर्चा परिचर्चाले त्यस बेलाको नेपाली समाजमा विशेषगरी पूर्वाञ्चलमा एउटा अतिठूलो हलचल मच्चाएको थियो । अर्को कुरा उनका वाणी सगुण वा निर्गुण उपासक सन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कवि कवयित्रीलाई सुहाउँने परमार्थ चिन्तनपट्टि ढल्केका मात्र नभएर त्यसबेला नेपाली समाजमा घटेका सामाजिक कुरीति आर्थिक विसङ्गति राजनैतिक स्थिति प्रति असन्तोष व्यक्त गर्दै तीखो प्रहार गर्ने खालका छन् । वेद नपढ्ने मांसाहारी जजमाने बाहुन भ्रष्टाचारी अन्यायी सरकारी कर्मचारीहरूप्रति ज्ञानदिलदास जस्तै शक्तिमाता पनि ठूलो आक्षेप गर्छिन् तर शक्तिमाता भने अझै बढेर समसामयिक राजनैतिक आर्थिक सामाजिक स्थितिको पनि कटु आलोचना गर्न पुग्छिन् । उनका कार्य हेर्दा र वाणी सुन्दा उनी जोममनि मतना मात्र सीमित कवयित्री थिइन् भन्न सकिन्दैन । उनमा यज्ञयागादि गर्ने प्रेरणा स्वर्गद्वारीका चैतन्यमहाप्रभु (अभयानन्द द्वितीय) बाट आएको थियो भने सत्यार्थवाणी र सत्यार्थ स्वर्गारोहण भन्ने नामका उनका र उनका चेलाका कृति देखिएकाले वेद र यज्ञबाहेक अरू पुराणापोथीको निन्दा सुन्दा यिनका मतमा वेददेखि बाहेक अरू पुराण नमान्ने यज्ञदेखि बाहेक अरू क्रियाकर्म नगर्ने दयानन्द सरस्वतीको आर्यसमाजी प्रभाव पनि परेको थियो भन्न सकिन्छ । अझ हरेराम गर्ने गीतापाठ गर्ने पद्धतिलाई पनि यिनले अपनाएकोले यो मार्गमा वैष्णव प्रभाव पनि प्रशस्तै थियो । यसरी यो खिचडीको रूपमा प्रकट भएपनि नेपालमा यो सामाजिक धार्मिक सुधारको आन्दोलन थियो र यसले सामान्यतः राजनीतिक रूप पनि लिन खोजेको थियो ।

उनका वाणीमा भारतको प्रजातान्त्रिक आन्दोलनको र रूसको केहीवर्ष घटेको क्रान्तिको पनि छिटपुट कुरा परेका छन् । नेपाली सन्त साहित्यमा योगमायाका वाणीले राष्ट्रिय अन्तराष्ट्रिय परिस्थितिसम्म छोएका र धार्मिक आर्थिक सामाजिक सुधार गर्ने दिशापट्टि अभिमुख भएका हुनाले नेपालको इतिहासमा यो आन्दोलन निकै नौलो र अनौठो खालको पनि थियो ।

यी सबै कुराले गर्दा यिनको जीवनगाथा र सत्यार्थवाणीको पनि विश्लेषण गरी यिनका चेला र यिनका समेत्का केही सामग्री परिशिष्टमा पारी १२३ पृष्ठको पुस्तक तयार पारी प्रभुनाथ अधिकारीको संगीतलहरी साथै मैले प्रकाशनार्थ जगदम्बा-प्रकाशनमा पठाइदिएको थिएँ । सं. २०२५ मा 'संगीतलहरी' चाहिँ प्रकाश भयो । 'योगमाया र भक्तिमार्ग' चाहिँ फिर्ता भयो । त्यसपछि प्रेमनारायणकाबारेमा मेरो सानो लेख नेपालीमा[५] छापियो । योगमायाका बारेमा पनि १/२ ठाउँमा लेख छापिएका छन्[६] योगमायाले आफ्ना भक्त पार्श्ववर्ती चेलाका साथ अरुणमा जलसमाधिद्वारा सामूहिक आत्महत्या गरेको करीब चार दशक पछि दक्षिण अमेरिकाको गायनामा पनि करीब करीब यस्तै खालको धार्मिक आन्दोलनको अन्धविश्वासमा परी आठ नौ सय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्रीपुरूषहरूले विषपान गरी सामूहिक आत्महत्या गरेको घटना घट्यो। यसको विश्वव्यापी चर्चा परिचर्चा चल्यो। कय्यौं पत्रपत्रिकामा यसकाबारेमा लेख लेखिए, पुस्तक लेखिए। यसपछि ४ दशक जति अघि नैं नेपालको एक कुनामा ६८ जना स्त्रीपुरूषले धार्मिक अन्ध-विश्वासमा परी आत्महत्या गरेको यस घटनाको पनि महत्त्व बढेर आयो। त्यसवेला मेरो पनि योगमायाको र उनका चेलाचेलीको सामूहिक जलसमाधि र गायनामा घटेको विषपानद्वारा सामूहिक आत्महत्याको तुलनात्मक अध्ययन गर्ने चाख पुनः जागरित भएको थियो। यस्तैंमा अमेरिकाबाट यस विषयमा शोधखोज गर्ने उद्देश्यले अनुसन्धाता पनि आउन थाले[७]। तर पनि मेरो पाण्डुलिपि त्यसै पडिरहेको थियो। कसै कसैले लेख लेख्दा यसको उपयोगसम्म गरेका छन्[८]। अहिले गुणराजस्मारकनिधिबाट जिज्ञासाको सन्त अङ्क निस्कने हुँदा त्यसमा शक्तिमाता योगमायालाई पनि समावेश गर्ने उद्देश्य रहेको हुनाले मैले यो सानो लेखमा उनका बारेमा सामान्य दिग्दर्शन गर्न लागेको छु।

जीवनगाथा:—

शक्तिमाताको जन्म मिति निश्चित खुट्याउने साधन अहिले मैले पाउन सकेको छैन। कसैले यिनलाई सं. १९१७ मा जन्मेकी भनेका छन्[९]। उनका चेलाहरूको पनि यसमा मतैक्य छैन। उसवेलाका लिखतमा कतै सं. १९१९ कतै १९२४–२५ लेखिएको पाइन्छ[१०]। भोजपुर दिग्लाको मजुवा सिम्लेका नेउपाने परिवारमा यिनको जन्म भएको थियो। सानो नाबालक उमेरमै सिक्टेल धोल्लेका कोइराला बाहुनसंग यिनको बिहा भयो। घरको बुहार्तन र लोग्नेको चुटाइ खप्न नसकी भागेर वल्लतल्ल यिनी माइत पुगिन्। माइतमै रहदै बस्तै जाँदा यौवनको उन्मादमा परेर एक जना छिमेकी कर्णेल बाहुनसंग आशकमा फसी एक छोरी पनि पाइन्। त्यसपछि पतिको मृत्यु भयो। पतिता तिरस्कृता बन्दै मुगलान पसी फूलवारी कमानमा पुगी पुनः एक डोटेल बाहुनसंग बसिन्। एक छोरी पाएपछि ती पति पनि परलोकवासी बने। यसरी बारंबार आइपरेको वैधव्य योगलाई धिक्कार्दै आफ्ना पूर्वचरित्रमा पश्चात्ताप गर्दै उनले जोगमार्ग लिइन्,[१२] तीर्थव्रत गर्दै उपवास बस्तै उनी चैतन्य महाप्रभु कहाँ पुगिन्, त्यताबाट गोरखपुर हुँदै भारत घुम्दै आखिर आफ्नै माइती गाउँ पुगेर अरूण किनाराको मजुवा ब्यासीमा सं. १९६६ तिर एक कुटी बाँधेर बस्न लागिन्। त्यसबेला पतिता स्त्रीको आश्रय दिन अनुसरण गर्न को अघिसर्थ्यो। एउटी भाइबुहारी गङ्गा चाहिँ उनकी पक्का भक्त भइन्। श्री प्रेमनारायणकै दिदी थिइन्। उनका छोरी र एक दुई घर्तिनी पनि अनुचरी बने। अरूणमा गई आकण्ठ जलमग्न भई जप गर्नु धुनीमा आँखा चिम्लेर वाणी उकेल्नु भजन गाउनु उनको दिन चर्या थियो। बिहान सबेरै उठी स्नानसन्ध्या पाठजप गरी कुटीमा आएर कराएर हरिः ॐ तत्सत् ॐ ब्रह्म ॐ नमः शिवशक्ति शरणागत हरे राम आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्र उच्चारण गर्दै उनले र उनका चेलीले अरूण किनाराका कुटी घन्काउँदा विस्तारै उनको छलबल बढ्न लाग्यो ।

यता उच्च पठित वर्गले भने उनलाई र उनको कार्यलाई पुरै न्यक्कार गर्न लाग्यो । पतिता नीचा शूद्री स्त्रीजातिले ॐकारको उच्चारण गर्नु पनि त्यसबेला ठूलै धर्मव्यतिक्रम मानिन्थ्यो । तर पनि योगमायाका व्रत उपवास फलाहार स्नान जप ध्यान भजन वाणीले लोक अब रोकेर रोकिएन । उनले आफ्ना व्यक्तित्वले विशेष नियमले गर्दा पूर्वपातकको पुरै प्रायश्चित गरिसकेकी थिइन् । उनी अब लोकमा शक्तिमाता भगवती देवीको रूपमा मानिन लागिन् ।

धुनी जगाएर धुनीको विघुत लाएर आँखा चिम्ली उनले बेरोकटोक ह्वारह्वार्ती वाणी निकाल्दै "जाग हे, अविनाशी जाग" "उत्रें आफ्नै आँटले बहुलाका छाँटले" "मुलुक खाएछ ढाँटले" "होइन मैले बोलेको योग छ चलेको" "यो अर्काका राजमा, आएकी छु काजमा" "नौलै छु र जान्दिन फूटो विन्ती मान्दिन" साँचो नचलाई छाड्दिन" भनी जगल्टा फिंजाएर चिम्टा ठटाउंदा त्यहाँ एक अद्भुत अवधूतको रूप देखिन्थ्यो ।

यसरी उनको दृश्य चरितले र तिख्खर वार्णीले गर्दा विस्तार विस्तार लोकको मन आकृष्ट हुन लाग्यो । तर उच्चवर्गले यो बिधर्म हो भनी हट्किंदिदा हाकाहाकी यसमा लाग्न केही संकोचै रहेको थियो ।

केही वर्ष यस्तैमा वित्यो । सं. १९७८–७९ मा ठूलो दुर्भिक्ष चल्यो । अरुणवारीभन्दा पारि चैनपुरतिर अन्न सस्तो थियो । वेसाहारी धुइरो पारी जान थाल्यो । आफ्नो अन्न महँगो वेच्ने उद्देश्यले वारीका धनी साहुजन मिलेर अरूणको नाउ बगाइदिए । गरीबमारा धनीमानी यो कार्यको जोगिनी बूढीले खुलेर उग्र विरोध गरिन् । यसले गर्दा जनतामा उनको प्रभाव वढ्यो । उनका जमघट अब राम्रै जम्न थाल्यो । स्थानीय धनी मानिएका बस्नेत परिवार पनि आफ्नो विरोध वेइज्जत रैतीमा नफैलियोस् भन्ने हेतुले उनका अनुयायी बन्न पुगे । पं. प्रेमनारायण आदि केही पढे लेखेका मानिस पनि उनका चेला बनी उनलाई गुरुआमा मात्रै होईन औतारी शक्तिमाताको रूपमा मान्न लागेकाले अब उनी एउटी अद्भुत औतारी चमत्कारी भूत भविष्य वर्तमान देख्ने देवीको रूपमा प्रचारित हुन लागिन् । हरे राम प्रभुका नामले चर्चित पछि सन्यास लिई स्वामी बनेका प्रेमनारायणले घुमीघुमी उनको मत प्रचार प्रसार गर्न थाले । राजधानी आएर यहाँका धार्मिक समाजलाई पनि उनले मोहित तुल्याए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कविप्रसाद गौतम आदि केही शिक्षित व्यक्तिलाई एकोहोऱ्याउन पनि उनी समर्थ भए। केही राणा परिवार पनि यिनीप्रति झुकाउ राख्ने भए[१३]।

दिग्ला आवालब्रह्मचारी गुरूमहाराज पडानन्द अधिकारीको कर्मक्षेत्र हो। त्यहाँ ब्रह्मचर्याश्रमकै रूपमा संस्कृत पाठशाला प्रतिष्ठापित थियो[१४]। उनका अनुयायी सनातनी पण्डित बूढियाको यो कर्मलाई उचित मान्दैनथे। उचोनीचो जात नमान्ने सरोबरी बस्ने समागम खाने हुंदा यो मार्गमा लाग्नेलाई काढ्ने हटक् गर्ने आदि कुरा हुन लागे। यसमा वाक् युद्ध मात्रै चलेनन्, मुद्दामामिला सम्म चले[१५]। एकपल्ट दिग्ला पाठशालामा लागेको पुराणको मण्डपमा शक्तिमाताको बलले हमलासम्म भयो। तर त्यसबेलाको समाज शासन पनि सनातनीकै पक्षमा हुँदा अब बूढियाले श्री ५ महाराजलाई नै मोडेर नयाँ शासनपद्धति नयाँ धर्मप्रचलन गराउनेतर्फ ध्यान दिइन्। पहिले लामो अनेकौं विधिविधान आफ्ना मनखुशी लेखेर चेलाद्वारा पत्र पठाइन्। पछि आफू पनि आई जुद्धशमशेरलाई भेटेर—

"महाराज धर्म उदय गरिबक्सनुहोस्"
"राहा थिती जुगचलन् बदलीदिनुहोस्"[१६]

-भनिन्। देशभरी यज्ञयागादि गराउने गीतापाठ प्रवचन गराउने पनि उनको लक्ष्य थियो। उनले लेखेर दिएका र भनेका कुराबाट पनि केही प्रतिफल नपाएपछि 'देशमा फैलिएका अन्याय अनरीति बेथिती निर्मूल पारी धर्म राज्य स्थापना नगरे नाश हुने बेला आयो, राज्य अड्दैन भन्न लागिन्। अब अर्को युग फिर्दैछ, यस युगको तपसलाई अर्को युगमा मिसाएर मुक्त भईसकेको आत्मालाई महमुछाइ पार्नु छैन, मत स्वेच्छाप्रमाणले यो पाञ्चभौतिक शरीर त्यागी मुक्त हुन आँटे, मलाई भगवानको यही सूचना छ भनी सुनाइन्।[१७] योगमायाका वाणी सुन्दा उनका अनुयायी बन्न पुगेका दुई अढाई सयजति स्त्री पुरूष उनका सती बन्न तम्तयार भए।

सं. १९९५ मङ्सीर पूर्णिमाका दिन एउटा महान यज्ञ आयोजना भयो र त्यही यज्ञ कुण्डमा हामफालेर मर्ने सबैले संकल्प गरे। यज्ञको लागि बेपरवाहसंग सामग्री जुट्न लाग्यो। दाउराका बडे बडे खलिया लागे जिल्लैभरी हाहाकार फैलियो।

यो कुरा सरकारमा पनि जाहेर भयो। त्यसपछि "भक्ति भनाउंदीलाई पाटीमा कैद परिस् भनी सुनाइदिनु, अरू अगुवा जतिलाई जेलमा लगी नेल ठोक्नू" भन्ने दस्खत आउँदा धनकुटाबाट मे. ज. माधवसमशेर फौजसाथ आफै गई सो दललाई तितरबितर पारे। विशाल कुण्ड पुरियो, दाउराका खलियामा आगो लाइयो, स्वामीजी लगायत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्र पन्ध्र जना धनकुटा जेलमा परे, आइमाई जति तीन महिना भित्रमा छुटे, अरू अढाइ वर्षभित्रमा कागत गर्दै छुट्तै आउँदै गरे।[१८]

त्यसपछि पनि योगमायाको व्याख्या र वाणी रोकिएको थिएन। थुनाबाट छुटिसक्नासाथ फेरि भेला जमघट जम्यो। अबको पालो जलसमाधिद्वारा प्राण त्याग्ने सोचियो। सं. १९९८ हरिशयिनी एकादशीको दिन 'ॐ शिवशक्ति सत्य सचेत शरणागत' भन्दै शक्तिमाताले अरूणको उर्लदो भेलमा हामफालेर देह त्याग गरिन्। ६७ जना बाल वृद्ध स्त्री पुरूषहरू उनका सती भएर बगेर मरे। त्यहाँका केही चतुर धनी बस्नेतहरू भने मर्नेको गुठरी कुटीको धन फेला पारेर चलाकीसंग बँचेर बसेको कुरा मानिसहरू गर्दैछन्। स्वामीजी संन्यास लिई आश्रम परिवर्तन पनि गरि सकेका हुनाले जलसमाधिद्वारा होइन, योगसमाधिद्वारा मोक्ष मिल्छ भन्ने पक्षमा थिए, तर एउटा चेलालाई टुहुरो पारी ममात्र जान्न भन्ने भक्तिको डिपी भएकाले उनी पनि जलसमाधि लिनबाट अलग्गिन सकेनन्। सांसारिक कर्मबन्धनबाट नछुटि मोक्ष मिल्दैन भन्ने वेदान्तको उक्ति अनुसार केही आफ्ना चेलालाई जलसमाधि लिने बेनामा आतुर संन्यास गराएका थिए। यस्मा आफ्ना जहान परिवार र जागिर छोडेर गएका रघुनाथ तिवारी (डम्बरनिधि =प्रा. गोपालनिधिका दाजु) पनि परेका थिए।

योगमायाका विचार र वाणीका झलिकति नमूनाः—

शारीरिक र मानसिक अतिशय ठूलो दुःखकष्ट सहन नसक्दा सर्वात्मना भविष्यको आशा टुट्ता आफ्नो गुप्त महापाप प्रकट हुन लाग्दा मानिस आत्महत्या गर्न पनि अघि सर्दछ। योगमायाको पूर्वजीवन ज्यादै दुःखकष्टले व्यतीत भएको थियो। समाजबाट पतिता तिरस्कृता बहिष्कृता बन्दा अपवादले भारस्वरूप भएको यो देहलाई त्याग्ने विचार उनका हृदयमा कयौंचोटि अंकुराउन लागेको थियो होला। पछिउनी साधु मात्रै होइन शक्तिमाताकै रूपमा मानिन लागेपछि यो उनको मनमा टुसाईरहेको बीजाङ्कुर नै सेच्छाले आत्महत्या गरी जीवन्मुक्ति हुने कुरा चरितार्थ पार्नमा प्रमुख प्रेरणास्त्रोत बन्यो। कनिष्ठ दक्षबाट उत्पन्न भएको देहत्याग गरेर सतीले पार्वतीको पवित्ररूप लिएको कुराले पनि उनी यसमा आफू र आफ्ना अनुयायीलाई प्रवृत्त गराउँन समर्थ बनिन्। शुद्धभइसकेको यो शरीरलाई आफालेर स्वयंमुक्त हुइने कुरा यिनी पहिले पनि गर्दै आएकी थिइन्। यसैले काठमाण्डौबाट पढ्न छाडी प्रेमनारायणका पछि लागी आएका पं. गोपीकृष्णले सं. १९९९ को घटनाभन्दा पहिलै "गच्छन्त्यमूढाः पदमव्ययं ते" "शक्तिमाता शरण लेऊ" भन्दै अरूणका जलमा डुबुल्की मारी जलसमाधि लिएका थिए[१९]। अग्निकुण्डमा होमिएर आत्मत्याग गर्ने विधि भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक यज्ञ सर्वस्वार नामले पुकारिन्थ्यो[२०]। सतीदेवीको आत्मोत्सर्ग पाण्डवहरूको महाप्रस्थान पनि पुराणं स्वस्थानी महाभारतहरूमा प्रसिद्ध छ। प्रयागको अक्षयवटबाट त्रिवेणीमा जलसमाधि लिंदा मोक्ष मिल्छ भन्ने प्रचार छ। यस्तै कुराले शक्तिमाताले पनि स्वेच्छाले आत्महत्या गरी यो देहबाट छुटकारामात्रै होइन, संसारबाटै जीवन्मुक्ति हुने कुरा सोचिन्, सोही चरितार्थं पनि पारिन्।

प्रतिव्रताको धर्म वा आत्यन्तिक ब्रह्मचर्यको अग्निपरीक्षामा योगमाया उतीर्ण हुन सकेकी थिइनन्। मनुष्योचित कामवासनाको उत्तेजनामय भेलमा रूम्वाम्म पर्नासाथ उनी कुल घर लोकबाट तिरष्कृता वहिष्कृता बन्दा अतिशय अपमानपीडित भारस्वरूप जीवनबाट हलुङ्गो हुने वा छुट्कारा पाउने उद्देश्यले विरक्तिएर साधुको दीक्षालिएर जोगिनी तपस्विती बन्न पुगेकी थिइन्। नभन्दै उनको इच्छाशक्ति आत्मशक्तिले गर्दा र कायिक साधना वायिक विचित्रताले पनि अलिक दिनमै उनी औतारी सर्वशक्तिमती देवीको रूपमा पुगिन्। उनको आत्मबल यति बढ्यो, उनले आफ्नो मत सम्प्रदायलाई प्रतिष्ठित मात्र पारिनन्, तगडा चेलाचेलीको दल पनि तयार पारिन् उनका चेलाहरू उनीप्रति कति समर्पित थिए भने साध्य छैन, साक्षात् भगवती देवी नै मान्दथे[२१]। उनी पनि आत्मविश्वाससाथ शासक समाजलाई चेताउथिन्। सामाजिक आर्थिक राजनीतिक धार्मिक क्षेत्रमा खुनखोट खोतलेर खुलेर स्पष्टसंग निधक्कसंग देखाउँथिन्।

आफूलाई एक चूकमा दश खोट लाउने उच्च संस्कृत वर्गको अनेकौं खोट फेला पारेर खुनखोत्रो गरेर खोतलेर खोइलोपाइलो उतार्न थालिन्। राज्यका कर्णधार शासक कर्मचारी सनातनी बाहुन साहुजन सबकासब उनका लेखा आँखी बनेका थिए।

प्रथमतः उनले पुरुषले भने जतिवटी पनि स्वास्नी राखन हुने अजात ल्याए पनि जात नजाने, तर स्वास्नी मान्छेले भने एकदेखि अर्को बाहुनैसंग गए पनि यो जन्ममा चोखिनै नसकिने स्थितिप्रति ठूलो कटाक्ष गरेकी छन् र आफ्ना वाणी उकेलेकी छन् —

आज मलाई भन्नुभयो धर्म हरेको
त्यसैवेला सबै थोकको संयोग परेको
धर्म छाड्नु क्या हो भने आफु नियाँ छोडी
ब्राह्मणहरू बन्न लागे शूद्र जात्का जोडी
धर्म थाम्ने निसाफीले यति चाल पाउन्
कुन्कुन् जात्ले जुन्जुन् ल्याउँछ जात्ता मिलाउन्[२२]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब स्वास्नीमान्छेको पालोआयो भन्दै महिलावर्गलाई उकासेकी छन् अनि यसरी तल्लो जातकी स्वास्नी ल्याउनेलाई स्वास्नीकै जातमा मिलाउने कुरा गरेर पुरुषलाई पनि स्वास्नीमान्छेलाई जस्तै सजाय दिने कुरा उनले गरेकी छन्। आफ्नो जात गएकोमा उनी निश्चिन्त छन्।

'मेरो जातता शङ्करजीमा शरण पर्न गो'

भनी आफ्नो जात शिवजीमा मिलेको कुरा गर्दछिन्। अर्को कुरा उनले शासकलाई पनि निकै कड्क्याएकी छन्।

महाराज्का जागीरदारलाई कुछ दोषदिएँ
जस्तो मन्मा उब्जा भयो सोही बताएँ
महाराज् छन् दरवारमा हेर्न आउँदैनन्
दुःखी जन्ले निय्याँ निसाफ सिधा पाउँदैनन्
जागीरदार लोभी छन् नियाँ हेरदैनन्
मर्नुपर्ने शरीर हो विचार गरदैनन्[२३]

यसरी सरकार र कर्मचारीलाई कटाक्ष गर्दा आइपर्ने दण्ड त के मार्छन् कि भन्ने पनि मलाई केही डर छैन भनी कडा राणासरकारलाई पनि उनी हाँक दिन पुग्छिन् यस्तैगरी जजमानी गर्ने बाहुन ब्याजबट्टा लाउने साहुहरू ज्ञानगुण विनाका जोगीहरूलाई पनि उनी ठूलो दोष दिन्छिन्।

उनका विचार र वाणीको सबै व्याख्या यो सानो लेखमा संभव छैन। उनका केही सूक्ति छन्। केही तात्कालिक राजनैतिक परिस्थितिलाई प्रकट गर्ने हुँदा गहीरा छन्। जस्तै प्रथम विश्वयुद्धपछि विश्वमा नयाँ हलचल आयो, महँगी बढ्यो। वि. सं. १९७४ मा रूसमा क्रान्ति भयो। जारशाहीको पतनपछि त्यहाँ साम्यवादको प्रादुर्भाव भयो। त्यसबेला सम्पूर्ण जग्गा जमीन व्यक्तिगत श्रीसम्पत्ति राष्ट्रियकरण भयो र रूपैयाँ पैसाको प्रचल नै हरायो भन्ने समाचार विश्वमा प्रचारित भएको थियो, यसैको सूचना उनका वाणीले यसरी दिन्छन्—

महाराज्का पल्टन सबै सर्पत पार्नेछन्'...
जान्न त म जान्ने होइन यति भने लौ
अैले हतपत् गर्नु छैन पछि बुझने छौ।
यो पैसाका चलनभित्र लोभपाप रहेछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खाने लाउने चीजवस्तु घट्तो भएछ
पहिला मार्लान् कम्पनीलाई पछि मार्लान् मोहोर
नासिदेलान् पैसा चलन् निक्लिजाला फोहोर[२४]

उनीले भविष्यवाणी गर्दै अब यहाँ युग फिर्नेछ भन्ने कुरा जोडदार भाषामा गर्दै वाणी निकालेकी छन् । त्यसवेला गान्धीको आन्दोलन भारतमा चर्केको थियो। कांग्रेस पार्टीका सदस्यहरू खद्दर लाउँदै वेलायती कपडा पोल्दै हिड्दथे । यसबाट उनले भारतबाट अंग्रेज उठी जाने र कांग्रेसका नेता गान्धी पक्का औतारी पुरूष हुन् भन्ने कुराको संकेत गर्दै भनेकी छन्--

काला वस्त्र पोल्दै हिड्ने विचार गरेको हो
अघि वीर धनुर्धारी गाण्डीव लिने जो हो

भनेर उता भन्दै यता नेपालमा पनि--

"धर्मका राजा उत्रन लागे लोक हो अब ता बेर छैन"

भन्दै अब धर्मराज्य उदाउँछ भन्ने वाणी निकालेकी छन्। राणासरकारलाई धर्मराज्य चलाउन उनले निकै ठाउँमा घच्घच्याएकी छन् र कमारा कमारी अमलेख गरेकोमा चाहिँ धन्यावादै टक्र्याएकी छन्। तर पनि वर्तमान व्यवस्थादेखि उनी वाक्कव्याक्क छन् र नयाँ जमाना आउँने धर्मराज्य चल्ने युग फिर्ने घोषणा गर्दछिन्। योगमायाले पद्यमा मात्रै होइन गद्यमा पनि आफ्ना चेलाचेलीलाई भन्ने गर्थिन-'यो मैले भनेको होइन, मैले शिवशक्तिबाट सूचना पाएको गङ्गासंगको संवादबाट यहाँ अलिकति उद्धरण गर्दछु, यसबाट पनि उनका कुरा स्पष्ट हुनेछन्—

"भगवान्‌को सुचन् मैले यस्तो बुझें लौ
अैले हतपत गर्नु छैन पछि बुझनेछौ"

भन्दै उनी भन्छिन्-" हेर अफै १०१८ वर्ष यो पाप फैलिएर अखण्डको दुर्भिक्ष महामारी हरेक प्रकारको कलफगडा भएर धेरै नाश हुनेछ, नाश भैकनमात्रै धर्मको लक्षण केही फिर्नेछ, सरकार धर्मात्मी हुनेछन्, शाके बदल्ने छन् अनि पृथ्वीको भार टर्नेछ, असत्य मर्नेछ, सेखी फर्नेछ, जगा सबै सरकारको हुनेछ, सरकार आफै साहु बन्नेछन् सबै प्रजावर्गको रक्षा हुनेछ, तेसो भए उचोनीचो खारिनेछ, को गरीब को धनी को ठूलो को सानो को इलमी को बेइमानी ल्याकत अनुसारको खानादाना र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इलम सरकारवाट मिल्नेछ[२५]"। यसवाट विश्वमा आएको नयाँ जागरण नयाँ व्यवस्थाको अनुगमन उनले गरेकी थिइन् । नेपालमा पनि त्यस्तो व्यवस्था आउँने भविष्यवाणी गरेकी थिइन्, यसमा केवल धर्मको खोल ओढाएकी थिइन् भन्ने कुरा हाम्रो सामु स्पष्ट हुन आउंछ ।

यसरी राजनीतिका कुराले देशको स्थिति व्यवस्था बदलिने अर्को धार्मिक प्रणाली आउँने कुरा जोडदारसंग उनी गर्दथिन् । यता फेरि अव यो कलियुग समाप्त भएर सत्ययुग फिर्ने हुँदा "कलौ केशवकीर्तनात्, भनेकोले कलियुगमा केशवको कीर्तनले मात्रै मुक्तिमिलि हाल्ने हुँदा र सत्ययुगमा त्यसैका लागि कठोर तपस्या गर्नुपर्ने हुँदा यो पवित्र भईसकेको देहलाई राखिराख्नु उचित हुँदैन, अहिलै यसलाई फालेर मुक्तिमा मिल्नुपर्छ भन्ने उनले घोषणा गरिन् र मनैमा सबैलाई एकोहोऱ्याइन् । मर्ने वेलामा सबैले उनलाई ईश्वर शिवशक्तिरूपमा प्रार्थना गरे । उनले भनिन्—

"लोक्का निम्ति विडम्व पर्न गइगो नास्तिक् समान् भै गर्बे
तस्मात् सत्यसुचन् थियो श्रीप्रभुको दोस् जेस भोग्दै रञ्यें
आए बिघ्न परेर धेर म उपर दश् आठ वर्ष सह्या
कैले हुन्छ हुकुम् र पुग्छु पदमा भन्दै विचार्दै गऱ्या
धेरै जन्म घुम्यौ पुगेन मनको सौदा विपद् भोगने
औसर आज बित्यापछि वितिगयो कुन् सोख कहाँ खोजने
मेरो ता अति भाग्यले दिन खुल्यो गर्छौं तिमेरु जसतो
मर्ने निश्चय सुर् गरें अब छुट्यो मेरो जगत्को लेसो
भोग्नेछन् अब बाँकी वर्ष दुई चार संताप् घमंडी कती
जाली लोभी र पापी ठालुहरूमा क्यै कष्ट पर्ने भयो
युग् फीऱ्यो कलिको विकर्ण मुहुडा विक्षेद् धरम्को गयो
लुक्ने छैन झुटो असत्य जतिको प्रकाश होला सबै
होलान् कायल आफइ भय भई रह्नै न झूटो कबै
धेरै बात बढाइ बोल्नु नहुने यो अंत्यको हो बखत्
सारै राम्रो चलन् हुनेछ नरमा पर्नेछ सब्को तखत्
संक्षेप् बात कह्याँ भविष्य फल जो इच्छा हुने जन् बसुन्
स्वर्ग सम्मको राम्रो छैन जसमा तिन्ले त कम्बर कसुन्[२६]

\+ \+ \+

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुढिया माताले यस्तो घोषणा गरेपछि अब को बस्न मान्थ्यो सबै मुक्तिका लागि यो पाञ्चभौतिक शरीर त्याग्न तयार भए, पठित अपठित बालबूढीस्त्रीपुरूष कोही बाँकी रहेन। सबैले 'त्वं शरणम्' को नारा लाए र स्तुतिपाठ गरे—

"भक्ति ज्ञानि अनुरागि विरक्ति वैष्णवादिहरू जो अरू शक्ति
ब्रह्मका सकल सृष्टि भरीका जीव आत्म जति भक्ति हरीका
छन जति सकललाई प्रणाम बाँकी केही नरहोस तमाम
साछि सुद्ध चइतन्य खडा भै बस्नुहोस् मकन आत्ममा रही
वारबार स्तुति यै छ सबैमा क्यै दिमाख नरहोस कबैमा
शान्त शान्त सब शान्त यो शान्त शान्त शान्त अरू शान्त म शान्त[२७]

भन्दै सबैले शक्ति भक्तिको अनुसरण गर्दै अरूणको जलप्रवाहमा पसेर सधैंका लागि चिर शान्ति लिए।

यसरी योगमायाका जीवन चरित्र र वाणी विचार गरेर हेर्दा उनी एक सन्त कवयित्री परमार्थ चिन्तकमात्र नभएर यो लोकको सामाजिक सुधार राजनैतिक परिवर्तन अन्याय अनरीतको विरोधिनीका रूपमा पनि उत्रेकी थिइन् भन्ने कुरा बुझनमा आउँछ। उनले आफ्नो मत वा सम्प्रदाय चलाएर एउटा धार्मिक आन्दोल नै ल्याउंन खोजेकी थिइन्। देशमा धर्मराज्य स्थापना होस् घूसखोरी हटोस् अन्याय अत्याचार नहोस् सबैले न्याय पाउन्, राजाले सबैको चालचलन बुझी न्यायनिसाफ दिलाई युग चलन राहाथिती बदली धार्मिक सुधार पनि गरून्, शासनमा सुधार पनि ल्याउँन् भन्ने उनको ठूलो धोको उनका वाणीबाट टट्कारो प्रकट हुन्छ। परन्तु उनको ठूलो आन्तरिक धोको पूरा भएन। उनले पाञ्चभौतिक शरीर त्यागेर मुक्ति पाउने इच्छा लिइन् र आफू र आफ्ना अनुयायीलाई पनि साथै लगिन्। अल्प मात्रामा भए पनि अब उनको मत प्राचारित छ मतावलम्बीहरू पनि केही अवशिष्ट छन्, उनका वाणी पनि केहीमात्रामा अहिले हाम्रा सामु उपस्थित छन् उनका वाणी र विचारको अझै लामो विश्लेषण हुन बाँकी छ यतिकै अहिले उनलाई सन्त कवयित्रीको रूपमा अलिकति परिचित गराउनु नै यो लेखको लक्ष्य रहेको छ।

टिप्पणीहरू

१- राहुल सांकृत्यायन – 'तिब्बत में बौद्ध धर्म' प्र. संस्करण ९ परिशिष्टमा चौरासी सिद्धको परम्परा उल्लिखित छ। द्रष्टव्य – जनकलाल शर्मा – जोसमनी सन्त-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम्परा र साहित्य २४ परिशिष्ट । रोयल नेपाल एकेडेमी सं. २०२०। ५५०–५८ पृ.

२– नेपाली सिद्ध तान्त्रिकको संक्षिप्त वर्णन हाम्रा भाषावंशावलीमा मिल्दछ ।

३– जोसमनी सन्तपरम्परा र साहित्य १३४–१३७ पृ.

४- यी दुवै पुस्तक कालिम्पोङ्गतिरबाट उनका चेला द्वारा प्रकाशित छन् ।

५– 'नेपाली' (त्रैमासिक पत्रिका) ७४/पूर्णाङ्क

६– रूद्रनाथ शर्मा र ज्योतिप्रसाद गौतमहरूले पनि उनका बारेमा सानो लेख लेखेका छन् । तनहुँबाट निस्केको एक पत्रिकामा पनि उनलाई समाजवादी विचार धारा लिनेका रूपमा चित्रित गरेको पाइन्छ ।

७- अमेरिकाबाट योगमायाको अनुसन्धान गर्न भोजपुर दिंग्ला घुम्दै आएकी कुमारी बारबरा निम्री अजिजसंग जनकलाल शर्मा मार्फत मेरो परिचय भएको थियो । योगमायाबारे चर्चा चल्दा उनले मेरो पुस्तक (अप्रकाशित) हेर्न खूपै चाहेकी थिइन् । हतारमा पनि थिइन् र त्यसबेला सो हेर्न अनुकूल परेन ।

८– दिनेशराज पन्त विद्याधर गोतामेहरूले यो पाण्डुलिपि उपयोग गरेका छन् ।

९– जनकलाल शर्मा – जो. सं. र साहित्य. १३४ पृ.

१०– स्वामी प्रेमनारायणले नै दुई ठाउँमा दुई कुरा लेखेका छन्

११– ठूलो मकुवामा फुल्के गाउँमा बिहा भयो भन्ने जनकलाल शर्माको लेखाई मिलेको छैन । फुल्के ठूलो मकुवामा होइन, सिक्तेलमा पर्छ । दिएको ठाउँ धोल्ले हो ।

१२– यो जीवनचरित्र योगमायासंग परिचित प्रेमनारायणकै भतिजा विष्णुप्रसादका भनाइ र उनका र उनकहाँ प्राप्त प्रमाणद्वारा दिएको हो । जनकलालको लेखाइ-संग केही कुरामा फरक परेको छ ।

१३– ज्ञानमणि नेपाल – नेपालनिरूक्त (हरे राम प्रभु पं. प्रेमनारायण) ४१४–४२० पृ. द्रष्टव्य ।

१४- उही (आवाल ब्रह्मचारी षडानन्द अधिकारी) ४०६–४१३ पृ. ।

१५– नेपालनिरूक्त (प्रेमचरित) ४१८ पृ.

१६– उही ४१६ पृ.

१७– मेरो 'योगमाया' र भक्तिमार्ग' (अप्रकाशित) बाट

१८– उहीबाट

१९– विष्णुप्रसादको भनाइबाट

२०– रामचन्द्रको सामन्नेमा शरभङ्ग ऋषिले अग्नि कुण्डमा शरीर होमेको महा-काव्यमा सर्वत्र प्रसिद्ध छ वाल्मीकि रामायण अरण्य काण्ड ५ सर्ग । रघुवंश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३।४५।भट्टि ४।५ । राजा शूद्रकले सय वर्ष आयु पुगेपछि अग्निप्रवेश गरेको कथा मृच्छ कटिकमा उल्लिखित छ । मृच्छकटिक प्रस्तावना ।

२१– योगमायाका चेलाले उनलाई दिएका प्रशस्ति पढ्दा र योगमायाले चेलाहरूलाई लेखेका चिठी हेर्दा यो कुरा स्पष्ट हुन्छ । —

दिग्लाबाट काठमाडौं गएका र त्यहींका स्थानीय चेलालाई योगमायाले लेखेका चिठी —

''माहानंद नरीन्द्रवाहादुर पहल्मान् डीलीमान्के म भक्तीको सुभो आसीरवाद छ. मेरा वचं पालनाका नमीत्त गयेका थीयौ. अईले माहानंदका कांको मौका नपरने बुझीयेकाले बोलने मौकै नराखेकाले सो कां इही भेला भै सल्लाले जो ठहर्छ सो गरौला आउ की वस्तै गरछौ ।

पं. यज्ञप्रसादके. तपाजीले बहुत पत्र लेखी पठाउनु भो धंने गरेका छौ. अब सांत भै आफ्ना विचारमा रही पंडीतजी (प्रेमनारायण) लाई वीदा दिनुहोस्. आसीरवाद पुरा छ –

पं. कवीप्रसादके तपाजीले गरेको भक्ती सुंदा वहुत् षुसी छु. दया पूर्ण छ. अब पंडीतजीलाई पुरण (पूर्ण) स्वोरूपको दरसंका नीमीत्त सांत भै वीदा दीनुहोस्......

योगमायाको प्रशस्ति —

''स्वस्ति श्रीमत्परमहंस योगेश्वर सिद्धेश्वराचार्य दयाधारी परोपकारी विवेककारण धर्म प्रवर्तक शान्तिकर्ता अभयदाता जीवेश्वर सर्वत्र प्राणीमात्र हितकर्ता लोकोपद्रवहन्ता पृथ्वीभारोद्धारणकारणनियन्ता धर्मस्थापनार्थाय संभवेश्वर भो प्रभो तव चरणकमलेषु नितरां पतितस्य भवदीय कृपाभिलाषिणो यज्ञप्रसादशर्मण: कोटिश: प्रणामादय: सन्तु, (पं. यज्ञप्रसादको सं. १९९१ को लामो पत्रको प्रशस्ति)

२२– यी उद्धरण सर्वार्थवाणीबाट लिइएका हुन् ।

२३– उही

२४– उही

२५– मेरो 'योगमाया र भक्तिमार्ग' बाट

२६– उहीबाट

२७– उहीबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पं. दुर्गाप्रसादको चमत्कारपूर्ण साधना

—कमलमणि पन्थी

१. प्राक्कथन

धर्म मनीषि, साहित्य धुरीण, साहित्य भूषण, धर्म भूषण, विद्या विनोद (भारत), डाक्टर अफ डिभीनीटी (अमेरिका) डिप्लोमा प्राप्त, नेपालाभिजन भट्टराई उपाध्याय पण्डित दुर्गाप्रसाद भट्टराई शर्माको नाति (छोरीको छोरा) भएको नाताले प्रा. श्री घटराज भट्टराईज्यूबाट उहाँको विषयमा केही कुरा थाहा छ कि भनी मलाई एकदिन जिज्ञासा पत्रिकाको लागि उहाँको विषयको एउटा लेख लेख्ने आज्ञा पाएँ। आफू बाह्र तेह्र वर्षको सानै उमेरको हुँदा उहाँको स्वर्गवास भैसकेको तथा आफू पनि मामा घरमा कहिले कही मात्र जाने गरेको हुनाले उहाँको विषयमा मलाई पनि त्यति थाहा नहुनु स्वभाविक थियो। यद्यपि आफूले जे जति देखें जाने सुने ती सबै यथार्थ रूपमा प्रस्तुत गर्ने जमर्को गरेको छु। केही कुराहरू आफ्नो माताजी, मामाहरू तथा तत्कालीन उहाँसंग बस उठ भएमा अद्यापि जीवित केही व्यक्तिहरूबाट उहाँको विषयमा कुराहरू बुझी संकलन गरी त्यसैको आधारमा यो लेख तयार गरेको छु। त्यत्रा ठूला योगी विद्वान् श्री भट्टराईज्यूलाई चिन्न तथा उहाँको विद्वत्ताको विषयमा पारख गर्न तत्कालीन विद्वान् योगीहरू त समर्थ भएनन् भने म जाबोको त के कुरा ?

२. साधारण जीवनी

५ वर्षको सानो उमेरमा नै पिताजीको स्वर्गवास हुनुले नै उहाँलाई एक प्रकारको वैराग्य प्राप्त भैसकेको थियो। आमाबाट लालन पालन त्यसपछि बनारसमा विद्या अध्ययन, पहिली पत्नी पनि सन्तान नहुँदै परलोक भएपछि उहाँ वैरागी भई गुरु खोज्दै रूमलिदा अरूणाचल पुगेपछि आफूले भने जस्तो गुरु पाउनु भएछ। केही समय त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिताएपछि यता काठमाडौंमा आफ्नो भाइको पनि मृत्यु भएको कारणले शोक विह्वल भएकी उहाँकी माताको अतिपुकार त्यहाँ उहाँको गुरूले योगबाट थाहा पाउनु भएछ र उहाँको भोग पनि सकीई नसकेको चालपाई गृहस्थाश्रममा नै बसी योग गर्नु तिमीले अवश्य ईश्वर प्राप्त गर्न सक्छौ भन्ने शिक्षा प्राप्त गरी गुरूको आज्ञा शिरोपर गरी उहाँ घर फर्की दोस्रो विवाह गरी नाममात्रको गृहस्थाश्रममा बस्नु हुन्थ्यो । उहाँको ज्यादा समय परिवारमा भन्दा आफ्नो कोठामा बसी ध्यानमा नै बित्दथ्यो । पछि फेरि गुरू सेवामा बस्ने अठोट गरी गृहस्थाश्रम छाडी अरूणाचलै पुग्नु भयो । गुरूबाट आफूले प्राप्त गर्नुपर्ने सम्पूर्ण ज्ञान हासील भैसकेको थाहापाई गुरूकै आज्ञानुसार आफूले प्राप्त गरेका धर्म शास्त्र, ज्यौतिष शास्त्र, योग, वैद्य विद्या आदिको प्रचार प्रसार गरी लोक कल्याण तर्फ लाग्नु भयो । अन्तिम अवस्था सम्म पनि प्रवचन गर्दै हरिस्मरण गर्दै आफ्नो अमीट छाप नेपाल, भारत तथा अमेरिकासम्म फैलाई देह त्याग गर्नु भयो ।

३. अन्य घटनाहरू

(क) मौनी बाबा तत्कालीन ठूला सिद्ध महात्मा कहलाएका थिए उनी गिद्ध भएर उड्न पनि सक्थे, कसैलाई भोज खुवाउनु परेमा पनि उनले चिताएमात्र पनि सम्पूर्ण भण्डार खाद्य सामग्रीहरूले भरिपूर्ण हुन्थ्यो रे। यस्ता महात्माले पनि पं. दुर्गाप्रसाद भट्टराईको विद्वत्ता देखी प्रभावित भएर काठमाडौं आई उहाँकै मुखबाट भागवतको व्याख्यान सुन्ने इच्छा गरेर पचली भैरवमा बसी ७ दिनसम्म भागवत व्याख्या सुनेपछि ज्यादै प्रभावित भएर अन्य धर्मशास्त्रहरूमा पनि धेरै वाद विवाद पछि मौनी बाबाले उहाँलाई गुरू मानेर ''मैले जान्नु पर्ने कुरा धेरै रहेछ ती कुराहरू मध्ये धेरै कुरा उहाँबाट जान्ने सुअवसर पाएँ यो मेरो अहो भाग्य हो'' भन्नु भएको थियो रे।

(ख) एकदिन रामनाथ अघोरी बाबा उहाँको घरमा आई धर्मशास्त्र सम्बन्धी विचार विमर्श गर्दा उहाँको साहित्य व्याख्या मानिस किन जन्मन्छ ?, किन मर्छ ?, मरेपछि के हुन्छ ?, परलोक कस्तो हुन्छ ?, योग के हो ? आदि विषयमा छलफल गरी ज्यादै प्रभावित भएर यी कुराहरू सर्वसाधारणले पनि ज्ञान हासिल गरी परत्र सुधार्न सहयोग गर्नुपर्छ भनी अनुरोध गर्दा उहाँले आफूले लेखेर राखेका मध्ये दुईचार किताबहरू दिनु भयो त्यो श्रीरामनाथ अघोरी बाबाले छापी सर्वसाधारणमा पुर्‍याउने काम गर्नु भयो ।

(ग) भागवत पुराण आदि त उहाँले १४ वर्षको उमेर देखि नै राम्रोसंग भन्न सक्नु हुन्थ्यो । भागवतमा उहाँको वाचक सम्बन्धमा सबै चकित थिए रे यति सम्म कि पूरा भागवतै उहाँले २४ घण्टामै पूरा गर्न सक्नु हुन्थ्यो रे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै वहाँ योग, वेदान्त, धर्म, साहित्य आदिमा प्रखर विद्वान् हुनु हुन्थ्यो। ज्योतिष शास्त्र र वैद्य विद्यामा त उहाँ प्रवीण नै हुनु हुन्थ्यो। तन्त्र विशेष तथा भूत, प्रेत बोक्सी विद्या आदिमा निपुण हुनुहुन्थ्यो।

धर्म शास्त्र व्याख्यान गर्न तथा कसैलाई आफूप्रति आकृष्ट गर्न सक्ने क्षमता उहाँमा प्रचुर मात्रामा थियो। दुईचार शब्द कसैसंग कुरामात्र गर्न पाए पनि उसलाई आफ्नो वशमा राख्न सक्नु हुन्थ्यो। कुनै पनि कुरामा उहाँले अरू संग परामर्श लिनु पर्दैन थियो। यस हिसाबमा उहाँ सर्वगुणसम्पन्न हुनु हुन्थ्यो।

(घ) उहाँको घरमा सदासर्वदानै सन्त, महात्मा, योगी तथा विद्वान्हरू खाली हुँदैन थिए तर कुनै पनि मानिस आफू जेकुरा बुझ्न आउँछन् तिनीहरूलाई सो बुझाइ दिनु हुन्थ्यो। कोही पनि विमुख हुँदैन थिए। कुनै पनि मानिसलाई केही बुझाउनु पर्‍यो भने उहाँ त्यस मानिसको बुझ्न सक्ने क्षमता विचार गरी त्यति मात्र बुझाउनु हुन्थ्यो जति उसले बुझ्न सक्दछ। जुनसुकै विषयमा पनि उहाँले व्याख्यान गर्न थालेपछि त्यसको रसमा मुग्ध नहुने मानिस कोही हुँदैन थिए। उनीहरूको आत्मालाई खिचेर आफूप्रति आकर्षित गरी रूवाइनै दिनुहुन्थ्यो। उहाँको प्रवचन सुनेपछि यतिसम्म कि कसैले दशैंलाई भनेर किनेर ल्याएको खसी समेतै बाटो हिंड्नेलाई दिएर पठाउँथे भने कोहीलाई घरमा पकाउँदा पकाउँदैको मासुसमेत् नखाने अवस्थामा पुर्‍याइदिनु हुन्थ्यो।

(ङ) आफ्नो स्वतन्त्रतामा हिड्नु कसैसंग नदब्नु, स्वतन्त्रता भङ्ग हुने डरले जागीर नखानु, चाकडी आदिको त घोर विरोधी नै हुने उहाँको स्वभाव थियो।

तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेर तथा जुद्ध शमशेरको समयमा भएको कोटी होमको लागि विद्वान् पण्डितहरू खोज्न बनारस गएका भारदारहरूले बनारस विद्वान् समाजबाट पं. दुर्गाप्रसाद भट्टराई जस्ता प्रकाण्ड विद्वान् काठमाडौंमा नै हुँदा हुँदै कहाँ के खोज्न आएको भनी खिल्ली उडाएपछि फर्केर नेपाल आई उहाँलाई अनुरोध गर्दा आफूले केही पनि नलिने खाली धर्म कार्यमा सहयोग गर्ने हिसाबमा मात्र सबै काम सुसम्पन्न गर्नु भएको थियो।

तत्कालीन प्रधानमन्त्री जुध्द शमशेरको पालामा उहाँको विद्वत्ताको प्रसंशा सुनेर आफ्नो दरवारमा दैनिक एक घण्टा गीता पाठ गर्ने हिसाबमा मासिक त्यस बेलाको रू. ५००|– प्रदान गर्दा आफ्नो स्वतन्त्रता भङ्ग हुने हिसावले जान इन्कार गर्नु भयो। तत्कालीन जर्नेल (चन्द्र शमशेरका एक छोरा) ले एक दिन उहाँको प्रवचन सुनी प्रभावित भएर १९९० सालमा भुईंचालोले भत्किएको आफ्नो दरवारको सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान उहाँलाई घर बनाउन भेट चढाउँदा स्वीकार गर्नु भएन। आफूले नचाहँदा नचाहँदै पनि राजदरवारमा राजपुरेतको रूपमा उहाँको नाम सिफारीस हुँदा अनेकौं बिन्ती गरीं आफ्नो टाढाको नातेदार एकजना भट्टराईलाई नै सिफारीस गर्नु भयो।

यस्ता घटनाहरू उहाँको जिन्दगीमा अनेकौं भए होलान् मैले सुनेको मध्ये पनि केही मात्र उल्लेख गरेको छु। यसबाट के देखिन्छ भने उहाँ आफ्नो मनमोजी हुनुहुन्थ्यो। कसैको पनि अधीनता चाहनु हुन्नथ्यो। गृहस्थाश्रममा बसेतापनि उहाँ जुनसुकै बेलामा पनि सन्त महात्माहरूको माझमा बस्नुहुन्थ्यो। खाली भएको बेलामा आफ्नै कोठामा ध्यान मग्न हुनु हुन्थ्यो। आँखा चिम्ली ध्यान गरी रहेकै अवस्थामा कहिले हाँस्ने कहिले आँखाबाट बर्बरी आँसु चुहाउने, कोठामा अरू कोही आए गएको उहाँलाई थाहा नै नहुने आदि इत्यादि कुराहरू स्वयं देख्नेहरू अद्यापि छँदैछन्।

औषधोपचार तर्फ पनि जोसुकै आए पनि एक पटक जाँचेर उहाँले औषधि दिएपछि सबै निको हुन्थे। उहाँले औषधि पनि केही दिनु हुन्नथियो रे धेरैजसो खाली घाममा राखेको विभिन्न रङ्गका सिसीहरूको पानी मात्रले सर्वरोगनिवारण हुन्छ भन्ने सिद्धान्त थियो रे। अन्य जडिबुटीहरूमा मकै मात्र प्रयोग गर्नु हुन्थ्यो।

४. केही दैवी शक्तिहरू

घरैमा बसीबसी सबैलाई संसार घुमाएर ल्याउन सक्ने क्षमता उहाँमा थियो। एक दिनको कुरा हो उहाँको छोरी भवानी पन्थी हालसम्म जीवीतै हुनुहुन्छ ६/७ वर्षको बेलामा घरका अन्य सबै परिवारहरू बुढानील कण्ठ गएछन् उहाँलाई मात्र छोडेर। रोएको आवाजले पं. दुर्गाप्रसाद भट्टराईज्यूको ध्यान भङ्ग हुन गएछ र छोरीलाई चुप लगाउन ओढनीले उहाँलाई छोपी दिनु भएछ। त्यसपछि भवानी पन्थीको रूवाइ बन्द भयो उहाँ विस्तारै हिंडेर बुढानीलकण्ठ जानु भएछ दर्शन गर्नु भएछ करीब ४५ मिनेट पछि ओडनी झिक्ता उहाँ खुसी भएर खेल्न जानु भएछ। पछि घरका परिवारहरू सबै फर्के पछि बुढानीलकण्ठको वर्णन शुरू हुँदा त्यो भन्दा अगाडि एक पटक पनि बुढानीलकण्ठ नगएकी भवानी पन्थीबाट जतिको वर्णन अरूबाट हुन सकेन। त्यो देखि सबै घरका परिवार जिल्ल परेका थिए रे।

(क) उहाँसंग कुनै पनि प्राणीको आत्मा खिच्न सक्ने र फेरि छाड्ने अलौकिक शक्ति थियो। उज्जैनमा बसेर अमेरीकमा विरामी भएको मानिसको फोटो अगाडि राखी उसको दैनिक दिनचर्या विचार गरी ध्यान चिकित्सा मार्फत रोग निको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार्नु भएको थियो रे त्यसैबाट डाक्टर अफ डिभिनिटी उहाँले प्राप्त गर्नु भएको थियो रे ।

(ख) एक दिन एउटा पागललाई समातेर उहाँ कहाँ ल्याएर दुई वर्ष भयो यो पागल भएको हजुरले यसको उद्धार गरिबक्सनु पऱ्यो भनेछन् उहाँले राता नीला शिशिहरूमा घाममा सुकाइ राखेको पानी खान दिएर रोग निको पारिदिनु भयो ।

(ग) आवश्यक परेमा जे पनि गर्न सक्नुहुन्थ्यो एकदिन कुरै कुरामा पैसा भनेको के हो सबै त्यसैमा किन मरिमेट्छन् भन्दा एउटा टपरटुइयाले तपाईं पनि त पैसामा मरिमेट्नु हुन्छ नि भन्दा उहाँले हात आफ्ना तिघ्रामा पिटेर एक लक्कु असर्फी त्यस मानिसलाई देखाइदिनु भएछ र त्यसै मानिसकै अगाडि नदीमा सबै असर्फी फालिदिनु भएछ । पानी थोरै भएको नदीमा घण्टौं सम्म खोज्दा पनि एउटा असर्फी भेट्टाउन सकेन छ र उहाँकै पाउँमा पर्न आएछ र उहाँले त्यसलाई पैसा भन्दा ठूलो ईश्वर प्राप्त गर्ने शिक्षा दिनु भएछ ।

(घ) एक दिन एउटा १७/१८ वर्षको चोर उहाँको घरमा राती चोरी गर्न गएछ । सबै भाँडाहरू डोकोमा हालेर जान लाग्दा भऱ्याङमा उहाँलाई देखेर डोको फ्याकी भाग्न लाग्दा उहाँले पाखुरामा समाती भित्र कोठामा लगी अर्ति दिंदा त्यसको मनै फर्केछ हालसम्म पनि ती मानिस परिवारको साथमा सुखी जीवन बिताई रहेकाछन् । उहाँ जीवित छउन्जेलसम्म उसले सेवा गर्न छाडेन छ ।

(ङ) औषधोपचारको सिलसिलामा उहाँ ध्यान चिकित्सा पनि गर्नु हुन्थ्यो । कुनै मानिसलाई रोग लागे निको नहुने अवस्थामा पुगी सकेको भएमा निजलाई आफ्नो मन्त्रद्वार हंस खिचेर मारिनै दिने र पछि फेरि हंस फिर्ता गरेमा निजको पुनर्जन्म भए सरह जसरी बालक रोग व्याध रहित जन्मन्छ त्यस्तै पारी फर्काइ दिनुहुन्थ्यो ।

(च) विवाह गर्ने वेलामा चिना हेरी नमिल्नेसंग मात्र विवाह गर्नु भयो जसले गर्दा भेट नभई आफ्नो योग साधनामा तल्लीन रहन पाउनु भयो ।

उहाँसंग एकमुखे रूद्राक्ष, गोलोचन, स्यालको सिङ आदि अमूल्य वस्तुहरू थिए तर लक्ष्मीनारायणको मूर्त्तिको खोजीमा हुनुहुन्थ्यो । एक दिन आफू कोठामा ध्यान गरेर बसीरहेको वेलामा एक सन्त आएर ल तिमीले खोजेको चीज भनेर दिएछन् । केही समय को रहेछन् भनी ध्यान गरेर हेरेपछि फेरि आँखा खोल्दा सन्त गायब । तल दलानमा बसिरहेका आफ्नो परिवारहरू जुन ठाउँबाट मात्रै घरमा आवत जावत हुन्थ्यो त्यहाँ बसेका कसैले पनि आएको गएको देखेनौं भन्दा उहाँले आकाश हेरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आँखा चिम्लेर भन्नुभएथ्यो "प्रभु आज पनि तिमीले मलाई ठग्यौ सेवा गर्ने मौका दिएनौं ।

(छ) बद्री जाँदा ठूलो हिउँ परेको वेलामा बद्री भन्दा केही टाढा बसुधारा भन्ने कोही पनि नगई (वसुधारामा संकल्प गर्नु पर्ने चलन रहेछ) ठूलो हिमपात भैरहेको हुनाले कोही जान सकेन तर उहाँ कत्ती पनि नहडबडाई म जान्छु भनेर जानु भयो र एक्लै गई संकलप गरेर आउनु भयो र अझ बढी तेजिलो हुनुभयो। सो देखेर सबै छक्क परेर उहाँलाई मानिस होइन ईश्वर नै हो भनी केही सन्तहरू त स्वयं भगवानकै दर्शन भइसकेपछि अरू भगवान्को के जरूरत भनी फर्केको पनि भनाइ छ ।

सिद्धि र तपस्या ठूला कुरा हुन् । यी दुई भएमा मानिस नै भगवान् बन्छ । आफ्नो साधना, तन्मयता र तपोनिष्ठाले पं. दुर्गाप्रसाद पनि आफ्नो समयमा एक सिद्ध व्यक्तित्वका रूपमा चिनिनु भएथ्यो । आज वहाँ मरेर गए पनि वहाँको दैवी-शक्तिले ओतप्रोत आत्मा अझै यतै उतै घुमिरहेको हुनुपर्छ वहाँको तपस्या र साधना धन्य धन्य छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवधूत गलेश्वर बाबा

–शैलेन्दुप्रकाश नेपाल

आशुतोष भगवान् शंकरको निवासस्थानको रूपमा प्रसिद्धि प्राप्त गर्दै आएको नेपाल अधिराज्य र यसको छिमेकी देश भारत अनादिकालदेखि नै प्राकृतिक, सांस्कृतिक एवं ऐतिहासिक दृष्टिले महत्वपूर्ण रहँदै आएकाछन् । राजनीतिक र भौगोलिक दृष्टिले सर्वथा भिन्न मुलुकको रूपमा अन्तराष्ट्रिय क्षेत्रमा परिचित रहे पनि आर्य संस्कृतिको उद्गम र परिपालनको दृष्टिले दुवै मुलुक समान देखिन्छन् । पौराणिक कालदेखि नै ऋषि–मुनि, साधु सन्त, महात्मा आदिले समयानुकूल यो आर्यभूमिलाई श्रद्धाकासाथ हेर्ने र यहाँ निवास एवं तप–साधना गर्ने गरेका तथ्यहरूलाई धेरै किसिमका स्रोतहरूले हामीलाई जानकारी दिंदै आएकाछन् । मूलतः शिवजी यही भूभागमा रहने हुनाले शिवका परम उपासक अनेक चमत्कारी बावाहरू नेपालमा आएर बस्ने गरेका कुराहरू ज्यादै रोचक रूपमा स्पष्टिन्छन् । त्यसैले हिन्दूत्वको समागम भनौ या संमिलन प्राचीनकालदेखि यहीं फस्टाउंदै आएको छ । त्यसरी नेपाल पसी आफ्नो साधनामय व्यक्तित्वलाई अझ चहक पार्ने बावाहरूमा शुरूदेखि नै मत्स्येन्द्रनाथ र गोरखनाथ प्रसिद्ध छन् भने यस शताब्दीका गलेश्वर बावा, शिवपुरी बावा, प्रेमचैतन्य ब्रह्मचारी प्रभृति बावाहरूलाई पनि हामीले बिर्सनु हुँदैन तसर्थ यस प्रसंगमा गलेश्वर बाबाका बारेमा यत्किंचित् प्रकाश पार्ने जमर्को गरिएको छ ।

संवत् २०२९ साल जेठमा मुक्तिनाथ पुगेर फर्किंदा जब हामी म्याग्दी जिल्लाको गलेश्वर आइपुग्छौं, कृष्णागण्डकीको पश्चिमी किनारमा शोभायमान रहेको गाउँको रमणीयताले हामीलाई आकर्षित तुल्याउँछ । उत्तर दक्षिण मुहुडापारी लमतन्न परेको गलेश्वर गाउँमा प्रकृति स्वयं नै खुलेर रहेको आभास म ाउँछ । मेरो अन्तर हृदयले यस गाउँलाई यस रूपमा आस्था प्रकट गर्नमा कतै केही अज्ञात तत्त्वको महत्वपूर्ण भूमिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको अनुभव मलाई हुन थाल्छ । प्राकृतिक वातावरणमा रमाउन पाउँदा स्वर्गीय सुखको अनुभव गर्नेहरू यस्तै भावनाले सुसज्जित हुन्छन् भन्ने मेरो ठनाइ छ तसर्थ थोरै समयको साक्षात्कारले पनि यस ठाउँमा रहेको स्वच्छता, कालीगण्डकी र रहु गङ्गा जस्ता नदीको अविरल गायनको सन्निकटताले अवश्य नै यस पहाडी गाउँलाई पुण्यतीर्थ वा तपोभूमिको संज्ञा दिन मिल्ला भन्ने मनमा लाग्दछ अनि विस्तारै म आफ्ना दृष्टिहरूलाई वरपर नचाउँन थाल्दछु । त्यहीं एउटा सुन्दर मन्दिरको दर्शन मलाई मिल्छ । यै गाउँ ठाउँको बारेमा मैले पहिले पनि निकै कुराहरू सुनेको थिएँ । आज भन्दा करीव चार-पाँच दशक अगाडि यस ठाउँमा एक जना चमत्कारी र ओजस्वी बाबा बस्थे रे । गलेश्वरमा नै प्राय: उनी बस्ने भएकोले त्यहाँको जनमानसले उनलाई खुबै श्रद्धा प्रकट गरी गलेश्वर बाबा' भन्दथे भन्ने मैले मेरा पिताज्यूबाट सुनेका र अन्यत्रबाट जानकारीमा आएका सम्पूर्ण कुराहरू गलेश्वरभित्रै मेरो मानसपटमा चलचित्र झैं घुम्न थाल्छन् ।

'गलेश्वर बाबा' का उपनामले प्रसिद्ध भएका बाबाको शाश्वत नाम स्वामी १००८ ईश्वरानन्द हो । उहाँको जन्म आजभन्दा लगभग १४० वर्ष पूर्व, पूर्व नेपालको मेची अञ्चल ताप्लेजुङ जिल्लाको फेदाप गाउँका भारद्वाज गोत्रीय निरौला परिवारमा भएको थियो । सानै उमेरमा शिक्षा दीक्षाका निमित्त बाहिर निस्किएका भएता पनि औपचारिक उच्च अध्ययन भए जस्तो बुझिएन तथापि उहाँमा नि:सृत पारदर्शी विद्वत्ताले चाँहि दैवीप्रभावको प्रष्ट झलक पाइन्थ्यो । अच्युत ब्रह्मचर्यका धनी, निर्भिक र स्पष्टवक्ता स्वामीजी आर्य साहित्यमा अगाध विश्वास राख्नुहुन्थ्यो भन्ने कुरा मनुस्मृतिप्रति उहाँले देखाउनु भएको अनुरागले स्पष्ट गर्दछ । विगत २०३० सालमा काठमाडौंमा सम्पन्न अखिल नेपाल हिन्दूधर्म सम्मेलनसमक्ष धर्म प्रेमीहरूलाई उहाँले सारगर्भित शब्दमा भन्नुभएको थियो, "यस धर्मसभाका संयोजक महानुभावहरूसंग म आशा गर्दछु मनुस्मृति नेपाली टीका सहित एक लाखप्रति छपाइ हिन्दूधर्मप्रेमीका हातमा पारिदिऊन् ।"

उहाँ आफ्ना विचारलाई नि:संकोच प्रकट गर्नमा धक मान्नुहुन्नथ्यो । ब्रह्मले देखेको कुरा प्रकट गर्न राजारंक छुटयाउनु हुन्नथ्यो । उहाँको निकटता प्राप्त गर्ने प्रत्येक व्यक्तिहरू उहाँमा विद्यमान निडरपनाको मुरीमुरी प्रशंसा गर्न पछि पर्दैनथे । साथै कतिपय व्यक्तिहरू उहाँको ज्यादै खरो बोली सुन्दा थरर काम्थे पनि । उहाँको शरीर होचो, अनुहार बाघमुखे, जटाजुटयुक्त र चाउरी कम र दीप्ति प्रशस्त भएकोले व्यक्तित्व ज्यादै प्रभावशाली थियो भन्ने जानकारी मिलेको छ । मनुष्यले आफ्नो जीवन कर्मद्वारा उज्यालो पार्नु पर्छ भन्ने धारणा राख्ने स्वामीजी आफ्ना सान्निध्यमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएका सबैलाई 'हातमा काम मुखमा राम; काम नगरी खान पाइन्छ ? भनेर हकार्नु हुन्थ्यो ।

यस्ता प्रसिद्ध बाबा नेपाली धर्तीमा अवतरण भई यही धर्तीमै सँवत् २०३३ सालमा जेठ मसान्तमा देवघाटमा ब्रह्मलीन हुनुभयो ।

उहाँको व्यक्तित्वमा मुखरित भएर रहेका स्पष्टवादिता एवं चमत्कारी प्रवृत्ति सम्वन्धी एक दुई रोचक कथनहरू पनि प्रकाशमा आएका छन्—

१. करीव पचास वर्षको गलेश्वर बसाइपछि स्वामीजी देवघाटमा बस्न थाल्नु भएको थियो तत्कालीन श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव सरकार वेला बखत चितवन सवारी हुँदा कसैले स्वामीजीको बारेमा जाहेर गरेछ। व्यक्तिभित्रको प्रतिभालाई सजिलै तौलन सक्ने खूबी हुनाले श्री ५ बाट तुरून्त स्वामीजीलाई लिन मानिस पठाउँदा ''राजालाई जोगीसंग के को काम हुन्छ र भेट्नु ? जनतालाई भेट्न जानू भन्देऊ।'' भनेर हकार्नु भएछ। राजाले त्यो कुरा सुनेपछि ज्यादै खुशी भएर आफै देवघाट गई भेटिवक्सेपछि उहाँको स्पष्ट र ओजपूर्ण कुराले अझ प्रभावित वनेर 'मैले केही सेवा गर्नु पर्ने छ कि ?' भनेर मर्जी हुँदा 'यो सहानुभूति जनतामाथि राखेर उनीहरूको सेवा गर्नु !' भनेर वताउनु भएछ। पछि रापती र नारायणीको दोभानमा कुनै काम विशेषले स्वामीजी गएका बखत पारी राजा महेन्द्रबाट तुरून्ता तुरून्ती देवघाटमा नयाँ प्रबन्धको निमित्त आदेश दिइवक्स्यो र स्वामीजी फर्कंदा देवघाटको स्वरूपमा निकै भिन्नता आएको महशूस गर्नु भयो रे।

२. २०३० सालमा काठमाडौंमा अखिल नेपाल हिन्दू धर्म सम्मेलनको उद्घाटनको लागि स्वामीजीलाई उपस्थित गराउने निर्णय भएपछि मानिसहरू उहाँलाई लिन देवघाट गएछन् । तर धेरैपल्ट लिन जाँदा पनि नआएपछि अन्त्यमा केही ब्रह्मचारीको टोली जाँदा उहाँ ज्वरोले सिकिस्त भएर सुतिरहनु भएको देखेछन् र ''यदि हजूर यस कार्यक्रममा पाल्नु हुन्न भने हामी यहीं अनशन वस्छौं'' भनेर अड्डी लिएपछि उहाँ तुरून्त काठमाडौं आउँदा पूर्णस्वस्थ हुनुहुन्थ्यो र सात दिनसम्मको सम्मेलनमा पूर्ण उत्साहका साथ भाग लिई सभालाई धर्तीनै हल्लिने गरी संबोधन पनि गर्नु भएको थियो।

३. पूर्वोक्त समयमा सूर्यघाटमा उहाँ वस्नु भएको थियो। एकदिन उहाँले भजन गर्दै त्यहाँदेखि भक्तपुर दत्तात्रयसम्म जाने विचार गर्नु भएछ। उहाँको बिचार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुताविक योगी नरहरिनाथ लगायत लगभग एक हजार धर्मप्रेमीहरूको टोली स्वामीजी-सित भक्तपुरतर्फ लागेछ । त्यो टोली असिन र पसिन हुँदै सल्लाघारीसम्म पुग्दा स्वामीजीलाई दत्तात्रयको दर्शन गरिसकेर फर्केको भेट्टाउँदै ''हामीले उहाँ केही कार्यक्रम राखेका थियौं'' भनेर वताएपछि 'जाऊ तिमीहरू त्यसलाई पूर्ण गरेर फर्क ।' भनेर स्वामीजी यता फर्किनु भएछ ।

४. उहाँको निधनको सन्दर्भको पनि एउटा वडो रोचक तथ्य प्रकाशमा आएको छ । एकदिन गलेश्वरमा एउटा मृग कताबाट दौडँदै आएर मन्दिर छेउमा भुक्लुक्क लडेर स्वाँस्वाँ गर्दै मरेछ । पछि जुन दिन, जुन समयमा त्यो मृग मरेको थियो, त्यही दिन त्यही समयमा देवघाटमा गलेश्वर बाबा ब्रह्मलीन हुनुभएको समाचार गलेश्वरमा पुगेपछि सम्पूर्ण गलेश्वरबासीले श्रद्धाका आँशुहरू बगाउँदै उहाँमा ईश्वरीय अंश विराजमान रहेको विश्वास गरेछन् ।

यस्ता अनेकौं रोचक चमत्कारपूर्ण भनाइहरू उहाँका जीवनगाथा बनिएका हुन सक्छन् । ती सबै प्रकाशमा ल्याउनको लागि पूर्ण अनुसन्धान र अभिरूचिको आवश्यकता पर्दछ । यस प्रसंगमा मद्वारा केवल संक्षिप्त इतिवृत्ति केलाउने प्रयासमात्र गरिएको हो। आफ्नो जीवनकालभरि ज्यादै निख्खर, निडर व्यक्तित्वका रूपमा चिनिनु भएका गलेश्वर बाबा ज्यादै प्रभावशाली हुनुहुन्थ्यो भन्ने हामीले बुझिसक्यौं । अझ पनि कैयौं यस्तै युगीन पुरूषहरूको अवतरण भएको हुनसक्छ यस धर्तीमा जो खोजतलास गरेर प्रकाशमा ल्याउनु हामी सबैको परम कर्तव्य हुन जान्छ र युग अनुसारको सेवा पनि ! अस्तु ।

सबमिली गरेकाज हारे जिते टरे लाज

—गलेश्वर बाबा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाबा श्रीधर गोखले

–केशव भट्टराई

श्रीधर गोखलेले पछि विरक्त भएर घर परिवार छोडेपछि आफ्नो नाम– ‘गुरूदासबाबा गोखले’ राख्नु भयो । उहाँ कोङ्कणस्थ ब्राह्मण वर्गको हुनुहुन्छ । विक्रमसम्वत् २०११ सालतिर भारतीय राजदूत चण्डेश्वर नारायण आफ्नो अवधि समाप्त भएर भारत फर्केपछि उहाँको स्थानमा आउने राजदूत वालकृष्ण गोखले गुरूदास बाबाकै भतिजा थिए ।

गुरूदासबाबाको जन्म दक्षिण भारतमा वि. सं. १९१४ तिर भएको हो । उहाँले ३० वर्षको उमेरमा घरछोडेर भारतका विभिन्न तीर्थ स्थलहरूको परिक्रमा सुरूगर्नु भयो । त्यसै शीलशीलामा एक घण्टा त्रीवेणीसंगमको जल काँधमा र हातमा तम्बुरा बोकेर प्रयागवाट काठमाण्डौ सम्म पैदल यात्रा गर्दै श्री पशुपतिनाथ आई स्नान गराउनु भएछ । त्यतिवेला त्रि. सं. १९५८ तिर तात्कालिक प्राइमिनिष्टर श्री ३ देवसंशेरलाई पदच्युत गराइ देशनिकाला गर्ने कार्य भइरहेको थियो भन्नुहुन्छ ।

सर्वप्रथम वहाँले वागमती आर्यघाटको पारीपट्टि द्वादश लिङ्ग शिवालयको उत्तरपट्टिको धर्मशालामा बसेर लगातार सातदिन सात रात-खडाको खडै नामधुनको भजन गर्नु भयो यस्तो अद्भुत सामर्थ्य देखेर स्व. श्री ५ पृथ्वीवीरविक्रम शाहदेव र तात्कालिक प्राइमिनिष्टर चन्द्रसमशेरले समेत् दर्शन भेट गरेछन् । तदुपरान्त– नेपालमा भएका अन्य भाइ भारदार, राजगुरू, पुरोहितहरूले वहाँको सेवा सत्कार गर्नाकोसाथै शास्त्रीय संगीत सुन्ने गरेथे । उहाँ संगीतका धुरन्धर ज्ञाता र ज्योतिष शास्त्रमा पनि निपुण हुनुहुन्थ्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजको करीब ८५ वर्षदेखि नेपालमा बस्ने र भारतका धार्मिक स्थान घुमेर यही माटोमा जीवन बिसर्जन गर्छु भन्ने वहाँको प्रतिज्ञा अहिले सम्म साकार छँदैछ ।

वावाको निष्ठा नियम आजसम्म ज्यादैकठोरतम पाइन्छ । उहाँले सन्यास एवं परधर्म कहिल्यै चाहनु भएन आजसम्म वावा ब्रह्मकर्ममा कट्र रहनु भएको छ । हप्ता भर, पक्षभर, नवरात्र, र अधिकमास जस्ता पर्वहरूमा पानीमात्र पियेर उपवास बस्ने मौन रहने र अनुष्ठान आदि गर्दा लक्ष्मीनारायणको आराधना पूजागर्नु हुन्थ्यो । सो अनुष्ठानमा बनाईएका यज्ञवेदीका वरिवरि राखिएका केराका खम्वामा जलसिचेर त्यसलाई वैलन नदिई त्यसखम्बामा केराफलेपछि मात्र यज्ञपूर्ण भयो भनेर विसर्जन गर्नु हुन्थ्यो । यस्तो दृश्य ३० वर्षको बीचमा ४ पटक देखियो पनि ।

विगत २०१९ साल जेष्ठ महिनामा स्वर्गीय श्री ५ महेन्द्रले वहाँको शास्त्रीय संगीत सुन्ने इक्छा गरिबक्सेअनुसार राजदरबारको प्राङ्गणमा अवस्थित श्री नारायण मन्दिरको भजन गृहमा दिनभर १२ घण्टा भजन गर्नुभयो । नेपालका संगीतज्ञहरू धेरैले त्यसमा भागलिएका थिए । स्व. ५ महेन्द्रबाट सो संगीत श्रवण गरिबस्यो । यस्ता कार्यक्रम उहाँले काठमाण्डौमा पचासौ पटक गर्नु भएको सर्व विदित छ ।

उहाँका २/४ वटा अमर वाणी र उपदेशहरू:- "छि: किन यस्तो दरिद्रनीचो बिचार बढेको हो ! विचार एवं सोचाइ सदा स्वच्च र उच्च हुनुपर्दछ" एक सदाचार, सय उपचार भन्दा सर्वोपरि हुन्छ" 'समय समयको यज्ञले राष्ट्रको कल्याण हुन्छ ।' ब्रत, उपवास, मौनरहनु, इत्यादिले मनुष्यमात्रको आत्मोद्धार गर्दछ । आदि । ऐले उहाँ हेटौंडा बजारदेखि पश्चिम रापती नदीको पारिपट्टि, एक जङ्गलको मुखैमा पर्णकुटीमा बस्नु हुन्छ । ऐले उहाँको आयुको हिसाव १२८ बर्ष पुगेको छ । ऐले पनि आउने जाने भक्तहरूलाई खाने बस्ने व्यवस्था र आदेश उपदेश गर्दै हुनुहुन्छ ।

हामी सधैं बाँच्ने तयारी गरिरहन्छौं तर बाँच्न भने कहिल्यै सक्तैनौं ।

—इमर्सन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारीबाबा र अन्यकेही सिध्दमहात्माहरू

—प्रयागराज 'वाशिष्ठ'

१. मान्छे र उसको स्वभावको सम्बन्धमा—

सिद्धिहरू त थुप्रैछन् सिद्ध गर्न सके। त्यस्तै साधु सन्त र सिद्धहरू पनि धेरै किसिमका हुन्छन् चिन्नसके। छन्। थिए। तर चिन्न सक्नु पर्छ। सिद्ध भनेका तपाईं हामी जस्तै मान्छे हुन्। सिद्धि सबैमा हुन्छ। तर धेर र थोर मात्र। आदर, श्रद्धा र विश्वासपूर्वक खोजेर पनि नपाइने मान्छे त्यसै कहाँ भेटिन्छ र ? यो अनादरको युगमा। वैज्ञानिक सामाग्रीहरूको सहायताले आज जुनसुकै पदार्थको विश्लेषण गर्न सकिन्छ तर चेतनाको विश्लेषण गर्न गराउँन गाह्रो छ। मानव चेतनशील प्राणी हो। पदार्थको दृष्टिले मानवको विश्लेषण गर्न खोज्ने हो भने तरलमा रगत र पानी, साह्रोमा रौं र हाड, कमलोमा मासु र छाला बाहेक मान्छे केही पनि होइन। छैन। थिएन। चेतनाको दृष्टिले हेर्दा मान्छे ब्रह्माण्ड भन्दा विशाल छ। समुन्द्रभन्दा गहिरो छ। आकाशभन्दा अनन्त छ। अनिर्वचनीय छ। हिजोआज मान्छेलाई चिन्ने र चिनाउने प्रथा ज्यादै हलुका छ। जात र जातीयताको आधारमा, देश स्थान र स्थानीयताको आधारमा, भाषा, धर्म सँस्कृति र सँस्कारको आधारमा र वर्ण, अनुहारको आधारमा मान्छेलाई चिन्नु के चिन्नु। त्यस्तै धनी र गरीबको आधारमा, पद र प्रतिष्ठाको आधारमा, बलियो र दुबलोको आधारमा मान्छेलाई चिन्नेले चिनाएपनि चिन्न खोज्ने ले चिन्नु चाहि मूर्खता नै हो। त्यसो भए मान्छेलाई कसरी चिन्ने ? उत्तर गाह्रो छ। अनुहार शरीरले दुब्लो मानिसपनि आत्मिकरूपमा दह्रो र खँदिलो हुनसक्छ। अनुहार नराम्रो तर हृदय र स्वभाव राम्रो। शरीर रोगी तर उसको मन र आत्मा निरोगी-यस्तो पनि त हुन सक्छ। कोही पनि मानिस नराम्रो हुँदैन। जब हामी कुनै मानिस-लाई आफ्नु धारणा र सोचाइ अनुकूल हेर्न र तौलन खोज्दछौं त्यतिखेर मान्छे नराम्रो ठहरिन्छ। उसैको सोचाइ, धारणा र स्वभावअनुसार हेरौं त, चिनौं त, त्यसबेला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोही मानिस पनि नराम्रो छैन, हुँदैन । छोटो भनाइ—छुट्टाछुट्टै किसिमले मान्छेलाई चिनौं—तुलना नगरौं - त्यसपछि सन्सारै राम्रो । यो ससार भगवान् को सुन्दर फूलबारी हो । मान्छेहरू रंगीविरंगी फूलका थुंगा । फूल सबै राम्रो । सुगन्ध सबै मीठो । तर कसैलाई कुनै रंगको फूल मनपर्छ कुनै रंगको फूल मन मर्दैन । त्यस्तै कुनै फूलको सुगन्ध मन पर्छ कुनै फूलको सुगन्ध मन पर्दैन। तर- त्यो फूल र सुगन्ध स्वयंमा नराम्रो छैन । भनाइको तात्पर्य कुनै वस्तु र प्राणी नराम्रो छैन । त्यसोभए नराम्रो के त? त्यसप्रतिको हाम्रो अभिरूचिको मात्रा वा सोचाइ र धारणा। आफू अनुकूल उपयोग हुनसके राम्रो। नभए नराम्रो।

२. सिद्ध र उनीहरूको स्वभाव –

आज प्रवुद्ध मान्छे हुँ भनेर आफूलाई चिनाउने मानिसहरू धेरै देखिन्छन् । तर प्रवुद्ध कोही पनि छैनन् त्यस्तै प्रसिद्ध हुन खोज्ने भएका र हुने धेरै छन् तर सिद्धचाहि दुर्लभ छन् । सिद्धिमात्र होइन, संसिद्धि र प्रसिद्धि प्राप्त गर्न सक्नुपर्छ ।

म सिद्ध हुँ भन्ने जसमा घमण्ड छ त्यो पनि सिद्ध नै देखिएकोछ र घमण्ड नहुने पनि सिद्ध नै देखिएकोछ। यो कुरा कसरी थाहा पाउने त? उसको व्यवहार र आचरणबाट। श्रद्धा र विश्वास पूर्वकको लामु परीक्षणबाट । त्यसो भए, सिद्ध कस्तो हुन्छ ? -सिद्ध जस्तो पनि हुन्छ । आफ्नु जात अनुसार जातीय आचारनिष्ठ र सदाचारमा रहेका पनि सिद्धछन् । त्यस्तै आफ्नै जातीय निष्ठा र सदाचारमा नरहेरपनि सिद्ध भएका मानिसहरू छन् । प्राय गरेर योग र गायत्री मन्त्र सिद्धिद्वारा सिद्ध भएका मानवहरू आफ्नो जातीय निष्ठा, मर्यादा र सदाचारमा रहेका देखिन्छन् । त्यस्तै अघोरीमतमा लागेर र वाममार्गी सहजयानमा लागेर सिद्ध भएका मानिसहरू चाँहि भक्ष्याभक्ष्यमा भेदभाव राख्तैनन् तैपनि उनीहरू सिद्ध नै देखिन्छन् । तर साधु सन्तमा चाहि केही फरक छ । त्यसकारण सत्वगुणी, रजोगुणी र तमोगुणी तीनै किसिमका सिद्धहरू साधुहरू र सन्तहरू हुन्छन् । त्यस्तै आर्षयुगमा पनि त ऋषिहरूका बीचमा स्तर थियो— जस्तै-- महर्षि, देवर्षि- ब्रह्मर्षि राजर्षि, ऋषि र ऋषिपुत्र आदि । तर हिजो आज देखिएका सिद्ध साधु र सन्तहरूको स्वभावचाहि विभिन्न किसिमको देखिन्छ । साधुको स्वभाव असाधु । सन्तको स्वभाव असन्तोकी । सिद्धहरूको स्वभाव त कुनै विचित्रको हुन्छ । कोही सिद्धहरू त जिन्दगीभर नुहाँउँदैनन्, जे पनि खान्छन् । कराउँदै, चिच्याउँदै हिड्छन् । मुखमा जे आयो त्यही बोल्छन् । एक किसिमका बौलाहा र अव्यस्थित मनस्थिति भएका हुन्छन् । उनीहरू स्पष्ट कुरा पनि गर्दैनन् । तर कैलेकही राम्रो कुरा गर्छन् । कैले कही उनीहरूले गरेको कुरा बुझिन्न । सिद्धहरूको यस्तो स्वभाव किन हुन्छ ? यसमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहस्य छ। अरुको भनाइ र मेरो पनि आफ्नु विचार अनुसार प्रायः सर्वसिद्धिप्राप्त सिद्धहरूचाहि पूरै बौलाहा जस्तै हुन्छन्। किनकि सांसारिक मायाजालमा फसेका र स्वार्थपूर्तिको लागि मरिमेट्ने र काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य जस्ता कुराहरू-मा पूरै आसन जमाई बसेका हामी मान्छेहरूदेखि सकभर उनीहरू टाढै रहन चाहन्छन्। किनकि--केही प्राप्त गर्ने उद्देश्यले वा कस्तो रहेछ त्यो मानिस भन्ने भावना राखेर उसलाई चिन्न र तौलने हिसाबले हामीहरू सिद्धहरूलाई भेट्न जान्छौ। धन रूप, पद प्रतिष्ठा र अल्पज्ञानको भारी बोकेका अभिमानी हामीले साधु सन्त र सिद्धलाई के चिन्न सक्थ्यौ ? हो उनीहरूले हामीलाई चिनेका छन्, त्यसकारण बौलाहा जस्ताभएर फोहरी भएर, अर्थात् जसलाई हामी मान्छे नै ठान्दैनौ त्यस्तै भएर उनीहरू रहेका हुन्छन्। यो सन्सारमा सञ्चयगर्ने कुरा धेरैछन्। कोही कुनै कुरालाई ठूलो र महत्वपूर्ण ठान्छन्,त कोही कुनै कुरालाई। सबैले एउटै कुरालाई महत्वदिएर चिने त यो संसार स्वर्ग भै हाल्थ्यो नि। मानव देवता बन्ने थिए। कोही अधिकारको सञ्चयलाई ठूलो ठानेर अधिकारी बन्न खोज्छन्। कोही धन सञ्चय गरेर धनी बन्न चाहन्छन्। कोही –मन सञ्चय गरेर मनस्वी। कोही तप सञ्चय गरेर तपस्वी। त्यस्तै सिद्धहरू चाहि सिद्धि सञ्चय गरेर रहेका हुन्छन्। अणिमा, महिमा आदि अष्टसिद्धि हुन्। यी बाहेक अरूपनि धेरै सिद्धिहरू हुन्छन्। जसले बोलेको कुरा पुग्छ त्योसंग वाक्‌सिद्धि हुन्छ। जसले हेरीदिदा र छोईदिदा नै कुनै कुरा पूर्णहुन्छ भने त्योसंग नेत्रसिद्धि र स्पर्शसिद्धि हुन्छ। जो मानिस सम्पूर्ण कुराको ज्ञाता छ उसमा सर्वज्ञता सिद्धि छ। त्यसकारण सिद्धिको मात्रा त सबैमा हुन्छ। त्यस्तो सिद्धिको सूक्ष्ममात्रालाई जसले विकसित गर्दछ त्यो सिद्ध हुन्छ। यस किसिमका स्वयंसिद्ध सिद्ध बाबाहरू तपाई हामी जस्ता असिद्ध (हेरिदिए बिग्रने, छोइदिए नासिने, बोलीदिए बर्वादहुने) देखि डराउंछन्। यसकारण उनीहरू बौलाहा जस्ता असामाजिक बनेर समाजदेखि सकभर टाढै रहन खोज्छन्। जे पायो उही बोल्दै गालीगर्छन्। हप्काउंछन्। लठ्ठी र चिम्टा पाएभने हिर्काउँन खोज्छन्। हिकाउंछन् पनि। सबै किसिमका प्रयोग र परीक्षण गरेपछि पनि जो मानिस आफ्नु अनन्य भक्त बन्छ, उसैलाई आफ्नु वास्तविक स्वरूपको दर्शन दिन्छन्। टुटे फुटेका अस्पष्ठ वाक्यहरूमा आत्माको रहस्य पनि बताउंछन्। शास्त्रीय मर्म र दार्शनिक विवेचना पनि गर्छन्। यस किसिमका मानिसहरूसंग सम्बन्ध बडाएर जीवनको रहस्य बुझ्दै वास्तविक परमार्थसिद्धि प्राप्तगर्ने धैर्य आजका तपाई हामीमा छैन। वास्ताविक कुरा चाहि सिद्धहरूले बुझेकाछन् त्यो के हो त ?–बाँचनको लागि त सातदिनमा एकदिन मात्र नमीठो खाएर पनि बाँचिन्छ भने किन सधै मीठो खाने। रोग त डाक्टर र वैद्यलाई पनि लाग्छ। सबै मर्दछन्। यसकारण सामान्य मानिसले 'मृत्युदेखि किन डराउने ?। जन्मदा मानिस नाङ्गै जन्मिछ। मरेपछि पनि उसलाई नाङ्गै पारेर चिन्तामा राखिन्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिहानमा गाडिन्छ । त्यसकारण ज्यूँदोहुँदा पनि किन नाङ्गै नवस्ने ?। सामाजिक बनेर समाजकै हकहितको लागि मरिमेट्ता पनि अपजस पाइन्छ भने असमाजिक नै किन नहुने ? । आजभोलि सज्जनलाई पनि बौलाहा तुल्याईछ भने बौलाहा नै किन नहुने? त्यसकारण सांसारिक मायाजालको जीवन त कृत्रिम छ। प्राकृतिक जीवन पो जीवन। शान्ताका पति, दशरथका जुवाइँ ऋष्यशृङ्ग पनि त, बौलाह जस्ता र असामाजिक थिए; तर उनमा महर्षि वशिष्ठमा भन्दा ठूलो पुत्रेष्ठी यज्ञगराउने विधिविधानको सिद्धिप्राप्त थियो । त्यस कारण सिद्धि त आत्मा, मन र वाणीले प्राप्त गर्नुपर्छ । किनकि अविनाशी तत्तभनेकै आत्मा, मन र वाणी हो । अनुहार, शरीर र सांसारिक वैभवात क्षणभंगुर छ यी कुराहरूमा प्राप्तगरेका सिद्धित मरेपछि मेटिन्छ । यस्ता रहस्य पूर्ण कुरालाई वास्तविक रूपमा सिद्धबाबाहरूले अपनाएका छन् । बुझेका छन् । यसकारण वास्तविक सिद्धको स्वभाव र अनुहार बौलाहा जस्तो र असामाजिक हुन्छ । सिद्ध र उनका स्वभावको सूत्रात्मक परिचय यही हो ।

महात्मा र सिद्धहरूको बारेका कुराकानीहरू मैले पहिले देखिनै सुन्दै आएको थिएँ । भन्नेहरू बेलिविस्तार लगाउँथें म श्रोता थिए श्रोताकै रूपमा सुन्थें, सुनिरहन्थें । एकदिनको कुरा हो, म काम विशेषले हनुमान दासका माइला छोरा विश्वनाथको घरमा (काठमाण्डौ, वटुटोल) गएको थिएँ । त्यहाँ सजाएर राखिएका धेरै फोटोहरू मध्ये एउटा फोटोमाथि मेरा आँखा गएर अडें । मैले भनेः– तपाईंले त पशुपतिमा घुमिहिड्ने सिद्धबाबाको फोटो पो राखनु भएको रहेछ त ?, वहाँले भन्नुभयो––हो, वहाँ धेरै राम्रो ब्रह्मचारी बाबा हुनुहुन्थ्यो । ऐले स्वर्गे भैसक्नु भयो । वहाँ धेरै असल हुनुहुन्थ्यो ।"

हुन त पशुपतिनाथको दर्शन गर्न जाँदा कैलैकही मैलेपनि ब्रह्मचारी बाबालाई देखेको थिएँ । पशुपतिका सिद्धबाबा अथवा ब्रह्मचारीबाबा यिनै हुन् भनेर मलाई कसैले पनि चिनाई दिएको थिएन तै पनि उनका बारेका कुराकानीहरू र उनको हुलिया सुनेकैभरमा मैले उनलाई चिनेको थिएँ । एकतर्फी चिनाई । आज विश्वनाथको घरमा उनकै फोटोदेखता उनको बारेमा केही जानौं बुझौं र लेखौं भन्ने सकसकी एक्कासी मेरो मनमा जागृत हुन पुग्यो । मैले सोचें । म अब यिनकै बारेमा लेख्छु ।

त्यसपछि मैले अर्को फोटोलाई देखाउंदै भने–त्यो चाहि कस्को फोटो हो नि ? त्यो तुलसीराम बाबाको फोटो हो–विश्वनाथले भन्नुभयो । के तुलसीराम बाबा पनि सिद्ध हुनुहुन्थ्यो ? –हो त नि, वहाँपनि सिद्ध महात्मा नै हुनुहुन्थ्यो । वडो असल हुनुहुन्थ्यो । वहाँ पनि स्वर्गे भैसक्नु भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै अरू अरू सिद्धमहात्माहरूका फोटाहरू पनि यहांको घरमा छन् त ? मैले सोधें, त्यसपछि विश्वनाथले माथिल्लोतलाबाट फोटोहरू झिक्न लगाउनु भयो । फोटोहरू हेरियो - त्यस फोटोमा देखाउँदै विश्वनाथले भन्नुभयो - यो वेनुमहात्माको फोटो हो । यो वीरबहादुरको फोटो हो । अनि मैले सोधे यो चाहि कस्को नि–यो त मेरै बुवा हनुमानदासको । उसोभए हनुमानदासजी सिद्धमहात्मा भनेपछि ज्यादै हुरूक्क हुने स्वभावको मान्छे हुनुहुँदो रहेछ हकि ? मैले भने ।

वहाँ सिद्धमहात्मालाई ज्यादै आदर गर्नुहुन्थ्यो । उनीहरूले जे भने त्यै गर्नु हुन्थ्यो । बुवाको समयमा त सधैं जस्तो हाम्रो घरमा कोही न कोही सिद्धमहात्माहरू आई रहेका हुन्थे । कुनै दिन त धेरै सिद्धहरूको जमघट नै हुन्थ्यो । बुवा ज्यादै आदर र सम्मान गर्नु हुन्थ्यो । हामी चाहि केटाकेटी स्वाभावका भएकोले जिस्काउँथ्यौं विश्वनाथले भन्नुभयो ।

यसरी ब्रह्मचारी बाबा सहित अरू केही बाबाको बारेमा सुनेपछि र फोटोहरू देखेपछि उनीहरू प्रति श्रद्धा जाग्यो । २/४ दिन दौड धूप गरेर म खोजिपसें । कैले कता कैले कता । जस्ले जहाँ जाऊ भन्छ त्यतै जसलाई भेट भन्छ, उसैसंग । तर यसरी दौड्दा दौड्दै धेरै मान्छेहरूसंग भेटभयो । थोर बहुत जानकारी पनि मिल्यो । यसरी मेरो जीवनको एकक्षण सिद्धमहात्माहरूको बारेमा सुन्न र बुझ्नमा खर्च भएकोमा मलाई त रमाइलो नै लागेकोछ । प्रस्तुत लेख पनि तिनै सिद्धमहात्माहरूको स्मृतिमा चढाउँन चाहन्छु जसलाई मैले आस्थाको आँखाले हेरेकोछु ;' विश्वासको विपनालाई व्यूझाएर ।

१. ब्रह्मचारी बाबा

(ब्रह्मचारी बाबा)

विक्रम संम्वत् १९६५।६६ तिर काठमाडौं जिल्लाको गौचरण, मानटार गाउँमा कुञ्जमुनि दाहाल र गुँइठी दाहालको एकमात्र सुपुत्रको रूपमा जन्मिएका बालकको न्वारनको नाम थियो– गोपालप्रसाद दाहाल । कुञ्जमुनि दाहालका दुई सन्तति मध्ये जेठो सन्तान छोरा र कान्छो सन्तान छोरी थिइन् । छोरीका सन्तान रामबहादुर के.सी. हुन् जसलाई ब्रह्मचारी बाबाका भानिज भनेपछि देउपाटन पशुपति क्षेत्रमा जसले पनि चिन्दछन् र चिनाउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोपालप्रसाद दाहाल ५ वर्षको पुग्दा नपुग्दै उनकी आमा गुँइठीको मृत्यु भयो । त्यसपछि उनकाबाबु ईंटाटोल, देवपतनमा आएर बसे। त्यही नै उनले आफ्ना छोराछोरीलाई हुर्काए । बढाए । पालन पोषण गरे । गोपालप्रसाद दाहाल १२।१३ वर्षका पनि भए । तर यिनको स्वभाव र अभिरूचि विचित्रको देखिन थाल्यो । जात्रा मात्रा भनेपछि गोपालप्रसाद मरिमेट्थे । १२।१३ वर्षसम्म त गोपालप्रसाद सर्वसाधारण मानिस जस्तै थिए। त्यसपछि उनका चरित्रमा परिवर्तन देखिन थाल्यो । सांसारिक मायाजालमा उनी फसेनन् । फस्न चाहेनन् । उनको विहा पनि भएन। पशुपतिको क्षेत्रमा कैले कता कैले कता घुमेर अव्यवस्थित पाराले गोपालप्रसाद रहन थाले । उनका बुवाको मृत्यु भयो । आफ्नी बहिनीलाई पनि त्यति वास्ता गर्न छोडे । एककिसिमले यिनी बौलाहा जस्ता फोहरी र देख्तै घिनलाग्दा जस्ता भएर रहन थाले । यिनै गोपालप्रसादलाई नेपाल र भारतका विभिन्न ठाउँका धेरै मानिसहरूले कसैले भैरवनाथ, कसैले बोल्ने पशुपति, कसैले पशुपतिनाथका सिध्द बाबा, कसैले सिध्दबाबा र कसैले ब्रह्मचारी बाबा भनेर चिनेका छन् ।

यसरी विभिन्न नामले चिनिएका ब्रह्मचारी बाबामा ठूलो सिध्दि थियो । यिनले दिएको सराप लाग्दैन थियो तर आशीर्वाद चाँहि फल्दथ्यो, फुल्दथ्यो । आफ्ना भक्तहरूका मनको कुरा थाहा पाउँथे । यसकारण ब्रह्मचारी बाबा सबैका मन थिए । अन्तर्मनमा विचरण गर्ने क्षमता उनमा थियो । थाहा नपाए जस्ता तर धेरै कुरा थाहा पाउने । कंलेकहीं यी बाबा रून्थे । भित्र भित्रै रून्थे । मौन रोदन । भक्तहरूले किन रूनु भो बाबा भन्दा – किन रोएँ किन रोएँ..., भन्थे पापीसंसारलाई लातकालात मार्नु पर्छ, मार् भन्थे । आफ्नु छाती आफै पिट्थे । यी बाबा अन्यत्र कतै गएनन् । पूर्वमा धूलिखेल, पश्चिममा थानकोट, उत्तरमा नारायणस्थान (बूढानिलकण्ठ) र दक्षिणमा दक्षिणकाली एवं कीर्तिपुर भैरवनाथको दर्शन गर्न कहिले कहीं गएको देखिन्थ्यो । पशुपति क्षेत्रमा कोही नौलो साधु सन्त आए भने त्योसंग बाबा एकरात अथवा एकदिन बस्तथे । त्यसपछि उनी त्यसलाई त्यति वास्ता गर्दैन थिए । यिनले मान्ने देवता चाँहि भैरव, देवी (नवदुर्गा) र पशुपतिनाथ थिए । पशुपतिनाथको दर्शन गर्दा ब्रह्मचारी बाबा धेरैजसो दक्षिणढोकातिरबाट गर्नुहुन्थ्यो । यसको मतलब पशुपतिनाथको दक्षिणमूर्ति (अघोरमूर्ति) उहाँको आराध्य थियो । ब्रह्मचारीबाबाले जिन्दगीभर नुहाउनु भएन । नुहाएको देख्ने पनि कोही छैनन् । भानिज रामबहादुरका भनाइ अनुसार ‘‘ब्रह्मचारी बाबाको लाशलाई मात्र राम्ररी नुहाउनु पाइयो । त्यस्तै आफूले लगाएको लुगा धुन पनि उनी कहिल्यै दिंदैन थिए । ब्रह्मचारी बाबाका शरीरको रोग चाहि पिसाव नलीबाट रगत आउने थियो । अरू रोग केही थिएन । यिनी ७६ वर्ष बाँचे तर कहिल्यै पनि रोगाएर थलापरेर बसेनन् । यिनी सर्वभक्षी थिए । तर काटमार गर्नेकुरा सुन्दा र सुनाउँदा साह्रै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रिसाउँथे । मासु चाँहि खान्थे । यिनको प्यारो चिजमा कुकुर र साँडें थिए । लाउन र खानामा यिनी त्यति वास्ता गर्दैन थिए । चार पाँच दिनसम्म पनि नखाई पनि बस्तथे । सारीको फेटा गुतेर पनि हिड्थे । कसैले दिदा नखाने । कसैसंग माग्ने । कसैलाई खुवाउँन भन्ने । कसैले दियो भने लिएर फाली दिने । कुकुरलाई खा भनेर दिने स्वभाव उनको थियो । कसैले दिएको कुरा उनले खाई दिएमा दिने मान्छेलाई फलिफाप हुन्थ्यो । कुनै भक्तले दिएको कुरा खाएर बाबा मुसुक्क हाँस्तथे । यस्तो भएको खण्डमा त सोचे न सम्झेको फल प्राप्त हुन्थ्यो । कसैको अचानक पदोन्नति हुन्थ्यो। कसैलाई पदक मिल्दथ्यो । कसैको रोग निको हुन्थ्यो । अर्थात् धेरै जसैको मनकामना पूर्ण हुन्थ्यो । "दाल चावल गरमागरम, शिकार खानपाए कस्तो हुन्थ्यो" भनेर आफ्नु भित्री चाहना कैलेकही बाबा व्यक्त गर्दथे भक्तले त्यस्तै कुरा जुटाएर ल्याईदिदा – छ्या ! धत् तैं घिच राड' भनेर फालिदिने पनि उनी गर्दथे । बाबालाई ज्यादै मीठो लाग्ने कुरा खिचडी थियो । लाउने लुगामा मनपर्ने सक्कलीतास, रातो जामा र भोटो थियो । देवता र नाचमा चाँहि – भैरवनाच र नवदुर्गानाच उनी मन पराउँथे । कैलेकहीं मध्यरातमा वच्छलेश्वरी देवीको स्थान संगैको आकाश भैरवको अगाडि उनी नवदुर्गा नाच नाच्दथे। नाच्ता उनी यसो भन्दै नाच्दै गर्दथे – "उखे वसा चट्, थुकें बसा चट् घिन तललल" तर यसरी नाचेको सबैले देख्तैंन थिए । मध्यरातमा १५।१६ ओटा कुकुर पछिलगाएर पनि यिनी हिंड्दथे । कुनै कुनैभक्तले दिएका रूपैया पैंसा राख्तथे भने कसैले दिएका रूपैया पैसा चाहि तुरुन्तै त्यही बाँडिदिन्थे । आफ्ना बाकसमा साँचो लगाउन भानिजलाई लगाउँथे । साँचो दिदा खोल्न जान्दैन थिए । आफ्ना भानिजका छोराछोरी र भान्जिबुहारी कसैको पनि मतलब गर्दैन थिए । राम्रोसंग आफ्ना भानिजका छोराछोरीलाई पनि चिन्दैन थिए । उनी सधैंजसो बर्मकोट लगाएर पशुपति क्षेत्रमा घुमी हिड्ने गर्थे । प्राय गरेर दिउँसो सुत्दछे । "अरू सब सुत्दछन् हामी उठ्छौं" भन्थे । थुप्रै कुकुरहरू उनका पछि लाग्दथे तर कुनै पनि एक अर्कोमा झगडा गर्दैन थिए । यिनी हिन्दीभाषाका धेरै भजनहरू गाउँथे । यी बाबाका गुरू थिएनन् । प्रभावक्षेत्र यही पशुपति क्षेत्र थियो। यिनी धेरै जसो यिनै दुइ लाइन भनि रहन्थे ।

मट्टी खनि खनि महल बनाया लोक कहे घर मेरा
ना घर तेरा ना घर मेरा दो दिन कि है बसेरा

आफ्ना भाञ्जा रामबहादुर लम्साल (के.सी.) लाई यिनी विवाह नगर्नु भन्थे । मामाको इच्छा विरूद्ध रामबहादुरले विहा गरेकोले त्यसदिनदेखि उनी भानिजकोमा बसेनन् । २००१ सालदेखि २०२२ साल फागुन ७ गतेसम्म ब्रह्मचारी बाबा भानिजसंगै बसैका थिए । तर २०२२ साल फागुन ८ गते रामबहादुरले विहा गरे । त्यसपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भानिजलाई छोडेर ब्रह्मचारी बाबा हिंडे । यसरी १२ वर्ष २१ दिनसम्म उनी मंगलघाट सूर्यघाट र पशुपति वर पर नै बसे । २०३४ सालदेखि फेरि आफ्ना भानिजसंगै बसे । यसरी मामाको इच्छा विरूद्ध आफूले विहा गरेकोले आफ्नी श्रीमतिलाई बारंबार एउटा न एउटा रोगले छोडदैन थियो । जुन दिनदेखि मामा फेरि आफूसंग बस्न आए त्यस दिन देखि फेरि एक्कासी आफ्नी श्रीमति निको भएको र आजसम्म सबै जाहान सुखी भएको कुरा रामबहादुरले बताउनु भयो । आफ्ना जेठा छोरा (शोणितप्रकाश) को विवाह गर्ने बेलाभयो – अब तपाईका यस नातिको विहा गरिदिए कसो होला मामा, भनेर ब्रह्मचारी बाबालाई रामबहादुरले सोद्धा – ब्रह्मचारी बाबाले भने रे "बीचमा परे के वास्ता, के हतार पैले मेरो विहा गरौं, – यो भनाईको मतलब आखिरमा के सिद्ध भयो भने – आफ्ना नातिको विहा हुनु अघि नै उनी मरे । २०४१ साल पौष १४ गते शुक्रबार रातको १२ बजे ब्रह्मचारी बाबाको निधन भयो । मर्नुभन्दा १५।२० दिन अघि नै उनले संकेत दिएका थिए रे – उनी भन्थे रे – "झ्याइँ झ्याइँ बाजा बजाएर बजार घुमाए के हुन्छ होला हँ, मेरी बाबै बागमतीको बीचमा जलाउँदा !!" त्यस्तै पशुपति मुक्तिमण्डलमा बसेको बेला – मर्नु १५।२० दिनअघि उनले भनेका थिए रे – "अब हाम्रो पालो सिद्धियो, मेरो पालो पुग्यो, श्रीखण्डमा हर्‌हर् बल्न पाए के होला नि ! । आखिर यसैको १५।२० दिन पछि उनी मरे । आज उनी मरेर गएपनि उनको प्रभाव उनका अनन्यभक्तहरुको हृदयमा र उनलाई चिन्ने र थाहा पाउने अरूको पनि हृदयमा उनी अझै जीवित छन् ।

ब्रह्मचारी बाबाले गरेका केही चमत्कारपूर्ण कुराहरू–

१. कुनै मानिसले दिएको कुरा उनले हाँसी हाँसी ग्रहण गरिदिएको खण्डमा अचानक उसलाई कुनै ठूलै कुराको लाभ हुन्थ्यो ।

२. विरामी मानिस पनि उनको आशीर्वाद पाएपछि निको हुन्थे ।

३. आफ्ना प्रिय भक्तहरूलाई धेरै दिनपछि पर्ने संकटको उनी अगाडि नै संकेत दिन्थे, तर भक्तले पछिबाट बुझदथ्यो ।

४. एक दिन आफ्ना एकजना भक्तले नाडीमा बाँधेको घडीलाई च्याप्प समातेर उनले भने रे– ल ल, यो घडी त खस्न लाग्यो, राम्ररी बाँध । तर त्यस दिन त्यो घडी खसेको थिएन राम्ररी नै बाँधिएको थियो । त्यहाँ भएका सबै मानिस त्यसरी बाधेको घडी पनि कँहीं खस्छ । यी बाबा के के भन्छन् के के भनेर छक्क परेका थिए रे । आखिर त्यो घडी ४ दिनपछि हरायो ।

५. बाबाका भक्त एकजनाले तीर्थयात्रामा भारततिर जाँदा हज्जार बाह्रसय रूपैया हराए छन् । यसरी बिचल्ली परेर उनी काठमाडौं आए । भोलिपल्टै पशुपति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गएर बाबाको दर्शन पनि गरे । त्यसबेला बाबाले उनीसंग रूपैया मागेछन् । बाबाले यसरी रूपैया मागेपछि उनले मसंग रूपैयाँ छैन भने रे । त्यसपछि बाबाले भनेरे— तँलाई अन्यत्र गएर रूपैयाँ हराउन चाँहि छ, मलाई दिन चाँहि छैन ? त्यसपछि ती भक्त आफैं चकित परे । तीर्थ घुम्न जाँदा भारतमा हराएको रूपैयाँको बारेमा यिनलाई कसरी थाहा भयो भनेर ।

६. आर्यघाटमा जलायश्रमा लगेर राखेका कुनै कुनै मान्छेलाई कहिले कहीं उनी घुम्दै आएर यसो हेर्दथे– 'अनि भन्थे– कठैबरा ! बेइमान बजियाको सत्यनास होस् । यसलाई लैजाऊ लैजाऊ । आखीर त्यो मान्छे बिस्तारै, बौरन्थ्यो र बाँच्दथ्यो । त्यसरी मरणासन्न अवस्थामा पुगेका मानिसलाई पनि उनी बचाईदिन्थे । यसरी उनले आर्यघाटबाट घिट्घिट् भएर मर्न लागेको बेलामा– लैजाऊ भनेर फर्काई दिएका र फेरि आजसम्म बाँचेका अझै थुप्रै मानिस छन् ।

७. बाबाका अनन्य भक्तले मलाई यस्तो आपत्ति पर्‍यो— यदि यो संकटबाट म बँचिनँ भने म तपाईलाई नै दोष दिन्छु भन्यो भने उनी जसरी भएपनि त्यस संकट-बाट उसलाई बचाई दिन्थे । अर्थात्– मेरो यो मान्छे मर्न लागेको छ यदि त्यो मर्‍यो भने त्यसको लाछ तपाईको काखमा ल्याएर फालिदिन्छु– जसरी भएपनि त्यसलाई बचाँईदिनुस्" आफ्ना अनन्य भक्तले यसरी बिन्ति गर्दा आफ्ना भक्तमा परेको यस्तो संकट लाई पनि उनले टारिदिएका छन् । डाक्टरहरूले माया मारिसकेका र अस्पतालबाट अब यो मर्छ लैजाऊ भनेका मान्छेलाई पनि बाबाले बचाएका छन् ।

८. ब्रह्मचारी बाबा कहाँ बस्छन् ? यी कस्ता हुन् ?, भनेर कसैले सोद्धा उनका भानिज रामबहादुरले– यी ठूला सिद्ध छन्, यिनलाई खुशी तुल्याएमा लाभ हुन्छ, यिनी यहाँ बस्छन् । यिनी जस्तो सिद्धबाबा कोही पनि छैन भनेर कसैको अगाडि प्रशंसा गरिदिएका दिनको बेलुका ब्रह्मचारी बाबाले घरमा उपद्रो मच्चाउथें रे । यस्तै गरी यी बौलाहा हुन्, केको सिद्ध हुन्थे, खै कहाँ बस्छन्, के खान्छन् । मलाई थाहा छैन– भनेर उनको बारेमा नराम्रा नराम्रा कुरा भनि दिएका दिनको बेलुका चाँहि– मेरा भानिज, मेरा पुजारी तिमी राम्रा मान्छे हौं, भन्दै ज्यादै खुशी हुन्थे रे । यसरी उनीं कसैबाट आफ्नु प्रसंशा भएको कुरा र निन्दा भएको कुरा तुरुन्त थाहा पाउथें । सबैले मलाई निन्दा गरून् । नचिनुन् । एउटा बौलाहा ठानुन् भन्ने उनको इच्छा थियो भन्ने कुरा बुझिन्छ ।

९. एकदिन ब्रह्मचारी बाबाले एकजना भक्तलाई दूध खुवाउ भने । भक्तले पनि होटेलमा गएर एक गिलास दूध किनेर दिए । त्यो दूधको गिलासमा बाबाले थुके

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनि खाए । त्यहीं अर्का भक्त पनि थिए। ती अर्काभक्तको मनमा घमण्ड चड्यो। उनले मनमनै सोचे– ओ हो ! मैले किनेर दिएको दूधमा बाबाले कहिल्यै थुक्दैनन् थुकेका पनि छैनन् । एकछिन पछि अर्का भक्तलाई पनि दूध खुवाउ भनेर बाबाले भने। उनले पनि दूध किनेर दिए । फेरि त्यो दूधको गिलासमा पनि थुके त्यसपछि खाए। यसरी आफ्ना भक्तका मनको घमण्डलाई तुरून्तै तोडिदिए ।

१०. एकजना भक्तले भने— ब्रह्मचारी बाबा त मलाई टीका नै लगाई दिंदैनन् । अर्कोले भने पहिले पैसा दिएपछि कहाँ टीका लगाई दिन्छन् त । पहिले हातमा पैसा देखाउनु पर्छ त्यसपछि पो टीका लगाइदिन्छन् अनि पैसा दिनुपर्छ। अनि ती दुवै भक्त पशुपतिनाथ गए । पहिलेको सल्लाह अनुसार नै तिनीहरूले गरे। ब्रह्मचारी बाबाले त ती छट्टु भक्तका हातको पैसा खोसेर आगोमा हालिदिए । टीका लगाई दिने कुरा त परै रहोस् । अनि ती भक्तहरूले मनमनै सोचे— धन्य ब्रह्मचारी बाबा, तिमी त सबैका मनमा डुल्दा रहेछौ !

११. ब्रह्मचारी बाबाको कृपाले धेरै मानिसहरू धनवान, पुत्रवान् र आयुष्मान भए। पद प्रतिष्ठा त धेरैले पाए । आफ्नु मनकामना पूर्ण हुँदा धेरै भक्तहरूले उनलाई सक्कली तासको पहिरन पनि लगाईदिए। भक्तहरूले अर्पण गरेका रूपैयाहरू उनीसंग थुप्रै हुन्थे । तर ब्रह्मचारी बाबालाई पैसाको मतलब नै थिएन । उपयोग गर्न जान्दैन थिए। गर्नु पनि उनको लागि आवश्यक थिएन। खुसी भएर जसलाई उनले दिन्थे उसको उन्नति नै भयो । लुट्नेहरू पनि थिए । तर ती लुटाहाहरूको कहिल्यै पनि उन्नति भएको छैन । राम्रो गरे राम्रै हुन्छ— एकजना भक्तको भनाइ यहाँ पनि चरितार्थ हुन पुग्यो ।

आफ्नु व्यक्तित्व र सिध्दिलाई लुकाएर राख्न चाहने र अरूले मलाई नराम्रै रूपमा चिनुन् भन्ने ब्रह्मचारी बाबाको इच्छा थियो । उनी आफ्नु प्रचार प्रसार होस्, म ठूलो सिध्दबाबामा गनिन सकूँ भन्ने उनको बास्तविक ईच्छा थिएन। यस-कारण आफ्नै निजीज्ञान र साधनाको आधारमा उनले परमार्थ सिध्दि प्राप्त गरेका थिए । हेर्दा बौलाहा जस्ता भएपनि उनी भित्री रूपमा महान् आत्माज्ञानी सिद्ध थिए ।

उनले गरेका चमत्कारपूर्ण कार्यहरू त धेरै छन् ती सबै यो छोटो लेखमा चर्चा गरेर साध्य छैन । अन्तमा कसैले आफ्नु प्रसंशा गरेको र निन्दा गरेको थाहा पाउने र प्रसंशा भन्दा निन्दा नै रूचाउने बाबाको बारेमा मैले यो सानु लेख लेखें । यसरी उनलाई मैले प्रसंशा गरेर प्रकाशमा ल्याउँदा अवश्य पनि बाबा म देखि रिसाउने छन् तर मलाई के विश्वास छ भने— यी बाबाले दिएको सराप चाँहि लाग्दैन; तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आशीर्वाद चाँहि फल्छ फूल्छ। उनी सबै देखि रिसाउँथे, तर उनले कसैको कुभलो गरेनन्। त्यस्तै– मर्नुभन्दा केही दिन अघि ब्रह्मचारी बाबाले भनेका थिए रे–

'मेरो काम राम्रोसंग गरिदिनु है, म हेरौंला,'

आज ब्रह्मचारी बाबा यहाँ छैनन्। अर्थात् अब हाम्रो चर्मचक्षुले उनलाई देख्तैनौं। उनको कीर्ति कथा मात्र यहाँ बाँकी छ। तर उनी मरेका छैनन्। किनकि– मेरो काम राम्रोसंग गरिदिनु है' म हेरौंला' उनले भनेको कुरा हो। 'म हेरौंला' भन्नुको तात्पर्य– उनी अझै मरेर पनि जीवित नै छन् उनकाबारेमा हामीले गरेका कुराहरू उनी एकएक हेरिरहेका छन्। यो सानो चर्चा म अब उनैमा चढाउँन चाहन्छु। किमधिकम्।

२. तुलसीराम बाबा


(तुलसीराम बाबा)

तुलसीराम बाबाको घर थियो गोदावरीतिर! यिनले सडक विभागमा पनि जागीर खाएका थिए। कति वर्ष जागीर खाए अनि किन छोडे त्यो कुरा थाहा हुन सकेको छैन। यिनको सम्बन्धमा धेरै जान्ने मान्छेहरू पनि छन्। अझै उनका नाता गोता पनि गोकर्णतिर छन् भन्ने सुनेको छु। पूर्ण विवरण अर्को प्रसङ्गमा प्रस्तुत गर्ने छु यिनी २०३४ सालतिर एकजना आफ्ना भक्त (बौद्ध महाँकाल पानी टयांकीनजीकैका सुब्बा) को घरमा मरे। यिनी पनि चमत्कारी थिए। यिनको चमत्कार देखि प्रभावित भएका यिनका भक्तहरू अझै पनि गोकर्णतिर राती तुलसीराम बाबाको निमित्त भनेर ओछ्यान लगाउँदैछन्। धूपबत्ती बाल्दैछन्।

केही चमत्कारपूर्ण कुराहरू

१. तुलसीराम बाबालाई खोज्न हिंड्दा भेटिंदैन थियो। सम्झना गरेपछि उनी आफैं आउँथे।

२. दुईजना भक्तको घरमा यिनी एउटै समयमा देखिन्थे। कहिले काँहि भक्तहरूका बीचमा झगडा नै पर्दथ्यो। आज दिउसभरी बाबा मेरो घरमा बस्नु भयो एउटा भन्थ्यो। होइन मेरो घरमा पो हुनुहुन्छ, अर्को भन्थ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. एकदिन एकजना भक्तले भने- हिजो आज त बाबा मसंग रिसाउनु भएको छ मसंग बोल्नु हुन्न । अर्को भक्तले भने- त्यसो भए बाबा अहिले यही आउनु भएको छ । वहाँसंग तपाई भेट्नुहोस् र क्षमा माग्नुहोस् । ऐले वहाँ माथि (माथ्लो तलामा) हुनुहुन्छ । त्यसपछि बाबालाई बोलाउँन मानिस गयो। तलामा बाबा छैनन् । बाहिर निस्कने बाटो पनि अन्यत्र छैन । खलबल मच्चियो । घरका सबैले कोठा चोटा, कुनाकाप्चा खोजे । कतै पनि बाबा छैनन् । अहिले यही भएका बाबा खै त ? सबै छक्क परे । धेरै वेरपछि जोसंग बाबा रिसाएका थिए त्यो मानिस त्यहाँबाट हिड्यो । अनि पो बाबा फेरि त्यहीं देखा परे । उनको चमत्कारपूर्ण व्यवहार देखेर सबै चकित भए ।

४. कुनै वेला धेरै समयसम्म पानी नपरेको अवस्थामा यी बाबा एकखुट्टा टेकेर उफ्रन्थे । अनि पानी पर्दथ्यो ।

५. यिनी आफ्ना भक्तलाई भोलि घट्ने संकटको पहिलै जानकारी दिन्थे । कुनै कुनै भक्तहरूलाई उनी भन्थे— बुझिस् तैंले जसरी भएपनि आजै धान काट्नु । पाकेको धान नराख् । बाबाको भनाइलाई शिरोपर गरेर धानकटानी हुन्थ्यो । भोलि-पल्ट चाँहि असिना र पानी ओइरेर नकाट्नेहरूको सम्पूर्ण धानबाली खतम हुन्थ्यो ।

६. शनिबारको दिन गोकर्ण व्यांसी गाउँमा बसेका मौनी बाबासंग रिसाएर तुलसीराम बाटामा आउँदै थिए । यताबाट दुईजना मानिस मौनी बाबालाई भेट्न जादैं थिए । ती बौलाहा जस्ता मान्छे तुलसीराम हुन् भन्ने उनीहरूले सोचेका थिएनन् । तुलसी-रामले ती दुईजनाको नामै पुकारेर तिमीहरूको साथमा भएको मिश्रीको डल्लो मलाई देऊ भने- ती दुईजना छक्क परे । आखिर ती दुईजनाले मौनी बाबालाई चढाउँन लगेको मिश्रिको डल्ला तिनै बहुला जस्ता मानिसलाई लाचार भएर दिनुपर्‍यो। पछि बुझ्दा त उनी तुलसीराम बाबा पो रहेछन् भन्ने उनीहरूले थाहा पाए ।

७. एकचोटि कविप्रसाद गौतम र अन्य केही मानिसहरू बृन्दावन जान काठमाडौंबाट मोटरमा चढेर हिडे । बाटामा तुलसीराम बाबालाई भेटे । त्यसपछि मोटर रोकेर कविप्रसादले भने— बाबा आउनुहोस् बृन्दावन जाऔं । तुलसीरामले भने— आउँला तिमीहरू जादैं गर । कविप्रसाद र अरू मानिसहरू मोटर चढेर १५/२० मिनेट भित्रै थानकोट पुगें । थानकोटमा त अघि नै पुगेर तुलसीराम बाबा पो बसिरहेका रहेछन् । बाबाको अन्तर्यामी स्वरूप देखेर सबै छक्क परे ।

८. पाकेका मीठा मीठा आपहरूको माडा बनाएर यिनी आफ्नु आङमा दल्थे । दुईदिन जति घाममा सुकाएपछि गाईलाई चटाउथे रे । त्यस्तै कहिले कानमा प्वाल पारेर तार घुसारेर रगत चुहाउँदै आउँथे रे । कहिले चाँहि लिङ्गमा तारले कसेर आउँथे रे । भक्तहरूले यसो नगर्नुस् । दुख्छ भन्दा "हेरौं कति दुख्छ" भन्थे रे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९. त्यस्तै यी तुलसीराम बाबाले पनि धेरै रोगीहरूलाई निको पारेका छन् । यी बाबा हिड्दा आकाशतिर हेरेर हिड्थे । त्यसकारण यिनलाई आकाशेबाबा पनि भन्ने गरिन्थ्यो । मर्नु भन्दा १५ दिन अघि यिनी एकदिन एकजना भक्तको घरमा गएका थिए रे त्यहाँ गएर बाबाले भने रे— "अब त म जाने भएँ नि ? आत्माले ठाउँ छोडे पछि केही लाग्दो रहेनछ" नभन्दै त्यसको केही दिन पछि उनको मृत्यु भयो । शुद्ध शान्तिको दिन १२/१५ जनालाई तयार गरेको खानाले पचासौं मानिस अघाएका थिए रे ।

३. लक्ष्मणबाबा

यिनी २००७ साल अघि काठमाडौंको क्षेत्रपाटीतिर घुमी हिड्थे । बेलुका वस्ने चाहिं यिनी भोटाहिटीको गणेशस्थान संगैको पाटीमा वस्तथे । अग्ला, दारी र कपाल झ्याप् झ्याप्ती पालेका । कहिले कहीं काट्ने पनि । एकरङ्गे मण्डी ओड्ने । शरीरमा कुनै लुगा नलगाउने । यस्ता खालका एकजना सिद्ध महात्मा थिए । यिनी २०१५ सालतिर वाङ्गेमूडाको पाटीमा मरे । यिनलाई कसैले शखेबाबा भनेर चिन्दथे भने केटाकेटीहरू चाहिं लक्ष्मणे बौलाहा आयो भन्दै उफ्रन्थे, डराउंथे । हातको शंख वनाउदै यिनी हिंड्ने भएकोले यिनलाई 'शंखेबाबा' भनिएको हो । थुक्दै हिड्थे । कसैसंग बोल्दैन थिए । तर हाँस्तै हिड्थे । खान इच्छा लाग्दा हातले देखाउँथे । किनेर दिए दिएको मध्ये आधा खान्थे । धारीला ढुङ्गाहरूलाई धारमाथि धार मिलाएर चाङ लगाउँथे । कोही भन्छन् — चामलका दानामाथि दाना ठड्याएर चमत्कार पनि देखाउँथे रे । प्राय गरेर आफूलाई भेट्न आउने सबै जसो भक्तलाई यिनी हातको सानले पर्खाई रहन्थे रे । बाबाले जाउ नभनी कसरी हिड्नु । केही बाटामा अनिष्ट पो हुने हो कि ? दर्शन गर्न जाने भक्तलाई सधैं जसो यस्तै कठिनाईको सामना गर्नु पर्ने हुन्थ्यो । बावासंग बल्ल बल्ल विदा भएर १२ बजेतिर हस्याङ र फस्याङ गरेर अड्डामा पुग्दा त कहिले कहीं अचानक अड्डा नै विदा भई राखेको हुन्थ्यो रे । आफ्नो भक्तहरूलाई त्यसरी पर्खाएर राखे पनि यसबाट उब्जने कठीनाई भक्तले भोग्न पर्दैन थियो रे । आफै टरेर जान्थ्यो ।

यस्ता बावालाई पनि मेरो पूर्व जन्मको लोग्ने हो भनेर एउटी आइमाईले लखेट्तै हिड्थिन् रे । कुद्दाखेरि लक्ष्मणको पाइला जहाँ जहाँ टेकेको हुन्थ्यो ती आइमाई त्यही टेक्थिन् रे । संगसंगै बसे पनि त्यो आइमाईसंग उनी बोल्दैन थिए । बाबाको ब्रह्मचर्यलाई त्यो आइमाईले खण्डित गराउँन सकिनन् । त्यस्तै अर्की बौलाही पनि पछि उनका पछि पछि हिड्थिन् रे । तर लक्ष्मण बाबा कहिले विचलित र खण्डित भएनन् । उनी हाँसीरहन्थे । बोल्दैन थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. वेनुबाबा



वेनु बाबालाई वेनु महात्मा पनि भनिन्छ। यिनी पनि जुद्ध शमशेर र पद्म शमशेरको पालामा काठमाडौंमा घुमिहिड्थे। एकदिन जुद्ध शमशेरको वैठक कोठामा यी बाबा एक्कासी पुगे। कसरी आए भन्ने बारेमा सोध खोज भयो। पाले पहराहरूले आएको देखेनौं भने। यिनी पनि अन्तर्यामी थिए। आखिरमा यी बाबा देखि जुद्ध शमशेर खुशी भए र बाबाको इच्छा अनुसार रिसल्ला घोडा र तरवार दिए। अग्लो घोडामा चढेर हातमा तरवारलिएर यी बाबाको कहिले कही सवारी निस्कन्थ्यो।

(क्रमशः हनुमानदास, वेनु महात्मा र वीरबहादुर)

असन इन्द्रचोकतिर सबै छक्क पर्थे। यी वेनुबाबा वटुको एउटा पाटीमा बस्दथे त्यतिखेर एकजना चित्रकारले रिसैरिसमा बाबाको हात भाँचिदियो। यो कुरा पद्म शमशेरमा जाहेर भयो। जसरी भएपनि बावाको हात भाँच्ने चित्रकारलाई पक्रनु भन्ने हुकुम हुँदा चित्रकार भागी भागी हिंड्यो। आखिरमा चित्रकारको भलो भएन। त्यस चित्रकारको घरका लोग्ने मान्छे सबै मरे। यी बाबा पनि जेपनि खान्थे। मासु-भात लगेर कुनै भक्तले दिंदा बाबाले खाई दिएको खण्डमा भक्तका मनको अभिलाषा पूर्ण हुन्थ्यो। नखाएँमा शुभ हुँदैन थियो। शुभाशुभ जाँच्नको लागि यी बाबालाई खाने कुरा खुवाउँनु पर्दथ्यो। २००७ साल अघि नै यी बाबा मरे।

५. वीरबहादुर बाबा

यी नेपालको पश्चिमी भेगका एकजना मानिस हुन्। जात, घर, गाउँ ठाउँको बारेमा र उनको जन्म मृत्युको समय थाहा छैन। यी गौशाला चोकको एउटा रूखमुनि बस्दथे। मुख छोड्थे। सबैलाई गाली गर्थे। सकभर सबैसंग लुकेर बस्ने यिनको स्वभाव थियो अरू सिद्धको जस्तै। सकभर कोही अगाडि नआओस भन्ने यिनी चाहन्थे। धेरै कराउने। घाम, पानी र बतास जुनसुकै बेलामा पनि यी बाबा रूखमुनि नै बसींरहन्थे। यिनलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'हुक्कू' पनि भन्दथे। २००१ सालतिर यी बाबा ५० वर्ष जतिका थिए। एकचोटी गौशालाकै एउटा रूखमा यी बाबा झुण्डिएछन्। कतिखेर देखि झुण्डिए त्यो थाहा भएन देख्नेहरूले फुकाईदिए, उनी बाँचे। धेरै दिनसम्म उनको घाँटीमा नीलडाम बसिरह्यो। यिनी खाने कुरामा गहुँको लड्डू र मालपुवा रूचाउँथे। पचलीबाट ल्याएको प्रसाद भन्थे। खुट्टासम्म लट्टाझरेका, यिनको सधैं साथमा एउटा भाँडो र चादर होइरन्थ्यो।

यी बाबा एकदिन एकजना भक्तकोमा गएका थिए। त्यसघरको गाई ग्वालीतिर फर्केर – 'साले गाई चोर्ने' भनेर चिच्याए। आखिर बेलुका गाई हरायो। यस्तै अर्को दिन गौशालामा सधैं आइरहने एकजना पदप्रतिष्ठामा ठूला मानिएका आफ्ना भक्तलाई यी बाबाले एउटा कालो घैंटो दिदै भने- जा बानेश्वरबाट पानी लिएर आइज। नजाऊँ बाबाको आज्ञा उल्लङ्घन हुने। जाउँ कालो थोत्रो घैंटो बोकेर त्यतिटाढासम्म गएर कसरी पानी लिएर आउँ। ती भक्तलाई पर्नुपीर पर्‍यो। आखीर ती भक्तले पानी ल्याएर दिए। त्यसै दिन बेलुका छक्का धाउलिएर जुवा खेल्दा ती व्यक्तिले २००१ साल अघिको १८।१९ सय रुपैंया एकैछिनमा जितेका थिए रे।

यी बाबाको बारेमा पनि धेरै किंवदन्तिहरू छन्। यिनका पछिपछि सधैं थुप्रै कुकुरहरू हिड्दथे रे। यो फलानु कुकुरलाई, यो ढिस्कानु कुकुरलाई भनेर यी बाबा खाना बाड्दथे रे त्यही कुकुरले मात्र त्यो खाना खान्थ्यो रे। थुप्रै कुकुरका बीचमा राखिदिएको खानापनि खा नभनी कुनै कुकुरले खाँदैन थिए रे।

६. शनैश्वर बाबा

यी बाबा थापाथलीमा बस्दथे। कहिल्यै ननुहाउने तर आफ्नु जिउमा सधैं तेल घस्ने गर्दथे। कुनै भक्तले लगेर दिएको खानेकुरा कुकुर र कौवालाई बाँडिदिन्थे। यिनको जिउबाट सधैं जसो एक किसिमको मीठो सुगन्धको बास आइरहन्थ्यो। एउटा पोको बोकेर हिड्दथे तर त्यस पोकोलाई कसैले छुन पाउदैन थियो। यी ७०।८० वर्षका पुड्के पुड्के व्यक्ति थिए। असल आँप किन्न पठाउँथे। चारमाना जति तेल माग्दथे अनि ती सबै आप त्यसैमा हाल्न लगाउने यिनको यस्तो स्वभाव थियो। वटु हनुमान दासको घरमा आएको बेला तीनमोहर सत्ताईस पैसा बहाल लेऊ भन्दथे रे। आएको बेलामा त्यति पैसा उनी सधै पाउँथे। कैलेकही ३ मुरी मकै देउ, गंगाजीलाई भोकलाग्यो। एकथान कपडा देऊ गंगाजीलाई जाडो भयो भन्थे रे। त्यो सामान लगेर बागमतीमा बगाईदिन्थे रे।

यिनी २००४-५ सालतिर मरे। मर्नु अघि यी धेरै दिन बिरामी भए। धेरै दिन पाटीमा थलापरे। एकदिन यी बाबाका परंभक्त एकजना व्यक्ति थापाथलीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुगेछन् । बाबा बसेको कोठामा दुर्गन्ध आइरहेको थियो । के भएछ भनेर सोधपुछ गर्दा र हेर्दा त बाबाको पछाडि पट्टि आङमा हेर्न नसकिने घाउ भएको रहेछ । त्यो घाउमा स्याउँ स्याउँती किराहरू परेका र त्यहाँ किराहरू नअटाएर भुईमा पनि थुप्रै झरेको देख्ता ती भक्तलाई साह्रै दया लागेछ र उनले भनेछन् – 'बाबा यसरी बस्नु हुँदैन । म डाक्टर लिएर आउँछु । औषधि लगाएपछि यो घाउ निको हुन्छ ।' हुन्छ' भनेर सोधेछन् – त्यसपछि बाबाले भने रे 'डाक्टर नलेऊ, यदि तिमीलाई मेरो माया र दया छ भने ती भूइँमा झरेका कीराहरू सबै टिपेर घाउमा नै राखिदेऊ'' बाबाका यस्ताकुरा सुनेर भक्त छक्क परे । त्यतिठूलो घाउ हुँदा र त्यतिविधी किराहरू पर्दा पनि बाबालाई आनन्दै लागेको बुझिन्थ्यो । आखिरमा त्यसै रोगले बाबा मरे ।

७. नागाबाबा

यी बाबा जनकपुरमा बस्तथे । यिनलाई नपुंसक बाबा पनि भनिन्छ । धेरै जसो जनकपुरमा बजारतिरै र कहिलेकहीं तपस्या गर्नको लागि यी बाबा कमलाखुँजतिर पनि जाने गर्दथे । कहिले कहीं यी नाङ्गै हिड्दथे । तुलसीरामायण यिनलाई कण्ठै थियो । हातमा चुरा, कम्मरमा जामा र गोडामा पाउजु लगाएर हिड्थे । २०२३-२४ सालतिर यिनी ६०/६५ वर्षका जस्ता देखिन्थे । जनकपुर बजारका साहू महाजनहरू यिनलाई खूबै मान्दथे । यिनको प्रभाव क्षेत्र जनकपुर अञ्चल हो । यिनको जन्मस्थान भारततिरै हो । यी बाबा पनि कराउँदै हिड्थे । जनकपुर बजारका साहूमहाजनहरू यी बाबा आफ्नु घरमा आइदिए हुन्थ्यो भन्थे । तर बाबा आउँदैन थिए । यी बाबाले टेकिदिएपछि दुईचार दिनभित्रै थुप्रै लाभ हुन्थ्यो रे भन्ने जनविश्वास थियो । यी बाबा पनि अन्तर्यामी थिए । आज एकठाउँमा छन् भने भोलि धेरै टाढा कहाँ कहाँ पुगेका हुन्थे । यी बाबा कमलाखुंजको ओडारमा बाघ एकातिर र अर्कोतिर बाख्रो राखेर तपस्या गर्थे रे । यी बाबाले कसैका घरदलान वा पसलमा खुट्टा राखिदिएमात्र मनकामना पूर्ण हुन्छ भन्ने किंवदन्ति थियो । त्यस्तो भएको धेरै घटनाहरू जनकपुरका बासिन्दालाई थाँहा छ । यतिसम्म कि – यी बाबा एकदिन एउटा रिक्सामा चडेर गएका थिए रे । त्यो रिक्सावालको दयनीय अवस्था देखेर बाबाले भने रे – यो रिक्साको बाकस (जहाँ मान्छे बसिन्छ त्यहाँदेखि तलतिरको भाग) तिमीले भोलि मात्र खोल्नु – त्यत्तिखेर त रिक्सावालले हुन्छ भन्यो । पुग्नुपर्ने ठाउँमा बाबालाई पुऱ्याई दियो । रिक्सावाललाई बाबालाई त्यसरी पुऱ्याई दिन पाएकोमा भित्रैदेखि खुशीपनि लाग्यो । तर बाबाले यो बाकसलाई किन भोलि खोल्नु भनेको होला भनेर उसको मनमा कुराहरू एकपछि अर्को गरेर खेल्न थाले । उसमा भोलि बिहानसम्म पर्खिने धैर्य नै भएन त्यसपछि उसले बेलुकै रिक्साको बाकस खोल्यो । त्यो बाकसभित्र ५, १० र १०० रूपैयाका साइजका उस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खसा कागज चाङ्का चाङ मिलाएर बाँधेर राखिएको पायो । पाउन त पायो तर कागज मात्र । अनि उसले आफ्नु भाग्यलाई आफैले धिक्कान्यो भोलि बिहान खोलेको भए यो सबै रूपैया हुने रहेछ । तर के गर्नें अभागी मानिसमा भाग्य मात्र होइन बुद्धि पनि हुँदैन भन्ने कुरा उसले जान्यो ।

यो घटना एककान दुईकान मैदान भएपछि जनकपुर बजारका रिक्सावालहरू ती बाबालाई आफ्नु रिक्सामा चडाउँन बल गर्दथे । तर नागाबाबालाई रिक्सा चड्ने सोख र फुर्सद नै कहाँ थियो र ? । यिनी त एकजना सिद्ध तपस्वी थिए ।

(प्रस्तुत लेख तयार गर्दा मैले – विश्वनाथ मित्तल, मंगलचन्द मित्तल, (काठमाडौं, वटु) र रामबहादुर लम्साल, (देवपत्तन), अम्बिका पाण्डे, (बानेश्वर) बाट आवश्यक जानकारी प्राप्त गरेको छु । केही कुरा पशुपति क्षेत्रका बासिन्दाबाट पनि लिएको थिएँ । आवश्यक जानकारी दिने सबैमा, साधुवाद—लेखक)

*

मन्त्रे तीर्थे द्विजे दैवे दैवज्ञे भिषजे गुरौ ।
यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी ॥

(मन्त्रमा, तीर्थमा, ब्राह्मणमा, दैवमा, औषधिमा र गुरूमा जस्तो भावना राखेर जति विश्वास गरिन्छ त्यस्तै सिद्धि र लाभ प्राप्त हुन्छ ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्त गुणराज

–पवनकुमार खनाल



हाम्रो चाल चलनमा वा व्यवहारमा गेरू वस्त्र धारण गरेको, जिउभरी खरानी घसेको मानिस देखनासाथ महात्मा वा ज्ञानी वा सन्त भन्ने गर्दछौं। वास्तवमा आजको यो विश्वमा महात्माको सही अर्थ लोप हुँदै गइरहेको छ। महात्माको लागि न कुनै गेरू वस्त्रको नै आवश्यकता पर्छ, न कुनै एकान्त जङ्गलको नै। महान् आतमा हुने व्यक्तिलाई खाश अर्थमा महात्मा ज्ञानी वा सन्त भनिन्छ अथवा जसको आतमा-साक्षात्कार, परिपूर्ण रहन्छ। यसको मतलब शास्त्रोक्त कर्म नगर्नु भनिएको होइन। शास्त्रजन्य कर्म नगरी धर्म नहुने, धर्मविना सद्विचार, विवेक नहुने र विवेकविना शाश्वत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्दमय परिलक्षित विन्दुमा पुग्न नसकिने र जसलाई सगुणमा 'स्वरूप' र निर्गुणमा 'ब्रह्म' भनी ब्रह्म जिज्ञासुले उपासना गर्ने क्रमको आधारभूत सिध्दान्तहरू र उल्लिखित शास्त्रीय प्रमाणहरू हाम्रा अगाडि छँदैछन् । यसर्थ महात्माहरू धेरै किसिमका हुन्छन् । कुनै भौतिक संसारकै यथार्थ रटनाहरूमा अनासक्त हुदैं प्रभुमै तल्लीन भइरहेका हुन्छन् भने कुनै समाज छाडी एकान्त समाधिमा रमाएका हुन्छन् । शरीर जड हो, यो वास्तवमा कसैको इशाराबाट चलिरहेको हुन्छ । इशारा गर्ने शक्ति के मा छ भन्दा 'म' मा निहित छ र त्यो 'म' को भन्दा 'आत्मा' हो र आत्मा नै 'परमात्मा' हो भनी श्रीकृष्णले समेत् गीतामा सरल तरीकाबाट आज्ञा गर्नु भएको छ । त्यसैले शरीर जड भएकोले यसको केही अर्थ छैन- ब्रह्म जिज्ञासुको लागि । आफूभित्र भएको 'म'लाई प्रभुमा भेटी चढाउन समर्थ भएका सच्चा भक्तहरूको लागि सर्वत्र वातावरण नै प्रभुमय हुन्छ । सदा सर्वदा उनीहरू व्यवहारमै भए तापनि प्रभुमै समर्पित हुन्छन् । तर बाह्य-अजान दुनियाँले यो कुरा नमान्न सक्छ किन कि हाम्रो समाजमा आडम्बरी बाहेक सच्चा भक्तजनहरू विरलै देखापर्छन् । त्यस्ता आडम्बरी भक्तहरूले लौकिक इज्जत, मान, प्रतिष्ठाहरूको लागि मात्र धर्म कार्य गरिरहेको र त्यागको अर्थमा लत्ता, कपडा समेत् त्यागी चारवित्ते वस्त्र लगाई 'त्याग' अर्थको शरीरिक अर्थमा लिई सही अर्थ लुप्त गराएको हुँदा यो चलन चलेको हो । वास्तवमा सही त्याग मनले गर्नुपर्छ; शरीरले होइन । प्राण समेत्को वास्ता नगरी हरदम प्रभुमै लीन हुने सच्चा महात्माहरू समाजमा अवश्य पनि घुलमिल हुदैं 'महात्मा' पदको लालसाले आउँदैनन् । त्यस्ता पूजनीय महात्माहरूको दर्शनले मात्र पनि अहो भाग्य उदाउँछ । पूर्वजन्मको संस्कारले मात्र त्यस्ता वितराग महात्माहरू भेटिन्छन् । त्यस्ता महात्माहरू दुर्लभ हुन्छन् । भगवान् श्रीकृष्णले समेत् गीतामा भन्नुभएको छः–

"मनुष्याणां सहस्त्रेपु कश्चिद्यतति सिद्धये
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः"

आजको यो वैज्ञानिक युगमा समेत् व्यवहारमा बसी 'प्रभु' साक्षात्कार गर्ने एक महापुरूष, महान् व्यक्तित्व महात्माको रोचक प्रसङ्ग प्रस्तुत गर्ने मैले यहाँ धृष्टता लिएको छु। उनैको दयाबाट मेरो कलम चल्ने छ । भनिन्छ– भगवान, निर्विकार समाधिमा असङ्ग सद्चित् आनन्दमा निश्चल भई रहन्छन् भने भगवानका भक्तहरू उनैको गुणातीत भक्तिमा भावविभोर भई जगतलाई सही दिशा दिग्दर्शन गराउँछन् । त्यसैले भक्त प्रह्लादको कथा - प्रसङ्गमा भगवान्को सही भक्ति प्राप्त गर्नको लागि कुनै महापुरूषको आशीर्वाद चाहिन्छ भनि- भनिएको छ जसले समस्त 'जीव' को युगानुयुगदेखि रहेको संचित प्रारव्ध एवं कर्मविधान समेत काट्न सक्दछ । इच्छारहित आनन्दमय, विज्ञानमय, आदि, अनादि, परब्रह्म, परमात्माको कुनै इच्छै उठ्दैन भनी सारा वेद, उपनिषद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराणहरूमा पनि किटिएको छ भने, उनै अन्तरयामी, जगदीश्वर प्रभुलाई जगतको उद्धार गर्ने के प्रयोजन ? योगमाया भगवतीले नचाएका समस्त जीवहरू, उनैमा अलमलिन्छन्, माया, मोहको जन्जालमा फसिरहन्छन् । तर भगवानका सच्चा भक्तहरू योगमाया भगवतीलाई नाघेर योगेश्वर श्रीकृष्णका चरणारविन्दको रसास्वादन गरी आफूलाई कृतकृत्य गराउँदछन् । योगमाया भगवती प्रभुकी मायालाई सबैले नाघ्न सक्दैनन् भनी श्रीकृष्णले गीतामा किटान गर्नु भएको छ ।

भारतवर्षमा कतिपय महात्माहरूको उदय भएको छ । जस्तै: तुलसीदास, शूरदास कबीरदास, निन्दाराम बाबा, तैरङ्गी बाबा आदि । नेपालमै जन्मेका पनि दण्डीबाबा र सिद्ध सिल्वालबारे धेरै जनोलाई थाह छँदछ । यी भक्तहरूलाई आज संसारले पुज्दछ । हरिका वरद पात्र सन्तबाबाहरू आज हाम्रा समक्ष नभए तापनि यिनीहरूप्रति हाम्रो मन श्रद्धाले गद्गद भएकै हुन्छ ।

भगवानका भक्तहरूको जन्म, बाल्यावस्था, यौवनावस्था, चरित्र र [illegible]तिक क्रियाकलापहरू सबै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वयं आदर्शमय बनेको हुन्छ जसले आफ्नो वंश, कुल, माता, पिता अनि सिंगै राष्ट्र नै जीवित गराएको हुन्छ । त्यस्ता भक्तहरूप्रति सारा मानव समाज, देव समाज, ऋषि, महर्षि, आफ्ना पितृ समाज अनि अन्तर्यामी जगदीश्वर प्रभुसमेत् गद्गद् भएका हुन्छन् । त्यस्ता भक्तका हृदयमा स्वयंमेव भगवान् समेत् विकेर बस्नु हुन्छ । त्यस्ता भक्तहरू भगवानका अति पियारा हुन्छन् । सुधामाको कनिका र शवरीको वयरबाट यो कुरा प्रतीत हुन्छ । भनिएको पनि छ:-

कुलं पवित्रं जननी कृतार्थी, वसुन्धरा पुण्यवती च तेन
अपारसंवित्सुखसागरेऽस्मिल्लीनं परे ब्रह्मणि यस्य चेतः

अन्त्य समयमा 'हरि ॐ' को उच्चारण गर्दै, संसारको बन्धनबाट आफूलाई परमात्मामा लीन गराउने श्रद्धेय पं. हर्षनाथ उपाध्याय खनालका दुई भाइ छोरा (जसको सानैमा मृत्यु भएको) पछि जन्मेका प्रभुरामका अनन्य भक्त हुन् – स्व. पं. गुणराज उपाध्याय खनाल । यिनलाई जीवनकालमा कसैले चिनेनन् । सायद आफ्नो भक्तको रसिलो साधनामा विघ्न, बाधा आउने शंका देखी प्रभुले नचिनाएका होलान् । तुलसीदास किन जीवित अवस्थामा चिनिए त ! भन्ने प्रश्न नउठ्ने होइन, तर यसको उत्तर सजिलैसित किटान गर्न सकिन्छ । मानिसको मन हो, चन्चल हुन सक्छ । कौशिक ऋषि समेत् दशहजार वर्षसम्म अप्सरासंग भुले भने अरूको कुरै भएन । तुलसीदास थिए घरबार छाडी जङ्गलमा हिंडेका भक्त, यिनी भए दर्जन सन्तानका पिता । मनले नगरे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तापनि घरगृहस्थीमा रही आफूलाई प्रभुमा समर्पित गर्दै निमग्न समाधिमा नरही दुनियाँको उद्धार गर्दै हिँड्ने यिनले पनि चासो दिएनन् । हामीलाई वा आजका समाजलाई आफू ठूलो हुने इच्छा अकाटच हुन्छ भने यस्ता समाजका वा धारणाका महात्माहरूले सबभन्दा ठूलो दोष त्यसैलाई ठानी दबाएका हुन्छन् । यो कुरा जोसुकैले पनि शास्त्राध्ययनबाट हासिल गर्न सक्दछ ।

गर्भमा हुँदै कुनै योगीले महात्माको जन्म हुने र पूजाकोठामा जन्माउनू भनी उपदेश दिए अनुसार यिनको जन्म पनि वि. सं. १९७१ मा त्रिपुरेश्वरका आफ्नै घरको पूजाकोठामा भएको थियो । आर्थिक अवस्थासंपन्न परिवारका जेठ सुपुत्र भई जन्मेकाले यिनलाई बाल्यावस्थामा कुनै दुःख वा कमीको अनुभव भएन । यिनको व्रतबन्ध ५ वर्षकै कलिलो उमेरमा शास्त्रीय वैदिक विधिअनुसार संपन्न भएको थियो । व्रतबन्ध पश्चात् धर्मशास्त्रानुसार यिनी ब्राह्मणले गर्नु पर्ने यावत् नित्य कर्महरू अटूट रूपले मृत्यु पर्यन्त गर्दै थिए । संस्कृतको अध्ययन आफ्नै घरमा भएकोले यिनका संस्कृतमा रचित काव्य तथा कविताहरू प्रकाशित भएकै छन् यिनको विवाह शेषकुमारीसंग १४ वर्षको उमेरमा भएको थियो ।

आमाको मृत्युपछि आफ्ना, भाइ, बहिनीको रेखदेख तथा पिताजीको सेवामा यिनी संलग्न भए । नित्य निरन्तर आफ्ना बाबुको सुकला हुनु अगावै पउ मिच्ने काम रामदासकै थियो । बाबुको सेवामा केही कमी नगरी बाबुबाट (जो कृष्णभक्त थिए) प्रशस्त आशीर्वाद पाएका थिए ।

आफ्ना पूज्य पिताजीको मृत्यु पश्चात् २१ वर्षको कलिलै उमेरमा यिनले असहाय र अनाथ हुनु परेको थियो । स्वार्थी समाजले सहारा नदिएको कारण वहाँले आफ्नै पिताजीका मालिक गोकुल निवासी योगेश्वर श्रीकृष्णका चरणकमलमा पुकारा गर्दै श्रीकृष्ण सन्देश लेख्ने इच्छा गर्नुभयो । असाधारण जीवनमा घटेका रोचक, हृदयस्पर्शी, मार्मिक एवं हृदयविदारक यिनको जीवन कथाले कसको आँखामा आँसु आउँदैन । श्रीकृष्ण सन्देशका केही श्लोकहरूः–

ब्रजाङ्गनासाथ विहार गर्ने वा-
स्वभक्तको लोचन सार गर्न वा
वसुन्धराको पनि भार हर्न ती
मनुष्य झैं भै ब्रजमा रहे हरि
१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ती लोभिएका दुइ नेत्रको मिठो
पिएर लीलामृत बालकृष्णको
थिए झुलेका दिन रात धन्य ती
अमन्द - आनन्द मिलेर नन्दजी
२

यसरी वंशस्थ छन्दमा रचिएका दुई श्लोकबाट महाकाव्य शुरू गर्ने इच्छा भए तापनि 'हरि इच्छा' अनुसार बदल्नु भयो। कुनै दिन पूजा सकी विहान कोठामा प्रभुकै नामको मिठासमा झुलिरहेको अवस्थामा आँखाले नै देखिने गरी सेतो वस्त्र लगाएकी स्वयं सरस्वती देवी आएर मुख आँ गर' भनी जिब्रोमा षट्कोण लेखी अन्तर्ध्यान भएको र त्यसपछि सो महाकाव्यकै उठान उपजाति छन्दमा निम्न किसिमबाट भएको छ। जुन षट्कोण पछिसम्म अरूले देख्न नसके तापनि जिब्रो बीचमा निकै गहिरो थियो।

संसार नै अद्‌भुत यो छ खाश
प्रत्यक्ष जस्को महिमा विलास
स्वयं जगन्नाथ उनै मुरारि
थिए भएका नरदेह धारी

उपर्युक्त महाकाव्य श्रीकृष्ण सन्देश महाकाव्यको नामबाट प्रकाशित भइसकेको छ।

गरीवीको चोट तथा असक्त शारीरिक अवस्थाले क्षीण भएको व्याकुल हृदयको उद्वेग आँसुका धारा बनी हर्दम पोखिन थाल्यो। आफ्ना अनाथ शिशुले घेरिएको घर, नाजुक आर्थिक अवस्था, आफूसमेत् मरणासन्न परिस्थितिमा रहनु पर्दा यिनको हृदय टुक्रा टुका भएको थियो। फूलेको मुख, कमजोरीले थर्थर काम्दो शरीर टोलाएका आँखा भए तापनि यिनले आफ्ना आफन्तबाट कुनै सहारा पाएनन्। परिवारका नाममा अवला स्त्री, बाल बच्चाले तयार गरेको आलुका शिला औ उसिना चामलबाट जीवन व्यतीत गरे। सहाराको लागि डण्डी किन्ने समेत् पैसा नभई छाताको डाँठ लिई हिड्नु पर्दा समेत् बाटा बाटामा नाजुक अवस्थामा उनै करूणामयी पृथिवी देवीको काखमा पछारिन्थे। छिमेकीहरू, आफन्तहरू यिनलाई बौलाहाको रूपमा हेरी झ्याल ढोका बन्द गर्दथे। एक दर्जन परिवारमा अरू बच्चाहरू समेत् बिरामी पर्दा औषधि किन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पैसा समेत नभई श्रीसूर्यको विम्ब हेरी निम्न श्लोक उच्चारण गर्दै शालिग्रामको जल तथा चन्दन लगाइदिने गर्दथे। श्लोक यस प्रकार छ:–

इच्छानुसार अरू औषधि गर्नलाई
पैसै पुगेन भगवन् ! अब हाइ–हाई

यिनले यस किसिमले तीन वर्ष विताए। हुन त भगवान्का प्रिय भक्तहरूका चरित्रहरू दु:खमय नै हुन्छन्। क्षणिक दु:ख भए तापनि पछि आदर्शमय हुने भए तापनि हरिका भक्तविना जोसुकैले यस्ता दु:खहरू खप्न सक्तैनन्; विलाएर जान्छन्:- भनिएको पनि छ:–

"अरक्षितं तिष्ठति दैव रक्षितं
सुरक्षितं दैव हतं विनश्यति"

शायद वहाँलाई यस्तो आपत् नपरेर जीवन सुखमय बनेको भए, प्रपन्चमा भल्दै प्रभुरामका अग्रदूत बन्न सक्नु हुँदैनथ्यो कि भनी अनुमान गर्न सकिन्छ। तीन वर्षको अवधिमा वहाँकी ब्राह्मणी कति ठाउँमा रोग निदानको लागि शरण पर्न पुगिन् त्यो आज कथा बनेको छ तर वास्तविक जीवन यसरी आफैले यापन गर्न परे मानिस सपनामा समेत् झस्केर उठ्ने कुरा निर्विवाद छ। भरत मिलन महाकाव्यको शुरूवात केही अगाडि भएको भए तापनि यसरी आफै विरामी पर्दा वहाँले यस अवधिमा कति भगवान्को पुकार गर्नु भयो भन्ने कुरा वहाँको जीवनीबाट प्रष्ट हुनेछ।

आंसुका धाराले भिजेका शब्दहरूबाट बनेका भक्ति प्रस्फुटन केन्द्ररूपी प्रभुरामको मङ्गल चरित्र कुँदिएको भरत मिलन महाकाव्यका प्रत्येक अक्षरमा प्रभुरामको स्वरूप झल्किएको कुनै पनि आस्तिक हृदयले देख्न सक्ने छ। प्रभुराममै जीवन समर्पण गर्दै प्रभुका ध्यानमा हर्दम निमग्न रहने "रामदास" गुणराजलाई समाजमा कसैले पनि चिन्न सकेनन्। वहाँ रामदास हुनुहुन्छ भन्नेवारे आज चियो चर्चा हुँदैछ। "रामदास" यो कसैले दिएको पद होइन, न त यो उपनाम नै हो। यो हृदयाधिवासी स्वयं महाराज-रामवाट खुशीभइवक्सेको पद हो।

आजको समाजले यो कुरा विश्वास नगर्ला तर आस्तिक शुद्ध हृदयले भने यो कुरा पक्कै विश्वास गर्ने छ। मानिस, मानिस नै हो, उसमा विवेक छ, बुद्धि छ, भगवान्ले दिनु भएको चैतन्य स्वरूप आतमा पनि छ। बादलले चन्द्रमालाई ढाकेको जस्तै आजको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाजलाई मोहजालले ढाकेको छ जसले मानिसलाई नचाहँदा नचाहँदै पनि स्वार्थी बनायो, आडम्बरी बनायो र अन्त्यमा नास्तिक पनि बनायो। आफ्नो पुरुषार्थहरू बिर्सिए, धर्म बिर्सिए, शास्त्र बिर्सिए अनि यस्तो वातावरणमा हुर्केका मानिसले यो कुरा विश्वास नगरेकोमा केही आश्चर्य भएन। सही गुरू र सही उपदेश भएको भए आजको मानव समाज पनि त्यस्ता गुरूको पाउ पर्थे होलान् । स्वामी परमहंशको आशीर्वादले विवेकानन्दले ब्रह्मज्ञानको मधु माधुर्य संसारमा पिलाएका थिए। त्यस्ता महात्माहरू भए आजको समाज पनि अनिर्वचनीय आनन्दमा आरूढ हुन्थ्यो होला। तर दुःखको कुरा के भने त्यस्ता महात्माहरू चिनिएर हिंड्दैनन् ।

यसरी प्रभुका भक्त गुणराजले भरत मिलन महाकाव्य पूरा गरे जसको धार्मिक जगतमा अत्यधिक महत्त्व छ। सच्चा हृदयले भक्ति भावनामा प्रेरित भई यो महाकाव्य श्रवण एवं वाचन गरेमा प्रभु दर्शन निश्चित छ। त्यस अवस्थामा मानिस पुग्न सके मा ऊ आफै सोच्न थाल्दछ कि गुणराज को हुन्, गुणराजमा के अलौकिक शक्ति थियो। किनभने मानिसले आफू जस्तै अर्को मानिस खोज्छ भने आत्माले परमात्मा खोज्छ। परमात्माको नजानिदो शक्ति आत्मामा वशीभूत भई क्षर जगत कल्पित भएको हो। अक्षरब्रह्मधाम प्रभुका अनन्त शक्तिले क्षर जगतको नाश र परमात्माको अलौकिक शक्तिले आत्मा प्रतिविम्बित हुन्छ। आखिर संकल्प रहित हृदय अद्वैतकोलागि चैतन्य स्वरूप, तेजोमय अवस्थामा प्राप्त हुन्छ भने द्वैतकोलागि साकार प्रभुपादमा अवस्थित रहन्छ। यिनै कुरामा संपूर्ण शास्त्रहरू अवलम्वित छन् ।

अहंकार, घमण्ड, राग, द्वेष आदिले गर्दा मानव दानव हुन्छ भने त्याग, तपस्या, चिन्तन, भक्तिबाट मानिस हिलोमा फुलेको कमल झैं जाज्वल्यमान हुन्छ। रामदास गुणराज जीवनमा अति कठोर यातना र वेदनामा रूमल्लिनु पर्दा यिनको घमण्ड यसरी चकनाचूर भइसकेको थियो कि जसको छायाँसम्म पनि खोज्न मुश्किल हुन्थ्यो। यो कुरा उनै सन्तले रामायण लेख्दा व्यक्त गरेका छन्:–

सक्छू बनाउन म ता कविता भनेर
मेरो घमण्ड पनि केही थिएन हेर
लेखाउने तिमि थियौ हृदयधिवासी
लेख्थें अनी म पनि कोमल शब्द गाँसी

आजका समालोचकहरू भौतिक संसारमा प्रकाण्ड विद्वान् होलान् तर आध्यात्मिक जगतमा नभिजेका शिशुहरूले कसरी समीक्षा गर्लान् आश्चर्य लाग्छ किनकि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आध्यात्मिकतामा विश्वास गर्नेहरूकोलागि स्वयं चारमुखे ब्रह्माजीले अनि पंचमुखे हनुमानले समेत् प्रभुरामको आदर्शमय गाथाहरू नित्य निरन्तर अविरल रूपमा गाउँदा गाउँदै पनि अपुरै रहन्छ ।

प्रभुराममा रमाउने सन्त गुणराजको रामप्रति कति अटल विश्वास थियो भने कतै कसैले राम नाम भनेको सुन्दा पनि आँखामा अनायास आँसुका बिन्दुहरू भक्तिकारूपमा प्रकटित भई उनको संपूर्ण मुहार धुन्थ्यो । न धोउन् पनि कसरी जसले दुःखमा सहारा दियो, अभिशाप बनेको जीवनलाई हँसायो; त्यस्ता सीता वियोगी आफ्ना मालिक सम्झेर रुनु आश्चर्य भएन । भरतमिलन महाकाव्यमा शास्त्रीय नियमानुसार मंगलाचरण, विषयवर्णन, संवाद, प्रकृतिवर्णन सबै समाविष्ट भएतापनि ती सबै प्रभुका नाम, गुणगान, र सन्तको आर्तनादबाट अलग्गिएका छैनन् । जहाँ जसरी जसले जे भने पनि शिलशिलाबद्ध सन्तक प्रभुमा गहिरो आत्म निवेदन छ, आत्मपुकार छ अनि जन्म जन्मान्तरदेखि उब्जेका भक्ति भावनाका तरंगहरू छचल्किएका छन् । जस्तैः– हनुमान्‌ले भरतलाई भनेकाछन्ः–

पवित्र यो श्री चरणाब्जरेणु
उठाउँदै मस्तकमा म फेरूँ
पाऊँ म पैले यही नै इनाम
अरू अनी विन्ति चढाउंला म

\+ \+ \+

मेरो नहोस् है कहिल्यै कुसङ्ग, खराब उठ्दै नउठोस् तरङ्ग
भजूं म हर्दम् रघुनाथलाई, सँधै रमाएर जनम् विताई

\+ \+ \+

हनुमानले लंकामा जानकी खोज्दाः–

समाउँछु पाउ त रामकै झुकी
प्रणाम मेरो जगदम्ब जानकी
दया गरून् लक्ष्मण पर्छु पाउमा
खुशीरहुन् है सब देवता ममा

जानकी विलापः–

भागी छ सीता वनवासबाट
भन्ने नठाने रघुवंशनाथ
अर्को जनम्मा मत आउँने छु
प्यारा तिमीलाई रिझाउने छु । आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो जुनीमा तिमीलाई खुसीगर्न सकिन भने पनि अर्को जन्ममा अवश्य तिम्रो पाउमा म रूनेछु भन्ने आशय बुझिन्छ जस्तो लाग्दछ । तर सौभाग्यको कुरा के भने गुणराजले भरतमिलन महाकाव्य पूरा गरिसकेपछि आफ्नो तन्मय समाधिमा प्रभुरामको मंजुल मूर्तिको चकाचौंध दर्शन पाएको र रामले तंलाई दास्य दिएँ भनी भन्नुभएको कुरा वहाँकै अमोघ दर्शनमा प्रकाशित कविताबाट अवगत हुन्छ । यसरी आत्मामा प्रभु साक्षात्कार भएका गुणराजको मुहार धपक्क बल्दो थियो । अपरिचित अनुहार भए तापनि वहाँको सामु मानिस श्रद्धाले नुहिन्थे । वहाँको भगवान वर्णन अति विचित्रको हुन्थ्यो । भक्तिका आँसुले भरिएका लोलाएका आँखा अनि संस्कृतका मीठा मीठा कविताहरूबाट आफ्ना मालिक रामको वर्णन लगातार दुई तीन घण्टासम्म पनि सकिँदै थिएन । वहाँलाई कसैले राम कस्ता छन् भनी सोध्ने पुग्थ्यो समय बितेको पत्तै हुने थिएन । प्रभुदयाविना नत्रभने १२०७६ श्लोकको रामायण कसरी लेखिन्थ्यो । वहाँका बाहु घुँडाभन्दा लामा थिए । वहाँ १०।१२ वर्षसम्म लगातार पशुपतिनाथको दर्शन गर्न जानुभयो । वहाँ ३ बजे नित्य उठी आफ्ना आराध्यदेवको १ घण्टा बिहान तथा बेलुका ४:३० मा पूजाकोठामा गई १ घण्टा समाधिमा तल्लीन हुनुहुन्थ्यो । वहाँले लेख्नुभएका दर्जनौं रचनाहरू प्रकाशित भई सकेकाछन् । वहाँको सबैमाथि उत्तिकै दया थियो, समानता थियो । भविष्यको ज्ञान पनि वहाँमा थियो ।

यसरी लगातार पशुपतिनाथको दर्शन गर्न गएपछि वहाँ समाधिमा तन्मय हुँदा शिवस्वरूपमा रहनु हुन्थ्यो र भन्नुहुन्थ्यो ''मै हुँ भोले शंकर मै हुँ पशुपतिनाथ'' जुन कुरा वहाँलाई ध्यानपश्चात् थाहा हुँदैनथ्यो । भगवान पशुपति भोले शंकर खुसी भई अरिष्ट, विघ्न, बाधा हटाउनाका हेतुले वहाँलाई शिवकवच दिनु भएको थियो । शिवजीको मन्त्र यसप्रकार थियो– जय जय शंकर मृत्युञ्जय, जय जय शंकर मृत्युञ्जय ।

हुन त आजको समाजले यो मंत्र साधारणै भनी सरल रूपमा परिभाषा देलान् । तर गौड कुरा के हो भने मंत्र त साधारणै हुन्छ संसारमै नभएको भाषामा लेखिएको मंत्र कहीं कसैलाई मिलेको छैन । साधकमा सिद्धि भएको कारणले मंत्र मंत्रै बन्दछ । माटोलाई योगीले सुन बनाउने रहस्यको वास्तविकताको पर्दाफास यसरी नै हुन्छ । तुलसीको 'राम', शवरीको 'राम' परमहंसको 'मा' साधकको सिद्धिमा रहेका हुन् । भौतिक संसारमै पनि कति वीर जन्मे, कति राष्ट्रसेवक जन्मे, के तिनीहरूको लागि छुट्टै पृथिवी थियो र ? हावा पानी एकै हो, दिन रात एकै हो– खालि साधना र प्रतिभामा फरक भएको हो । यो कुरा आजको समाजले बुझ्नु आवश्यक छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन कुरा आज विज्ञानले प्रगति गर्दैछ त्यो कुरा ज्ञानले पहिले नै प्राप्त गरिसकेको छ। कुनै आश्चर्य छैन। मानिस चन्द्रलोकमा पुग्दैछन्, सूर्यलोकमा पुग्न बाँकी छ, ग्रह, नक्षत्र, तारामण्डलमा पुग्न अझै कति वर्ष लाग्ला, पुग्न सके भने तर ज्ञानीले कति युग अगाडि नै आफ्नो यज्ञमा यिनीहरू साथै देवगण समेत्लाई बोलाई यज्ञ भाग हातैमा दिएको कुरा शास्त्रमा छिपेको छैन।

प्रभुका अनन्य भक्त गुणराज शिवरूपमा रहँदा उनका वुढियाको मुख लिएर ध्यानमा शिवकि शक्ति जिस्काउन थालिन्। उर्ना शिवस्वरूपमा रहँदा शक्ति नआउने कुरा ...नि भएन। किनकि शिवशक्तिले संसार बाँधिएको छ, शक्तिविना शिवत्व रहँदैन। ते...विना बिम्ब चम्कँदैन, वास्नाबिना फूल महत्वहीन हुन्छ, शक्तिबिना सृष्टि रहन्न, निर्वि...ारलाई साकार, निर्गुणलाई, सगुण गराउन शक्ति नै चाहिन्छ। नत्र भने नवरात्री ...याख्यानमा सबै देव देवताले शक्तिको छुट्टै आराधना गर्ने थिएनन्। तर सोझा प्रभु भ...तलाई यो कुरा पत्तो भएन वा प्रभुकै इच्छानुसार पचाएका हुन् कि ! यो कुरा रह...यमय छ। समय आएपछि रहस्य खुल्ला, फलतः उनले आफ्नो स्वभावमा रहँदा व...लीलाई गाली नगर्ने कुरा पनि भएन। आफ्नै स्वभावमा रहँदा प्रभुकि शक्तिलाई अ...ता भन्नु स्वभाविकै छ तर शिवस्वरूपमा आरूढ हुँदा यो कुरा पनि मिलेन। प्रभुमय ...ष्टिमा को भक्त, को गुणराज, आफैमात्र जगत्व्याप्त हुँदा छताछुल्ल तेजोमय आफ्नै रूपमात्र शेष भयो, जा निर्विकार, निरन्जन, प्रभुले जे भने पनि रमाइलै भयो। तर आफ्नो स्वभावमा उनले यो कुरा मानेनन् र "छोड्दैन आफ्नो हठ रामदास" भन्ने कविता कथे जो गहिरो छ, स्वभाविक छ तर साधारण मानिसले बुझ्न नसक्ने कविताको त्यस्तै योग्य, महापुरूषले अनुमन्धान गर्नु यथायोग्य हुन्छ अन्यथा सही भाव झल्कँदैन।

उनको यो असाधारण सिद्धि त्यस्तै असाधारण पाठकले बाहेक अरूले बुझ्दैनन् भन्नु कुनै अत्युक्ति नहोला। आगोको स्वभाव पोल्ने हो, यसले सबैलाई पोल्छ, थाह पाएर छोए पनि पोल्छ, थाहा नपाएर छोए पनि पोल्छ। आ-आफ्नो स्वभावमा पञ्चमहाभौतिक तत्वहरू अडेका हुन्छन्। कसैले आफ्नो स्वभाव बदलन पाउँदैन। यो सृष्टिको अकाटच नियम हो। त्यस्तै आत्मा पनि आफ्नो स्वभावमा रहन्छ, जसलाई परमात्मा, ब्रह्म, साक्षीस्वरूप चैतन्यस्वरूप, अकिञ्चन, नित्य, आदि, अनादि, सगुण, निर्गुण, तत्व, चिन्मय, भनी भनिन्छ। तर ताँदो यसरी मिलेको छ कि कुनै यौटा मात्रै साक्षात्कार भयो भने त्यसमा नै सम्पूर्ण निहित हुन्छ। यो कुरा वहाँले निम्न किसिमबाट व्यक्त गरेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामै मात्रै प्रकृति पुरूष ब्रह्म मायादि भन्ने
के हो ब्रह्म प्रकृति कुन हो को छ छूटचाइ चिन्ने
यौटा चिन्दा सकल चिनिने फेरि यो भेद कस्तो !
मातर्दुर्गे जय जय अहो ! धन्य यो खेल कस्तो !!

०० ००

ब्रह्ममा स्थिर भइरहन यी तत्त्वहरूको मार्मिक विवेचना गरी आफैंलाई साक्षी-स्वरूप परमात्मा हूं भनी रहन धेरैं नै कठिन कार्य भएको र मन पापी खुस्किन सक्ने भएकोले सन्त गुणराजलाई प्रभु भक्ति नै मीठो लागेको आभास हुन्छ किन कि यि... आफ्नो शान्ति शतकको कवितामा यसरी प्रष्ट गरेका छन् । जस्तै:-

कृष्णकै भरमा वस्नू हुन पाउन्न दुर्गति
स्वयम् श्रीकृष्णजी भन्छन् "न मे भक्त प्रणश्यति ।"

\+ \+

कृष्णकै नाम यौटा नै वेद वेदान्त सार हो
आधार कृष्णकै राखी गर संसार पार यो

× ×

जो हुन् ईश्वर जेसुकै तिनी गरून् तिन्को भरोशा किन !
मेरा ईश्वर ता स्वयम् प्रभुजि नै अर्को कुरा गर्दिन

(भरत मिलनबाट)

यसरी भक्तिवादी परम्परामा सन्त गुणराजले भक्ति धाराको नयाँ आयाम थपेका छन्, जुन कुरा भक्त हृदयविना प्रकटिँदैन ।

उनले जीवनकालमा "मेरो सन्तानको दुर्गति मैले हेर्न नपरोस्" भनी प्रभुका पाउमा विन्ति चडाएका थिए जसअनुसार उनको जीवनमा त्यत्रो परिवार भए तापनि उनको इच्छा साकार भयो । कुनै वखत उनका दुई नातीहरू आपस्मा कगडा गर्दा एउटाको मरणासन्न अवस्था भई घर बाहिर सारेको छरछिमेकीलेसम्म देखेकै हो । डाक्टरको भनाइमा निजलाई औषधि नलाग्ने अवगत भएपछि आफूले नित्य, निरन्तर पूजा गर्दै आएको शक्ति स्वरूपिणी महाकालीको जल मगाई तालुमा ठोक्दै "आमा मैले दुर्गति हेर्न नपरोस्" भनी एम्बुलेन्समा राखी अस्पताल पठाउँदा वीच बाटोमा नै निज उठी मलाई किन ल्याइस् भनेको कुरा संगै जाने कम्पाउण्डरले भनेका थिए । यसरी नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को नातीलाई मोटरले ठक्कर दिंदा, रामदास पूजा गर्दै थिए र निजले आफ्नो ब्राह्मणीलाई आज ठूलो घटना घट्ने छ तर प्रभुले मेरो आँसु हेर्दैनन् भन्दा भन्दै सोही खबर आएकोले निजलाई अस्पताल गई बचाएको कुराबाट गुणराजका 'राम' सत्य रहेछन् भन्ने कुराको पुष्टि हुन्छ ।

संसार रहस्यमय छ । यहाँ अलौकिक शक्तिहरू छरिएर रहेका छन् । साधना गर्ने साधकको मात्र कमी छ । गुणराज सच्चा साधक र प्रतिभाशाली महान् व्यक्तित्व हुन् भन्ने कुरा वहाँको हरेक रचनाले दर्शाउँछ, वहांको जीवनीले बताउँछ । यस्ता महात्मालाई हामीले वहाँको जीवनकालमा चिन्न सकेनौं, यो हाम्रो ज्यादै ठूलो दुर्भाग्य हो ।

सन्त गुणराजले आजको यस्तो भौतिक संसारमा पनि आफ्नो निष्ठामा रही जीवन सफल गराएकोले उनी धन्य छन् र उनकै आदर्श चरित्रले, प्रभुको कीर्ति गाथा उनका धार्मिक रचनाका हरेक श्लोकबाट गुनगुनाइ रहने छ । जहाँ उनका मर्यादा पुरूषोत्तम रघुकुल नायक मर्यादा पुरूष रामको अनन्यदया रहने छ । रोगीले ओखति, माछाले पानी पाएझैं निष्ठावान् कुनै पनि साधु सज्जनले उनका भक्तिवादी रचनाबाट अलौकिक ब्रह्मानन्द सुखानुभवबाट वन्चित हुने छैन भनी किटान गर्न सकिन्छ ।

आजको समाज धर्म, पापमा अलमलिएको छ । ठूला ठूला यज्ञ, यागादि गरी मानिस धर्म कमाउने इच्छा गर्दछ । तर आतमदर्शीको लागि यो पनि यथोचित नियम होइन । ब्रह्म मिमांसुले आतमाको साक्षात्कार, भक्तले भगवानको साक्षात्कार गर्न खोज्ने हुंदा सच्चा साधु सज्जनले यसलाई पनि अर्थात् शारीरिक धर्म कर्मलाई पनि सुनको सिक्रीले बाँधिएको अनुभव गर्छन् किनकि जसको बन्धनबाट पनि फुस्किन जटिल हुन्छ । भन्नुको तात्पर्य धर्म गर्दा मैले यस्तो गरें, वा यति गर्नु छ भन्ने प्रकटित अहंकार नभए तापनि अन्तरआतमामा कतै अहंकार र घमण्डले छाडेको हुँदैन जसबाट जीवात्मा चिन्मय तत्त्वमा प्राप्त हुँदैन । यो कुरा एकदम सत्य हो किन भने दूध दूधसंग मिल्छ, तेल तेलसंग मिल्छ, पानी, पानीसंग मिल्छ, तर तेल र पानी मिल्दैन न दूध र तेल नै मिल्छ । अहंकार वर्जित नियतात्मा चिन्मय निरन्जनीय विकाररहित आतमामा वा ईश्वरमा अहंकारी आत्मा मिल्न सक्दैन । त्यसैले गुणराजले निम्न श्लोकबाट उक्त कुरा दर्शाएका छन्:-

धर्म, पाप दुवै छाडी जो तिम्रै पाउ पर्दछ
महात्मा त्यो अनौठा भै तिम्रै भक्त ठहर्दछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्ता भक्तहरूलाई आत्मज्ञान दिंदै तिमी
मिलाई लिन्छौ आफैंमा सट्चित् आनन्दका धनी

\+ \+

यस्ता सन्त महापुरूष जसले आफ्नो जीवनको पल पल आँसुका धाराले प्रभुका कोमल पाउ भिजाएका छन्, आफ्नो शिर सदा सर्वदा प्रभुकै ठण्डा स्पर्शरूपी श्यामल पाउमा राखेका छन् र प्रभुमा यसरी स्तुति गर्छन्:—

यो लाल पैतलीमा धुलो सरी भैं म टाँसिएको छु
हेर्नुहवस् दयाले संधैं अगाडि झुकिरहेको छु

यस्ता महात्माको लागि प्रभु पनि सँधैं हाँसिरहन्थे। जति भक्त रून्थे त्यति प्रभु हास्थे। रामदास रामनामकै मिठासमा डुब्दै समाधिमै कहिले प्रभुका पवित्र तीर्थमा पुग्दै प्रभुको दर्शन गर्थे भने कहिले अलमस्त भैं कति कति घण्टा पडिरहन्थे। रामदासको प्रभु पूजा अलौकिक हुन्थ्यो किनकि प्रभु आरतीमा तल्लीन हुँदा उनका भोटोका बाहुला पोलिसक्दा पनि उनलाई होस हुने थिएन। एकाएक उनका पूजामा दिव्य सुगन्धी फूलहरूको मगमगाहट हुन्थ्यो। यो कुरा अरूका लागि आश्चर्यजनक हुन सक्छ तर भक्तहरूको लागि यथार्थ हो, सत्य हो।

आश्चर्य त यो हो कि, धर्मशास्त्रमा भनिए अनुसार कति कोटी ब्रह्माण्डमा एउटा ब्रह्माण्डको सानो संसारको सानो ठाउँमा रही अनन्त कोटी ब्रह्माण्डको नायक प्रभु राम साक्षात्कार भएपछि त्यस्ता भक्तहरूले गरेको कुरा सबै आश्चर्यजनक नैं हुन्छ किनकि त्यसको कल्पना नै हुन सक्दैन, न त त्यसको उदाहरण नै दिन सकिन्छ। मानिसले आफ्नो मतिष्कभित्र रहेको बाहेक अरू कुराको परिकल्पना गर्न सक्दैन, यो मानव स्वभाव हो। नत्र भने मीरावाईले विष कसरी पिइन्, जुन कुरा लौकिक होइन ?। यो ज्यादै सूक्ष्म कुरा हो, विचारणीय छ।

आजको युगमा पनि कति थरी विद्या संसारमा विद्यमान छन्। कतिले आफैं आफैं देखेका होलान् बोक्सी विद्या, झाँक्री विद्या आदि। अझ भारत वर्षमा त कतिले त आ-आफ्नो शरीरमा कुल देव, वायु देव बोकी हिड्छन्। यी कुराहरू लौकिक हुन् त ? त्यसैले संसार रहस्यमय छ।

दुई थोपा आँसुमा जति पवित्र प्रभुभक्ति हुन्छ त्यो भक्ति न पैसाले किन्न सकिन्छ, न इज्जतले, न मानले, न प्रतिष्ठाले उदाउँछ। धनकी मालिक्नी लक्ष्मी पते

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुलाई धनले कसरी किन्ने, यो मानव प्रकृतिको ज्यादै ठूलो भ्रम हो। तर गुणराजले हृदयका भक्तिभावमय अंकुरले प्रभुरामलाई हँसाए, नचाए; र आफ्नो जीवन सार्थक गराए।

रून्छु भनेर मानिस कहिल्यै रून सक्दैन, प्रिय जनको संस्मरणमा, विछोडमा, बेदनामा मात्र मानव मस्तिक यसरी पग्लिन्छ कि जसरी वर्षाको भेलमा पानी बढ्ने गर्दछ। त्यसरी नै रामदास गुणराज आफ्ना मालिक 'प्रिय राम' को संस्मरणमा व्याकुल हुन्थे जुन कुरा लेख्न सकिन्न। लाटोले पेडा खाए, स्वाद भन्न जान्दैन भन्ने नेपाली उखान जस्तै भक्तले प्रभु भक्ति पाए बोल्न जान्दैन, यो कुरा भक्तको चरित्रबाट मात्र अनुभव हुन्छ। रामदासको भनाइमा:–

धन हुन् हरि नै भुलाउने
सुख हाम्रा प्रभु कृष्ण नै हुने
मनमा पनि ता रमे उनै
परमानन्द गराउने हुँदै

प्रभुका प्रिय भक्त गुणराजले 'रामायण' संपूर्ण गरेपछि मेरो काम सकियो, म जाने छु भनी भनेका थिए। वास्तवमा उनको तलको कविताबाट उनको काम सकिएको अनुभव हुन्छ:—

यो पाउको दर्शन पाउनाको
पुगेर मेरो अभिलाष साँचो
झुलीरहूं मस्त हुँदै यहाँ म,
मेरो पुकारा यही नै छ राम !

यसरी प्रभु साक्षात्कार गरी आफ्ना मालिकका धाममा जाने ७ दिन अगावै आफ्ना साथी भाइलाई जाने कुरा बताएका थिए र २०३१ साल आश्विन शुक्ल नव रात्री तृतीयाका दिन पशुपति आर्यघाटमा उनले आफ्नो प्राण विसर्जन गरे।

उनले संसारमा रहँदा बोलेको अन्तिम बोली निम्न अनुसार छ।

अमोघं दर्शनम् राम अमोघस्तव संस्तव
अमोघास्ते भविष्यन्ति भक्तिमन्तः नराभुवि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो पाउको दर्शन नै तसर्थ
अमोघ अव्यर्थ हुने ठहर्छ
तिम्रो पुकारा स्तुति गान फेरि
अमोघ हो फल्दछ उतिनखेरि

यसरी सन्तले आफूलाई प्रभुमा लीन गरे । उनको पार्थिव शरीर आज हाम्रो सामु नभए पनि उनले रचेका भक्तिधाराका अपूर्व ग्रन्थहरूले सदा सर्वदा प्रभुका चरित्र महिमाहरूको प्रचार गर्दै जानेछन् र आस्थावान समाजको अवश्य सृजना हुनेछ जहाँ भावभिवोर गद्गद् कण्ठले प्रभु गाथा स्वयं गुणराज गाउनेछन् जसका भक्तिवादी तरङ्गका मिठासका लहरहरूमा प्रकाशित हुदै प्रभु राम समेत् फुल्नेछन् ।

राम एव परं ब्रह्म राम एव परं तप:
राम एव परं तत्वं श्रीरामो ब्रह्म तारकम्

यसको साथसाथै उनै महापुरूषका चरण कमलमा आफ्ना श्रद्धारूपी फूल समर्पण गर्दै आफ्नो कलम यहीं रोक्दछु

–अस्तु–

– नीति वचन –

स जातो येन जातेन याति वंश समुन्नतिम् ।
परिवर्तिनि संसारे मृत : को वा न जायते ।

(वास्तवमा त्यो मानिस चाँहि साँचो अर्थमा जन्मिएको ठहर्दछ । जसको जन्म हुँदा वंशको उन्नति हुन्छ, मर्यादा बढ्छ र प्रतिष्ठा पवित्र बन्छ, यस रूपमा जन्मनु पो जन्मनु । यस धर्तीमा जन्म लिन पाएँ भनेर गौरव गर्नु व्यर्थछ । जन्मनु र मर्नु त परिवर्तनशील संसारको नियम नै हो । जन्मेर केही गर्न सक्नु पो वास्तवमा जन्मनु हो ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिध्द ज्योतिषी पं. उदयनारायण काफ्ले

–भुवनेश्वरी उपाध्याय

नेपालमा समय समयमा अनेक ख्यातिप्राप्त व्यक्तिविशेषको जन्म भएका प्रसंग र दैवी चमत्कारहरू सुन्न पाइन्छन् । समाजमा यथार्थ रूपमा नघटेका तर कसरी कसरी लोकजीवनमा भिजेका कुराहरू भिन्न हुनसक्छन् परन्तु यथार्थ कुराहरू भने इतिहासमा गाँसिन पुग्छन् । यस प्रसंगमा त्यस्तै यथार्थसम्बन्धी एक व्यक्तिका बारेमा प्रकाश पार्ने जमर्को यहाँ गरिदैछ ।

पूर्व नेपालमा (सम्बत् १९४१ मा जन्मेर २०११ सालमा दिवंगत हुने) एकजना ज्योतिषी तान्त्रिक थिए; उनको नाम थियो उदयनारायण काफ्ले । उनको जन्मस्थल भोजपुर जिल्लाअन्तर्गत हतुवा डाँडाखर्क गाउँ हो । त्यस वेलाको चलनअनुसार कटुजे गाउँका ज्योतिषी घरानामा गई ज्योतिष विद्याको अध्ययन गरेको कुरा जानकारीमा आएको छ किनभने अचेलजस्तो त्यसबेला गाउँ गाउँमा पढ्न पाइने सुविधा थिएन ।

लामो अवधिसम्म ज्योतिष अध्ययन गरेपछि ज्योतिषका फलित र गणित दुवै विद्यामा उनी प्रख्यात भए । त्यसपछि कमाउने विचारले उनी मोगलानतर्फ लागे । पश्चिम बंगालस्थित चियाबगानमा छरिएर बसेका नेपालीहरू तथा तिनका सम्पर्कमा बंगाली, मारवाडी, मोदीहरू काफ्लेको ज्योतिष ज्ञानबाट फाइदा उठाउन थाले । त्यस्तै काफ्लेलाई पनि ती जनता अर्थोपार्जनका स्थायी स्रोत हुन आए । सायद यस्तै क्रममा बंगाली तान्त्रिक तथा अरू केही शक्तिका उपासकसँग उनको संगत भयो । बंगाली तान्त्रिकसंग इन्द्रजाल, भैरवीतन्त्र तथा वृहत् कामाख्या तन्त्रको र प्रणव भट्टाचार्य नामका शाक्त विद्वान्संग शक्तिको उपासना तथा साधना पद्धतिको अभ्यास गरे । फलतः केही समयमा तन्त्र मन्त्र तथा कर्मकाण्डमा समेत उनको नाम सुवास फैलियो । उनी यसरी समाजमा ज्योतिषी, तान्त्रिक, मन्त्रद्रष्टा तथा कर्मकाण्डका ज्ञाता बने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिषमा गहन अध्ययन भएकोले उनलाई लोकले 'चहके ज्योतिषी' भन्दथ्यो। देखेको कुरा असजिलो नमानिकन ठ्यांग भन्ने बानी हुनाले जोसुकै मान्छे उनीसँग चिना टिपन ग्रहदशा हेर्न लगाउन विचार गर्दथे भनिन्छ। एक समय एकजना बाहुनले छोराको व्रतवन्ध कैले जुर्ला भनेर उनलाई चिना हेराउँदा उनले चिना हेरेर भनेछन् 'आमा बाहुनी बाबु कतर्नें, छोराको व्रतवन्ध गर्ने नपर्ने' नेपालबाहिर पानीघट्टा भन्ने गाउँको कुरो थियो। ज्योतिषीका कुराले गाउँलेमा खुलदुली पैदा भयो। भद्रभलादमी बसेर बाहुनीलाई केरकार गर्दा केही वर्षदेखि दमाईसँग लसपस गर्नें गरेकोमा साविती भइन् र दमाईका जिम्मा लगाई गाउँलेले पतिया गरे।

काफलेको साहित्यमा पनि योगदान दियो। उनका केही कविताहरू 'वनको फूल' नामक कृतिमा प्रकाशित छन्। अरू पनि हुन सक्छन् परन्तु खोजी भएको बुझिँदैन।

मैले प्रसंगमा उल्लेख गर्न खोजेको हुँ उनका तान्त्रिक चमात्कारको कुरा। मुख्य कुरो त्यसो भएपनि लर्कासर्का उनमा विद्यमान सबै गुणको सामान्य उल्लेख गर्न पनि उत्तिकै आवश्यक ठानिन आयो।

साइनाले उनी मेरा नजीकका मावली जिबा पर्दथे तापनि त्यति धेरै समय मैले स्नेह पाउन सकिन तापनि उनका चमत्कारिक गुणका सम्बन्धमा आमा, मामा र मेरा पतिदेबबाट धेरैधेरै सुन्न पाएकी छु त्यसै आधारले जानेसुनेका कुरा सेतो कागजमा टिप्न पाए उनका सम्बन्धमा बढी खोजी गर्ने बाटो पाइन्थ्यो भनिठानेकी छु।

मैले आफैले संघेसम्म पनि जिबाको बढी भरोसा थियो सप्तशती (चण्डी) को साधना उपासनामा। सप्तशतीको नवाक्षरी वीजमन्त्र राम्ररी साधना गर्ने हो भने आकाशमा ताराको गति रोकिन्छ भनेको कतिपटक मेरै कानले सुनेकी हुँ –

आसामतर्फ जाने आउने क्रममा एक वर्ष त्यता जाने र दुई वर्ष बसेर केही दिनका लागिमात्र नेपालतर्फ आउने गरेकाले नेपालमा विशेषगरी गाउँघरमा उनको प्रभाव त्यति परेन होला तर नेपालबाहिरका दार्जिलिङ, आसामका नेपाली गाउँघरमा उनको प्रशस्त प्रभाव परेको थियो भन्ने आभास पाइन्छ। त्यससम्बन्धी एकदुई रोचक प्रसंगको उल्लेख गर्नु प्रासंगिक हुनेछ –

१. एकपटक पश्चिम बंगालको मादरीहाट नजीकै मादरीवस्तीमा बाघको बिगबिगी फैलिएछ। प्रत्येक रात भनेजस्तो बाघले मान्छे खान थाल्यो। घाम अस्ताए-पछि नजीकको फारसमा बाघको गर्जन सुनिन्थ्यो, गाउँघरमा मानिस ढोका बन्द गरेर ज्यान जोगाउँथे। रातविरात मानिसको डुलफिर बन्द भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँघरका मान्छेले बाघको बिगबिगीबाट बच्ने उपायको खोजी गरे। त्यसै क्रममा उदयनारायण काफ्लेको नाम चर्चामा आयो। उनी त्यसवेला माक्रापाडा चिया-बगानमा छन् भन्नेपनि सुनियो। अवसर उनी माक्रापाडामै बस्दथे।

काफ्लेले मादरीबस्तीमा गएर आफ्नो अध्ययन शुरू गरे। बाघ जुन गौंडोबाट आउँथ्यो त्यो पत्तालगाएर गाउँलेसंगै त्यस गौंडोमा सानू छाप्रो बनाउन लगाए। छाप्रोको अगाडिपट्टि तुल कपडाको कपुरकोट बनाएर आवश्यक सरसामान लिई मन्त्रसाधनामा बसे। गाउँघरका मान्छेलाई डरभर नमानी आ-आफ्नै घरमा बस्न भनियो।

मध्यराततिर बाघको घनघोर गर्जन सुने गाउँलेले। सधैं समसाँझै सुनिने गर्जन आज अबेर सुनिएको र कम समय गर्जिएको लख काटेर बिहान सबेरै स्वेच्छाले गाउँलेहरू कपुरकोटमा जम्मा भए। त्यहाँ जस्तो दृश्य देखियो त्यसले गाउँलेका आश्चर्यको सीमा रहेन। कपुरकोटको प्रवेशद्वारसम्म बाघका पाइला देखिए तर कपुरकोटभित्र भने अधवैंशे बाँतर नारी सुतेकी थिईं। काफ्ले स्याउले छाप्रोमा बसेर केही थाहा नपाएजस्तो गरी आफ्नै पूजापाठ गरिरहेका थिए। यस घटनाका प्रत्यक्षदर्शी भुक्तभोगीमध्ये धौलाइ बाँतर मोरंग जिल्लामा अझ छन्।

१२. २०११ साल वैशाखतिर उनले एकाएक के संझे आफ्ना शास्त्री-आचार्य पढेका छोराहरू जम्मा गरेर भने 'तिमी छोराहरूले हाम्रो अन्तिम संस्कार गर्न जुरेको छैन त्यसकारण आजदेखि हामी यस घरबाट बिदा हुन्छौं।' यसो भन्दैभन्दै घर त्यागेर हिंडेका दम्पती ठीक एक महिनापछि बाह्र दिनको अघिपछि गरेर बिते भन्ने खबर आयो।

प्राप्त खबर अनुसार २०११ ज्येष्ठ ९ गते प्रातःकाल बूढियाको मृत्यु भयो। बूढाले स्थानीय जनताको सहयोगमा प्रेत संस्कार कार्य शुरू गरे। उनका मुखमुद्रामा दुःख बिस्मत देखिएन। १२ गते बूढियाको सपिण्डीकरण समाप्त भएपछि बूढाले भेला भएका जनतासँग भने 'हाम्रो खबर घरमा छिटै पुऱ्याइदिनू। सबैलाई रामराम!'

अन्तिम शब्दसँगै उनको प्राणपखेरू उडिसकेको थियो। उनका छोराहरूमा यो खबर तेस्रो दिन पुऱ्याइयो। उनको यस मृत्युलाई सुन्ने जति सबैले 'इच्छामरण' संज्ञा दिए।

उनका माइला छोरा देवराज शास्त्री (आयुर्वेदाचार्य भीष्माचार्य) भनेका पण्डित प्रेमप्रसाद काफ्लेबाट उनका पिताका सम्बन्धमा बढी जानकारी पाउन सकिएला। सो नभए अरू स्रोत सूत्रबाट पनि उनका सम्बन्धमा यथासक्य खोजी खबरी गरियोस् भन्ने प्रार्थना गर्दै आफ्नू कुराको यहीं अन्त गर्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्त महाकवि गुणराजप्रति

—हेमचन्द्र पोखरेल

जब जन्म हुन्छ हाम्रो संसार भित्र साथी
तब जानुपर्छ निश्चय पाइन्न कोही साथी

जो पञ्च तत्त्व हाम्रा अघि मित्रकै समान
हुन्थे तिनै बनिन्छन् सब दुश्मनै समान

तोडेर जानुपर्ने यो विश्व सृष्टि सारा
जुन ठाउँमा हुँदैनन् यो सूर्य, चन्द्र, तारा

यो जीव पर्नजाला कुन अन्ध कूपभित्र
कुन कष्ट भोग्नु पर्ला सोच्दै बडो विचित्र

आइन्छ कर्मगतिले जाइन्छ कालगतिले
तस्मात् गरौं हमेशा शुभ कर्म शुद्ध मतिले

राखौं सधैं भरोसा उस दिव्यशक्ति माथि
सक्छौं कि बन्न निर्भय अनि मृत्युदेखि साथी

जब जन्म हुन्छ हाम्रो……

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्थिक प्रतिवेदन

—किशोरकुमार खनाल
कोषाध्यक्ष
गुणराज स्मारक समिति

श्रीमान् सभापतिज्यू,
विद्वान कविवर तथा साहित्यकारज्यूहरू
एवं महिला तथा सज्जन वृन्द ।

अनादिकालदेखि ऋषि मुनीहरूको तपोभूमिको रूपमा रहेको यस पावन स्थल देवघाटमा रामका अनन्यदास रामभक्त महाकवि बुबाज्यू श्रीगुणराज उपाध्यायको ७१ औं जन्मजयन्तीको कार्यक्रम मनाउन भेला हुनु भएका तपाईहरू जस्ता विद्वान् तथा धर्मनिष्ठ महानुभावहरू समक्ष स्मारक समितिको कोषाध्यक्षको हैसियतले दुई शब्द बोल्ने प्रयाश गर्न पाउँदा म ज्यादै गौरवान्वित भएको छु । दुई वर्षअगाडि यसैगरी यहाँहरूको समक्ष उपस्थित हुने सुअवसर प्राप्त भएको थियो भने त्यस अवसरमा रामका भक्त बुवाज्यूको संकनामा निर्मित रामदास कीर्तन भवन गुणराज स्मारक समितिलाई हस्तान्तरण भएको बारे पनि केही चर्चा गर्न पाएको थिएँ । रामका भक्तको संक्नामा समर्पित यो कीर्तन भवन रामनाम कीर्तन तथा प्रभुको कीर्तिगाथाको भक्तिरस प्रभावित गर्न केही हदसम्म सफल भएको कुरा यहाँहरूलाई पनि विदितै छ । जानकीनाथ प्रभुराम कै अनुकम्पाले आज यस पावन स्थल बीच राम मन्दिरको स्थापना भै यस तीर्थस्थलको गरिमा बढेको कुरा पनि यहाँहरूलाई विदितै छ ।

आफूमा अगाध काव्य प्रतिभा हुँदा हुँदै पनि प्रचारमा आउन नचाहने हरिको गुण-गान बाहेक अरू काव्य नै निरर्थक मान्ने हाम्रा पूज्य बुबाज्यू श्रीगुणराज उपाध्याय एकान्त प्रेमी रामका भक्त हुनुहुन्थ्यो । बुवाज्यूले पार्थिव शरीर त्याग गरे पश्चात् बुवाज्यूको रचनाहरू जनसमक्ष ल्याउने तथा उहांका रचनाहरूमा प्रभावित भक्तिरसको सागर नेपाली मात्रको लागि खुला राख्ने उद्देश्यले विद्वान् कविवर तथा साहित्यकारज्यूहरूको सहयोग तथा मार्ग निर्देशनमा गुणराज स्मारक समितिको गठन भएको थियो । मध्यम वर्गीय परिवारले स्थापना गरेको यस समितिको निधिमा कुनै अक्षय कोष खडा नभएको भए तापनि समितिले आँटेको सम्पूर्ण कार्य तथा कार्यक्रमहरू उनै प्रभुरामको अनुकम्पाले मात्र पूरा हुन सकेको कुरा यहाँहरू समक्ष निवेदन गर्न चाहन्छु । राम नामको महिमाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समुद्रमा पुल बांध्न सकिन्छ भने रामको लागि थालनी गरेको कुनै पनि कार्यको सफलताको जिम्मा उनै प्रभुराममा रहने कुराको म विश्वास राख्द छु। सानो हिसाबमा थालनी गरिएको यस स्मारक समितिको कार्य उनै प्रभुरामको दयाले गर्दा नै दिन प्रति-दिन विस्तृत हुँदै जाने कुरामा म पूरा विश्वास राख्दछु। गत दुई वर्षअघि रामदास कीर्तन भवन तयार भएको थियो भने अब आएर प्रभुरामका मन्दिरको पनि निर्माण कार्य सम्पन्न भएको छ। रामदासको पुण्य स्मृतिमा स्थापित कीर्तन भवनको प्रांगणमा रहेको यस राम मन्दिरमा राम भक्तिमा विभोर भई भक्तिको दुई थोपा आंसु चुहाउन सकेमा निश्चय पनि साक्षात् प्रभुराम प्रकट हुनेछन् भन्ने कुरामा मलाई पूरा विश्वास छ।

मन्दिर स्थापना भए पश्चात् नित्य पूजाको व्यवस्था हुनु अनिवार्य रहेको हुँदा वैदिक विधि अनुसार हुनु पर्ने नित्य पूजाको व्यवस्था भएको छ र कालान्तरसम्म [illegible] पूजा कायम राख्ने जिम्मा प्रभुरामलाई नै सुम्पेका छौं। पूजा गुठीको कुनै व्यवस्था नभएता पनि हरिको अनुकम्पा भएमा बुवा श्री रामदासको प्रसादले हामीले संचालन गरि रहेको वन्द व्यवसायको तर्फबाट पनि पूजाको व्यवस्थाको लागि आवश्यक निधि खडा गर्न सकिने कुरा उपस्थित यहां सबै समक्ष निवेदन गर्न चाहन्छु। [illegible]जज्यू श्रीमाधवराजको अथक प्रयासबाट तयार भएको यस राममन्दिरको पूजा संचालन इत्यादि कार्यको अभिभारा गुणराज स्मारक समितिबाट हुने कुरा समेत् यहाँ[illegible]रूलाई निवेदन गर्न चाहन्छु। आदिदेव प्रभुरामचन्द्रको पूजा तीन त्रिभुवनका समस्त प्राणीहरूले गरि आएकै छन् र विश्वभरको मन्दिर तयार गरें भनी घमण्ड लिनको लागि यो मन्दिर कदापि निर्माण गरिएको होइन। वरू विश्वंभरको पाउमा दुई थोपा आँसु चुहाई संसार सागर पार गर्न पाउँ भनी जानकीनाथ प्रभुरामको प्रतिमूर्ति स्थापना गरिएको हो।

यहाँहरू जस्तो विद्वान् तथा धर्मको भर्म बुझने महानुभावको अगाडि कदापि पनि मैले गन्थन गर्न खोजेको होइन। लाटोले पनि राम नामको लय गाउदा मीठो हुने हुँदा रामदासको जन्मतिथिको शुभ अवसरमा आफ्नो अन्तस्करण शुद्धिको लागि मात्र भए पनि रामको महिमा गाएको हुँ। अन्तमा बुवाज्यू महाकवि गुणराज उपाध्याय द्वारा रचित भरतमिलन महाकाव्यबाट रामनामको महिमामा निम्न श्लोक उद्घृत गर्न चाहान्छु:-

जय दयामय राम रमापते
जय निरन्जन निर्गुण नित्य हे
पतित पावन हे भगवन् भनी
म त रूंदै कृत कृत्य हुने छु नि ।।

यसको साथै आफ्नो छोटो वक्तव्य यहीं टुंग्याउँछु।

श्रीः जय नेपाल।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटमा पुरस्कार लिएपछि व्यक्त उद्‌गार

अनन्त अपौरूषेय वेदले धर्मो 'विश्वस्य जगत प्रतिष्ठा' भनेर धर्मले नै जगतको प्रतिष्ठा हुन्छ भन्ने बतायो। धर्म नभएको पदार्थ, सत्ता नभएको तत्त्व, संसारमा छैन। यसको व्यापकता धर्म शब्दले बताउँछ धरति इति धर्मः अथवा ध्रियते अनेन इति धर्मः। प्रकृतिका कण कणमा धर्म छ। प्राणीको प्रगति यसैका अधीनमा छ। प्रकृतिको सर्वोत्कृष्ट कलाकृतिको अभिव्यक्ति मनुष्यका रूपमा हुन्छ। त्यसैले मानव अभ्युदय देखि लिएर श्रेयसम्मको सम्पादन गर्न सफल हुन्छ। जीवन प्रवाहमा अन्वेषण गर्दा गति र स्थिति दुई उपलब्ध हुन्छन्। गतिको परिचय जड चेतनात्मक संयोगमा पाइन्छ। यसै संयोगमा जगतको गमनशीलता पनि निर्भर गर्दछ। गतिको अभाव हुनु नै स्थिति हो। जड प्रकृतिमा पनि धर्म त रहन्छ तर उसमा ज्ञान हुँदैन। प्रकृति जडत्व हो। चेतनले आफ्नो धर्म भूत ज्ञानको सहारा पाएर धर्मको अनुभव गर्न सक्छ। यसैलाई धर्मशास्त्रकारले गति र स्थिति, प्रवृत्ति र निवृत्ति नाम राखेका छन्।

यसरी एक धर्मका दुईरूप हुन गए– एउटा प्रवृत्ति, अर्को निवृत्ति। अपौरूषेय वेदद्वारा पूर्वाचार्यले यी दुवै मार्गको ज्ञान प्राप्त गरी साङ्गो पाङ्ग वेद प्रतिपादित धर्मको अबिच्छिन्न धारा संसारमा चलाएर ल्याए त्यो आज पनि धरातलमा पाइन्छ।

विश्वको मुकुटमणि हिमाच्छादित सर्वोच्च शिखरमा प्रवृत्ति निवृत्ति दुवै धर्मको शाह वंशले सुरक्षा गरेको पाइन्छ। धर्मनिष्ट समाजले वंश परम्परा दुवैलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षुण्ण राखतछ । जस्तो वंश परम्पराले हामी आदि मानवका उत्तराधिकारी छौं भने गुरू परम्पराले श्रुति स्मृतिका ज्ञानलाई जीवित राखेका छौं । वेद र धर्मशास्त्र दुवैको सम्बन्ध गुरू शिष्य परम्पराले जीवित राखेको छ । त्यसैलाई सम्प्रदाय भनिन्छ । वेदका जति शाखा छन् त्यति नै वैदिक छन् । संप्रदाय श्रोत हुन् । वेदानुकूल हुनु पर्छ ।

वर्तमानयुग आउनुभन्दा पहिले महर्षि व्यासले वेदलाई चार भाग र वेदान्त-लाई सूत्रबद्ध गरी धर्मको सामञ्जस्य गर्नु भएको छ । यो सबै काम गर्ने कर्म मीमांसा, दैवत मीमांसा, ब्रह्ममीमांसा नामका तीन मीमांसा बनाउनु भएको हो । महर्षि जैमिनिले कर्म मीमांसा, महर्षि काम कृत्स्नले दैवत मीमांसा र महर्षि वादरायणले ब्रह्ममीमांसाको व्याख्या गरेका छन् । त्यसपछि महर्षि बोधायन, टङ्कमुनि, आचार्य द्रमिण तीनजनाले कर्म काण्ड र ब्रह्म काण्डको सामन्जस्य गरे । यसैको अनुसरण गरी भाष्यकार श्री रामानु-जाचार्यले उपासना काण्ड (भक्तितत्त्व) को युगानुरूप वेदानुकुल प्रचार प्रसार गर्नु भएको छ ।

शंकरः शंकरः साक्षात् शेषो रामानुजः स्वयम् ।

शंकराचार्य शिवको अवतार, रामानुजाचार्य शेष शायिनारायणको अवतार भनेर पौराणिक वाङमयमा वेदव्यासले भन्नु भएको छ ।

भगवान वेदव्यास रचित वेदान्तसूत्र समस्त वेदान्त ग्रन्थमा उच्च मानिन्छ । वैष्णव सिद्धान्तको मेरूदण्ड यही हो । शंकर मतका वरिष्ठ विद्वान्हरूले पनि पहिले खण्डन गरेपछि त्यसैलाई मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ । ब्रह्मसूत्रको 'श्रीभाष्य' शास्त्रीय सिद्धान्तमा न भूतो न भविष्यति ग्रन्थ हो । कृष्णद्वैपायनले समस्त शास्त्र रचनाबाट खारिएका दिमागले वेदान्त सूत्रको रचना गर्नु भएको हो । त्यसैको रामानुज रचित भाष्यलाई शारीरिक मीमांसा वा श्री भाष्य भनिन्छ । सामान्य व्याख्यालाई भाष्य भनिदैंन ।

सूत्रार्था वर्ण्यतेयत्र पदैः सूत्रानुसारिभिः ।
स्वापदानि च वर्ण्यन्ते भाष्य भाष्य विदो विदुः ।।

यो भाष्य स्वामी रामानुजले आफ्ना मन खुशले मात्र लेखेको होइन । व्यासका शिष्य बोधायन महर्षि प्रणीत बोधायन वृत्तिको आधारमा लेख्नु भएको हो अद्वैत-वादको खण्डन विशिष्टाद्वैतको मण्डन गर्ने श्रुति वाक्यको मात्र आधार लिएको छ । श्री

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाष्यका नौ हजार सूत्र छन् । गम्भीरविषय हुँदा सितिमीति दिमागमा चढ्न गाह्रो छ । त्यस्ता गहन विषयमा कलम चलाउने प्रवीण विद्वत्ता ममा भएर होइन केवल विद्वानहरूका मनो भावनालाई जागृत गर्न जिस्क्याएको थिए ।

आज त्यही रामानुज सम्प्रदायको सानो इतिवृत्तलाई विद्वानहरूबाट आदर गर्नु भै पुरस्कृत गर्नु भएकोमा 'क्रयविक्रय वेलायाम् काचः काचो मणिर्मणि' हुँदो नै रहेछ भनी खुशी लागेको छ । मैले भन्ने कुरा पुस्तकले नै बताएको छ (त्यो पुस्तक विद्वानहरूले आनुपूर्व हेरिसक्नु भयो ।) यो प्राच्य शास्त्र संमानको वृद्धि अझै हुदै जावोस् भगवानमा यही प्रार्थना छ ।

अर्को एक कुरा पनि दिग्दर्शन गर्न चाहन्छु– कसैले ५ थुप्रालाएर एकैनासका रूलका ५ वस्तु राखेर तपाईहरू रोजेर लिनुहोस् । भन्यो चार जनाले विचारै नगरी १-१ टुक्रा झिके बाँकी एकजनाले रसायनशालामा नजाँची म लिन्न भन्यो । ती पाँच वस्तु (१) नुन (२) केमिकल (३) फट्किरी (४) दर्सिढुंगो (५) मिश्री थिए । रूपमा समानता भएपनि गुणमा र स्वादमा आकाश जमिन जस्तै फरक थियो । स्वधर्म र खका स्वादले छुट्याउने हुनाले दन्त्यसकार चाहिन्छ । तालव्यसकारको शवधर्ममा महान अन्तर हुन्छ । अग्निको जस्तै रङ्ग पोतेको अङ्गारमा रूप त आउँछ, तातो र उज्यालो आउँदैन । साइत् गर्दा अङ्गार देखे अपसकुन् । आगो देखेमा सकुन् शास्त्रले बताउँछ । मलाई लाग्छ– स्वर्गीय महाकवि गुणराजज्यूले सबै धर्मलाई चाखेर नै आफूलाई निरामिषि वैष्णवतत्व धर्मानुकूल रामभक्त घोषणा गर्नु भएको हो ।

अपूज्या यत्र पूज्यन्ते पूज्या यत्रावसानिता:
त्रीणितत्र भविष्यन्ति दुर्भिक्ष मरणं ध्रुवम्
यत्र नास्ति भयत्राता श्रोत्रियस्सजला नदी
आत्मसौख्यं यत्र नास्ति न तत्र दिवसं वसेत्

योगाक्षि स्मृतिः पत्र ३६५

भनिएको छ । हिन्दु राष्ट्रमा (हीनान् हीनकर्मान् मनुष्यान् दूष्यति दण्ड यति इति हिन्दु) वेद प्रतिकूल संघ संस्थाको अभिवृद्धि गर्न गराउन हिन्दुराज्य नेपालमा ठीक होला जस्तो मलाई लाग्दैन ।

यस पुस्तकमा एउटै माटो पिण्डावस्थामा, घटत्वावस्थामा कार्य कारण त्यस्तै ब्रह्म पनि जगत्को कारण र जगत दुवै हुनाले यो जगतलाई मिथ्या अथवा सर्वशून्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्न मिल्दैन । स्थूलावस्थायुक्त चिदचित् र सूक्ष्मावस्थायुक्त चिदचित् दुवै ब्रह्म हुनाले त्यसैलाई विशिष्टाद्वैत भनिएको हो ।

कुनै पनि वस्तु पोले, गले र नष्ट गरेको जस्तो देखिएको वस्तु पनि पृथ्वी, जल, तेज वायु आकाशमा मिली फेरि त्यही वस्तु चाहिने वेलामा जतातते व्यापक भई काम दिंदै रहन्छ । वस्तु तयार गर्दै रहन्छ तसर्थ रूपान्तरसम्म हुन्छ नाश हुँदैन । त्यसैले मायाबादभन्दा विशिष्टाद्वैत सिद्धान्त फरक छ । जगतलाई अस्ति भन्छ नास्ति भन्दैन । दृष्टि गोचर नहुँदैमा छैन, थिएन, हुँदैन भन्न मिल्दैन । सापेक्ष निपेक्ष दुवैलाई मान्नै पर्छ ।

दुर्दान्त काल मुख बाइ रहेछ आज
उद्दण्ड भै हुमिन तत्पर यो समाज
संझाउने सफल वैदिक धर्म भिन्न
कै छैन हिन्दुजनले किन संझदैन

अस्तु

२०४२।१२।२ पं. सोमनाथ घिमिरे व्यास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुणराज स्मारक समिति गतिविधि

पुरस्कार वितरण समारोह

२०४२ साल चैत्र २ गते महाकवि गुणराजको ७१ औं जन्म जयन्ती तथा गुणराज पुरस्कार वितरण समारोहको आयोजना देवघाट (नारायणी अञ्चल)मा गरिएको थियो। उक्त समारोहमा राजधानीबाट गन्यमान्य व्यक्तिहरूको एक समूह गएको थियो। चितवन जिल्लाका गन्यमान्य व्यक्तिहरूको पनि उपस्थिति थियो।

राष्ट्रिय गानबाट शुरू भएको उक्त समारोहमा कविरत्न कृष्णप्रसाद शर्मा घिमिरेले सभापतिको आसन ग्रहन गर्नु भएको थियो।

समितिका तर्फबाट सहप्राध्यापक रमा शर्माले उपस्थित सबै सज्जनहरूको स्वागत गर्नुभयो। समितिको आर्थिक प्रतिवेदन कोषाध्यक्ष किशोरकुमार खनालले प्रस्तुत गर्नुभयो। साथै समितिको वार्षिक प्रतिवेदन सदस्य सचिव घटराज भट्टराईले प्रस्तुत गर्नु भएको थियो।

कवि कृष्णप्रसाद भट्टराईले महाकवि गुणराजमा कवितात्मक श्रद्धाञ्जलि अर्पण गर्दै 'ओर्लेर आऊ अब देवघाट' नामक कविता पाठ गरेर सुनाउनुभएको थियो।

गुणराज स्मारक व्याख्यान सहप्राध्यापक हेमचन्द्र पोखरेलले तयार गर्नु भएको थियो। कारणवश उहाँ उपस्थित हुन नसक्नुभएकाले त्यसको सार सदस्य सचिव घटराज भट्टराईले पढेर सुनाउनु भएको थियो।

संमाननीय बडा गुरूज्यू जूननाथ पण्डितज्यूले ४१ सालको गुणराज पुरस्कार पं. सोमनाथ घिमिरे व्यासलाई प्रदान गर्नुभयो। त्यस्तै गुणराज स्मारक व्याख्यान पुरस्कार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेमचन्द्र पोखरेललाई र गुणराज संगीत पुरस्कार दीपक जङ्गमलाई प्रदान गर्नुभयो। उक्त पुरस्कार वितरण गरिसकेपछि प्रमुख अतिथि बडागुरूज्यूले भन्नु भयो–'महाकवि गुणराजका काव्यमा जुन प्रकारको आध्यात्मिक चिन्तन र भाव अन्तर्निहित छ– त्यस्तै प्रकारका रचनात्मक प्रयास गुणराज स्मारक समितिले पनि गर्दै आएको छ यो खुशीको कुरा हो।'

त्यसपछि गुणराज पुरस्कार प्राप्त गर्ने विद्वान् पं. सोमनाथ घिमिरेले आफ्नो मन्तव्य प्रकट गर्नु भयो।

अन्तमा सभापतिको आसनबाट घिमिरेले महाकवि गुणराजको साधनामय व्यक्तित्वको कदर समाजले गर्नु पर्छ। विना साधना कवित्व विकसित हुन सक्तैन भन्नु भयो।

समारोहको अन्तमा भोजन ग्रहण पश्चात् समारोह टुंगियो।

यस अघि पुरस्कार संस्थापकहरूले वैदिक विधि अनुसार राममन्दिरमा भगवान् रामको प्रतिष्ठापन गरी धार्मिक प्रतिष्ठा गर्नुभएको थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाकविका अन्य कृतिहरू

. मेघ दूत [अनुवाद]
. कलंक मोचन [नाटक]
. काव्य संगम
चार लहरी
५. अश्रुपात [काव्य]
६. अमोघ दर्शन [कविता संग्रह]
७. भगवद् भक्ति महिमा

का साथै गुणराज स्मारक समितिबाट प्रकाशित “गुणराज क्ति र कृति” नामक पुस्तक सहित अन्य सामग्री साझा प्रकाशनका खाहरूमा पाउन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पं. द. नं. जि. काठ. १०/२०४१-४२

जिज्ञासाका नियम

१. जिज्ञासा धर्म संस्कृति र साहित्य प्रधान पत्रिका हो ।

२. यो गुणराज स्मारक समितिको मुख-पत्रको रूपमा वर्षको एक पटक प्रकाशित हुन्छ ।

३. यसमा प्रकाशित रचनाका लागि यथासक्य पुरस्कार प्रदान गरिन्छ ।

४. गुणराज स्मारक समिति गतिविधिका अतिरिक्त साहित्य, संस्कृति, राजभक्ति र सनातन धर्म सम्बन्धी रचनाहरू पनि प्रकाशित हुन्छन् ।

५. रचना स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा सुरक्षित रहने छ ।

मुद्रक : श्री बाल[illegible]री प्रिन्टिङ्ग प्रेस, वटु मूबहाल, काठमाडौं फो. नं. २२४१९६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal